# सोह्रौं वार्षिक प्रतिवेदन

(२०७९ श्रावणदेखि २०८० आषाढ मसान्तसम्म)




## राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

## राष्ट्रिय महिला आयोगको

# सोह्रौं वार्षिक प्रतिवेदन

## राष्ट्रिय महिला आयोग

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

# राष्ट्रिय महिला आयोग

## सोह्रौं वार्षिक प्रतिवेदन

**(२०७९ श्रावणदेखि २०८० आषाढ मसान्तसम्म)**


**प्रकाशक** : राष्ट्रिय महिला आयोग

**प्रकाशन मिति** : २०८० असोज

**प्रकाशन प्रति** : १००० प्रति



**सर्वाधिकार** : राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल



**कम्प्युटर र सेटिङ्ग**
चन्द्रा थापा



**फोन नं.** : ००-९७७-१-४२५६७०१

**फ्याक्स नं.** : ००-९७७-१-४२५९४११

**इमेल** : **info@nwc.gov.np**

**वेबसाइट** : **www.nwc.gov.np**



**मुद्रण** : मनकामना प्रिन्टिङ्ग प्रेस
अनामनगर, काठमाडौं ।

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल
फोन नं. : ००-९७७-१-४२५६७०१, फ्याक्स नं.: ००-९७७-१-४२५९४११
इमेल : info@nwc.gov.np, वेबसाइट : www.nwc.gov.np


प.सं.:
च.नं.:

मिति : २०८०/०६/२६

**विषय : सोह्रौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका काम-कारवाहीहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

(कमलाकुमारी पराजुली)
अध्यक्ष

(कृष्णकुमारी पौडेल खतिवडा)
सदस्य

(विद्याकुमारी सिन्हा)
सदस्य

(जया घिमिरे)
सदस्य

(सावित्राकुमारी शर्मा)
सदस्य

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरु



**कमलाकुमारी पराजुली**
अध्यक्ष



**कृष्णकुमारी पौडेल खतिवडा**
सदस्य



**विद्याकुमारी सिन्हा**
सदस्य



**जया घिमिरे**
सदस्य



**सावित्राकुमारी शर्मा**
सदस्य



**कमल बहादर राजलवट**
सचिव

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-

## प्रतिवेदन सम्बन्धमा ।

मिति:

नेपाली महिलाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धन गरी लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि विशेष भूमिका निर्वाह गर्दै लैंगिक न्याय सुनिश्चित गर्ने ध्येयले तत्कालिन मन्त्रीपरिषद्को निर्णय अनुसार वि.सं. २०५८ साल फागुन २३ गते राष्ट्रिय महिला आयोगको गठन तथा स्थापना भएको हो । २०७२ असोज ३ गते जारी नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायको रूपमा मान्यता प्रदान गरेको छ ।

नेपालको संविधानको धारा २५३ अनुसार राष्ट्रिय महिला आयोगले महिलाको हक अधिकारको सुनिश्चितता, सशक्तीकरण र न्यायमा पहुँचका लागि विभिन्न नीति तथा कार्यक्रमको तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्ने देखि लैंगिक हिंसा तथा सामाजिक कुरीतिबाट पीडित भएको, हिंसामा पारिएको, महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरिएको विषयमा छानविन तथा अनुगमन गरी दोषी उपर कानुनी कारवाहीका लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेसम्मको अधिकार आयोगलाई प्राप्त छ ।

सोही अनुरूप आयोगले महिलाको हक अधिकार संरक्षण तथा सम्वर्द्धन र लैंगिक हिंसा रोकथामका लागि सचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने, नीतिगत पैरवी गर्ने, लैंगिक हिंसाका घटनाको स्थलगत अनुगमन र नेपाल सरकारबाट सञ्चालित लैंगिक मैत्री नीति तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन र त्यसमा देखिएका समस्याहरूबारे अध्ययन अनुसन्धान गर्ने र हिंसा पीडित महिलाको न्यायमा पहुँचको लागि समेत आवश्यक पहल गर्दै आएको छ ।

त्यसैगरी आयोगले हिंसामा परेका महिलाको उजुरी सम्बोधनका लागि उजुरी तथा मुद्दा व्यवस्थापन शाखाको व्यवस्था गरी हिंसाको कारण जोखिममा परेका महिलाको उद्दार गराउने, उजुरी लिने, छलफल गराउने, कानुनी परामर्श र सहयोग दिने, मनोपरामर्श दिने लगायतका सेवाहरू प्रदान गर्दै आएको छ । भौतिक रूपमा आयोगमा उपस्थित हुन नसक्ने, जोखिममा परेका र हिंसा पीडित महिलाका लागि खबर गरौ ११४५ हेल्पलाईन सेवा सञ्चालन गरी आयोगले २४ सै घण्टा सेवा प्रदान गर्दै आईरहेको छ ।

लैङ्गिक समानता एवं महिला सशक्तीकरणको सवालमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई मार्गदर्शनको रूपमा लिंदै नेपालको संविधानले अंगीकार गरेको लैङ्गिक मूलप्रवाहीकरणको विषयलाई आत्मसात गर्दै तथा पितृसत्तात्मक संरचना र सोंच एवं कुप्रथाका कारण देखिएको लैङ्गिक हिंसाको अन्त्य गर्ने दिशामा राष्ट्रिय महिला आयोग सदैव गतिशील रहनेछ भन्ने पनि म अनुरोध गर्न चाहन्छु ।

आयोगले वर्षभरी गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्षपेश गर्नुपर्ने व्यवस्था नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले व्यवस्था गरे अनुसार आर्थिक वर्ष २०७९/८० मा आयोगवाट सम्पादित मुल्य-मुल्य कार्यहरूलाई समेटेर यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ। आयोगको यस प्रतिवेदनले गत वर्ष महिला हक अधिकारको संरक्षण तथा सम्बर्द्धन र महिला हिंसा नियन्त्रणका क्षेत्रमा आयोगवाट भए-गरिएका काम-कारवाहीका बारेमा सम्बन्धित सबैमा सत्यतथ्य सूचना सम्प्रेषण गर्ने विश्वास लिएको छु।

अन्त्यमा, आयोगवाट यी महत्त्वपूर्ण कार्यहरू सम्पन्न गर्न र त्यसको अभिलेखन गर्दै यो प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य जया घिमिरे, माननीय सदस्य सावित्रा कुमारी शर्मा, आयोगका सचिव, उपसचिवहरू लगायत सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

कमलाकुमारी पराजुली
अध्यक्ष

# कार्यकारी सारांश

१. यो प्रतिबेदन ११ वटा परिच्छेदमा तयार भएको छ । जस अनुसार परिच्छेद १ प्रारम्भिक परिच्छेद, २ संगठनात्मक संरचना, परिच्छेद ३ नेपालमा महिला सशक्तीकरणको प्रयास, परिच्छेद ४ नेपालमा महिलाको वर्तमान अवस्था, परिच्छेद ५ आयोगका प्रमुख कार्यक्रमहरू, परिच्छेद ६ आयोगबाट सम्पादन भएका कार्यहरू, परिच्छेद ७ आयोगले नेपाल सरकारका विभिन्न निकायलाई दिएको सुझाव तथा सिफारिस र कार्यान्वयनको विवरण, परिच्छेद ८ अनुगमन तथा मूल्याकन, परिच्छेद ९ उजुरी, निवेदन तथा जाँचबुझ, परिच्छेद १० विविध गतिविधि, परिच्छेद ११ निष्कर्ष, उपलब्धी, चुनौती, सुझाव तथा भावी कार्यदिशा र अन्त्यमा अनुसूचीहरू रहेका छन् ।

२. आर्थिक वर्ष २०७९।८० मा आयोगमा लैङ्गिक हिंसासम्बन्धी कुल ९०२ वटा उजुरीहरु दर्ता भएका छन् । उजुरीको प्रकृति अनुसार पीडितलाई सेवा प्रदान गर्दा हिंसा पीडित महिलालाई मनोसामाजिक विमर्श, कानुनी सहायता जस्ता एक वा बहुसेवाको उपलब्धता मार्फत सहजीकरण गरिएको छ ।

३. आयोगले नेपाल सरकारको बजेटबाट सेवा सुविधा पाउने गरी अस्थाई दरबन्दी स्वीकृत गराई कारारमा नियुक्त जनशक्ति मार्फत "खबर गरौँ ११४५ हेल्पलाइन सेवा" निःशुल्क रूपमा २४ सै घण्टा सञ्चालन गरी हिंसामा परेका महिलाहरूलाई तत्कालै सेवा दिँदै आएको छ ।

४. राष्ट्रिय महिला आयोगले महिलाको हक अधिकार संरक्षण तथा संबर्द्धन र लैंगिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतना अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने, महिला हिंसाको घटनाको स्थलगत अनुगमन र नेपाल सरकारबाट सञ्चालित लैंगिकमैत्री नीति तथा कार्यक्रमहरू अनुगमन तथा मूल्यांकन, महिला हिंसा तथा महिलाको अधिकार प्रचलनमा देखिएका समस्याहरू बारे अध्ययन अनुसन्धान गर्ने र हिंसा पीडित महिलाहरूको उजुरी लिने र सो उपर कारबाही गर्ने गराउने काम गर्दै आएको छ ।

५. नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेख लगायतका प्रतिबद्धताको कार्यान्वयनको स्थितिको बारेमा अध्ययन तथा मुलुकभित्रका विभिन्न निकायहरूबाट सम्पादित कामको मूल्यांकन गर्नुका साथै आयोगबाट सिफारिस गर्ने, सुझाव दिने र सोको कार्यान्वयनको अनुगमन गर्ने काम समेत भैरहेको छ ।

६. राष्ट्रिय महिला आयोगले आफ्नो काम कारबाहीलाई रणनीतिक रुपमा सञ्चालन गर्न आयोगको दोस्रो ५ वर्षे रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । उक्त रणनीतिक योजना बमोजिम वार्षिक कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन भइरहेको छ ।

७. राष्ट्रिय महिला आयोग लगायत अन्य संवैधानिक आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरूको संयुक्त बैठक बसी स्थानीय तह सदस्य निर्वाचन, २०७९ को लैंगिक अनुगमन गर्ने र राष्ट्रिय मान्यता प्राप्त विभिन्न राजनैतिक दललाई लैंगिक समानता तथा सामाजिक समावेशिकरण का सन्दर्भमा ध्यानाकर्षण गराउने तथा निर्वाचन अनुगमन गर्ने निर्णय गरी कार्यान्वयन गरिएको छ । उक्त अनुगमनको आधारमा लैंगिक समानता र सामाजिक समावेशीको नजरमा स्थानीय तह सदस्य निर्वाचन, २०७९ पुस्तक यस आ.व. मा प्रकाशन गरिएको छ ।

८. राष्ट्रिय महिला आयोगले प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लैंगिक तथा सामाजिक समावेशीकरणको नजरबाट देशव्यापी अनुगमन गरी नेपाल सरकार, राजनीतिक दल एवं निर्वाचन आयोगलाई समेत लैंगिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा ध्यानाकर्षण गराउने काम गरेको छ। निर्वाचनमा उम्मेदवार चयनमा महिलाको सहभागिता तथा महिलाको उम्मेदवारीको अवस्था, महिला उम्मेदवार, मतदाता र कर्मचारीहरूको शान्ति सूरक्षाको अवस्था, मतदान केन्द्रहरु लैंगिक संवेदनशीलता लगायतका विषयमा स्थलगत अनुगमन तथा अवलोकन गरिएको छ ।

९. महिला हिंसाका घटनाको तत्काल अनुगमन गरी घटनाको छानबिन र अनुसन्धान गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउने र हिंसा पीडित महिलाहरूलाई न्याय दिलाउन राष्ट्रिय महिला आयोगले अनुगमनको कार्यलाई तीव्र पारेको छ ।

१०. हिंसा पीडित महिलाहरूलाई निशूल्क कानुनी परामर्श सेवा उपलब्ध गराउन तथा मनोसामजिक परामर्श सेवा प्रदान गर्न र सुरक्षित आश्रयस्थलमा राख्ने व्यवस्थाको लागि विभिन्न सेवा प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरेको छ ।

११. महिला हिंसा न्यूनीकरणका लागि आयोगले समाजमा विधमान हानिकारक अभ्यासका विषयमा अन्तर्क्रिया, स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरूसँग छलफल र अन्तर्क्रिया, राजनीतिक दलका प्रतिनिधिहरूसँग अन्तर्क्रिया, विधालय सचेतना जस्ता सिर्जनात्मक कार्यक्रमहरू सञ्चालन गरेको छ ।

१२. राष्ट्रिय महिला आयोगको संविधान प्रदत्त काम, कर्तव्य र अधिकार बमोजिम भए गरेका गतिविधिहरू, आयोगबाट प्रवाह हुने सेवा, महिला सम्बन्धी समग्र सवालहरू सहितका सामग्रीहरू समेटेर नेपाल टेलिभिजनसँगको सहकार्यमा नेपालमा महिला कार्यक्रम उत्पादन र प्रशारण गरिएको छ ।

१३. समग्र नेपाली महिलाको आवाज केही प्रतिनिधीमूलक पात्रहरू, अभियन्ताहरू र राष्ट्रिय महिला आयोगको सहयोगमा न्याय पाएको लैङ्गिक हिंसा पीडित महिलाहरूको आवाजलाई समेटेर पाक्षिक रेडियो कार्यक्रम सामाजिक न्याय र समानताको आवाज(महिला आवाज रेडियो नेपालसँगको सहकार्यमा उत्पादन र प्रशारण गरिएको छ ।

१४. विभिन्न सञ्चार र एफ०एम० रेडियो मार्फत विभिन्न भाषामा लैंगिक हिंसा विरुद्ध सचेतनामूलक रेडियो जिङ्गल प्रशारण, सूचनामूलक सामाग्रीहरू प्रकाशन र प्रशारण गरी आम नेपाली महिलाहरूलाई राष्ट्रिय महिला आयोगको सेवाको पहुँचमा पुर्याउने तथा महिलाका लागि राष्ट्रिय महिला आयोगका प्रयासहरूको जानकारी गराइएको छ ।

१५. लैङ्गिक हिंसाका घटनामा पिडक र पीडितको अधिक हिस्सा युवावर्ग नै रहेको र युवाको संलग्नताबाट राष्ट्रव्यापी रूपमा लैङ्गिक हिंसा न्युनिकरण गर्ने उद्देश्यले प्रदेश स्तरमा सामाजिक तथा राजनीतिक क्षेत्रका युवाहरूसँग अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

१६. लैङ्गिक हिंसाका कारण महिलाको स्वास्थ्य र व्यक्तित्व विकासमा पर्न सक्ने शारीरिक तथा मानसिक असरबारे सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरी त्यस्ता असर न्यूनीकरण गर्ने किसिमका नीतिगत तथा संस्थागत प्रयासहरू अघि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्नुका साथै आयोगका आगामी कार्यक्रमहरू समेतलाई यी विषयसँग आबद्ध गर्ने प्रयास गरिएको छ ।

१७. एकल महिलाको हक अधिकारको सुरक्षाका सन्दर्भमा सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी सो सम्बन्धमा देखिएका नीतिगत तथा कार्यगत समस्याहरू पहिल्याउने र समस्या समाधानका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य आयोगले गरेको छ ।

१८. सुरक्षा निकायसँग रणनीतिक योजना बैठक र अन्तरक्रियाबाट लैङ्गिक हिंसाबाट पीडित महिलाहरूलाई न्यायको पहुँचमा पुर्याउने कार्यमा छिटो छरितो तथा पीडित मैत्री सेवाको व्यवस्था समुदायसम्म पुग्ने व्यवस्था गरी मिलाउन आवश्यक रणनीतिगत सवालहरू पहिचान भई आगामी दिनमा सुरक्षा निकाय र राष्ट्रिय महिला आयोगको सहकार्यको लागि मार्गदर्शन भएको छ।

१९. आयोगले ज्येष्ठ नागरिक, विशेषतः ज्येष्ठ महिलामाथि हुने पारिवारिक र सामाजिक अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी सो सम्बन्धमा देखिएका नीतिगत तथा कार्यगत समस्याहरू पहिल्याउने, अन्तर्पुस्ता सम्बन्धको महत्व बुझाउने र समस्या समाधानका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य गरेको छ ।

२०. अपांगता भएका महिलाहरूको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला समुदाय तथा निकायहरूसँग छलफल गरी सो सम्बन्धमा देखिएका नीतिगत तथा कार्यगत समस्याहरू पहिल्याउने र समस्या समाधानका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य आयोगले गरेको छ ।

२१. लैंगिक तथा यौनिक अल्पसंख्यकहरूको हक अधिकारको सवालमा सरोकारवाला निकायहरूसँग छलफल गरी सो सम्बन्धमा देखिएका नीतिगत तथा कार्यगत समस्याहरू पहिल्याउने र समस्या समाधानका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य आयोगले गरेको छ ।

२२. कार्यस्थलमा हुने महिला माथिको हिंसा न्यूनीकरणका सम्बन्धमा आयोगले सरकारी, सार्वजनिक तथा निजी संघसंस्थाका प्रतिनिधिहरूसँग छलफल गर्ने र कार्यस्थलमा महिला हिंसाका घटना घट्न नदिने गरी नीतिगत तथा कार्यगत व्यवस्था गर्न सबै निकायहरूलाई सजक गराउने कार्य गरेको छ ।

२३. विधालयस्तरमा हुने लैंगिक हिंसाको न्यूनीकरणका सम्बन्धमा विभिन्न जिल्लाका विधालयहरूमा पुगी विधार्थी, शिक्षक, विधालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने कार्य आयोगले गरेको छ ।

२४. आयोगले महिलाको हक हित र अधिकारका विषयमा मुद्दा पहिचान तथा उठान गर्न समय समयमा विभिन्न क्षेत्रका सरोकारवाला निकायहरूसँग बैठकको आयोजना गरी छलफल गर्ने गरेको छ ।

२५. महिला सशक्तीकरण, लैङ्गिक हिंसा निवारण तथा लैङ्गिक समानता प्रवर्द्धनको अभियानलाई प्रभावकारी बनाउन

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, हेल्पलाइन स्थापना दिवस, राष्ट्रिय महिला आयोगको स्थापना दिवस, राष्ट्रिय महिला अधिकार दिवस, योगमाया स्मृति दिवस जस्ता दिवसीय कार्यक्रम तथा अभियानहरूको सन्दर्भमा आम नागरिकहरूसम्म सञ्चार माध्यम मार्फत जानकारी पुग्ने र सरोकारवालाहरुको ध्यानाकर्षण हुने गरी केन्द्रीय स्तरमै औपचारिक रुपमा दिवसीय कार्यक्रमहरू एवं अभियानहरू सञ्चालन गरिएका छन् ।

२६. तीनै तहको सरकारको नीति तथा कार्यक्रमलाई लैंगिकमैत्री बनाउनुको साथै लैंगिक उत्तरदायी बजेट प्रणालीलाई प्रभावकारी र नतिजामुखी रुपमा अभ्यास गर्नुपर्ने देखिन्छ । त्यसका साथै लैंगिक उत्तरदायी बजेट प्रणालीको प्रभावकारिता अध्ययन गर्नु आवश्यक देखिन्छ ।

२७. महिला हिंसाका घटनामा पीडितलाई न्यायको पहुँचमा पुर्याउन धेरै नीतिगत, कानूनी, संस्थागत तथा कार्यगत पहल गरिएता पनि हिंसा पीडित महिलाको पुनर्स्थापनामा थप प्रयास आवश्यक देखिएको हुँदा सबै जिल्लामा कम्तीमा १ वटा अल्पकालीन सुरक्षित आवास गृह र प्रत्येक प्रदेशमा दीर्घकालीन आवास गृह सरकारी तहबाट सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

२८. विकासमा लैङ्गिक मूल प्रवाहीकरण नगरी समानता हासिल गर्न कठिन हुन्छ । यसका लागि विषयगत मन्त्रालयका नीति तथा कार्यक्रमहरू लैङ्गिकमैत्री तथा लैंगिक उत्तरदायी हुनु जरुरी छ । यस विषयलाई प्रवर्द्धन गर्न लैङ्गिक सम्पर्क बिन्दुको निकायगत अभ्यासलाई प्रभावकारी बनाउन प्रत्येक संघीय मन्त्रालयहरू, प्रादेशिक मन्त्रालयहरू तथा स्थानीय तहको कार्यपालिकाको कार्यालयमा कार्यक्षेत्रगत शर्त सहित लैङ्गिक सम्पर्क व्यक्तिको जिम्मेवारीलाई प्रभावकारी बनाउन पर्ने देखिन्छ । सार्वजनिक सेवा प्रवाहलाई लैंगिक संवेदनशील बनाउन सबै कर्मचारीलाई आवधिक रूपमा लैंगिक सचेतनामूलक तालिम तथा अभिमुखिकरण कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

२९. राजनीतिक, आर्थिक, प्रशासनिक र अन्य सेवा क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता बढाई नीतिगत पहुँच स्थापित गर्न सरकार, राजनीतिक दल र सबै सरोकारवाला पक्षहरुले संवेदनशील र जवाफदेही हुनुपर्ने छ ।

३०. घरेलु तथा यौनजन्य हिंसा जवरजस्तीकरणीका घटना दिनानुदिन बढ्दै गएको अवस्थामा यसको रोकथामका लागि विगतमा अभ्यासमा रहेका रणनीतिहरूमा समिक्षा गरी समय सान्दर्भिक थप प्रभावकारी रणनीति तय गरी अगाडी बढ्नुपर्ने आवश्यकता छ ।

३१. सदियौंदेखि समाजमा विद्यमान पितृसत्तात्मक सोंच र संरचनाका कारण नयाँ(नयाँ स्वरुप र प्रवृत्तिका महिला हिंसाका जघन्य घटना घटिरहेको, कुनै न कुनै ढंगले संरक्षित भएर अपराधी र पीडकहरू कानूनी सजायबाट छुटकारा पाउने अवस्थाले अधिकांश हिंसा पीडित महिला न्यायबाट वञ्चित हुनु पर्ने अवस्था सिर्जना हुन्छ । लैंगिक हिंसाबाट पीडित महिलालाई न्यायको पहुँचमा पुर्‍याउन अवलम्बन गरेन सेवाको पद्धति स्पष्ट, पारदर्शी, छरितो र वस्तुनिष्ठ हुनु पर्दछ ।

३२. महिलाको नीतिगत तहमा पहुँच स्थापित गर्ने विषयलाई राज्यका जिम्मेवार निकायहरु, राजनीतिक दल एवं नागरिक समाजमा समेत अग्रणी एवं निर्णायक भूमिकामा रहेका व्यक्तिहरुमा विद्यमान तर अप्रत्यक्षरअदृष्य पितृसत्तात्मक सोंचको अन्त्यका लागि सबै सरोकारवालाहरु वीच ऐक्यवद्धता आवश्यक छ ।

३३. आयोगको संगठन संरचना र दरबन्दीको पुनरावलोकन गरी आवश्यकता अनुसारको संगठन संरचना र दरबन्दी कायम गर्न पहल गर्ने, प्रदेशस्तरमा कार्यालय खोल्ने र जिल्लास्तरमा सम्पर्क संयन्त्र तयार गर्नुपर्ने कार्य आयोगको प्राथमिकतामा रहेको छ ।

३४. आयोगका काम कारबाहीलाई सूचना प्रविधिमैत्री बनाई पारदर्शिता कायम गर्ने र महिलाको हक अधिकारसँग सम्बन्धित विषयमा आयोगलाई सूचना हबको रुपमा विकास गर्ने आयोगको लक्ष्य रहेको छ ।

३५. आयोगमा सञ्चालनमा रहेको २४ सै घण्टा आपतकालित सेवा खबर गरौं ११४५ हेल्पलाइन सेवालाई थप सुदृढ र क्षमता युक्त बनाउने, हिंसा पीडित महिलाहरूको उद्धार, न्यायिक उपचार र पुनःस्थापनाको कार्यलाई प्रभावकारी बनाउने कार्यमा आयोगको पहल रहेको छ ।

३६. महिला अधिकार उल्लङ्घन तथा हिंसाका घटनाको अनुगमन तथा अनुसन्धान गरी पीडितरप्रभावितहरूको उद्धार, सुरक्षा, पुनःस्थापना र न्यायको सुनिश्चितता प्रदान गर्न आयोगले आफ्नो काम कारबाहीलाई प्रभावकारी बनाउने उद्धेश्य रहेको छ ।

३७. महिलाको हकहित र अधिकारसँग सम्बन्धित मौजुदा नीति तथा कानूनमा रहेका विभेदकारी प्रावधानहरू सम्बन्धमा अध्ययन गरी सुधार गर्न सम्बन्धित निकायलाई सिफारिश गर्ने कार्यलाई प्रभावकारी बनाउने तथा नेपाल पक्ष भएका महिलासँग सम्बन्धित सन्धि सम्झौता तथा प्रतिवद्धताहरूको कार्यान्वयनको अवस्थाको अध्ययन अनुसन्धान र अनुगमन कार्य अगाडि बढाउने आयोगको योजना रहेको छ ।

## शब्दावली

| | |
|---|---|
| आयोग | राष्ट्रिय महिला आयोग |
| आ.व. | आर्थिक वर्ष |
| CEDAW | Convention on the Elimination of all forms of Discrimination against Women |
| OCMC | One Stop Crisis Management Centre |

# विषय सूची


परिच्छेद १ : प्रारम्भिक

१.१ पृष्ठभूमिः १

१.२ राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार २

१.२.१ आयोगको गठन प्रक्रिया २

१.२.२ नेपालको संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार २

१.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था ३

१.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था ४

परिच्छेद २ : संगठनात्मक संरचना

२.१ आयोगमा पदाधिकारीहरूको नियुक्तिः ६

२.२ आयोगको संगठन संरचना ६

२.३ आयोगको शाखागत परिचयः ८

२.३.१ प्रशासन तथा योजना शाखा ८

२.३.२ महिला विकास समन्वय शाखा ८

२.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा ९

२.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा १०

२.३.५ आर्थिक प्रशासन शाखा १०

२.४ पदपूर्तिको अवस्थाः ११

२.५ खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायी दरबन्दी सृजना १२

परिच्छेद ३ : नेपालमा महिला सशक्तीकरणको प्रयास

३.१ अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू १३

३.२ नेपालको संविधान र कानूनहरूमा महिला अधिकार १७

३.३ पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ – २०८०/८१) मा लैंगिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम २७

३.४ संरचनागत व्यवस्था २७

३.५ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण २८

परिच्छेद ४ : नेपालमा महिलाको वर्तमान अवस्था

४.१ पृष्ठभूमि ३६

४.२ निजामती सेवामा महिलाको सहभागिता ३७

४.३ न्याय क्षेत्र ३८

४.३.१ न्यायाधीश ३८

४.३.२ सरकारी वकिल ३९

४.४ सुरक्षा निकाय ३९
४.५ स्वास्थ्यकर्मी ४०
४.६ सामुदायिक र संस्थागत विधालयमा कार्यरत शिक्षक/शिक्षिका ४१

परिच्छेद ५ : राष्ट्रिय महिला आयोगका प्रमुख कार्यक्रमहरु
५.१ आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू ४२

परिच्छेद ६ : आ.व. २०७९/८० मा आयोगबाट सञ्चालित कार्यक्रमहरु
६.१ नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैंगिक सम्पर्क विन्दु/शाखासँग सहकार्य बैठक ४४
६.२ बालिका तथा किशोरीहरूमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाका सवालमा अन्तर्क्रिया ४५
६.३ लैंगिक हिंसाका कारण महिलाको मानसिक र प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे अन्तर्क्रिया ४६
६.४ महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरुसँग अन्तर्क्रिया ४७
६.५ एकल महिलामाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्द एकल मिहलाको सूरक्षाको सवालमा अन्तर्क्रिय कार्यक्रम ४८
६.६ सूरक्षा निकायसंग महिला हिंसा निवारणको लागि रणनितिक योजना बैठक र अन्तर्क्रिया कार्यक्रम ४९
६.७ बैंदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका लागि बैंदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निकायगत र तहगत सरोकारवालाहरूसँगको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम ५१
६.८ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन शुभारम्भ समारोह ५२
६.९ ज्येष्ठ नागरिकमाथि हुने अवहेलना, दुर्व्यबहार र हिंसा विरुद्द ज्येष्ठ महिलाको सूरक्षाको सवालमा अन्तर्क्रिया ५३
६.१० मनोरन्जन क्षेत्र र जोखिमयुक्त क्षेत्रमा काम गर्ने महिलाहरूको अवस्था, समस्या, चुनौतिका सवालमा अन्तर्क्रिया ५४
६.११ समाजमा विधमान रहेका हानिकारक अभ्यासहरु छाउपडी प्रथा, बोक्सिको आरोप,बाल विवाह लगायतका प्रथाहरु सम्बन्धी कर्णाली र सुदुरपश्चिम र लुम्बिनी प्रदेश केन्द्रीत अन्तर्क्रिया कार्यक्रम ५५
६.१२ लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तर्क्रिया कार्यक्रम ५६
६.१३ अपाङ्गता भएका महिलाहरुको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तर्क्रिया ५७
६.१४ योगमाया स्मृति दिवस विशेष समारोह ५८
६.१५ राष्ट्रिय महिला अधिकार दिवस विशेष समारोह ५९

६.१६ स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरुबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तर्क्रिया कार्यक्रम ६०
६.१६ महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनितिक सहभागिता र सशक्तीकरणको लागि राजनैतिक पार्टिका प्रमुख र प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तर्क्रिया ६१
६.१७ आयोगका क्रियाकलापका सम्बन्धमा चौमासिक पत्रकार अन्तर्क्रिया कार्यक्रम ६२
६.१८ विद्यालय स्तरमा हुने महिला हिंसा निवारणको सम्बन्धमा शिक्षक विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको अभिमुखीकरण कार्यक्रम ६३
६.१९ महिला हकहित र अधिकारका विषयमा मुद्दा पहिचान तथा उठान गर्न विभिन्न सरोकारवाला निकायहरुसँग समन्वयात्मक बैठक ६३
६.२० महिला हिंसा निवारणका लागि नीतिगत प्रभाव पार्ने पाठ्यक्रम विकास केन्द्र लगायत शैक्षिक प्रतिष्ठानसँग अन्तर्क्रिया कार्यक्रम ६५
६.२१ सीमान्तकृत महिलाहरुको सशक्तिकरणका विषयमा कार्यक्रम ६५
६.२२ महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन संघीय महिला सांसद र विभिन्न संसदीय समितिका सभापतिसँग अन्तरक्रिया ६६
६.२३ राष्ट्रिय महिला आयोगको स्थापना दिवस ६७
६.२४ समाजमा विद्यमान हानिकारक अभ्यासहरू (बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरू सम्बन्धी मधेश केन्द्रित अन्तरक्रिया कार्यक्रम: ६७
६.२५ साझेदार संस्थाहरुसँगको सहकार्यकम संचालित कार्यक्रमहरु: ६९
६.२५.१ लैङ्गिक हिंसा नियन्त्रण तथा अनुगमनको लागि प्रदेशस्तरीय सञ्जाल (GBV Network) सम्बन्धी प्रयास: ६९
६.२५.२ महिला विरुद्ध हुने सबै किसिमका विभेद विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि (CEDAW) तथा दिगो विकास लक्ष्य (SDGs) लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु कार्यान्वयन सम्बन्धी प्रदेस्तरीय अन्तर्क्रिया कार्यक्रम ६९
परिच्छेद ७: राष्ट्रिय महिला आयोगले लैंगिक समानता प्रवर्द्धन तथा लैंगिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरुबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा गरिएको सिफारिस ७१

परिच्छेद ८ : अनुगमन तथा मूल्यांकन
८.१ प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को अनुगमन ७८
८.२ लैंगिकहिंसाका घटना, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) पुनर्स्था(पना केन्द्र, आश्रयस्थल, बृद्धाश्रम स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्वास्थ्य केन्द्र लगायतका विभिन्न सेवा प्रदायक संस्था र निकायको स्थालगत अनुगमको विवरण ७९

परिच्छेद ९ : उजुरी व्यवस्थापन
९.१ उजुरी सम्बन्धी व्यवस्था १२६
९.२ हिंसाको प्रकार १२७

९.३ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्वारा प्रदान गरिएका सेवाहरु १२७
९.३.१ आ.व. २०७९/८० मा आयोगमा दर्ता भएका उजुरीहरु १२७
९.३.२ आ.व. २०७९/०८० मा दर्ता भएका प्रदेशगत उजुरीको संख्या १२८
९.३.३ हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरु १२८
९.३.४ अधिकतम रुपमा उजुरी भएका हिंसाका घटनाहरु १२९
९.३.५ आयोगबाट प्रदान गरिएको सेवाको विवरण १३०
९.३.६ हिंसा पीडितको सेवाको लागि सिफारिस गरिएका संस्थाहरु १३०
९.३.७ पीडितको उमेर समूह १३०
९.३.८ पीडितको वैबाहिक अवस्था १३१
९.३.९ समुदायका आधारमा बर्गीकरण १३१
९.४ आयोगमा प्राप्त भएका सूचनाका आधारमा अन्य सेवा प्रदायक निकायहरुमा पत्राचार एवं सिफारिस गरिएको विवरण: १३२

परिच्छेद १० : विविध गतिविधिहरु
१०.१ आ.ब.२०७९/८० मा राष्ट्रिय महिला आयोगको विभिन्न मितिमा बसेको बैठकबाट भएका मुख्य - मुख्य निर्णयहरु: १३४
१०.२ नेपालमा महिलाको अवस्था सम्बन्धी पुस्तक प्रकाशन १३८
१०.३ रेडियो नेपाल वा एफ.एम.हरुबाट महिला हक हित अधिकार र महिला हिंसा विरुद्धका सचेतमूलक रेडियो सामग्री उत्पादन र प्रशारण: १३९
१०.४ रेडियो कार्यक्रमः महिला आवाज १३९
१०.५ राष्ट्रिय महिला आयोगको गतिविधि सहित जागरण र सचेतनामूलक बृत्तचित्र निर्माण १४०
१०.६ राष्ट्रिय महिला आयोग र नेपाल टेलिभिजनको संयुक्त प्रस्तुती नेपालमा महिला कार्यक्रम १४०
१०.७ त्रैमासिक बुलेटिन प्रकाशन १४२
१०. ८ महिला बालबालिका र किशोरीहरुका लागि तीनै तहका सरकारहरुका नीति, योजना तथा कार्यक्रमहरुको प्रभावकारिता अध्ययन तथा विश्लेषण र प्रतिवेदन १४२

परिच्छेद ११ : निष्कर्ष, उपलब्धी, चुनौती, सुझाव तथा भावी कार्यदिशा
११.१ निष्कर्ष १४३
११.२ उपलब्धीहरु १४५
११.३ चुनौतीहरु १४७
११.४ सुझावहरु १४९
११.५ आयोगको भावी कार्यदिशा १५३

अनुसूची १ : आ.ब. २०७९/८० मा राष्ट्रिय महिला आयोगमा कार्यरत कर्मचारीहरुको बिवरण १५८
अनुसूची २ : राष्ट्रिय महिला आयोगका पदाधिकारी, कर्मचारी तथा स्वयंसेवकहरुले पालना गर्नुपर्ने आचरण १६१
अनुसूची ३ : आ.ब. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रमको प्रगति विवरण १६२

# परिच्छेद १

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

नेपालमा कुल जनसंख्याको ५१.१३ प्रतिशत जनसंख्या महिलाको रहेको छ । महिलाको जनसंख्या पुरुषको भन्दा बढी भएपनि आर्थिक, समाजिक, राजनैतिक, प्रशासनिक र अन्य क्षेत्रमा महिलाको अवस्था तुलनात्मक रुपमा कमजोर छ ।नेपालले महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव विरुद्धको विश्वव्यापी महासन्धी, १९७९ (CEDAW-१९७९) मा हस्ताक्षर गरी विभिन्न समयमा सम्पन्न भएका विश्व महिला सम्मेलनहरुमा सहभागी भई यसलाई आत्मसात गर्न कार्ययोजना नै बनाएर लागु गरेको छ ।सन् १९९५ को चौथो विश्व महिला सम्मेलन, बेईजिङ्ग घोषणापत्रले अधिकार सम्पन्न स्वतन्त्र संस्थाबाट महिलाको हक हित र अधिकारको संरक्षण र संबर्द्धनका लागि प्रयास गर्नुपर्ने दायित्व सरकारको हुने भन्ने उल्लेख गरे अनुरूप २०५८ साल फागुन २३ गते (७ मार्च २००२) मा तत्कालीन नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट राष्ट्रिय महिला आयोग गठन भएको हो।नेपालको संविधान, २०७२ ले राष्ट्रिय महिला आयोगलाई संवैधानिक मान्यता प्रदान गरेसँगै आयोगको काम, कर्तव्य र अधिकार क्षेत्र समेत थप विस्तारित हुन पुगेको छ ।आयोगको कामकारवाहीलाई थप व्यवस्थित गर्न राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ जारी भएका छन् । हाल आयोगले संवैधानिक र कानुनी अधिकार क्षेत्र भित्र रहि मुलुकमा महिला हितको पक्षमा काम गरिआएको छ ।

वर्तमान संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ । महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा राखिएको छ । यसरी, संविधानमा नै महिलाको हकलाई अत्यन्त महत्वपूर्ण मौलिक हक अन्तर्गत व्यवस्था गरी त्यस अन्तर्गत समान वंशीय हक, सम्पत्ति तथा पारिवारिक मामिलामा समान हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्वन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुन पाउने हकको व्यवस्था गरेको छ । साथै, महिला विरुद्ध शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक आदि कुनै पनि किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाउने, गरेमा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने कुरा पनि संविधानले प्रत्याभूत गरेको छ ।

राष्ट्रिय महिला आयोगले महिलाको संवैधानिक मौलिक हकको प्रभावकारी प्रचलनका लागि विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदलाई उन्मूलन गर्न र महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ ।लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने, महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी वा

सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने कार्य पनि सम्पादन गर्दै आएको छ । आयोगले महिला मानव अधिकार हननका घटनाहरूको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट बञ्चित महिलाहरूलाई न्यायमा सहज पहुँच दिलाउन कानूनी परामर्श उपलब्ध गराउने लगायतका कार्यहरूलाई निरन्तरता दिँदै आएको छ । यसबाट पीडित महिलाहरुले न्याय पाएको महशुस गरेका छन् ।

महिलाको हक अधिकारको संरक्षण र संवर्द्धन, लैङ्गिक समानता र सशक्तीकरण तथा लैङ्गिक हिंसा नियन्त्रणको क्षेत्रमा संवैधानिक आयोगको रूपमा क्रियाशील राष्ट्रिय महिला आयोगले सल्लाहकारी, कार्यकारी र न्यायिक सहायता प्रदान गर्ने जस्ता महत्त्वपूर्ण जिम्मेबारीहरू निर्वाह गर्दै आएको छ । मुलुकमा महिलाको हक अधिकारको हनन् हुन नदिन र लैङ्गिक हिंसालाई नियन्त्रण गर्ने विषयमा आयोगले सचेतक (Watch Dog) को भूमिका निर्वाह गरिरहेको छ । संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले पाँच बर्षे रणनीतिक योजना तर्जुमा गरी सोको आधारमा बार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ ।

## १.२ राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

### १.२.१ आयोगको गठन प्रक्रिया

नेपालको सविधानको धारा २५२ मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था छ जसमा अध्यक्ष र चारजना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ । कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानूनका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका, उच्च नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलका सदस्य नरहेका, पैंतालीस वर्ष उमेर पूरा भएका महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने साथै, अध्यक्षको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको थप योग्यता हुनुपर्ने व्यवस्था संविधानमा उल्लेख भएको छ। राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ ।

### १.२.२ नेपालको संविधान अनुसार आयोगको काम, कर्तब्य र अधिकार

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छः

(१) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछः

- (क) महिलाको हक हितसँग सरोकार राखे नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने।
- (ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने ।

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्वन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने ।

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत् सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

### १.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने कुरा उल्लेख भएको छः

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्वन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने ।

(ख) संविधान तथा कानून प्रदत्त महिलाका अधिकार सम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने ।

(ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने।

(ङ) महिलाको हक हितको संरक्षण र संबर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने ।

(ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने।

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने ।

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

### १.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ मा आयोगले संविधान तथा ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहाय बमोजिमका काम गर्नसक्ने कुरा उल्लेख भएको छः

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यान्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ख) महिला विरुद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकार लगायत विभिन्न निकायबाट कार्यान्वयनमा ल्याइएका ऐन, नीति तथा कार्यक्रमको अध्ययन, अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) समाजमा विद्यमान महिला विरुद्धका कुप्रथा, सामाजिक कुरीति, खराब अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकार लगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारको लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्न ।

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानूनी सहायता उपलब्ध गराउन ।

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनः स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्न ।

(च) सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसा पीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यावसायिक तथा रोजगारीमूलक सीप, प्रशिक्षण आदि प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय गर्न ।

(छ) महिला हिंसा, विभेद, कुरीति विरुद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्न ।

(ज) महिलाको हक, हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी संघसंस्थाको क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिने ।

(झ) हिंसा पीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधार गृहको स्थलगत अनुगमन निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिने ।

(ञ) सरकारी तथा गैर सरकारी निकायबाट महिला तथा बालबालिकाको लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिक मैत्री भए नभएको अनुगमन गर्ने र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्ने ।

(ट) लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण, लैङ्गिक मूल प्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन, अनुसन्धान गरी, गराई नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्ने ।

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिस गर्ने ।

परिच्छेद २

# संगठनात्मक संरचना

## २.१ आयोगमा पदाधिकारीहरूको नियुक्तिः

नेपालको संविधानको भाग–२७ को धारा २५२ बमोजिम यस आयोगको पदाधिकारीहरूको नियुक्ति भई पदबहाली भएको अवस्था छ । संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहाय बमोजिमका पदाधिकारीहरू नियुक्त भई निजहरूले कार्यभार सम्हाल्नु भएको छः

| | | |
|---|---|---|
| १. | श्री कमलाकुमारी पराजुली | — अध्यक्ष |
| २. | श्री कृष्णकुमारी पौडेल खतिवडा | — सदस्य |
| ३. | श्री विद्याकुमारी सिन्हा | — सदस्य |
| ४. | श्री जया घिमिरे | — सदस्य |
| ५. | श्री सावित्रा कुमारी शर्मा | — सदस्य |

## २.२ आयोगको संगठन संरचना

नेपाल सरकारबाट स्वीकृत आयोगको कार्यालयको संगठन संरचनामा आयोगको सचिव (राजपत्रांकित प्रथम श्रेणी) मातहत ५ वटा शाखाहरूमा विभिन्न श्रेणीका ३८ जना कर्मचारी रहने व्यवस्था छ । यसैगरी, खबर गरौं हेल्पलाइन सेवा सञ्चालनको लागि विभिन्न तहका गरी कुल १७ वटा अस्थायी पदहरू रहेका छन् । आयोगको कार्यालयको संगठनात्मक संरचना देहायबमोजिम रहेको छ।

## राष्ट्रिय महिला आयोगको संगठन संरचना

- अध्यक्ष
  - सदस्य
  - सदस्य
  - सदस्य
  - सदस्य
  - सचिव

**प्रशासन तथा योजना शाखा**
उपसचिव रा.प. द्वितिय (प्र.सा.प्र.)-१
शा.अ.रा.प.पृ.(प्र.सा.प्र.)-२
ना.सु. रा.प.अनं. प्रथम (प्र.,सा.प्र.)-५
क.अ.रा.प.अनं.प्रथम (विविध)-२
हेल्पलाइन अपरेटर रा.प.अनं.प्रथम-२
ह.स.चा. (श्रेणीविहिन)-७
का.स. (श्रेणीविहिन)-७

**नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा**
उपसचिव रा.प. द्वितिय (प्र.सा.प्र.)-१
कानून अधिकृत रा.प.तृ. (न्याय, कानून) -१
का.स. (श्रेणीविहिन)-७

**उजुरी मुद्दा व्यवस्थापन शाखा**
उपसचिव रा.प. द्वितिय (न्याय, कानून))-१
शा.अ.,रा.प.तृ.(न्याय, स.व.)-१
मनोसामाजिक परामर्शदाता अधिकृत (स्वास्थ्य/छैटौं/सातौं)-१
मनोसामाजिक परामर्श दाता-(स्वास्थ्य/चौथो/पाँचौं)-१

**महिला विकास समन्वय शाखा**
प्र.म.वि.अ. रा.प. द्वितिय (विविध)-१
म.वि.अ रा.प.तृ. (विविध)-१
म.वि.नि. रा.प.अनं. प्रथम (विविध)-१

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत रा.प.तृ. (प्र.,लेखा)-१
लेखापाल रा.प.अ( नं.प्रथम (प्र.,लेखा)-१

**खबर गरौं ११४५ हेल्पलाइन सेवा**
कानून अधिकृत (न्याय/कानून/रा.प.तृ.-२)
सूचना प्रविधि अधिकृत (रा.प.तृ.)-१
हेल्पलाइन अपरेटर (रा.प.अनं.प्रथम)-१०
ह.स.चा. (श्रेणीविहिन)-१
का.स. (श्रेणीविहिन)-२

नोट: आयोगका पदाधिकारी, सचिवको निजि सचिवालयमा प्रशासन शाखाबाट कर्मचारी खटाउने ।

## २.३ आयोगको शाखागत परिचयः

### २.३.१ प्रशासन तथा योजना शाखा

आयोगमा रहेका पांच वटा शाखा मध्येको प्रशासन तथा योजना शाखा मार्फत आयोगका दैनिक प्रशासनिक कार्य सम्पादन गरिनुका साथै आयोगको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा तथा कार्यान्वयनको कार्य हुँदै आएको छ । यस शाखाले समष्टिमा आयोगका सबै भैपरि आउने काम पनि सम्पादन गर्नुपर्ने हुन्छ । नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव शाखा प्रमुख रहने यस शाखाले आयोगको सम्पूर्ण कर्मचारीको व्यवस्थापन तथा कार्यालयको आन्तरिक व्यवस्थाप नसम्बन्धी कार्य गर्ने, मेसिनरी औजार, सवारी साधन र अन्य कार्यालय सामग्री खरिद गर्ने, कर्मचारीको लागि आवश्यक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा हेल्पलाइन सेवाको व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन गर्दछ । यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन् :

- आयोगको कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य,
- प्रचलित कानून बमोजिम खरिद, जिन्सी निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू,
- सूचना व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा रणनीतिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य,
- कार्यक्रम अनुगमन सम्बन्धी कार्य र आयोगमा आईपर्ने भैपरि कार्यहरु, आदि ।

### २.३.२ महिला विकास समन्वय शाखा

आयोगमा रहेको अर्को शाखा महिला विकास समन्वय शाखा हो । यस शाखा मार्फत महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने, महिलाको हक अधिकार सम्वन्धमा सचेतना अभिवृद्धि गर्ने तथा महिलाविरुद्ध हुने हिंसा, विभेद र दुर्व्यवहारलाई नियन्त्रण गर्न जागरणमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता अनुगमन गरी आवश्यक सुझाव दिने लगायतका कार्यहरू सम्पादन हुँदै आएका छन् । नेपाल बिविध सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख महिला विकास अधिकृत शाखा प्रमुख रहने यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन् :

- महिला विकास तथा सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको अनुगमन,
- महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य,
- महिलालाई अपहेलित गर्ने हानिकारक सामाजिक अभ्यास तथा कुरीतिहरू बिरुद्ध तथा मानव बेचबिखन तथा ओसार—पसार नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन,
- महिला तथा किशोरीमाथि हुने हिंसा नियन्त्रणका लागि निरोधात्मक तथा जागरणमूलक कार्यक्रम सञ्चालन,
- महिला विकास सम्बन्धित विषयमा आवश्यक अध्ययन, अनुसन्धान र सिफारिस,
- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच विस्तार एवं आत्मनिर्भर रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका लागि सरोकारवाला निकायसँग समन्वय,

- महिला हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थापना गरिएको संयन्त्रहरूको अनुगमन तथा पृष्ठपोषण,
- हिंसा पीडित/प्रभावित महिलाहरूलाई पुनःस्थापना गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय,
- विभिन्न तहमा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमको कार्यान्वयनको अनुगमन र यस सम्बन्धी अन्य विविध कार्यहरु ।

### २.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वयन शाखा

महिलाको हितसम्बन्धी नीति निर्माण र अन्तराष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनको समन्वयका लागि आयोगमा रहेको यस शाखाले महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको निर्माण, महिला अधिकारसँग सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी उक्त कानूनहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने तथा महिला हक अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका सन्धी सम्झौताको कार्यान्वयन अवस्थाका सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव दिने लगायतका काममा आयोगलाई सहयोग गर्दछ । नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाले मुख्यतः आयोगसँग सम्वन्धित नीतिगत काममा सहयोग पुर्याउँदछ । यस शाखाले सम्पादन गर्ने प्रमुख कामहरू देहाय बमोजिम रहेका छन्:

- महिलाको हकहितसँग सम्वन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धी सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्वन्धमा नियमित अनुगमन गरी समुचित कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धी वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- नेपाल पक्षराष्ट्र भएका महिला अधिकार संरक्षणसम्बन्धी सन्धी सम्झौताको नियमित प्रतिवेदन तालिका अद्यावधिक गरी राख्ने, पेश भएका सरकारी र वैकल्पिक प्रतिवेदनहरू सङ्कलन गरी राख्ने तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अद्यावधिक गरी भावी कार्यदिशाबारे सुझाव तयार गरी पेश गर्ने,
- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने,
- आयोगको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरी पेश गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार अध्ययन, अनुसन्धानसम्वन्धी कार्यका लागि कार्यक्रमगत रूपमा कार्यक्षेत्रगत शर्त तयार गरी पेश गर्ने तथा अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

### २.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

आयोगमा कानूनसम्बन्धी सम्पूर्ण कार्यहरू उजुरी तथा मुद्दा व्यवस्थापन शाखा मार्फत हुने गरेको छ। यस शाखाले महिला हिंसासम्बन्धी दैनिक उजुरी सुन्ने, हेल्पलाइन मार्फत प्राप्त उजुरीका घटनाको अभिलेखीकरण तथा वर्गीकरण गर्ने, हिंसा पीडित/प्रभावितहरूलाई कानूनी परामर्श लगायतका सेवा उपलब्ध गराउने तथा उजुरी सम्बोधनसम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्दै आएको छ । आयोगलाई विपक्षी बनाई अदालतमा दायर भएको रिट निवेदनका सम्बन्धमा यस शाखाबाट लिखित जवाफ तयार गर्ने, आयोगले निर्माण गर्ने कानूनको मस्यौदा गर्ने तथा आयोगलाई कानूनी राय दिने काम पनि हुने गर्दछ । नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाबाट महिला हिंसाको उजुरी सुन्ने, महिला हक अधिकार हनन भएको विषयमा सम्बन्धित निकायमा लेखी पठाउने तथा हिंसा पीडित/प्रभावितहरूलाई विभिन्न प्रकारको सेवा उपलब्ध गराउन सम्बन्धित निकायमा प्रेषण तथा समन्वय गर्ने कार्य हुने गरेको छ । यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् :

- उजुरी दर्ता तथा सम्बोधन सम्बन्धी कार्य,
- हेल्पलाइन सेवामार्फत प्राप्त हुने उजुरीको व्यवस्थापन सम्बन्धी कार्य,
- कानुनी परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- निशूल्क कानुनी सहायता उपलब्ध गराउने कार्य,
- सामाजिक मनोविमर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- महिला हिंसासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने, गराउने कार्य,
- महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा कुनै निकायविरुद्ध मुद्दा चलाउनुपर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य,
- हिंसा पीडित/प्रभावितहरूका लागि सुरक्षित आश्रयस्थल वा पुनःस्थापना केन्द्रमा पठाउनका लागिसिफारिस र समन्वय गर्ने कार्य,
- अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य ।
- नेपाल सरकारबाट सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत पीडितको निशुल्क उपचार गराउने कार्य ।

### २.३.५ आर्थिक प्रशासन शाखा

आयोगको आर्थिक प्रशासनसम्बन्धी सम्पूर्ण कार्यहरू आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। आयोगको वार्षिक बजेट अनुमान गरी पेश गर्ने, विनियोजित बजेट प्रचलित आर्थिक कानूनको अधीनमा रही खर्च गर्ने गराउने, खर्चको हिसाव किताब र स्रेस्ता राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, बेरुजु फछ्र्यौट गर्ने गराउने लगायतका कार्य आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ । नेपाल प्रशासन सेवा, लेखा समूहको रा.प.तृतीय श्रेणीको लेखा अधिकृत शाखा प्रमुख रहने यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् :

- आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,

- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राखे,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्वन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखा परीक्षण गराउने,
- आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की–बेरूजुको लगत राखे, सम्परीक्षण गराउने एवं पेश्की फछ्यौंट गर्ने र अद्यावधिक गराउने,
- आय–व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- आयोगको आर्थिक कारोवारसम्वन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।

## २.४ पदपूर्तिको अवस्थाः

नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार आयोगमा बिभिन्न तहका गरी कुल ३८ जना कर्मचारीको दरबन्दी रहेको छ । जसमा राजपत्रांकिततर्फ १२ जना, राजपत्र अनंकिततर्फ १२ जना र श्रेणीविहीनतर्फ १४ जनाको दरबन्दी रहेको छ । स्वीकृत दरबन्दीमा पदपूर्तिको स्थिति देहाय अनुसार रहेको छः

| सि. नं. | पद | श्रेणी/तह | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | – | |
| २ | उपसचिव | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | |
| ३ | उपसचिव | रा.प.द्वितीय | नेपाल न्याय | कानून | १ | १ | – | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प.द्वितीय | नेपाल विविध | – | १ | १ | – | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | – | |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | – | |
| ७ | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | कानून | १ | १ | – | |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | सरकारी वकिल | १ | १ | – | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | नेपाल विविध | – | १ | १ | – | |
| १० | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं तह | नेपाल स्वास्थ्य | – | १ | १ | – | |
| ११ | नायब सुब्बा | रा.प.अनं प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | – | |
| १२ | लेखापाल | रा.प.अनं प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | – | |
| १३ | मनोसामाजिक | चौथो/पाँचौं | नेपाल स्वास्थ्य | – | १ | १ | – | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | परामर्शदाता | तह | | | | | | |
| १४ | महिला विकास निरिक्षक | रा.प.अनं प्रथम | नेपाल विविध | — | १ | — | १ | स्थानीय तहमा समायोजन भई कामकाजमा रहेको |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | — | २ | २ | — | |
| १६ | हेल्पलाइन अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | — | २ | — | २ | |
| १७ | हलुका सवारी चालक | श्रेणी विहिन | — | — | ७ | ७ | — | |
| १८ | कार्यालय सहयोगी | श्रेणी विहिन | — | — | ७ | ७ | — | |

## २.५ खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायी दरबन्दी सृजना

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि विगतमा विश्व बैंकको सहयोगमा सञ्चालित "खबर गरौं ११४५ हेल्पलाइन सेवा" लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी संगठन संरचना र दरवन्दी सिर्जना सम्बन्धी विस्तुत प्रतिबेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरिएकोमा देहाय बमोजिमका अस्थायी पदहरू तत्काललाई एक/एक वर्षका लागि सिर्जना गर्ने गरी स्वीकृति भएको दरवन्दीमा देहायवमोजिम करार सेवामा कर्मचारीहरुको पदपूर्ति गरी हेल्पलाइन सेवा सञ्चालन गरिएको छः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा/समूह | संख्या |
|---|---|---|---|---|
| १ | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय सेवा/कानून समूह | २ |
| २ | सूचना प्रविधि अधिकृत | रा.प.तृतीय | नेपाल विविध सेवा | १ |
| ३ | मनोसामाजिक परामर्शदाता/मनोविमर्शकर्ता | रा.प.तृतीय | नेपाल स्वास्थय सेवा | १ |
| ४ | हेल्पलाइन अपरेटर/कम्प्युटर अपरेटर | रा.अन.प्रथम | नेपाल विविध सेवा | १० |
| ५ | हलुका सवारी चालक | श्रेणी विहिन | — | १ |
| ६ | कार्यालय सहयोगी | श्रेणी विहिन | — | २ |
| | | | कुल | १७ |

## परिच्छेद ३

# नेपालमा महिला सशक्तीकरणको प्रयास

### ३.१ अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू

महिला सशक्तीकरणका सन्दर्भमा चर्चा गर्दा सन् १८३० देखि महिला दासता विरुद्ध विश्वव्यापी आन्दोलन शुरु भएको पाईन्छ । विशेषगरी, औद्योगिक क्रान्तिपछि महिलाको आर्थिक अधिकारको खोजी हुन थालेको हो।प्रस्तुत प्रसंगमा संयुक्त राष्ट्र संघले सन् १९७५ मा प्रथम अन्तर्राष्ट्रिय महिला सम्मेलन गरी सोही अवसरमा उक्त बर्षलाई महिला अधिकार बर्षको घोषणा गर्यो । सन् १९७५ देखि १९८५ लाई महिला अधिकार दशकको रुपमा मनाईयो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ मा महिला अधिकारलाई उच्च महत्व दिईयो । तथापी, केहि अध्ययनले विश्वमा महिलाका ६५ प्रतिशतसम्म अधिकार मात्रै प्रयोगमा आएको देखाएको छ । विश्वका करिब ३ दर्जन मुलुकमा मात्रै श्रीमती प्रसुती हुदा श्रीमान्ले पनि विदा पाउने व्यवस्था छ । यसैगरी, करिब विश्वका ४ दर्जन मुलुकले मात्रै महिला हिंसा विरुद्धको कानून जारी गरेका छन् । महिलालाई पुरुष सरह रोजगारी र ज्याला दिने मुलुकको संख्या पनि कम छ ।

महिला अधिकार संरक्षणको विश्व इतिहासलाई हेर्दा महिला स्वतन्त्रताको सवालमा महिलाहरू विरुद्ध हुँदै आएका भेदभावलाई कानूनको माध्यमबाट सम्बोधन गर्ने काम क्रमशः हुँदै आएको देखिन्छ । महिलाहरूले लामो समयसम्म मताधिकारको लागि लडाईं लड्नु पर्‍यो । बेलायतमा सन् १८८९ मा महिला मताधिकारको लागि सङ्गठनको स्थापना भयो । यसले मताधिकारको लागि चलाएको अभियानको फलस्वरूप सर्वप्रथम न्यूजिल्याण्डमा सन् १८९३ मा महिलालाई मताधिकार दिएको पाईन्छ । त्यसपछि सन् १९२८ मा बेलायती महिलाले मताधिकार प्राप्त गरे । खासगरी सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि महिलालाई समान अधिकार प्रदान गरिनुपर्दछ भन्ने मान्यताको विकास भएको पाइन्छ । यसमा गरिएको समान अधिकारको घोषणालाई व्यवहारमा उतार्न महिला अधिकारवादीहरूले निरन्तर प्रयास र संघर्ष गर्नुपरेको छ । महिला अधिकारको संरक्षणको लागि सन् १९४८, १९७५, १९८०, १९८५ र १९९५ मा विश्व महिला सम्मेलनहरू भए । यी सम्मेलनहरूले महिला विरुद्धका भेदभावपूर्ण कानूनी प्रावधानहरूलाई परिमार्जन गर्नुपर्ने कुरामा निरन्तर जोड दिंदै आएका छन् ।

संयुक्त राष्ट्रसंघको तत्वावधानमा भएका २४ वटा मानव अधिकारसम्बन्धी महासन्धी, घोषणापत्र र अनुबन्धहरूमा नेपालले हस्ताक्षर गरिसकेको छ ।जसमध्ये लैंगिक समानता, महिला सशक्तीकरण र लैंगिक हिंसा न्यूनीकरणका लागि महत्वपूर्ण महासन्धी महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धी, १९७९ (CEDAW) लाई नेपालले सन् १९९१ मा अनुमोदन गरेको थियो।यसको कार्यान्वयनका लागि विभिन्न नीतिगत, र कार्यक्रमगत व्यवस्था भई कार्यान्वयन हुँदै आएका छन् भने

नेपालले आवधिक रुपमा यसको कार्यान्वयन प्रगति सहितको प्रतिवेदन CEDAW समितिमा पेश गर्दै आएको छ ।

नेपाल पक्षराष्ट्र बनेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, प्रतिज्ञापत्र र इच्छाधीन आलेखहरूको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ:

| क्र. सं. | विवरण | ग्रहण गरिएको मिति | लागु भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | दासत्व महासन्धी, १९२६ | २५ सेप्टेम्बर १९२६ | ९ मार्च १९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २ | दासत्व महासन्धीलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर १९२६ | ७ डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |
| ३ | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरुको उन्मूलनसम्बन्धी पूरक महासन्धी, १९५६ | ७ सेप्टेम्बर १९५६ | ३० अप्रिल १९५७ | ७ जनवरी १९६३ | सम्मिलन |
| ४ | जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धी १९४८ | ९ डिसेम्बर १९४८ | १२ जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५ | जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धी १९४९ | २ डिसेम्बर १९४९ | २५ जुलाई १९५१ | २७ डिसेम्बर १९९५ | सम्मिलन |
| ६ | महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धी १९५२ | २० डिसेम्बर १९५२ | ७ जुलाई १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७ | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६ | २१ डिसेम्बर १९६५ | ४ जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |
| ८ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९ | नागरिक तथा राजनीतिक | १६ डिसेम्बर | २३ मार्च | १४ मे १९९१ | सम्मिलन |

| | | | | | |
|---|---|---|---|---|---|
| | अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १९६६ | १९७६ | | |
| १० | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ११ | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाई १९७६ | १२ जुलाई १९७७ | सम्मिलन |
| १२ | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी १९ | १८ डिसेम्बर १९७ | ९, ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | अनुमोदन |
| १३ | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |
| १४ | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धी १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८, १ मार्च | १ मार्च १९८९ | अनुमोदन |
| १५ | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधीन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाई १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १६ | बालअधिकार सम्बन्धी महासन्धी १९८९ | २० नोभेम्बर १९८९ | २,सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | अनुमोदन |
| १७ | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धीको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | अनुमोदन |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धीको इच्छाधीन आलेख २००० | २५ मे २००० | १२ फेब्रुअरी २००२ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| १९ | बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धीको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | अनुमोदन |
| २० | दक्षिण एशियामा बालकल्याण प्रवर्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धी २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २१ | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धी २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २२ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धी २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २३ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धीको इच्छाधीन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २४ | संयुक्त राष्ट्रसंघ अन्तर्गतको बहुराष्ट्रिय संगठित अपराध विरुद्धको महासन्धीअन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको | १५ नोभेम्बर २००० | १६ जुन २०२० | १२ मार्च २०२० | अनुमोदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) | | | | |

नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का विभिन्न महासन्धीको पनि पक्षराष्ट्र भएको छ जसको विवरण निम्न तालिकामा उल्लेख गरिएको छः

**नेपाल पक्ष भएका ILO महासन्धीहरू**

| क्र. सं. | विवरण | नेपालले अनुमोदन गरेको मिति |
|---|---|---|
| १ | औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक बिदा लागू गर्ने सम्बन्धीमहासन्धी १९५७ (नं. १४) | १० डिसेम्बर १९८६ |
| २ | सङ्गठन गर्ने र सामूहिक सौदाबाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धी १९४९ (नं. ९८) | ४ अक्टोबर १९९६ |
| ३ | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धी १९५१ (नं. १००) | ६ अक्टोबर १९७६ |
| ४ | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धी १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ |
| ५ | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धी १९३० (नं. २९) | १३ सेप्टेम्बर २००१ |
| ६ | विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धी १९७० (नं. १३१) | १९ सेप्टेम्बर १९७४ |
| ७ | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धी १९७३ (नं. १३८) | ४ अक्टोबर १९९६ |
| ८ | अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमतिसम्बन्धी महासन्धी १९७६ (नं. १४४) | २१ मार्च १९९५ |
| ९ | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धी १९९९ (नं. १८२) | १३ सेप्टेम्बर २००१ |
| १० | आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धी १९८९ (नं. १६९) | २४ अगष्ट २००७ |

## ३.२ नेपालको संविधान र कानूनहरूमा महिला अधिकार

नेपालमा संवैधानिक विकासक्रमलाई नियाल्दा वि.सं. २००४ सालबाट आरम्भ गर्नुपर्छ । तत्कालीन नेपालको अन्तरिम शासन विधान, २००४ ले पहिलो पटक महिला र पुरुषबीच समान कामको लागि समान ज्याला सुनिश्चित गरी आर्थिक अधिकारलाई सम्बोधन गरेको थियो । त्यसैगरी, नेपालको संविधान,

२०१९ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको इतिहासमा पहिलो पटक मौलिक हकको व्यवस्था गरेको थियो । महिला र पुरुषको सम्पत्तिमा समान हकको प्रत्याभूति, विभिन्न कारणले पछाडि परेका महिला वर्गको उत्थानका साथसाथै महिलाहरूको विकासको लागि राज्यले शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी महिलालाई राष्ट्रिय विकासको मूलधारमा सहभागी गराउने नीति अवलम्बन गरेको थियो । नेपालमा योजनावद्ध विकासको शुरूवात वि.सं. २०१३ देखि भएकोमा विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति पहिलोपल्ट छैटौं पञ्चवर्षीय योजना (वि.सं. २०३७/३८ – २०४२/४३) मा समावेश गरिएको थियो । नेपालमा वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुन:स्थापना पश्चात् महिला विकास र सशक्तीकरणका विषयमा व्यापक रूपमा चर्चा परिचर्चा हुँदै आएको छ ।

वर्तमान नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकता पाउने सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर महिलाको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्थाहरू गरिएका छन् ।

यसैगरी, वर्तमान संविधानले धारा ३८ मा महिलाको हकलाई एउटा महत्वपूर्ण मौलिक हक अन्तर्गत व्यवस्था गरी प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने एवं सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने जस्ता प्रावधानहरू रहेका छन्।

यसैगरी, वर्तमान संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि सबै जनआन्दोलन, सशस्त्र संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ । सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले बिपन्न, अशक्त र असहाय अवस्थामा रहेका, एकल महिला, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका

नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ । यसका अतिरिक्त, संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनुपर्ने कानूनी व्यवस्था गरिएको छ ।

नेपालको संविधानका विभिन्न भाग तथा धाराहरूमा महिलाको हक अधिकार सम्बन्धमा भएका व्यवस्थाहरू:

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | — | — | लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने |
| २ नागरिकता | १०. नागरिकताबाट बञ्चित नगरिने | (१) | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित गरिने छैन । |
| | ११. नेपालको नागरिक ठहर्ने | (२)(ख) | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति । |
| | | (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । |
| | | (५) | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ । |
| | | (६) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ । |
| | | (७) | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर, नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र |

| | | | |
|---|---|---|---|
| | | | बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ । |
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता | | यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ । |
| भाग—३ मौलिक हक र कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक | (१) | प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । |
| | १७. स्वतन्त्रताको हक | (१) | कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । |
| | १८. समानताको हक | (१) | सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन |
| | | (२) | सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । |
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिनेछ । |
| | | (४) | समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । |
| | | (५) | पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ । |
| | २१. अपराध पीडितको हक | (१) | अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । |
| | | (२) | अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना |

| | | | |
|---|---|---|---|
| | | | र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ । |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ । |
| | २९. शोषण विरुद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ । |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन । |
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन । |
| | | (४) | कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन । |
| | | (५) | उपधारा (३) र (४) बिपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ । |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ । |
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ । |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । |
| | | (३) | महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक बिभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। |

| | | | |
|---|---|---|---|
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । |
| | ४२. सामाजिक न्यायको हक | (१) | आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । |
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । |
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जा(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br>(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्यांकन गर्ने,<br>(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,<br>(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूका े पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,<br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने । |
| भाग — ६ राष्ट्रपति र उपराष्ट्रपति | ७०.राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने। | | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । |
| भाग — ८ संघीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | (२) र (८) | (२)समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । |

| | | | |
|---|---|---|---|
| | | | (८) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) (क) र (ख) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला |
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | (२) | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |
| भाग—१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ । |
| भाग—१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन् । |
| | २१६. नगर | (४) | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको |

| | | | |
|---|---|---|---|
| | कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था | | मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुने छन्। |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | (३) | जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । |
| भाग—१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | (३) | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |
| | २२३. नगर सभाको गठन | (३) | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ । |
| भाग—२७ अन्य आयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | (१) | नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ। जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन् । |
| | २५३. राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार | (१) | क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार लाई सुझाव दिने ।<br>ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्यांकन गर्ने । त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,<br>घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,<br>ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका |

| | | | |
|---|---|---|---|
| | | | अन्तर्राष्ट्रिय सन्धी वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने । |
| भाग–२८ राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था | २६७ नेपाली सेना सम्बन्धी व्यवस्था | (३) | नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ । |
| भाग–२९ राजनीतिक दल सम्बन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४(ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्वित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ । |
| भाग–३२ विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | (६) | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ । |
| | २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने | (१) | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ । |
| | २८५. सरकारी सेवाको गठन | (२) | संघीय निजामती सेवा लगायत सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ । |

राष्ट्रिय लैंगिक समानता नीति,२०७७ मा महिला किशोरी र बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत, संरचनागत व्यवस्था गर्ने, लैंगिक समानता र लैंगिक मूल्यमान्यतामा आधारित समाज स्थापना गर्ने, लैंगिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने र महिलाको आर्थिक सशक्तिकरण गर्ने उद्देश्य राखिएको छ।

महिलाको हक अधिकारको प्रवर्द्धनको लागि नेपालमा विभिन्न कानूनको तर्जुमा गरिएको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न कसूरदारलाई कडा सजायको व्यवस्था गरेको छ । महिलाविरुद्ध हुने हिंसाहरू जस्तैः जबरजस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई गम्भीर फौजदारी अपराधको रूपमा बर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ ले करणी सम्बन्धी कसुरमा नयाँ व्यवस्था गरेको छ, जसअनुसार अठार बर्षभन्दा कम उमेरको कुनै बालिकालाई मञ्जुरी लिएर करणी गरेमा जबरजस्ती करणी मानिने व्यवस्था छ । उक्त संहिताले महिलाको शारीरिक सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षा, गर्भसंरक्षण र गर्भपतनमा महिलाको मञ्जुरी हुनुपर्ने अधिकारवादी अवधारणा अघि सारेको छ । यसका साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, राष्ट्रिय महिला आयोग ऐन, २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पनि महिला सुरक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएका छन् । निजामती सेवा ऐन, २०४९ मा निजामती सेवा प्रवेशको लागि पुरुषको हकमा ३५ बर्ष र महिलाको हकमा अधिकतम उमेर ४० बर्ष तोकिएको छ । साथै, बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पुरुषभन्दा एकवर्ष कम अनुभव भए पनि पुग्ने व्यवस्था गरिएको छ ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति, रणनीति तथा कार्ययोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिला अधिकार र महिलाविरुद्धको हिंसा सम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६६, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धीको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०, लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ र विभिन्न आवधिक योजनाहरू यस सन्दर्भमा उल्लेखनीय छन् ।

यसैगरी, नेपालले मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार गरिएको विभिन्न महासन्धीहरू लगायत महिला अधिकार विषयमा केन्द्रित महासन्धी र सम्मेलनहरूमा संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपालले सहभागिता जनाएको र प्रतिबद्धता जाहेर गरेको छ । यी दस्तावेजहरूमा लैङ्गिक विभेदलाई वर्जित गर्नुका साथै महिला र पुरुषलाई समानताको आधारमा व्यवहार गर्ने कुराको सुनिश्चितता गरिएको छ । यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानूनहरू समेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ । यसै सन्दर्भमा नेपाल सरकारले अख्तियार गरेको लैगिंक उत्तरदायी बजेट प्रणाली, राष्ट्रपति महिला उत्थान कार्यक्रम, सार्वजनिक निकायहरुमा लैंगिक सम्पर्क व्यक्तिको व्यवस्थाले पनि महिलाको सशक्तीकरण, आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याएको छ ।

## ३.३ पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ – २०८०/८१) मा लैंगिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम

महिला हक अधिकारको सम्बन्धमा छैटौं पञ्चवर्षीय योजनादेखि नै विशेष व्यवस्था गरिँदै आएकोमा पछिल्ला योजनाहरूमा लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणलाई केन्द्रित गरी विभिन्न नीति, कार्यक्रमहरू अघि बढाइएका छन् । चालु पन्ध्रौं योजनामा लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने कुरालाई दीर्घकालीन सोचको रूपमा प्रस्ताव गरी महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने विषयलाई लक्ष्यको रूपमा लिइएको छ । सो लक्ष्य हासिल गर्न लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चिता गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने जस्ता उद्देश्यहरू लिएको पाइन्छ । यी लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्वन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने, सबै तहमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने, लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने, विभेदकारी कानूनहरूको परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाउने लगायतका रणनीति तथा कार्यनीति अघि सारेको देखिन्छ।

यसैगरी, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक एवं संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने रणनीति लिइएको छ । असहाय, अशक्त र जोखिममा परेका नागरिकहरूको संरक्षण गर्ने, शिक्षा र स्वास्थ्यलाई राज्यको जिम्मेवारी भित्र ल्याउँदै पहुँच सहितको गुणस्तरीय शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमवाट विकास र समृद्धि हासिल गर्ने जस्ता नीतिहरू अवलम्बन गरिएका छन् । साथै, योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरू सृजना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रूपमा विकास गर्ने, विद्यमान कानून तथा संस्थागत व्यवस्थाहरूमा सुधार गर्ने र राज्यका सबै संरचनाहरूलाई अपाङ्गमैत्री बनाउने लगायतका रणनीतिहरू समेटेको छ ।

## ३.४ संरचनागत व्यवस्था

महिला हक अधिकारको कार्यान्वयनका निम्ति संवैधानिक तथा कानूनी व्यवस्थाका अतिरिक्त यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था भएको छ:

- राष्ट्रिय महिला आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय

- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान ब्यूरो
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा महिला विकास एकाइ/शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क बिन्दु
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट समिति
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाहरूका लागि पुनःस्थापना केन्द्र
- घरेलु हिंसाबाट पीडित तथा प्रभावित महिलाहरूका लागि सेवा केन्द्र
- हिंसा पीडितहरूको सेवाका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू
- स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानूनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिलको व्यवस्था
- बार एसोसियनबाट निःशुल्क कानूनी सहायता

## ३.५ नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण

| क्र.सं. | मिति | घटना |
|---|---|---|
| १ | २०१३ (१९५६ ई.) | महिला प्रशिक्षण केन्द्रको स्थापना |
| २ | २०२९ (१९७२ ई.) | महिला शिक्षा परियोजना लागू तथा सञ्चालन गर्न शिक्षा तथा समाज कल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा |
| ३ | २०३० (१९७३ ई.) | तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमिति अन्तर्गत महिला सीप विकास परियोजना सञ्चालन |
| ४ | २०३२ (१९७५ ई.) | आमा मिलन केन्द्रको स्थापना |
| ५ | २०३३ (१९७६ ई.) | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धी १९५१ (नं. १००) लाई नेपाल सरकारबाट अनुमोदन (अनुमोदन मिति ०: ६ अक्टोबर १९७६) |
| ६ | ६ अक्टोबर १९७६ २०३४ (१९७७ ई.) | तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत नारी सेवा समन्वय समिति गठन |

| | | |
|---|---|---|
| ७ | २०३६ (१९७९ ई.) | नेपालमा महिलाहरूको मर्यादास्तर (Status of Women in Nepal)अध्ययन |
| ८ | २०३७ (१९८० ई.) | छैटौं पञ्चवर्षीय योजना (२०३७–४२) मा पहिलोपल्ट विकास कार्यमा महिला सहभागिता प्रवद्र्धन गर्ने छुट्टै नीति समावेश |
| ९ | २०३८ (१९८१ ई.) | तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा स्थापना |
| १० | २०३८ (१९८१ ई.) | साना किसान विकास कार्यक्रमअन्तर्गत महिला कार्यक्रम सञ्चालन |
| ११ | आ.व. २०३९/४० (१९८२/८३ ई.) | महिला विकास कार्यक्रम प्रारम्भ |
| १२ | २०४२ (१९८५ ई.) | तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा |
| १३ | २०४४ (१९८७ ई.) | श्रम मन्त्रालयमा महिला महाशाखा स्थापना |
| १४ | २०४७ (१९९० ई.) | महिला विकास शाखाको महाशाखामा स्तरोन्नति |
| १५ | २०४८ (१९९१ ई.) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी १९७९ लाई नेपाल सरकारबाट अनुमोदन |
| १६ | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना |
| १७ | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | आठौं पञ्चवर्षीय योजना (२०४९/५४) मा लैङ्गिक मूल प्रवाहीकरणको नीति अवलम्वन |
| १८ | २०५० (१९९३ ई.) | जल तथा शक्ति आयोगको सचिवालयमा महिला एकाइ स्थापना |
| १९ | २०५० (१९९३ ई.) | राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा स्थापना |
| २० | २०५२ (१९९५ ई.) | महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना |
| २१ | २०५२ (१९९५ ई.) | महिला सीप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सीप विकास परियोजनालाई समिति अन्तर्गत सीप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था |

| | | |
|---|---|---|
| २२ | २०५२/६/६ | नेपाल प्रहरीमा महिला एकाइ स्थापना (प्रहरी प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूवाट प्रारम्भ) |
| २३ | २०५४ (१९९७ ई.) | नेपाल सरकारवाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| २४ | २०५५ (१९९८ ई.) | स्थानीय स्वायत्त शासन ऐन जारी ः (क) गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान (ख) गाउँ परिषदमा एकजना, जिल्ला परिषदमा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्ये पनि महिला प्रतिनिधित्वको सुनिश्चितता (ग) गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक—एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त |
| २५ | २०५६ (१९९९ ई.) | महिला जागृति तथा आय आर्जन कार्यक्रम लागू |
| २६ | २०५६ (१९९९ ई.) | महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालय अन्तर्गत राख्ने व्यवस्था |
| २७ | २०५७ (२००० ई.) | महिला तथा समाज कल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामकरण (निर्णय मिति ः २०५७।३।२६) |
| २८ | २०५७ (२००० ई.) | महिला विकास महाशाखा महिला विकास विभागमा परिणत (निर्णय मिति ः २०५७।३।२६) |
| २९ | २०५८ (२००१ ई.) | राष्ट्रिय महिला आयोगको गठन |
| ३० | २०५८ (२००१ ई.) | राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण |
| ३१ | २०५८ (२००१ ई.) | नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामकरण ( डिसेम्वर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति, हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार) |
| ३२ | २०५९ (२००२ ई.) | विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क—बिन्दु |

| | | |
|---|---|---|
| | | (Gender Focul Person) तोक्ने व्यवस्था |
| ३३ | २०६० (२००३ ई.) | नेपाल सरकारबाट महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी कार्यान्वयनका लागि तयार गरिएका राष्ट्रिय कार्ययोजनाको स्वीकृति (निर्णय मितिः २०६०।९।१७) |
| ३४ | २०६० (२००३ ई.) | जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत (निर्णय मितिः २०६०।१२।२६) |
| ३५ | २०६० (२००३ ई.) | नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाइ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (Focul Agency) तोक्ने निर्णय (निर्णय मितिः२०६०।४।५) |
| ३६ | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| ३७ | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूल प्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृति ः स्थानीय स्तरमा पनि लैङ्गिक सम्पर्क—बिन्दुहरू तोक्नुपर्ने व्यवस्था |
| ३८ | २०६१ (२००४ ई.) | सम्पत्तिमा महिलाको स्वामित्व वृद्धिगर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति (आ.व. २०६१/६२ को बजेट वक्तव्य) |
| ३९ | २०६४ (२००७ ई.) | लैङ्गिक—उत्तरदायी बजेट (Gender Responsive Budget)को प्रारम्भिक शुरुवात (आ.व.२०६३ को बजेट) |
| ४० | २०६२ (२००५ ई.) | वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धी २००२ लाई नेपालको अनुमोदन (अनुमोदन मिति ः ३१ अक्टोबर २००६) |

| | | |
|---|---|---|
| ४५ | २०६२ (२००५ ई.) | महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था |
| ४६ | २०६२ (२००६ ई.) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धीको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन (अनुमोदन मिति ः १८ डिसेम्बर २००६) |
| ४७ | २०६३ (२००६ ई.) | प्रतिनिधि सभाको घोषणा जारी ः राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प |
| ४८ | २०६३ (२००६ ई.) | नेपालको अन्तरिम संविधान जारी ः महिलाका मौलिक हकको प्रत्याभूति |
| ४९ | २०६३ (२००६ ई.) | गाविस अनुदानको न्यूनतम ५ प्रतिशत विपन्न वर्गका महिलालाई प्रत्यक्षतः फाइदा पुग्ने आयोजनाहरूका लागि छुट्याउनु पर्ने व्यवस्था |
| ५० | २०६३ (२००६ ई.) | नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा |
| ५१ | २०६३ (२००६ ई.) | लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी |
| ५२ | २०६३ (२००७ ई.) | राष्ट्रिय महिला आयोग ऐन जारी (प्रमाणीकरण मिति २०६३/९/३०) |
| ५३ | २०६४ (२००७ ई.) | मानव बेचबिखन तथा ओसार–पसार (नियन्त्रण) ऐन जारी |
| ५४ | २०६४ (२००७ ई.) | निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधन ः (क) निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्ट्याएर छुट्ट्याइएको ४५ प्रतिशतलाई शत प्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पदपूर्ति गर्ने प्रावधान (ख) महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाइ एकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक |

| | | |
|---|---|---|
| | | परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान (प्रमाणीकरण मिति २०६४/४/८, लालमोहर र प्रकाशन मिति ः २०६४/४/२३) |
| ५५ | २०६५ (२००८ ई.) | नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू जारी ः स्थानीय स्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक–तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था |
| ५६ | २०६५ (२००८ ई.) | मानव बेचबिखन तथा ओसार–पसार (नियन्त्रण) नियमावली जारी |
| ५७ | २०६५ (२००८ ई.) | राष्ट्रिय महिला आयोग नियमावली जारी |
| ५८ | २०६६ (२००९ ई.) | स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति ः गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्वन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था |
| ५९ | २०६६ (२००९ ई.) | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ (प्रमाणीकरण मिति २०६६/१/१४) |
| ६० | २०६७ (२०१० ई.) | महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामकरण (निर्णय मितिः २०६७।६।१२) |
| ६१ | २०६७ (२०१० ई.) | घरेलु हिंसा (कसूर र सजाय) नियमावली जारी |
| ६२ | २०६७ (२०१० ई.) | त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य |
| ६३ | २०६७/६/१२ २०६७ (२०११ ई.) | नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ — २०७१/७२) को स्वीकृति |
| ६४ | २०६७/६/१२ २०६७ (२०११ ई.) | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ जारी |
| ६५ | २०६८ | पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी |

| | | |
|---|---|---|
| ६६ | २०६८ | पुन:स्थापना कोष सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६७ | २०६८ | मानव बेचबिखन बिरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोबिमर्श निर्देशिका, २०६८ जारी |
| ६८ | २०७० | एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० जारी |
| ६९ | २०७१ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ जारी |
| ७० | २०७१ | कार्यस्थलमा हुने यौनजन्य दुव्र्यवहार (निवारण) ऐन, २०७१ जारी (प्रमाणिकरण मिति ०: २०७१।८।५) |
| ७१ | २०७१ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वियन योजना, २०७१ |
| ७२ | २०७२ | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ जारी |
| ७३ | २०७२ | बोक्सी आरोप (कसूर र सजाय) ऐन, २०७२ जारी ( प्रमाणीकरण मिति २०७२/६/१८) |
| ७४ | २०७२ | बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ |
| ७५ | २०७३ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड (संशोधन), २०७३ |
| ७६ | २०७४ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ |
| ७७ | २०७४ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ |
| ७८ | २०७४ | कार्यस्थलमा हुने यौन दुव्र्यवहार आचारसंहिता, २०७४ |
| ७९ | २०७४ | मुलुकी देवानी (संहिता) ऐन, २०७४ |
| ८० | २०७४ | मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ |
| ८१ | २०७५ | महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुष) सहभागिता रणनीति, २०७५ |

| | | |
|---|---|---|
| ८२ | २०७५ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५ |
| ८३ | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| ८४ | २०७७ | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ |
| ८५ | २०७७ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ |
| ८६ | २०७७ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ ( नेपाल सरकारबाट २०७७/१०/०५ मा स्वीकृत) |
| ८७ | २०७७ | नेपाल लैङ्गिक तथा समावेशी नीति, २०७७ (निर्वाचन आयोग) |
| ८८ | २०७८ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ (मिति २०७८/०३/२१ गतेको नेपाल राजपत्रमा प्रकाशित) |

परिच्छेद ४

# नेपालमा महिलाको वर्तमान अवस्था

## ४.१ पृष्ठभूमि

पछिल्लो समयमा नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै थुप्रै उल्लेखनीय उपलब्धीहरू हासिल भएको भए तापनि अझसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै रहेका छन् । राज्यका सबै क्षेत्रहरूमा महिलाहरूको पहुँच र उपस्थिति न्यून रहेको छ । महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा सामाजिक चलनहरू, छुवाछुत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोराको बढी महत्व, सम्पत्ति अधिकार उपयोगका सम्बन्धमा बिभेदपूर्ण व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणहरूले पनि महिलाहरूमाथि सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता रहेको छ ।विद्यमान लैङ्गिक असमानताका कारण महिलाहरूको स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पुरुषको दाँजोमा पछाडि परेको छ ।

हाल महिलाको क्षेत्रमा भएका प्रगति वा महत्वपूर्ण उपलब्धिहरू वा तथ्यतथ्यांहरु निम्नानुसार रहेका छन्:

| क्र.सं. | विवरण | प्रतिशत/सूचकांक |
|---|---|---|
| १ | महिला साक्षरता दर | ६९.४ |
| २ | लैंगिक उत्तरदायी बजेट | ४०.२५ |
| ३ | मातृ मृत्युदर(प्रत्येक एक लाख जिवित जन्ममा) | १५० |
| ४ | महिलाको श्रमशक्तिमा सहभागिता दर | २६.३ |
| | ग्रामिण | २१ |
| | शहरी | २९.३ |
| ५ | लैंगिक असमानता सूचक | ०.४५२ |
| ६ | प्रतिनिधिसभा महिलाको प्रतिनिधित्व | ३३.१ |
| ७ | प्रदेश सभामा महिलाको प्रतिनिधित्व | ३६.३६ |
| ८ | स्थानीय निकायमा महिलाको सहभागिता | ४१.८ |
| ९ | निजी क्षेत्रमा नीति निर्माण तहमा महिलाको सहभागिता | २९.६१५ |
| १० | घरमूली भएका महिला | ३१.५५ |

| | | |
|---|---|---|
| ११ | महिलाको स्वामित्वमा घर जग्गा सम्पत्ति (कुल जनसंख्यामा) | २३.८ |
| १२ | रोजगारीमा रहेको महिलाको संख्या | २२.९ |
| १३ | ग्रमिण | १८.६ |
| | शहरी | २५.३ |
| | मानव विकास सूचकांक | ०.६०२ |
| १४ | लैङ्गिक विकास सूचकांक | ०.९६० |
| १५ | लैङ्गिक सशक्तीकरण मापक सूचकांक | ०.६२ |

स्रोतः पन्धौं योजनाको मध्यावधि समिक्षा, राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय महिला आयोगको पन्धौं वार्षिक प्रतिवेदन, नेपालमा महिलाको अवस्था, आ.व. २०८०/८१ को बजेट वक्तव्य\

## ४.२ निजामती सेवामा महिलाको सहभागिता

प्रशासन सञ्चालनको मुख्य क्षेत्र निजामती सेवामा महिला कर्मचारीहरु सहभागीता पुरुषको तुलनामा निकै कम छ ।कुल ८६,४६८ जना कर्मचारी बहाल रहेको यस सेवामा महिलाको सहभागिता जम्मा २७.५९ प्रतिशत छ । पछिल्लो समयमा निजामती सेवाको विभिन्न श्रेणी/तहमा कार्यरत कर्मचारीहरुको लैंगिक तथ्यांक यसप्रकार छः

| श्रेणी/तह | पुरुष | महिला |
|---|---|---|
| विशिष्ट श्रेणी (मुख्य सचिव) | १ | - |
| विशिष्ट श्रेणी | ६० | ६ |
| रा.प.प्रथम श्रेणी | ६०६ | ५४ |
| रा.प.द्वितीय श्रेणी | २६७८ | ३३३ |
| रा.प.तृतीय श्रेणी | ६४०३ | १५९८ |
| रा.प. अनं.प्रथम श्रेणी | ९७०८ | २४४८ |
| रा.प. अनं. द्वितीय श्रेणी | ५५१२ | १५८७ |
| रा.प. अनं. तृतीय श्रेणी | १५७ | ९ |
| रा.प. अनं. चतुर्थ श्रेणी | ४८ | २ |
| रा.प. अनं. पाँचौ श्रेणी | ७४० | ६८ |
| अधिकृत बाह्रौं | १ | १ |
| अधिकृत एघारौं | ९७ | २९ |
| अधिकृत दशौं | १८७ | ५८ |

| | | |
|---|---|---|
| अधिकृत नवौं | १५३ | ५९ |
| अधिकृत आठौं | ४९५ | १८० |
| अधिकृत सातौं | २९९ | १७९ |
| अधिकृत छैटौं | १८८६ | ९२१ |
| एघारौं तह | ५ | - |
| दशौं तह | २२६ | ११ |
| नवौं तह | २९४ | ३५ |
| आठौं तह | १०५९ | १५५ |
| सातौं तह | १४९३ | ३३३ |
| छैटौं तह | ६१६६ | १३९१ |
| वरिष्ठ पाँचौं | ३ | ७ |
| पाँचौं तह | ८१०३ | ४९६२ |
| चौथो तह | ६१९० | ६११५ |
| सहायक पाँचौं | ८०२ | १४५७ |
| सहायक चौथो | ५४१ | ५६८ |
| सहायक तेस्रो | १६ | २१ |
| सहायक दोस्रो | - | २ |
| श्रेणी विहिन | ८३७३ | ९३३ |
| अनुपलब्ध | १६ | ८ |
| **जम्मा** | **६२६१४** | **२३८५४** |
| **प्रतिशत** | **७२.४१** | **२७.५९** |

स्रोतः नेपालमा महिलाको अवस्था

## ४.३ न्याय क्षेत्र

### ४.३.१ न्यायाधीश

नेपालको संविधानको धारा १५३ मा न्याय परिषद्को व्यवस्था छ । जसले न्यायाधीशहरुको नियुक्ती, सरुवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस र परामर्श गर्ने गर्दछ ।यो परिषद्ले न्याय सेवा आयोगको सचिवालयको काम समेत गर्दै आएको छ ।

| अदालत | जम्मा न्यायाधीश | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| सर्वोच्च | १६ | २ | १२.५ |
| उच्च | १२१ | १८ | १४.८७ |
| जिल्ला | २५५ | १७ | ६.६६ |

स्रोतः नेपालमा महिलाको अवस्था

### ४.३.२ सरकारी वकिल

संवैधानिक एवं कानुनी विषयमा नेपाल सरकार र नेपाल सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानुनी राय सल्लाह प्रदान गर्ने, नेपाल सरकारको हक हित र सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरुबाट नेपाल सरकारको प्रतिनिधित्व गर्ने गर्दछ ।कानुनबमोजिम गठित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट संविधान वा प्रचलित कानुनको उल्लङ्घन वा सार्वजनिक हित प्रतिकूल भएको छ भन्ने लागेमा र त्यस्तो निर्णय वा काम कारवाहीविरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने महान्यायाधिवक्ता आफैले वा निजले तोकेको सरकारी वकिलले त्यस्तो निर्णय वा काम कारवाहीविरुद्ध कानुनबमोजिम सम्बन्धित निकायमा उजुर गर्ने काम पनि यसले गर्दछ ।

| पद | जम्मा संख्या | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|
| नायब महान्यायाधिवक्ता | ४ | - | ० |
| सहन्यायाधिवक्ता | ३७ | २ | ५.४ |
| द्वितीय श्रेणी | १६१ | २२ | १३.६६ |
| तृतीय श्रेणी | २६२ | ६६ | २५.१९ |

स्रोतः नेपालमा महिलाको अवस्था

## ४.४ सुरक्षा निकाय

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय अनुसन्धान विभाग तर्फका सूरक्षाकर्मीहरुको सुरु नियुक्ती देखि अवकाशसम्मको वैयक्तिक विवरण अद्यावधिक गर्ने कार्यका लागि राष्ट्रिय किताबखाना(प्रहरी) सञ्चालनमा छ भने नेपाली सेना तर्फका कर्मचारीहरुको वैयक्तिक विवरण आर्मी रेकर्ड अफिस(एजी) ले व्यवस्थापन गर्ने गर्दछ ।

| विवरण | जम्मा संख्या | पुरुष | महिला | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| नेपाली सेना | ८७१०९ | ८८४७७ | ६६३२ | ७.१६ |
| नेपाल प्रहरी | ७५५३३ | ६७१०० | ८४३३ | ११.१६ |

| | | | | |
|---|---|---|---|---|
| सशस्त्र प्रहरी | ३५६६९ | ३२७२४ | ३२४५ | ९.०३ |
| राष्ट्रिय सतर्कता | १७ | १७ | - | ० |
| राष्ट्रिय अनुसन्धान | २२६४ | खुलाउन नमिल्ने | खुलाउन नमिल्ने | - |

स्रोतः नेपालमा महिलाको अवस्था

## ४.५ स्वास्थ्यकर्मी

**डाक्टर**

| | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| एम.बि.बि.एस. | १८५२० | ९२८५ | २७८०५ | ३३.३९ |
| बि.डि.एस. | १६२२ | २७९१ | ४४१३ | ६३.२४ |
| जम्मा | २०१४२ | १२०७६ | ३२२१८ | ३७.४८ |

स्रोतः नेपालमा महिलाको अवस्था

**विशेषज्ञ**

| | पुरुष | महिला | जम्मा | महिलाको प्रतिशत |
|---|---|---|---|---|
| एमडी/एमएस | ६७१४ | २६२५ | ९३३९ | २८.१ |
| एमडिएस | ३९६ | ३४५ | ७४१ | ४५.५५ |
| जम्मा | ७११० | २९७० | १००८० | २९.४६ |

स्रोतः नेपालमा महिलाको अवस्था

**नर्सिङ**

| | महिला | पुरुष |
|---|---|---|
| विशेषज्ञ | ११९४ | - |
| नर्स | ७३३८९ | १२५ |
| एएनएम | ३६९३९ | - |
| विदेशी नर्स | ८४८ | - |
| जम्मा | ११४०० | १२५(पुरुष प्रतिशत ०.१७) |

स्रोतः नेपालमा महिलाको अवस्था

## ४.६ सामुदायिक र संस्थागत विधालयमा कार्यरत शिक्षक/शिक्षिका

| तह | सामुदायिक विधालय | | संस्थागत विधालय | | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| आधारभूत (कक्षा १-५) | ५२९०२ | ६३२४४ | २६२२५ | १९४२० | ७९१२९ | ८२६६४ | १६१७९३ |
| आधारभूत (कक्षा ६-८) | १००६४ | २६४६९ | ९५२५ | ११३०२ | १९५८९ | ३७७७१ | ५७३६० |
| आधारभूत (कक्षा ९-१०) | ४६६८ | २३०९४ | ४३२९ | १७४८० | ८९९७ | ४०५७४ | ४९५७१ |
| आधारभूत (कक्षा ११-१२) | ९०३ | ६०८० | ८३१ | ४२२७ | १७३४ | १०३०७ | १२०४१ |
| जम्मा | ६८५३९ | ११८८८७ | ४०९१० | ५२४२९ | १०९४४९ | १७१३१६ | २८०७६५ |
| महिलाको प्रतिशत | २७.७५ | | ४३.८२ | | ३८.९८ | | |

स्रोतः नेपालमा महिलाको अवस्था

परिच्छेद ५

# राष्ट्रिय महिला आयोगका प्रमुख कार्यक्रमहरु

## ५.१ आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू

राष्ट्रिय महिला आयोगले आफ्नो स्थापनाकालदेखि नै महिला हकहितको संरक्षण र संवद्र्धन तथा महिलाको सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आयोगका प्रमुख कार्यक्रमहरू निम्नानुसार रहेका छन्:

| क्र.सं. | उद्धेश्य | कार्यक्रम | क्रियाकलापहरु |
|---|---|---|---|
| १ | सचेतना अभिवृद्धि | • महिला हकहितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>• महिला विरुद्धका सवै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने। | • सार्वजनिक सुनुवाई<br>• विद्यालय तहमा महिला अधिकार प्रवर्द्धन तथा लैङ्गिक हिंसा नियन्त्रण सम्वन्धी जनचेतना मूलक कार्यक्रम<br>• प्रथा परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धमा छलफल<br>• विभिन्न सरोकारवाला निकायहरूसँग महिला हिंसा सम्बन्धी छलफल/अन्तरक्रिया |
| २ | अनुगमन तथा मूल्याकन | • महिलाको हक हितसँग सम्वन्धित प्रचलित कानूनको पालना भए नभएको अनुगमन गरी नीतिगत सुझाव तयार पार्ने।<br>• नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको अनुगमन गरी सुझाव दिने ।<br>• सरकारी गैरसरकारी वा निजीक्षेत्रको अनुगमन गरी सुझाव दिने ।<br>• महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न लागू गरिएको नीति तथा कार्यक्रमको मूल्याङ्कन गर्ने। | • आयोगको वार्षिक कार्यक्रममा यस सम्बन्धी विषयहरू समावेश गरी नियमित तवरमा कार्यान्वयन गर्दै आइरहेको ।<br>• आयोगका पदाधिकारी तथा कर्मचारीबाट हिसाका घटनाका साथै अन्य सेवा प्रदायक संघ–संस्थाको समेत अनुगमन गरी सुझाव दिने कार्य भइरहेको । |

| | | | |
|---|---|---|---|
| ३ | अध्ययन तथा अनुसन्धान | • महिलाहरूको समुचित विकास तथा लैङ्गिकसमानता कायम गर्न महिलाहरूका लागि सञ्चालित कार्यक्रमहरू, रोजगारीका अवसरमा महिलाको पहुँच स्थापना, राज्यका विभिन्न निकायमा महिला सहभागिता अभिवृद्धि, अन्तर्राष्ट्रिय प्रतिवद्धताको पालना, संविधान प्रदत्त हक अधिकारको प्रचलन लगायतका विषयमा अध्ययन अनुसन्धान गरी भावी कार्यदिशाका लागि नेपाल सरकारलाई सुझाव प्रदान गर्ने।<br>• महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन महासन्धी समितिले नेपालको छैटौं प्रतिवेदन उपर दिएका निष्कर्ष सुझावको कार्यान्वयन अवस्थाको अध्ययन गर्ने । | • नेपाल सरकारका तीनै तहबाट सञ्चालित नीति तथा कार्यक्रमहरुको लैंगिक दृष्टिकोणबाट अध्ययन गरी आवश्यक सुझावहरु दिने ।<br>• महिलाको हक अधिकार सम्बन्धी कानुनहरुको अध्ययन गरी परिमार्जनका लागि सिफारिस गर्ने।<br>• महिला भित्रका सीमान्तकृत तथा पछाडी परेका वर्गहरुको उत्थानको लागि उनीहरुको अवस्था अध्ययन गरी नीतिगत सुझाव दिने ।<br>• नेपाल पक्ष भएका सन्धीसम्झौताहरुको कार्यान्वयनको अवस्थाको अध्ययन गरी सुझाव दिने । |
| ४ | लैंगिक हिंसा न्यूनीकरण तथा उजुरी व्यवस्थापन | • हिसा पीडित महिला तथा वालिकालाई नि:शुल्क कानूनी परामर्श तथा सहयोग ।<br>• लैङ्गिक हिंसा पीडित/प्रभावितहरूको उद्धार तथा संरक्षण गर्ने । | • महिला हिंसा सम्वन्धी उजुरी लिई सोको व्यवस्थापन तथा आवश्यकता अनुसार अन्य निकायमा सिफारिस गर्ने।<br>• खबर गरौं ११४५ हेल्पलाइन सेवा सञ्चालनमार्फत लैङ्गिक हिंसाको उजुरीहरुलाई सम्वोधन गर्ने ।<br>• हिंसा पीडित महिलाहरुलाई नि:शुल्क कानुनी तथा मनोसामाजिक परामर्श गर्ने ।<br>• असहाय हिंसा पीडित महिलाहरुलाई आश्रय स्थालमा पठाउने । |
| ५ | समन्वय सहकार्य | • विभिन्न सरोकारवाला निकायहरु र साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने । | • सरोकारवाला निकायहरु तथा साझेदार संस्थाहरुसँग सहकार्य गरी लैंगिक हिंसा र महिला अधिकारका क्षेत्रमा कार्यक्रमहरु संचालन गर्ने ।<br>• महिला हिंसा तथा घरेलु हिंसा परेका महिलाहरुलाई आश्रयस्थल, मनोसामाजिक परामर्श, कानूनी परामर्श आदिको व्यवस्था गर्ने । |

## परिच्छेद ६

# आ.व. २०७९/८० मा आयोगबाट सञ्चालित कार्यक्रमहरु

### ६.१ नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैंगिक सम्पर्क विन्दु/शाखासँग सहकार्य बैठक

विकास सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा एवं कार्यान्वयनका लागि नेपाल सरकारका विषयगत मन्त्रालयहरु मुख्य जिम्मेवार निकायहरु हुन् । नीतिगत सिफारिसका लागि संवैधानिक निकायहरुको र कार्यान्वयनका लागि विभाग तथा कार्यालयहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । सन् २००० देखि विश्वमा नै लैङ्गिकता र विकास (Gender and Development) को अवधारणालाई सबै क्षेत्रगत विकासमा अवलम्बन गरिएसंगै विषयगत मन्त्रालयहरुमा लैङ्गिक सम्पर्क इकाई वा लैङ्गिक सम्पर्क विन्दुको अभ्यास गरिएको छ । विकासका सबै सवाल र क्षेत्रहरुमा लैङ्गिकता (Gender) को विषयलाई सम्बोधन गर्न/गराउन आवश्यक जिम्मेवारी दिई लैङ्गिक सम्पर्क विन्दु/अधिकृत/व्यक्ति तोकी कार्य विवरण सहित जिम्मेवार बनाउने कार्यलाई लैङ्गिकताको क्षेत्रमा राज्यको परिणाममुखी कदम मान्नु पर्दछ । विभिन्न सरकारी निकायका लैङ्गिक सम्पर्क विन्दुहरुसँगको अन्तर्क्रिया र बैठकबाट आगामी दिनमा विषयगत मन्त्रालयहरुका नीति, योजना, कार्यक्रमहरु एवं क्रियाकलापहरु लैङ्गिक मैत्री बनाउन आवश्यक समिक्षा र पृष्ठपोषणका लागि देहायबमोजिम अन्तर्क्रियात्मक बैठक सम्पन्न गरिएको छ ।

**बैठको विवरणः**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।०५।०६ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ३१ जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरुः**

- राष्ट्रिय महिला आयोगले लैङ्गिक सचेतना कार्यशालाको आयोजना गरी उच्च प्रशासकहरुमा लैङ्गिक संवेदनशीलता विकासका लागि भूमिका निर्वाह गर्न लैङ्गिक मैत्री कार्यशैली अवलम्बन गर्नु र गराउनु पर्ने,
- कार्यस्थलहरु लैङ्गिकमैत्री बनाउन सबै निकायले पहल गर्नुपर्ने,
- लैङ्गिक पहुँचसँगै लैङ्गिक सशक्तीकरणको पाटोलाई पनि सँगसँगै अघि बढाउन राष्ट्रिय महिला आयोगले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने,

- मन्त्रालयका नीति तथा कार्यक्रमहरु लैङ्गिकमैत्री बनाउन Gender Audit गर्नु पर्ने र त्यसका लागि Gender Audit Indicator हरु तयार गर्नु पर्ने,
- विकास योजनाहरुका EIA र IEE गर्दा लैङ्गिक सवालहरु संबोधन गर्नु पर्ने,
- लैङ्गिक मैत्री शौचालयहरु भए नभएको अनुगमन राष्ट्रिय महिला आयोगले गर्नु पर्ने,
- महिला सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा सबै निकायहरुको ध्यान केन्द्रित हुनु पर्ने।

## ६.२ बालिका तथा किशोरीहरूमाथि हुने अवहेलना, दुर्व्यबहार र हिसाका सवालमा अन्तर्क्रिया

महिला तथा बालबालिका माथी हुने हिंसा र दुर्व्यवहारको अन्त्यका लागि राज्यको तर्फबाट केही प्रयासहरु हुँदा पनि बालिका तथा किशोरीहरु माथी समुदायस्तरमा, विद्यालयमा एवं सार्वजनिक स्थलमा विभिन्न किसिमका हिंसाहरु भइरहेका छन् । बालिका तथा किशोरीहरुको शारीरिक, मानसिक तथा मनोवैज्ञानिक परिवर्तनहरु समेत भइरहने हुँदा बालिका तथा किशोरीहरु हिंसा र दुर्व्यवहारको शिकार हुन सक्ने संभावना बढी हुन्छ । लैङ्गिक हिंसा सम्बन्धी तथ्याङ्कमा पीडित बालिका तथा किशोरीको संख्या अधिक हुने गर्दछ । यसै विषयमा आवश्यक छलफल र परामर्श गरी बालिका तथा किशोरीमाथि हुने हिंसा न्यूनीकरणका लागि आवश्यक नीतिगत सुझाव तयार गर्न सूचना संकलन गर्ने उद्देश्यका साथ यो कार्यक्रम केन्द्रियस्तरमा देहायबमोजिम सम्पन्न गरिएको छ ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।०५।१० | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ४० जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- घरघरमा महिला तथा बालबालिकामाथि हुने हिंसा न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने,
- नागरिकताको उमेर, बालविवाहको उमेर र बालकको परिभाषामा कानुनद्वारा तालमेल गराउनु पर्ने,
- मर्यादित महिनावारी बारे पर्याप्त प्रचारप्रसार गर्नु पर्ने,
- मनोरञ्जन क्षेत्रमा हुने बालिका तथा किशोरी माथिको हिंसा अन्त्य गर्न मनोरञ्जन क्षेत्रलाई मर्यादित श्रमको क्षेत्रको रुपमा पहिचान तथा स्थापित गराउन आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने,
- अपाङ्गता भएका किशोरीमाथि हुने हिंसा न्यूनीकरण गर्न विशेष किसिमको कानुनी व्यवस्था सहित कार्यान्वयन संयन्त्र स्थापित गर्नु पर्ने,
- स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था प्रभावकारी बनाउनु पर्ने,

- बालिका तथा किशोरीमाथी हुने हिंसा न्यूनीकरण गर्न सञ्चार माध्यमको भूमिकालाई थप प्रभावकारी बनाउनु पर्ने ।

## ६.३ लैंगिक हिंसाका कारण महिलाको मानसिक र प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे अन्तर्क्रिया

कुनैपनि हिंसाबाट मानव शरिर र जीवन शैलीमा नकारात्मक असर पर्ने गर्दछ । विशेष गरी हिंसा पीडित व्यक्तिमा मनोसामाजिक समस्याहरु सिर्जना हुने गर्दछ । कुनै व्यक्तिलाई लैङ्गिक हिंसाको रुपमा कुटपिट, गालीगलौज, पर्याप्त आधारभूत आवश्यकताको कमि, मानसिक प्रताडना गराइएको छ भने त्यो व्यक्तिमा प्रजनन् स्वास्थ्य सम्बन्धी असरहरु पनि देखा पर्दछ । हिंसाबाट प्रभावित र पीडित भएपछि महिलाहरुको व्यक्तित्व विकासमा समेत असर पुगि थप हिंसाको शिकार हुनुपर्ने जोखिम बढ्न सक्छ । यसका लागि विषयवस्तुको उठान र सरोकारवालाहरुबाट पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले यो कार्यक्रम केन्द्रियस्तरमा देहायबमोजिम सम्पन्न भएको छ ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।०५।२१ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य साबित्रा कुमारी शर्मा | ३१ जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- राष्ट्रिय महिला आयोगमा सञ्चालित पीडितहरुलाई उपलब्ध गराइएको **खबर गरौं ११४५ हेल्पलाईन सेवा**लाई प्रभावकारी बनाई अझ पीडितमैत्री बनाउनु पर्ने,
- भौगोलिक क्षेत्र, वर्ग, जातजाति, अनुरुप हिंसाका कारण देखिने असरहरुलाई सम्बोधन हुन सक्ने गरी नीति तथा कार्यक्रम विशिष्टीकरण गरी तय गर्नु पर्ने,
- विद्यालयमा मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रम लागू गर्नुपर्ने,
- लैङ्गिक हिंसाका कारण प्रजनन् स्वास्थ्य र मानसिक स्वास्थ्यमा पर्ने असर कम गर्न समुदायस्तर सम्म पुग्ने किसिमका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नु पर्ने,
- हिंसाका कारण महिलाको मानसिक स्वास्थ्यमा पर्ने असर कम गर्न हिंसालाई उजुरीको दायरामा ल्याउनु पर्ने,
- लैङ्गिक हिंसाको विषय सञ्चार माध्यमबाट पैरवीको रुपमा प्रस्तुत भइरहनु पर्ने,
- महिला आयोगले लैङ्गिक हिंसाबाट प्रजनन् र मानसिक स्वास्थ्यमा परेको असरको विषयलाई अध्ययन अनुसन्धान गरी तथ्यमा आधारित नीति तर्जुमा गर्न सहयोग गर्नुपर्ने ।

## ६.४ महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरुसँग अन्तर्क्रिया

लैङ्गिक हिंसाका अधिकाश घटनाहरुमा पीडक र पीडित दुवैको संख्यात्मक हिस्सा युवा वर्गको बढी देखिने प्रवृत्ति बढ्दै गएको छ । लैङ्गिक हिंसा न्यूनीकरणका लागि विभिन्न क्षेत्रबाट प्रयास हुँदै आएको भएता पनि युवा वर्गको संलग्नता विना यस किसिमको अभियान प्रभावकारी देखिएको छैन। जुनसुकै क्षेत्र वा राज्यका तहहरुबाट हिंसा विरुद्धका अभियानहरु शुरु गरिएता पनि महिला हिंसा निवारणको अभियानलाई युवाहरुको संलग्नताबाट परिणाममुखी बनाउन सकिने तथ्य पछिल्लो समयमा घटेका हिंसाको स्वरुप र प्रकृति तथा चलाइएका अभियानहरुबाट पनि सिद्ध हुन्छ । प्रदेश र जिल्लास्तरमा युवाहरुसँगको छलफल अन्तर्क्रियाबाट राजनीतिक र सामाजिक मुद्धाहरु समेटी लैङ्गिक हिंसा निवारण गर्न युवाहरुको भूमिका अभिवृद्धिको सन्दर्भमा राष्ट्रिय महिला आयोगका लागि आवश्यक र नीतिगत सिफारिसका लागि उपयुक्त सुझाव प्राप्त गर्ने उद्देश्यले देहाय बमोजिम यो कार्यक्रम सम्पन्न भएको छ ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।०५।२७ | माननीय सदस्य जया घिमिरे | ७० जना | जि.स.स. तनहुँ |
| २ | २०७९।०५।२८ | माननीय सदस्य जया घिमिरे | ५५ जना | जि.स.स. धादिङ |
| ३ | २०७९।८।२५ | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | ८० जना | फिदिम नगरपालिका पाँचथर |
| ४ | २०८०।१।१३ | माननीय सावित्रा कुमारी शर्मा | ५२ जना | पाल्पा |
| ५ | २०८०।१।२७ | माननीय विद्या कु. सिन्हा | ११० जना | मधेश महोत्तरी जलेश्वर |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- सबै किसिमका हिंसा पीडित महिलाहरुको उद्धार कार्यमा सक्रिय हुन सक्ने गरी राष्ट्रिय महिला आयोगको क्षमता विकास गर्नु पर्ने,
- पीडितलाई हतोत्साही नबनाउन न्याय दिन खटिएका कर्मचारीहरुलाई सचेतीकरण गर्नु पर्ने,
- वर्तमानमा बढिरहेको पुरुष हिंसा प्रति सचेत हुन समेत सचेतनामुलक कार्यक्रमहरु गर्नु पर्ने,
- लैङ्गिक हिंसा निवारणमा युवाहरुको भूमिकालाई प्रभावकारी बनाउन सञ्चार माध्यमको सक्रियता आवश्यक भएकोले सञ्चार माध्यमलाई बढी भन्दा बढी परिचालन गर्नुपर्ने, साथै युवावर्ग लक्षित रोजगारी सृजनाका अभियानहरु सञ्चालन गर्नु पर्ने,
- मदिराजन्य पदार्थहरू र लागू पदार्थ सेवनका कारण अधिकांश हिंसाजन्य घटनाहरू घटेकाले यस्ता पदार्थ विरुद्ध जनचेतना, बिक्री वितरणमा सरकारी निकायबाटै नियन्त्रण गरिनु पर्दछ,
- सेवा प्रवाह गर्ने निकाय/ संस्थाहरुमा पीडितमैत्री वातावरण हुनु पर्दछ,
- अभिभावकविहिन बालबालिकाको उचित व्यवस्थापन गर्न सरकारको तर्फबाट पहल गर्नुपर्दछ । बालविवाह अन्त्य गर्न समुदायमा आधारित अभियानहरु चलाउनु पर्ने,

- स्थानीय न्यायिक समितिहरुलाई हिंसा न्यूनीकरणमा सशक्त रुपमा अघि बढ्ने र आफ्नो क्षेत्राधिकार अनुसार कार्य सम्पादन गर्ने गरी क्षमता विकास गर्नु पर्ने,
- लैङ्गिक हिंसा अन्त्य गर्न विद्यालय मार्फत अभियान सञ्चालन गर्नुपर्ने,
- लैङ्गिक हिंसाका कारण आत्महत्याका घटनाहरु बढिरहेको हुँदा सो को न्युनीकरणमा अभियानहरु सञ्चालन गर्नु पर्दछ,
- साइबर अपराध नियन्त्रण गर्न आवश्यक प्रक्रिया निर्धारण गर्नु पर्ने ।

## ६.५ एकल महिलामाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्द एकल मिहलाको सूरक्षाको सवालमा अन्तर्क्रिय कार्यक्रम

नेपाली समाजमा विद्यमान रहेका हानीकारक अभ्यास एवं कुप्रथाहरुका कारण महिलाहरुले हिंसाको सिकार हुनु परेको देखिएको छ । परम्परागत र हानीकारक सोच र शैलीको नेपाली समाजमा ठुलो हिंसा अझै रहेकोले एकल महिलाहरुले मनोवैज्ञानिक, शारीरिक एवं यौनजन्य हिंसाका घटनाहरु भोग्नु परिरहेको छ । अर्कोतर्फ एकल महिलालाई राज्यबाट उपलब्ध भइरहेको सामाजिक सूरक्षाको प्रावधानहरुमा पुनरावलोकन गर्नुपर्ने विषयहरु पनि सरोकारवालाहरुबाट राष्ट्रिय महिला आयोगमा सुझावको रुपमा प्राप्त भइरहेकै विषय हो । एकल महिलासँग सम्बन्धित समग्र सवालहरुलाई सरकारको तर्फबाट अझ व्यवहारिक र बस्तुगत रुपमा समेट्नका लागि आवश्यक नीतिगत सुझावका लागि सूचना र तथ्यको बलियो आधार चाहिन्छ । एकल महिलाको सूरक्षा र सम्मानको सवालमा आवश्यक छलफल गर्ने उद्देश्यले यस क्षेत्रका जिम्मेवार सरकारी निकाय, गैरसरकारी क्षेत्र, नागरिक समाज, हित समुहहरु एवं महिला अधिकारकर्मीहरुसँगको उपस्थितिमा यो कार्यक्रम सम्पन्न गरिएको छ ।

कार्यक्रमको विवरण:

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।०६।१३ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | १०० जना | रा.म.आ. |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- एकल महिलाले पुन: अर्को बिवाह गरेको खण्डमा सम्पत्ति फिर्ता गर्नुपर्ने देवानी संहितामा संशोधन गर्नुपर्ने,
- एकल महिलाले सामाजिक सूरक्षा भत्ता प्राप्त गर्ने क्रममा अर्को बिवाह नगरेको प्रमाण माग्ने नपाईने व्यवस्था गर्नुपर्ने र सामाजिक सूरक्षा भत्ता ६० वर्ष उमेर पूरा भएको खण्डमा मात्र पाउने व्यवस्था

कानुनमा संशोधन हुन बाँकी छ जुन हाल अध्यादेश मार्फत एकल भएलगत्तै पाउने व्यवस्था गरिएको छ त्यसलाई यथासम्भव छिटो कानुनमा संसोधन गर्नुपर्ने,

- एकल महिलाको छोराछोरीको नागरिकतामा बाबु पत्ता नलागेको भन्ने व्यहोरा उल्लेख गर्न नहुने व्यवस्था हुनु पर्ने जस्ता विषयहरुलाई राष्ट्रिय महिला आयोगले नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने,
- श्रीमान् बेपत्ता भएका महिलालाई एकल महिला समूहमा परिभाषित गर्नुपर्ने,
- हिंसा पीडित एकल महिलाले fast track बाट कानूनी उपचार पाउनुपर्ने व्यवस्था गर्नुपर्ने ।

## ६.६ सूरक्षा निकायसंग महिला हिसा निवारणको लागि रणनितिक योजना बैठक र अन्तर्क्रिया कार्यक्रम

विभिन्न किसिमका हिंसाबाट पीडित महिलाहरुलाई आवश्यक न्यायको पहुँचमा पुऱ्याउन नेपाल प्रहरीले प्रभावकारी सेवा प्रवाह गर्दै आएको छ। नेपालको संविधानले हिंसामा परेका महिलाहरुलाई न्यायको पहुँचमा पुऱ्याउने गरी जिम्मेवारी तोकेको छ । यसै सन्दर्भमा राष्ट्रिय महिला आयोग र नेपाल प्रहरीको सेवा प्रवाहमा समरुपता देखिन्छ । नेपाल प्रहरी अन्तर्गत देशभरी नै सञ्चालनमा रहेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रबाट हिंसा पीडितहरुलाई अग्रस्थानमा रहि सेवा प्रवाह हुँदै आएको छ । लक्षित बर्ग एकै किसिमको हुनाले सेवालाई थप प्रभावकारी बनाउन समन्वय, सहकार्य आवश्यक हुन्छ । नेपाल प्रहरी लगायत अन्य सूरक्षा निकायहरु, राष्ट्रिय महिला आयोग, सञ्चारकर्मी, अधिकारकर्मी एवं प्रत्यक्ष सरोकार राखे सरकारी निकायको उपस्थितिमा यस किसिमको रणनीतिक योजना बैठक र अन्तर्क्रिया ७ वटै प्रदेशमा सम्पन्न भयो । यो बैठक र अन्तर्क्रियाबाट महिला सूरक्षाको सवालमा रणनीतिगत विषयवस्तुहरु पहिचान भई सोही विषयहरुमा आगामी दिनमा आवश्यक सहकार्य गर्ने गरी राष्ट्रिय महिला आयोग र सूरक्षा निकायहरु विच सैद्धान्तिक सहमती भयो ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९/७/२७ | माननीय कृष्ण कुमारी पौडेल | ८३ जना | **मधेश प्रदेश** पर्सा |
| २ | २०७९/१०/११ | माननीय जया घिमिरे | ४३ जना | उदयपुर गाईघाट |
| ३ | २०८०/०१/०८ | माननीय कमला कुमारी पराजुली | २२ जना | रा.म.आ. |
| ४ | २०८०/१/१४ | माननीय बिद्या कुमारी सिन्हा | ३८ जना | कपिलबस्तु |
| ५ | २०८०/०१/१५ | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | ५० जना | कर्णाली सुर्खेत |
| ६ | २०८०/१/२८ | माननीय बिद्या कुमारी शर्मा | ४० जना | बागमती सिन्धुली |
| ७ | २०८०/२/२३ | माननीय सावित्रा कुमारी शर्मा | ६० जना | जि. प्रशासन पर्वत |
| ८ | २०८०/३/६ | माननीय कमला कुमारी पराजुली | ३० जना | जि. प्रशासन धनगढी |

**रणनीतिक योजना बैठकमा भएका मुख्य निर्णयहरु:**

- जिल्लाका स्थानीय तहहरुलाई राष्ट्रिय महिला आयोगबाट महिला सशक्तीकरण, लैङ्गिक समानता प्रवर्द्धन, लैङ्गिक हिंसा निवारण र लैङ्गिक मुल प्रवाहीकरण प्रवर्द्धन गर्ने विषयमा नीति, योजना र वार्षिक कार्यक्रम तर्जुमा गर्न ध्यानाकर्षण गराउने,
- जिल्ला प्रहरी कार्यालयहरुबाट पहिचान भएका विद्यमान कारक तत्वहरू निवारण गर्ने गरी आफ्ना क्रियाकलाप सञ्चालन गर्न गैर सरकारी संस्था महासंघले सबै गैरसरकारी निकायहरुलाई आवश्यक निर्देशन गर्ने,
- जिल्ला प्रहरी कार्यालयको साधन स्रोत विस्तार गरी पीडितको पहुंचमा सूरक्षा निकाय/ सूरक्षाकर्मी उपलब्ध हुने गरी आवश्यक व्यवस्था गर्न राष्ट्रिय महिला आयोगबाट पहल हुनुपर्ने,
- स्थानीय तहहरुबाट लैङ्गिक हिंसा निवारण कार्ययोजना बनाउने र यसका लागि राष्ट्रिय महिला आयोगले जिल्ला समन्वय समिति मार्फत ध्यानाकर्षण पत्र पठाउने,
- जिल्ला प्रहरी कार्यालयद्वारा अनुगमन गरी सार्वजनिक यातायातमा कानुन बमोजिमको संख्याका आरक्षण सिटहरु व्यवस्था गर्ने,
- देशका सबै स्थानीय तहहरुको कार्यपालिकाको कार्यालयमा स्तनपान कक्ष निर्माण गराउन राष्ट्रिय महिला आयोगले संघीय मामिला सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने ।

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- जिल्लास्तर र स्थानीय तहमा सुरक्षित अल्पकालिन आश्रयस्थलहरूको व्यवस्था गर्नु पर्दछ,
- महिला हिंसाका घटनाहरुलाई तत्काल सम्बोधन गरी उद्दार राहत र पुनर्स्थापनाको व्यबस्था मिलाउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको क्षमता विकास गर्नुपर्छ,
- साइबर क्राइम सम्वोधन गर्न पर्याप्त पहल गर्नु पर्ने देखिन्छ । किशोरी सूरक्षाको लागि आत्मरक्षाको कार्यक्रमहरु अगाडि बढाउनु पर्दछ,
- वैदेशिक रोजगारीसँग जोडिएका महिला हिंसाका घटनाहरु अन्त्य गर्न सुरक्षित र मर्यादित वैदेशिक रोजगारीको लागि प्रक्रियागत व्यवस्था र अनुगमन आवश्यक छ,
- लिभि इन रिलेशनसीमका कारण देखिएका महिला हिंसाका घटना उपर अनुसन्धान गरी कारवाही गर्नुका साथै यस विषयलाई व्यवस्थित गर्न आश्यक कानुन निर्माण गर्नु पर्दछ,
- गैरसरकारी क्षेत्रबाट लैगिक हिंसा न्यूनीकरण सम्बन्धी भईरहेका गतिविधिहरू नियमन गर्न र क्रियाकलापहरुलाई समन्वयात्मक बनाउन गैरसरकारी संस्था महासंघ मार्फत आवश्यक पहल हुनु पर्दछ,
- जिल्लास्तर र स्थानीय तहमा सुरक्षित अल्पकालिन आश्रयस्थलहरूको व्यवस्था गर्नु पर्दछ,
- लैङ्गिक हिंसाका घटनाहरुलाई कानुनको दायरामा ल्याउनका लागि सञ्चार माध्यमको भूमिका प्रभावकारी हुन पर्दछ,
- नेपाल प्रहरी अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको क्षमता बढाउन राष्ट्रिय महिला आयोगले सुझाव र सिफारीस गर्नु पर्दछ,
- गैरसरकारी क्षेत्रबाट भईरहेका गतिविधिहरू नियमन गर्न र क्रियाकलापहरुलाई समन्वयात्मक बनाउन गैरसरकारी संस्था महासंघ मार्फत आवश्यक पहल हुनु पर्दछ,

- लैङ्गिक हिंसाका घटनाहरुलाई कानुनको दायरामा ल्याउनका लागि सञ्चार माध्यमको भूमिकालाई प्रभावकारी बनाउनु पर्दछ ।

## ६.७ वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका लागि वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निकायगत र तहगत सरोकारवालाहरूसँगको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम

महिला सशक्तीकरण राज्यको सबै नीति, कानुन, योजना, कार्यक्रम एवं क्रियाकलापहरुमा समेत अपनत्वका साथ मूलप्रवाहीकरण गरिएको विषय हो । सशक्तीकरणको क्षेत्रमा पनि नेपालमा महिलाको आर्थिक सशक्तीकरणको महत्व अधिक देखिन्छ । महिलाको आर्थिक सशक्तीकरण नहुँदा नेपाली महिलाहरु विभिन्न हिंसा र विभेदमा पर्नु परेको यथार्थका कारण राष्ट्रिय महिला आयोगका लागि यो विषय अत्यन्त सान्दर्भिक छ । आफू आर्थिक रुपमा सवल र सक्षम बन्नका लागि धेरै महिलाहरुले वैदेशिक रोजगारीको उपाय पनि अवलम्बन गरेको देखिन्छ । वैदेशिक रोजगारीमा संलग्न भईरहँदा महिलाले विभिन्न किसिमका हिंसा एवं अमर्यादित व्यवहारहरु भोग्नु परेको देखिन्छ । महिलाको सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका लागि यस क्षेत्रमा कार्यरत तहगत र निकायगत क्षेत्रको महत्वपूर्ण भूमिका हुने गर्दछ। वैदेशिक रोजगारमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताको लागि वैदेशिक रोजगारीको क्षेत्रमा कार्यरत निकायगत र तहगत सरोकारवालाहरुसँगको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा वैदेशिक रोजगारीको क्षेत्रमा क्रियाशिल सरकारी निकाय, सञ्चारकर्मीहरु, वैदेशिक रोजगारीको अनुभव गरेका महिलाहरु गैरसरकारी संस्थाका प्रतिनिधीहरु तथा महिला अधिकारकर्मीहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।७।२१ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | ६० जना | पोखरा कास्की |
| २ | २०७९।८।२६ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ८० जना | झापा |
| ३ | २०७९।१०।१० | माननीय सदस्य जया घिमिरे | ८२ जना | जनकपुरधाम धनुषा |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- वैदेशिक रोजगारीका लागि प्रतिवन्द्ध गरिएका गन्तव्य मुलुकहरुमा कुनै न कुनै माध्यमबाट रोजगारीका लागि नेपाली महिलाहरु जाने गरेको तर उनीहरुको सरकारी तथ्यांकमा कुनै अभिलेख नहुने हुँदा उनीहरुको सूरक्षा तथा लैंगिक हिंसाको चुनौती भईरहने देखिएकोले ती देशहरुमा प्रतिबन्ध फुकुवाको लागि पुनः विचार गर्नुपर्ने,
- श्रम तथा रोजगार कार्यालयको सेवाको प्रचार प्रसार गर्ने, वैदेशिक रोजगारी सम्बन्धी कार्यप्रवाहमा सरलीकरण गर्ने, वैदेशिक रोजगार सुचना प्रणाली व्यवस्थित गर्नु पर्दछ र सुरक्षित वैदेशिक रोजगारीका लागि रोजगारीमा संलग्न हुने व्यक्ति स्वयमलाई सचेत बनाउनु पर्दछ,

- प्रत्येक श्रम सम्झौता भएका मुलुकमा प्रहरी सहचारीको व्यवस्था हुनुपर्ने,
- वैदेशिक रोजगारीका नाममा मानव तस्कर भएको कारण मानव तस्कर सम्वन्धी विषयलाई कानुनमा स्पष्ट व्यवस्था गर्नुपर्ने,
- अनुमतिपत्र जाँच बुझ निर्देशिकाको स्पष्ट प्रयोग हुनुपर्दछ । वैदेशिक रोजगारीको पञ्जीकरण आवश्यक हुन आउँछ,
- घरेलु कामदारका रुपमा बैदेशिक रोजगारीमा पठाउँदा कामदारहरुलाई आवश्यक सीपमूलक तालिम दिई दक्ष बनाउनु पर्दछ,
- बैंकिङ् प्रणालीको पूर्ण प्रयोग गरी वैदेशिक रोजगारी सम्बन्धी प्रक्रियाका भूक्तानीहरु हुनु पर्दछ ।

## ६.८ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन शुभारम्भ समारोह

विश्व महिला आन्दोलन र अभियानको क्षेत्रमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको विशेष स्थान रहेको छ । सन् १९६० नोभेम्बर २५ का दिन डोमिनीकन रिपब्लिकका तीन साहसिक दिदी बहिनीहरु (प्याट्रिया, मारिया र मिनर्भा) को तत्कालिन तानाशाह राफेल लुजिलो सरकारले कायरतापूर्ण निर्मम हत्या गरेको थियो । यी तीन दिदी बहिनीको उच्च साहस र त्यागको सम्मान गर्दै ल्याटिन अमेरिकी देशहरुमा २५ नोभेम्बरलाई महिला हिंसा विरुद्धको दिवसको रुपमा मनाउन थालियो । डिसेम्बर १० मा अन्तर्राष्ट्रिय मानव अधिकार दिवस पर्ने हुनाले २५ नोभेम्बर देखी १० डिसेम्बर सम्मका १६ दिनलाई लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको रुपमा मनाउदै आएको छ । यस आयोगको मुख्य कार्यक्षेत्र नै लैङ्गिक हिंसा न्यूनीकरण तथा पीडितलाई न्यायको पहुँचमा पुऱ्याउने रहेको हुँदा यो अभयान अत्यन्त सान्दर्भिक मानिएको छ । अभियानलाई सफल बनाउन सबै सरोकारवालाहरुलाई आमन्त्रण गरि २५ नोभेम्बर (मंसिर ९ गते) का दिन राष्ट्रिय महिला आयोग रहेको भवनको सभाहलमा १६ दिने अभियान शुभारम्भ कार्यक्रम सम्पन्न भयो । अभियान अवधिभर विभिन्न किसिमका सरोकारवालाहरुलाई यथासम्भव पृथक किसिमका रचनात्मक कार्यक्रमहरु सञ्चालन गर्न आयोगको तर्फबाट अनुरोध समेत गरियो । उपस्थित सरोकारवालाहरुले आफ्नो निकाय/संस्थाबाट यथासम्भव धेरै र प्रभावकारी कार्यक्रमहरु सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।८।९ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | १५५ जना | काठमाडौं |

**कार्यक्रम प्राप्त सुझावहरुः**

- राष्ट्रिय महिला आयोगले नीतिगत र कानुनी सुधारका लागि अध्ययन अनुसन्धानलाई अगाडी बढाउनु पर्छ,
- लैङ्गिक हिंसा न्युनीकरणका लागि कार्यरत निकायहरुले आफ्ना प्रयासहरु समन्वयात्मक रुपमा अगाडी बढाउन सहकार्य गर्नुपर्छ,
- लैङ्गिक हिंसा न्युनीकरणमा पुरुष सहभागिता अपरिहार्य हुन्छ,
- हिंसाको जोखिममा रहेका वर्गलाई आत्मरक्षाको सीप सिकाउन जरुरी हुन्छ,
- हिंसा पीडित महिलालाई न्यायको पहुँचमा पुऱ्याउन राष्ट्रिय महिला आयोगले गरिरहेको सेवा प्रवाहलाई अझ विस्तारित गर्नु पर्दछ ।

## ६.९ ज्येष्ठ नागरिकमाथि हुने अवहेलना, दुर्व्यबहार र हिंसा विरुद्द ज्येष्ठ महिलाको सूरक्षाको सवालमा अन्तर्क्रिया

लैङ्गिक हिंसाका अधिकांश पीडितहरु महिला हुने गर्दछन् । यसमा पनि आफ्नो शारीरिक एवं कमजोर आर्थिक अवस्थाका कारण ज्येष्ठ महिलाहरु हिंसाको शिकार हुने गर्दछन् । विशेषगरी ज्येष्ठ महिलाहरु माथी अवहेलना र दुर्व्यवहार आफ्नै परिवारका सदस्यबाट हुने गर्दछ । कतिपय अवस्थामा परिवारबाटै वहिष्करणमा पनि ज्येष्ठ नागरिकहरु पर्ने गरेको देखिन्छ सार्वजनिक स्थलहरुमा समेत ज्येष्ठ नागरिकहरु अवहेलना र दुर्व्यवहारमा पर्ने गरेको देखिन्छ । परिवारबाट र समुदायबाट हुने ज्येष्ठ महिला माथीको अवहेलना र दुर्व्यवाहारक न्यूनीकरण कसरी हुन सक्छ भन्ने विषयमा छलफल गर्न यो कार्यक्रम सम्पन्न गरिएको हो । राज्यबाट प्रवाह गरिएको सामाजिक सूरक्षा सम्वन्धी व्यवस्थामा समिक्षा समेत यस कार्यक्रममा भयो र महत्वपूर्ण नीतिगत सुझावहरु समेत प्राप्त भएका छन् ।

कार्यक्रमको विवरण:

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।८।२१ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ८० जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरुः**

- राष्ट्रिय महिला आयोगले ज्येष्ठ महिला माथी हुने दुर्व्यवहारको सवालमा जोखिमका क्षेत्रहरु पहिचान गर्नु पर्दछ,
- यस किसिमको कार्यक्रम प्रदेशस्तरमा पनि गर्नुपर्दछ,
- ज्येष्ठ महिलालाई आत्मरक्षाको सीप सिकाउन स्थानीय तहलाई प्रेरित गर्नुपर्दछ,

- ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यरत संघ संस्था / निकाय अधिकारकर्मी विच सहकार्यको आवश्यक छ,
- ज्येष्ठ महिलाको सूरक्षाको सवालमा आवश्यक नीति, कार्यक्रम तथा संस्थागत व्यवस्था गर्न राष्ट्रिय महिला आयोगले तहगत सरकारलाई सुझाव दिनुपर्दछ ।

## ६.१० मनोरन्जन क्षेत्र र जोखिमयुक्त क्षेत्रमा काम गर्ने महिलाहरूको अवस्था, समस्या, चुनौतिका सवालमा अन्तर्क्रिया

मनोरञ्जन प्रत्येक मावनको आवश्यकता हो । मनोरञ्जन क्षेत्र पनि एक बृहत र संगठित क्षेत्रको रुपमा रही रोजगार दाताको रुपमा देखिएको छ । ठूलो संख्यामा काठमाडौं उपत्यका बाहिरबाट काठमाडौंमा अस्थायी बसोबास गरिरहेका महिलाहरुमा पनि विशेष गरी किशोरीहरु यस क्षेत्रमा कार्यरत रहेको देखिन्छ। देशका अन्य मुख्य शहरहरु र प्रादेशिक राजधानीहरुमा पनि मनोरञ्जनको क्षेत्र झांगिदै गरेको रोजगारको क्षेत्र हो । हजारौंको संख्यामा नेपाली महिलाहरु यस क्षेत्रमा रोजगार रहेका छन् । रोजगारीका अवसर सजिलै प्राप्त भए तापनि यस क्षेत्रमा महिलाहरुलाई उत्तिकै जोखिम रहेको देखिन्छ । मनोरञ्जन क्षेत्रमा पनि मर्यादित श्रम (Decent Work) को वातावरण तयार गर्नु पर्ने आवश्यकतालाई सम्वोधन गर्न मनोरञ्जन क्षेत्र र जोखिमयुक्त क्षेत्रमा काम गर्ने महिलाहरुको अवस्था समस्या र चुनौतीका सवालमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको विवरणः

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।९।२४ | माननीय का.बा. अध्यक्ष कृष्ण कुमारी पौंडेल खतिवडा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | १२० जना | काठकाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरुः**

- मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरुको सूरक्षाको सुनिश्चितताका लागि प्रत्येक मनोरञ्जन क्षेत्रमा सूरक्षाकर्मी राख्नुपर्नेमा जोड दिनु आवश्यक छ,
- प्रत्येक मनोरञ्जन कार्यक्षेत्रमा सिसिटिभि क्यामरा जडान गर्नुपर्दछ, सिसिटिभिसंगै गुनासो पेटिका पनि राख्नु जरुरी छ,
- मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरुलाई कार्यस्थलबाट घर फर्किनसमेत समस्या हुने गर्दछ । उनीहरुका लागि सुरक्षित यातायातको सुविधा हुनु आवश्यक छ । यसका लागि व्यवसायीहरुलाई जिम्मेवार बनाउनु पर्दछ,
- श्रम ऐन २०७४ ले तोके बमोजिम सेवा, सुविधा र पारिश्रमिकको स्थिति के कस्तो छ यसबारे सरकारका तर्फबट यस्ता मनोरञ्जन क्षेत्रमा बेला बेला अनुगमन गर्ने र यस क्षेत्रमा लागेका महिलाहरुका लागि यौन शिक्षा दिलाउनेतर्फ ध्यान पुग्नु पर्छ,

- यस क्षेत्रमा काम गर्ने महिलाहरुका लागि र छोराछोरीहरुका लागि समेत नि:शुल्क शिक्षाको व्यवस्था गरिदिनु पर्छ,
- समाजको दृष्टिकोण बदल्न र यस क्षेत्रमा कार्यरत श्रमिकहरुको हक अधिकारका बारे जागरुक गराउन सचेतनामूलक कार्यक्रम तय पहल गर्नुपर्दछ ।

## ६.११ समाजमा विधमान रहेका हानिकारक अभ्यासहरु छाउपडी प्रथा, बोक्सिको आरोप,बाल विवाह लगायतका प्रथाहरु सम्बन्धी कर्णाली र सुदुरपश्चिम र लुम्बिनी प्रदेश केन्द्रीत अन्तर्क्रिया कार्यक्रम

नेपालमा प्रत्येक ४ जना महिलामा १ जना लैङ्गिक हिंसावाट पीडित भएको विभिन्न अध्ययनवाट देखिएको छ । लैङ्गिक हिंसाको मुख्य कारण प्रथा  परम्परा रहेको देखिन्छ  विशेष गरी मधेश प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा हानीकारक अभ्यासको रुपमा रहेका लैङ्गिक विभेदकारी कुप्रथाको कारण महिलाहरु विभिन्न किसिमका हिंसाको जोखिममा पर्नु परेको देखिएको छ । यस विषयलाई दृष्टीगत गरी लुम्विनी प्रदेश र सुदूरपश्चिम प्रदेशलाई लक्षित गरी उक्त प्रदेशहरुका विभिन्न स्थानीय तहहरु सम्म पुगि सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको विवरण:

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०८०/१/१२ | माननीय सदस्य विधा कुमारी सिन्हा | ७४ जना | नवलपरासी पश्चिम |
| २ | २०८०/१/१३ | माननीय सदस्य विधा कुमारी सिन्हा | ६० जना | कपिलवस्तु |
| ३ | २०८०/१/१४ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | ५८ जना | गुल्मी |
| ४ | २०८०/१/१५ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | ९५ जना | अर्घाखाँची |
| ५ | २०८०/१/१९ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | १२५ जना | जुम्ला |
| ६ | २०८०/१/१७ | माननीय सदस्यकृष्ण कुमारी पौडेल खतिवडा | १२० जना | कालीकोट |
| ७ | २०८०/१/१३ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | ७२ जना | बैतडी |
| ८ | २०८०/१/१४ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | ६५ जना | दार्चुला |
| ९ | २०८०/२/३ | माननीय सदस्य जया घिमिरे | ६७ जना | अछाम |
| १० | २०८०/२/४ | माननीय सदस्य जया घिमिरे | ६२ जना | बाजुरा |

कार्यक्रमबाट प्राप्त सुझावहरु:

- राष्ट्रिय महिलाआयोगले हानिकारक अभ्यासबाट सिर्जित महिलाका पिडाहरु सम्बोधन गर्न आवश्यक व्यवस्था गर्नु पर्दछ,
- बोक्सी, दाइजो , बालबिबाह जस्ता कुप्रथाको मानसिकता अन्त्य गर्न रुपान्तरणका लागी सचेतना आवश्यक छ,
- महिला लक्षित कार्यक्रममा पुरुष सहभागिता समेत रहेको खण्डमा हानिकारक अभ्यास न्यूनीकरण सहज हुन्छ,
- हानिकारक अभ्यासलाई पाप र धर्मसँग जोड्ने परिपाटी अन्त्य गर्न सचेतना र पैरवी आवश्यक छ त्यसको लागि धर्मगुरुहरुलाई समेत उत्प्रेरित गर्नुपर्दछ,
- हानिकारक अभ्यास अन्त्य गर्न उपचारात्मक व्यवस्था प्रभावकारी हुन सक्छ,
- हानिकारक अभ्यासको भुमरीबाट महिलालाई मुक्त गर्न सीप विकास र आर्थिक सशक्तीकरणको आवश्यकता पर्छ ।

## ६.१२ लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तर्क्रिया कार्यक्रम

वर्तमान परिप्रेक्ष्यमा लैङ्गिक पहिचानलाई पनि मानव अधिकारको एक महत्वपूर्ण सवालको रुपमा ग्रहण गर्नु पर्ने विषयमा आवाजहरु उठ्न थालेका छन् । विशेष गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारको सवाल सर्वप्रथमतः पहिचानमै केन्द्रित रहेको छ । पहिचानको आधार भएपछि मात्र मर्यादित मानव जीवन जीउने हैसियत प्रत्येक मानवलाई प्राप्त हुने विषयमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिका अधिकार सम्बन्धी अभियन्ताहरको सुझावहरु समेत राष्ट्रिय महिला आयोगमा प्राप्त हुने गरेको छ ।कतिपय अवस्थामा महिला वा पुरुष बाहेक अन्य लैङ्गिक अभिमुखीकरण भएकै कारण हिंसामा पर्नु परेको गुनासो तथा उजुरीहरु राष्ट्रिय महिला आयोगमा पर्ने गरेको छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकार सम्बन्धी मागहरु सम्बोधन गर्न जिम्मेवार सरकारी निकायहरुसँग सञ्चारकर्मीहरु, गैरसरकारी संस्थाहरु, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत अभियन्ताहरुको उपस्थितिमा यो अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०८०।३।१७ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ८० जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरुः**

- लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारको विषयमा अदालतबाट समय समयमा भएका फैसलाहरुको कार्यान्वयनमा जोड दिनु पर्दछ,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई विभिन्न सरकारी कागजातहरुमा अन्य भन्ने शब्दको प्रयोग गर्नुको सट्टा मर्यादित सम्बोधन हुनु पर्दछ,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई कुनै पनि किसिमको पारिवारिक सामाजिक संयोजन र सामाजिक बञ्चितीकरण तथा मानव अधिकारबाट बञ्चित नगर्ने विषयमा सम्बन्धित निकायको ध्यान पुग्नु पर्दछ,
- प्रत्येक मानवले आफ्नो जीवन साथी रोज्न पाउन पर्ने अधिकारलाई लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा पर्याप्त सम्बोधन गर्नु पर्दछ,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकको मानसिक स्वास्थ्यलाई सन्तुलनमा राख्ने विषयमा सचेतना, उपचारको प्रवन्ध, कानुन र प्रक्रिया निर्धारण गरी कार्य गर्नु पर्छ ।

## ६.१३ अपाङ्गता भएका महिलाहरुको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायवीच अन्तर्क्रिया

मानव शरिरको कुनै अंगमा देखिएको विचलनका कारण अन्य व्यक्ति सरह जीवन यापन गर्न अवरोध भएको अवस्था नै अपाङ्गता हो । अपाङ्गता भएका व्यक्तिहरु विभिन्न किसिमका अवहेलना, दुर्व्यवहार र वहिष्करणमा परिरहेको अवस्था त सबै समुदायमा समस्याको रुपमा रहेकै छ । अपाङ्गता भएका व्यक्तिहरु मध्ये पनि महिलाहरु विभिन्न किसिमका दुर्व्यवहार र हिंसामा पर्न सक्ने जोखिम अधिक रहन्छ । यति मात्र नभई अपाङ्गता भएका महिलाहरुबाट विशेष अवस्था र अपाङ्गताको स्तरलाई मापदण्ड बनाई सामाजिक सूरक्षाका कार्यक्रमहरु गर्नु पर्ने माग पनि हुँदै आएकव छ । यस सवालमा सरोकारवालाहरुसँग सघन रुपमा छलफल गरी नीतिगत सिफारिसको आधार तय गर्ने उद्देश्यले यो कार्यक्रम सम्पन्न गरिएको हो ।

**कार्यक्रमको विवरणः**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०८०।३।१८ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ८० जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- अपाङ्गता भएका महिलाहरुमाथी हुने बहुविभेद अत्यधिक छन् त्यसको लागि विभेदकारी कानुनहरुलाई संशोधन हुनुपर्छ,
- आर्थिक सशक्तीकरणका लागि र नेतृत्व विकासका लागि अपाङ्गता भएका महिलाको सिप र क्षमता विकासका कार्यक्रमहरु तथ्यमा आधारित भई कार्यान्वयन गर्नु पर्छ,
- अपाङ्गमैत्री भौतिक संरचना र सञ्चारको व्यवस्था गर्नुपर्छ, अब निर्माण हुने भौतिक संरचनाहरु अपाङ्गमैत्री हुने गरी बाध्यात्मक बनाउनु पर्छ,
- अपाङ्गता भएका महिला माथि हुने हिंसाका घटनाहरुको सम्बोधनका लागि Twin Track Approach अवलम्बन गर्नु पर्छ,
- भकभकेहरुको सञ्चारको उचित व्यवस्थाका लागि सहायक सामाग्रीहरुको व्यवस्था गर्नुपर्छ,
- अपाङ्गता भएका व्यक्तिका लागि पर्याप्त सामाजिक सूरक्षा भत्ताको व्यवस्था गर्नुपर्छ,
- सबै सरकारी निकायमा दोभाषेको व्यवस्था हुनुपर्छ ।

## ६.१४ योगमाया स्मृति दिवस विशेष समारोह

लैङ्गिक समानता, वर्गीय एवं जातीय समानता तथा महिला अधिकारका महान् अभियन्ता योगमाया न्यौपानेको योगदान सधैं स्मरणीय छ । राष्ट्रिय महिला आयोगको कार्यक्षेत्रको रुपमा रहेको महिला अधिकार र लैङ्गिक समानता नै योगमायाको जीवनको मूल मन्त्र रहेकोमा उहाँको सम्मान स्मरण गर्नु राष्ट्रिय महिला आयोगको कर्तव्य हुन आउँछ । वि.सं. १९२४ मा भोजपुरमा जन्मनु भएका योगमाया न्यौपाने समाजमा विद्यमान विभेद, कुप्रथा, निरंकुश शासनको विरुद्धमा आफ्ना ६८ जना अनुयायीहरुको साथमा वि. सं. १९९८ को असार २२ गते अरुण नदिमा आत्मदाह गर्नु भयो । उहाँको जीवनकालमा पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै प्रत्येक वर्ष असार २२ गते योगमाया स्मृति दिवस मनाइदै आएकोमा यस वर्ष पनि असार २२ गतेका दिन योगमाया स्मृति दिवसको अवसर पारी लैङ्गिक समानता र महिला अधिकारका राष्ट्रिय अभियन्ताहरु एवं सरोकारवालाको उपस्थितिमा योगमाया स्मृति दिवस विशेष समारोह सम्पन्न भयो ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०८०।३।१९ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ८० जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- योगमाया स्मृति दिवसलाई अझ विशेष रुपमा आगामी वर्षहरुमा मनाउनु पर्छ,
- राष्ट्रिय महिला आयोगले योगमायाको विषयमा थप अनुसन्धान गर्नु पर्दछ,
- लैङ्गिक हिंसा र सामाजिक कुप्रथा अन्त्य गर्न नेपाल सरकारले योगमाया जागृति अभियान सञ्चालन गर्नुपर्छ,
- सामाजिक कुप्रथा नियन्त्रण गर्नका लागि सबै विषयगत निकायहरुबाट विशेष अभियानहरु सञ्चालन गर्नु पर्दछ,
- योगमायाको योगदानबारे डकुमेन्ट्री तयार गर्नु पर्छ,
- योगमायालाई अन्तर्राष्ट्रिय व्यक्तित्वको रुपमा विकास गर्नु पर्दछ,
- यो दिवसलाई राष्ट्रिय दिवसको रुपमा सबै क्षेत्रबाट मनाउनु पर्दछ ।

## ६.१५ राष्ट्रिय महिला अधिकार दिवस विशेष समारोह

राष्ट्रिय महिला अधिकार दिवसको सन्दर्भ बि.सं. २०६३ जेठ १६ मा पुर्नस्थापित प्रतिनिधि सभामा पेश भएको संकल्प प्रस्तावको विषयसँग जोडिएको छ । सो दिन हरेक नेपाली सन्तानले आमा वा बुवा मध्ये कसैको नामबाट नागरिकता लिन पाउने अधिकार, छोरा सरह छोरीको पनि पैतृक सम्पत्तिमा समान अधिकार, समानुपातिक सहभागीताको लक्ष्य अनुरुप राज्यको सबै तह र संरचनामा एक तिहाई महिलाको अनिवार्य सुनिश्चितता तथा महिला र पुरुषवीच विभेदकारी कानुन खारेज गरी महिला माथि हुने सबै किसिमका हिंसा अन्त्यका लागि कानुनी व्यवस्था जस्ता महत्वपूर्ण ४ वटा विषय समेटी पेश भएको संकल्प प्रस्ताव सर्वसम्मत प्रतिनिधी सभाबाट पारित भएकोमा यस दिनलाई राष्ट्रिय महिला अधिकार दिवसको रुपमा मनाउने निर्णय नेपाल सरकारबाट भए बमोजिम बि.सं. २०७६ जेठ १६ मा पहिलो महिला अधिकार दिवस राष्ट्रिय रुपमा मनाइएकोमा यस बर्ष २०८० जेठ १६ गतेको राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा आयोजित विशेष समारोह मिति २०८०/२/१४ गते राष्ट्रिय महिला आयोग रहेको भवनको सभाहलमा महिला अधिकारका समग्र राष्ट्रिय सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भयो।

कार्यक्रमको विवरण:

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०८०।२।१४ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | १०० जना | राष्ट्रिय महिला आयोग |

## ६.१६ स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरुबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तर्क्रिया कार्यक्रम

लैङ्गिक हिंसा निवारणका असल अभ्यासहरु र न्यायमा पहुँच बिषयमा स्थानीय तहका पदाधिकारीहरु, जिल्ला समन्वय समितिका पदाधिकारी, बिषयगत सरोकारवाला कार्यलयहरु, महिला अधिकारकर्मी, संघ संस्था लगायत सम्बन्धित निकाय संग छलफल गरी राम्रा अभ्यासहरुलाई अझ बढाउन प्रोत्साहन गर्ने, स्थानीय तहमा न्यायिक समितिको दायित्व र भूमिका बहन रहेको र महिला हिंसा तथा घरेलु हिंसा रोकथाम तथा निवारणका लागि न्यायीक समितिले प्रयोगमा ल्याएका असल अभ्यासहरुलाई भावी दिनहरुमा निरन्तरता दिने र महिलामाथी समाजमा बढिरहेको हिंसा रोकथाम तथा निवारणमा महिलाको न्यायमा पहुँच, सशक्तीकरण, र अधिकार प्रयोगको लागि महिलालाई नेतृत्व तहमा सहभागि गराउने उद्धेश्यले न्यायिक समितिका पदाधिकारीसँगको अन्तर्क्रिया देहाय बमोजिम १३ बटा जिल्लाहरुमा राष्ट्रिय महिला आयोगको टोली पुगेर सम्पन्न भएको छ ।

**कार्यक्रमको विवरणः**

| क.स | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९/५/८ | मा. सदस्य सावित्रा कुमारी शर्मा | ७७ | सुनसरी |
| २ | २०७९/७/१८ | मा. सदस्य सावित्रा कुमारी शर्मा | ८२ | दाङ |
| ३ | २०७९/७/२० | मा. सदस्य सावित्रा कुमारी शर्मा | ५० | प्युठान |
| ४ | २०७९/९/१३ | मा. सदस्य विद्या कुमारी सिन्हा | ८५ | हेटौडा |
| ५ | २०७९/९/१४ | मा. सदस्य विद्या कुमारी सिन्हा | ७० | भरतपुर |
| ६ | २०७९/१२/२१ | मा. सदस्य जया घिमिरे | ७७ | सिराहा |
| ७ | २०७९/१२/२१ | मा.अध्यक्ष कमला कुमारी पराजुली | ५७ | धनकुटा |
| ८ | २०७९/१२/२२ | मा. सदस्य जया घिमिरे | ८२ | सप्तरी |
| ९ | २०७९/१२/२३ | मा.अध्यक्ष कमला कुमारी पराजुली | ६३ | उदयपुर |
| १० | २०७९/१२/२३ | मा. सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | १०५ | बागलुङ |
| ११ | २०७९/१२/२४ | मा. सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | १२० | मुस्ताङ |
| १२ | २०८०/१/१४ | मा.अध्यक्ष कमला कुमारी पराजुली | ६५ | डडेलधुरा |
| १३ | २०८०/२/३ | मा. सदस्य जया घिमिरे | ५३ | अछाम |

**कार्यक्रमबाट प्राप्त सुझावहरुः**

- राष्ट्रिय महिला आयोगले न्यायिक समितिको क्षमता विकास सम्बन्धमा तालिम सञ्चालन गर्नु पर्ने,
- हाल आँफूखुसी गरिने बालबिबाह बढिरहेको र त्यसले नागरिकता, राष्ट्रिय परिचयपत्र तथा प्रजनन स्वास्थ्यमा समस्या देखिएको हुंदा सो सम्बन्धमा समेत कानूनी र व्यवहारिक सचेतना कार्यक्रमहरु सञ्चालन गरिनू पर्ने,

- राष्ट्रिय महिला आयोगको पँहुच बिस्तार गर्न प्रदेश स्तरिय कार्यालयहरु निर्माण गरिनु पर्ने ।
- न्यायिक समितिमा कम्तिमा एक जना कानुन अधिकृतको दरबन्दी राखे सम्वन्धमा राष्ट्रिय महिला आयोगले पहल गरिदिनुपर्ने,
- स्थानिय तहहरुमा हुने लैगिक हिंसाका पिडितहरुलाई अल्पकालिन रुपमा संरक्षण गर्न आश्रयस्थलको व्यवस्था गर्नुपर्ने ।

## ६.१६ महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनितिक सहभागिता र सशक्तीकरणको लागि राजनैतिक पार्टिका प्रमुख र प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तर्क्रिया

महिलाको हक अधिकारको संरक्षण र संवर्द्धन, लैङ्गिक समानता र सशक्तिकरण तथा लैङ्गिक हिंसा नियन्त्रणको क्षेत्रमा संवैधानिक आयोगको रुपमा क्रियाशील राष्ट्रिय महिला आयोगले सल्लाहकारी, कार्यकारी र न्यायिक सहायता प्रदान गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारीहरु निवार्ह गर्दै आएको छ। राज्यका सबै तह र निकायमा महिलाको अर्थपूर्ण सहभागिताको लागि नीतिगत व्यवस्थालाई व्यवहारिक रुपमा कार्यन्वयन गराउन महिलाको राजनैतिक सहभागिता र सशक्तीकरणको लागि राजनैतिक पार्टीका प्रमुख र प्रतिनिधिसँग देहाय बमोजिम प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

**कार्यक्रमको विवरणः**

| क.स | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०८०/५/७ | मा.अध्यक्ष कमला कुमारी पराजुली<br>मा. सदस्य सावित्रा कुमारी शर्मा | ८२ | मोरङ |
| २ | २०८०/१/१७ | मा.अध्यक्ष कमला कुमारी पराजुली | ७३ | धनगढी |
| ३ | २०८०/२/२८ | मा. सदस्य जया घिमिरे | ६६ | बुटवल |
| ४ | २०८०/२/२२ | मा. सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ११० | हेटौडा |
| ५ | २०८०/२/२३ | मा. सदस्य सावित्रा कुमारी शर्मा | ६८ | पोखरा |
| ६ | २०८०/२/२३ | मा. विद्या कुमारी सिन्हा | ६० | धनुषा |

**कार्यक्रमबाट प्राप्त सुझावहरुः**

- संविधानमा भएको व्यवस्था कार्यन्वयन गर्दै महिलाहरुलाई नीतिगत तहमा सहभागिता बढाउन राजनैतिक नेतृत्वमा एक तिहाई महिलाको सहभागिता हुनु पर्ने,
- गठबन्धन गरी उम्मेदवारी दिनुपर्ने अवस्थामा पुरुष मात्र नभई महिलालाई पनि प्रमुख र उपप्रमुख पदमा सहभागी गराउनु पर्ने,
- उम्मेदवारी दिदा महिलाको प्रमुख पदमा उम्मेदवारी बृद्धि गर्नुपर्ने तथा महिलाको उम्मेदवारी संख्या बढाउन राजनैतिक दलले पहल गर्नुपर्ने,

- निर्वाचनमा शान्तीपुर्ण र स्वतन्त्र मतदानको अधिकार मतदातालाई प्रत्याभूति गर्नुपर्ने साथै, खर्च नियन्त्रणमा सजकता अपनाउन अनुगमन गर्नुपर्ने,
- हिंसा रहित समाजको निर्माणका लागि राजनीतिमा महिलाको नेतृत्व विकासका लागि सबै पार्टिले महिलाको क्षमता अभिवृद्धिको लागि प्रोत्साहन गर्नुपर्ने,
- पितृसत्तात्मक सोच र व्यवहारको अन्त्य गरिनुपर्ने,
- महिलाको नेतृत्व विकासका लागि दलहरुले अग्रसरता लिनु पर्ने ।

## ६.१७ आयोगका क्रियाकलापका सम्बन्धमा चौमासिक पत्रकार अन्तर्क्रिया कार्यक्रम

पारदर्शिता सुशासनको बलियो आधार हो । राष्ट्रिय महिला आयोगको काम कर्तव्यलाई पारदर्शी बनाउन आयोगले सञ्चालन गर्दै आएका सबै किसिमको क्रियाकलापहरु विभिन्न सञ्चार माध्यमबाट प्रवाह भई रहने वातावरण तय गर्न यस आर्थिक वर्षमा देहाय बमोजिम चौमासिक पत्रकार अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । यस कार्यक्रमको मुख्य उद्देश्य आयोगबाट सञ्चालन भएका क्रियाकलापहरुमा पारदर्शिता र उत्तरदायित्व कायम गरी सुशासन प्रवर्द्धन गर्नु हो ।

**कार्यक्रमको विवरण:**

| क्र.स | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९।८।२९ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ५० | काठमाडौं |
| २ | २०८०।०१।०७ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ३२ | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- राष्ट्रिय महिला आयोगको हालसम्म आफ्नै कार्यालय भवन नभएकोले सो सम्बन्धमा पहल गर्नुपर्ने,
- आयोगमा प्राप्त उजुरीको फछर्यौटका सम्बन्धमा समेत जानकारी गराउनु पर्ने,
- आयोगबाट सम्पन्न भएका सम्पुर्ण क्रियाकलापहरुको यथार्थ जानकारी गराउनु पर्ने,
- वार्षिक कार्यक्रमको कति प्रतिशत कार्य हाल सम्म सम्पन्न भयो भन्ने समेत अंकमा खुलाई प्रस्तुत गर्नुपर्ने।

## ६.१८ विद्यालय स्तरमा हुने महिला हिंसा निवारणको सम्बन्धमा शिक्षक विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको अभिमुखीकरण कार्यक्रम

विद्यालयस्तरमा समेत हिंसा हुने गरेकोले सोको बारेमा सचेतनाका साथै अभिमुखीकरण गर्नका निम्ति विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई संयुक्त रुपमा राखी कार्यक्रम गर्नु यस कार्यक्रमको मुख्य आशय हो । साथै, महिला हिंसा घर, विद्यालय तथा राष्ट्रबाट अन्त्य गर्न र महिला र पुरुषबीचको समानतामा रहेको खाडल निर्मूलीकरण गर्न पहल गर्ने यस कार्यक्रमको उद्देश्य हो।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १. | २०७९/०७/२८ | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | १०५ जना | बारा |
| २. | २०७९/९/७ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | ७० जना | तनहुँ |
| ३. | २०७९/९-/८ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | ७० जना | गोरखा |
| ४. | २०७९-०९-१२ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ११० जना | सिन्धुपाल्चोक |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- घरयासी तहमा हुने लैंगिक हिंसा अन्त्यका लागि घरपरिवारबाट नै प्रयास हुनुपर्दछ,
- लैङ्गिक हिंसाको पीडितलाई उजुरी गर्ने निकाय पहुँचयोग्य बनाउनु पर्ने,
- महिलालाई आर्थिक रुपमा आत्मनिर्भर तथा सक्षम हुन आवश्यक रहेको,
- महिला हिंसाका स्वरुप, कारण र निवारणका उपायका बारेमा विद्यालयस्तरमा व्यापक रुपमा सचेतना फैलाइनुपर्ने ।

## ६.१९ महिला हकहित र अधिकारका विषयमा मुद्दा पहिचान तथा उठान गर्न विभिन्न सरोकारवाला निकायहरुसँग समन्वयात्मक बैठक

महिला हक हित र अधिकारसँग सम्बन्धित विभिन्न विषयमा सरोकारवालासँग छलफल गरी आयोगलाई भावी कार्यदिशा प्राप्त गर्ने मुख्य उद्देश्य यस कार्यक्रमको रहेको थियो । कार्यस्थलमा हुने यौनहिंसा, घरेलु हिंसा, महिलाको स्थिति सम्बन्धी आयोगको निष्कर्ष सुझावका सम्बन्धमा विभिन्न सरोकारवालासँग मुद्दा उठान गरी छलफल सम्पन्न गरिएको थियो ।

कार्यक्रमको विवरण:

| क्र. सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी सङ्ख्या | कार्यक्रम स्थान | विषयवस्तु |
|---|---|---|---|---|---|
| १. | २०७९/८/२५ | माननीय कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ४५ जना | काठमाडौं | कार्यस्थलमा हुने यौनहिंसा |
| २. | २०७९/१०/४ | माननीय का.बा. अध्यक्ष कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ९८ जना | काठमाडौं | घरेलु हिंसा |
| ३. | २०८०/२/४ | माननीय कमला कुमारी पराजुली | ८५ जना | काठमाडौं | महिलाको स्थिति सम्बन्धी आयोगको ६७औं सम्मेलनमा सहमति भएका निष्कर्ष सम्बन्धी छलफल |

कार्यक्रमबाट प्राप्त सुझावहरु:

- Digital Literacy मा ध्यान दिनुपर्ने,
- कार्यान्वयनमा रहेको कानुनको प्रचारप्रसार गर्न आवश्यक रहेको जसमा आयोगले पहल गर्नुपर्ने,
- मुद्दाको बारेमा जुन रुपले प्रचार हुन्छ सोही रुपले मुद्दाको समाधान भएको बारेमा समेत प्रचार गर्नुपर्ने जसले गर्दा उजुरी गर्न पीडितलाई प्रोत्साहन मिल्ने,
- प्रविधिको माध्यमबाट हुने यौनिक तथा लैंगिक हिंसा निवारणका लागि प्रमाण संकलनको पाटो तथा अन्य कार्य के गर्न सकिन्छ जोड दिनुपर्ने,
- सूचना प्रविधि विधेयक लैंगिकमैत्री बनाउनुपर्ने ,
- घरेलु हिंसा निवारणका प्रयास एकिकृत हुनुपर्ने,

- घरेलु हिंसा अन्त्यका लागि नीति तथा कार्यक्रममा सुझाव र सिफारिस गर्न एकीकृत एवं खण्डीकृत तथ्याङ्क आवश्यक पर्ने,
- स्थानीय न्यायिक समितिलाई साधन सम्पन्न र पीडितमैत्री बनाउनुपर्ने,
- घरेलु हिंसा विभिन्न प्रकार र स्वरूपमा आउन सक्ने हुनाले सोही अनुरुपका दण्डात्मक, निरोधात्मक र प्रद्धनात्मक कार्यक्रमहरु आवश्यक हुने ।

## ६.२० महिला हिंसा निवारणका लागि नीतिगत प्रभाव पार्ने पाठ्यक्रम विकास केन्द्र लगायत शैक्षिक प्रतिष्ठानसँग अन्तर्क्रिया कार्यक्रम

नीतिगत तहमा कार्यरत व्यक्ति र शैक्षिक क्षेत्रमा आवद्ध व्यक्तिलाई एकै मञ्चमा राखी अन्तरक्रियामार्फत पाठ्यक्रम तथा पाठ्यपुस्तकमा रहेका कमीकमजोरीलाई सुधार गरी लैङ्गिक हिंसा निवारणका लागि ध्यानाकर्षण गराउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

**कार्यक्रमको विवरण**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १. | २०८०/१/२५ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ५१ जना | काठमाडौं |

**कार्यक्रमबाट आएका मुख्य सुझावहरुः**

- बालबालिकाको बुझ्न सक्ने क्षमता अनुसार पाठ्यक्रम तथा पाठ्यवस्तु निर्धारण गर्नुपर्ने,
- सामुदायिक विद्यालयमा महिला हिंसा निवारणका सन्दर्भमा भएका राम्रा प्रयासलाई महिला आयोगले अनुगमन गरी मूल्याङ्कन गर्नुपर्ने,
- जीवन जगतका व्यवहारसँग मिल्दो पाठ्यक्रम हुनुपर्ने,
- वर्तमान समय अनुसार पाठ्यक्रममा महिला हिंसा निवारणका विषय समावेश गरी पठनपाठनको माध्यमबाट विद्यार्थीको सोचाइमा सकारात्मक परिवर्तन ल्याउन सही विश्लेषण गरी अध्ययन गराइनुपर्ने ।

## ६.२१ सीमान्तकृत महिलाहरुको सशक्तिकरणका विषयमा कार्यक्रम

नीतिगत तहमा सरकारलाई दिन सकिने सुझाव र सिफारिसका बारेमा छलफल गर्न र सीमान्तकृत महिलाहरुको सशक्तिकरणका लागि भावी कार्यदिशामा छलफल गर्नका निम्ति यस कार्यक्रम आयोजना गरिएको थियो ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी सङ्ख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १. | २०८०/३/४ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | १०० जना | काठमाडौं |
| २. | २०८०/२/२३ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | १२५ जना | सप्तरी |

**कार्यक्रमबाट आएका मुख्य सुझावहरुः**

- महिलाको लागि कानुन भएतापनि कार्यान्वयन राम्रो नभएकोले राष्ट्रिय महिला आयोगले त्यस विषयमा जोड दिनुपर्ने,
- सीमान्तकृत महिला लक्षित कार्यक्रमहरु सरकारी तथा गैहसरकारी निकायहरुबाट सञ्चालन हुनुपर्ने,
- निजी क्षेत्रले सीमान्तकृत महिलाहरुको आर्थिक सशक्तिकरणको लागि कार्यक्रमको व्यवस्था गर्नुपर्ने,
- द योगकार्ता प्रिन्सिपल्स प्लस (The Yogyakarta Principles) १० मा भएको ३८ वटा प्रावधानको अर्थपूर्ण कार्यान्वयन गर्ने ।

## ६.२२ महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन संघीय महिला सांसद र विभिन्न संसदीय समितिका सभापतिसँग अन्तरक्रिया

महिलाको नीतिगत तहमा पहुँच स्थापित गर्न देखिएका समस्या तथा चुनौतीहरुको बारेमा छलफल गर्नका लागि महिला सांसदसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । नीतिगत तहमा महिलाको पहुँच स्थापित गर्न राष्ट्रिय महिला आयोगको भूमिका बारेमा नीतिगत सुझावहरु संकलन गरिएको थियो ।

**कार्यक्रमको विवरण**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १. | २०८०/३/१२ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | १२५ जना | काठमाडौं |

**कार्यक्रमबाट प्राप्त सुझावहरु:**

- महिलाको नीतिगत तहमा र पहुँच स्थापित गराउने विषयमा पर्याप्त तथ्यांक, तर्कहरु र सम्वद्ध सरोकारवाला पक्षहरुबीच सञ्जाल (नेटवर्क) को तयारी गर्नुपर्ने,
- महिलाको आर्थिक सशक्तिकरणमा जोड दिनुपर्ने,
- लैंगिकमैत्री कानुनहरुको अध्ययन गरी कुन कुन कानुनमा कुन कुन पक्षमा संशोधन गर्नुपर्छ भन्ने विषयमा राष्ट्रिय महिला आयोगले अध्ययन गर्नुपर्ने,
- कुल निर्वाचन क्षेत्रको एक तिहाई निर्वाचन संख्यामा महिला उम्मेद्वार अनिवार्य हुने गरी कानुन निर्माण गर्नुपर्ने ।

## ६.२३ राष्ट्रिय महिला आयोगको स्थापना दिवस

राष्ट्रिय महिला आयोगको स्थापना दिवस को अवसरमा २०७८ फागुन २३ गते विभिन्न संवैधानिक आयोगका पदाधिकारीहरू, मन्त्रालयका प्रतिनिधि एवं साझेदार निकायका प्रतिनिधिको उपस्थितिमा राष्ट्रिय महिला आयोगको स्थापना दिवस विशेष कार्यक्रमका साथ सम्पन्न भयो । कार्यक्रममा राष्ट्रिय महिला आयोगको स्थापनाको सन्दर्भ, इतिहास र हालको गतिविधिको बारेमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

**कार्यक्रमको विवरण**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रम स्थान |
|---|---|---|---|---|
| १ | २०७९/११/२३ | माननीय का.बा. अध्यक्ष विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | ६५ | राष्ट्रिय महिला आयोगको सभाहल |

## ६.२४ समाजमा विद्यमान हानिकारक अभ्यासहरू (बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरू सम्बन्धी मधेश केन्द्रित अन्तरक्रिया कार्यक्रम:

समाजमा प्रथा र परम्पराका नाममा चलिआएका हानिकारक अभ्यासहरू निर्मूल नभएसम्म अधिकारको प्रत्याभूति मानव जातिमा गर्न सकिँदैन । हानिकारक अभ्यासको अन्त्यका लागि सरोकारवालाको सहकार्य जुटाउने उद्देश्यले लक्षित समुदायमा नै पुगी मधेशका निभिन्न जिल्लाहरूमा यो अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको हो । हानिकारक अभ्यासहरू मान्दै आएका समुदायमा पुगी विज्ञ स्रोत व्यक्तिहरूबाट समेत कार्यपत्र प्रस्तुत गरी सहभागीबाट गहन छलफल र सुझाव लिई यो कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको छ । विभिन्न स्थानमा यो प्रदेश केन्द्रित कार्यक्रम देहाय बमोजिम सम्पन्न भयो ।

**कार्यक्रमको विवरण:**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | २०७९/७/१६ | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | कैलाली | १०० |
| २ | २०७९/७/१७ | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | बाँके | ८८ |
| ३ | २०७९/७/१८ | माननीय कृष्ण कुमारी पौडेल खतिवडा | बर्दिया | १२० |
| ४ | २०७९/८/१६ | माननीय जया घिमिरे | बाणगंगा न पा | ७० |
| ५ | २०७९/८/१८ | माननीय जया घिमिरे | सुनवल न पा | ७० |
| ६ | २०७९/८/१९ | माननीय जया घिमिरे | रुपन्देही | ८२ |
| ७ | २०८०/२/११ | माननीय विधा कुमारी सिन्हा | रौतहट | ११० |
| ८ | २०८०/२/१२ | माननीय विधा कुमारी सिन्हा | सर्लाही | ९५ |
| ९ | २०८०/२/३० | माननीय जया घिमिरे | बारा | ६९ |
| १० | २०७९/१०/४ | माननीय सावित्रा कुमारी शर्मा | सुनसरी | ६८ |
| ११ | २०७९/१०/५ | माननीय सावित्रा कुमारी शर्मा | मोरङ | ८८ |
| १२ | २०७९/१०/६ | माननीय सावित्रा कुमारी शर्मा | झापा | ९० |

**कार्यक्रमबाट प्राप्त सुझावहरुः**

- हानिकारक अभ्यासको असर न्यूनीकरण सम्वन्धी राष्ट्रिय रणनीति बनाएर कार्यान्वयन गर्नुपर्ने,
- हिंसामा परेका महिलाको सन्तानको जन्मदर्ता र नागरिकता प्राप्तीको लागि समस्या रहेकोले त्यस्तो समस्यालाई निराकरण गर्न सरोकारवाला पक्षहरु जिम्मेवार हुनुपर्ने,
- आर्थिक सशक्तिकरण, सिपमुलक तालिम तथा आय आर्जनका लागि महिलाहरुलाई प्रोसाहन गर्ने किसिमका कार्य योजना बनाई लागु गर्नुपर्ने,
- बहुविवाह हुँदा पेटमा रहेको बच्चाको हकमा मानाचामलको लागि कानूनी प्रकृयामा जान प्रमाणको अभाव हुने तथा समयमा पालन पोषण खर्च नपाउने समस्या भएकोले सो सम्वन्धी कानुनमा सरलीकरण गर्नुपर्ने,
- लिभिङ्ग रिलेसनसिपमा बस्न रोक्न नसक्ने अवस्था नभएको र यसले महिलाहरु बढी पिडित बन्दै गएकोले कानूनी हकको अभावलाई सम्बोधन गर्नुपर्ने ।

## ६.२५ साझेदार संस्थाहरुसँगको सहकार्यकम संचालित कार्यक्रमहरुः

### ६.२५.१ लैङ्गिक हिंसा नियन्त्रण तथा अनुगमनको लागि प्रदेशस्तरीय सञ्जाल (GBV Network) सम्बन्धी प्रयासः

लैङ्गिक हिंसा नियन्त्रण तथा अनुगमनका लागि राष्ट्रिय सञ्जालको नेतृत्व राष्ट्रिय महिला आयोगले गर्दै आएको छ । राष्ट्रिय महिला आयोगको प्रदेश स्तरीय संरचना नभएका कारण हिंसाको विषयमा अनुगमन तथा पीडितलाई न्यायको सवालमा पैरवी गर्नका लागि समेत एक हित समूहको आवश्यकता महसुस गरी राष्ट्रिय महिला आयोगबाट यो प्रयास भएको छ । UNFPA सँगको सहकार्यमा लैङ्गिक हिंसा नियन्त्रण तथा अनुगमन सञ्जाल सम्बन्धी अभिमुखीकरण सम्बन्धी कार्यक्रम सम्पन्न भयो । मधेश प्रदेशमा सामाजिक विकास मन्त्रालयको अग्रसरता र UNFPA को सहयोगमा गठन भईसकेको सञ्जालका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने कार्य लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अवधीमा नै सम्पन्न भयो । यसै गरी राष्ट्रिय महिला आयोगको अवधारणा अनुरुप लैङ्गिक हिंसा नियन्त्रण र अनुगमन सञ्जाल गठनका लागि प्रदेशस्तरीय सरोकारवालाहरुसँग अभिमुखीकरण र कार्यशाला गोष्ठी देहाय बमोजिम सम्पन्न भयो ।

**कार्यक्रमको विवरण**

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान |
|---|---|---|---|
| १ | २०७९/८/१९ र २० | माननीय सदस्य कृष्ण कुमारी पौडेल | जनकपुर |
| २ | २०८०/१/२८ र २९ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | सुर्खेत |
| ३ | २०८०/३/५ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | धनगढी |

### ६.२५.२ महिला विरुद्ध हुने सबै किसिमका विभेद विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि (CEDAW) तथा दिगो विकास लक्ष्य (SDGs) लगायत नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु कार्यान्वयन सम्बन्धी प्रदेस्तरीय अन्तर्क्रिया कार्यक्रम

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW) को नेपाल पक्षराष्ट्र बने पश्चात् नेपालले सो समितिमा CEDAW कार्यान्वयन सम्बन्धी ६ वटा प्रतिवेदन पठाई उक्त प्रतिवेदन उपर समितिले निष्कर्ष र सुझाव पनि दिइसकेको छ । उक्त निष्कर्ष र सुझावमा उल्लेख गरिएको विषयको कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व रहेको हुन्छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी सो सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन सक्ने राष्ट्रिय महिला आयोगको क्षेत्राधिकार समेत रहेको छ । सोही बमोजिम आयोगले UN Women को सहयोगमा CEDAW महासन्धि अन्तर्गतको नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष र सुझावको कार्यान्वयनको अवस्थाबारे अध्ययन विश्लेषण गरी तथा प्रदेशमा अन्तर्क्रिया कार्यक्रमका साथै प्रदेश सम्पर्क व्यक्तिहरूमार्फत सूचना संकलन गरी स्थिति प्रतिवेदन (Status Report) तयार गरेको छ ।आयोगले उक्त विषयमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने उद्देश्य अनुरूप CEDAW समितिबाट प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन गर्नको लागि अनुगमन संरचना र कार्यहरूको सूची तयार गरेको थियो । उक्त विषयका सम्वन्धमा प्रदेशस्तरीय र एउटा राष्ट्रिय स्तरको छलफल गरी सुझावहरू संकलन गरिएको थियो ।

कार्यक्रमको विवरण

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान |
|---|---|---|---|
| १ | २०७९/५/ १७ | सचिव श्री कविराज पौडेल | मकवानपुर, हेटौडा |
| २ | २०७९/५/ १९ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | धनुषा, जनकपुर |
| ३ | २०७९/५/ २१ | माननीय सदस्य जया घिमिरे | मोरङ विराटनगर |
| ४ | २०७९/५/ २७ | माननीय सदस्य जया घिमिरे | कास्की, पोखरा |
| ५ | २०७९/५/ ३० | माननीय सदस्य सावित्रा कुमारी शर्मा | रुपन्देही, बुटवल |
| ६ | २०७९/६/ ६ | माननीय सदस्य विद्या कुमारी सिन्हा | कैलाली, धनगढी |
| ७ | २०७९/५/ २७ | माननीय सदस्य विद्या कुमारी सिन्हा | सुर्खेत |
| ८ | २०७९/५/ २७ | माननीय अध्यक्ष कमला कुमारी पराजुली<br>माननीय सदस्य कृष्ण कुमारी पराजुली<br>माननीय सदस्य विद्या कुमारी सिन्हा<br>माननीय सदस्य जया घिमिरे<br>माननीय सदस्य सावित्रा कुमारी शर्मा | काठमाडौं |

परिच्छेद ७

# राष्ट्रिय महिला आयोगले लैंगिक समानता प्रवर्द्धन तथा लैंगिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरुबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा गरिएको सिफारिस

| क.स. | सिफारिस भएको निकायको नाम | सिफारिस गरिएको विषय |
|---|---|---|
| १) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • महिलालाई वैदेशिक रोजगारीमा घरेलु कामदारका रुपमा लगाइएको प्रतिबन्धका कारण महिलाहरु अवैध बाटोबाट वैदेशिक रोजगारीमा जाने क्रम नरोकिएको, अझ बढी शोषणमा परेको, दलालहरुबाट ठगिने क्रम बढ्नका साथै कहींकतै अभिलेखीकरण नहुँदा राज्यबाट प्राप्त गर्नुपर्ने सेवा, सुविधा तथा सुरक्षाबाट बञ्चित हुँदै आएको तथा गन्तव्य मुलुकमा पनि असुरक्षित हुँदा उद्दार तथा क्षतिपूर्ति समेत नपाउने अवस्था भएकोले उक्त कानुनी प्रतिबन्ध हटाउने गरी कानुनमा परिमार्जन गर्ने साथै नियमनका लागि समेत बलियो संयन्त्रको समेत कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने,<br>• महिलाको सुरक्षित र मर्यादित रोजगारीको लागि मनोरञ्जन क्षेत्र, अनौपचारिक क्षेत्र लगायतमा रोजगारदाताले पालना गर्नैपर्ने आचारसंहिता तथा निर्देशिका बनाई लागू गर्ने,<br>• मनोरञ्जन क्षेत्रमा सेवा प्रवाह गर्ने रोजगारदाताको अनुगमनका लागि मौजुदा कानुनमा परिमार्जन गर्ने र उनीहरुले प्राप्त गर्ने सेवा, सुविधा लगायतका व्यवस्था र अवस्थाको नियमलाई प्रभावकारी बनाउने साथै उक्त क्षेत्रमा विद्यमान श्रमशोषणको अन्त्य गर्न न्यूनतम पारिश्रमिक तथा अन्य सेवा सुविधा प्रदान गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्ने,<br>• घरेलु श्रमिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरुलाई सामाजिक सुरक्षामा समावेश गर्ने कार्यलाई प्रभावकारी बनाउने,<br>• मनोरञ्जन क्षेत्रमा बालश्रमको प्रयोग भइरहेको गुनासो आएको सन्दर्भमा सोको पनि प्रभावकारी रुपमा नियमन गरी बालश्रम निषेध गर्ने,<br>• यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई रोजगारीमा विभेद गर्न नपाउने गरी कानुनी व्यवस्था गर्ने। |

| | | |
|---|---|---|
| २) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • सात वटै प्रदेशमा राष्ट्रिय महिला आयोगको कार्यालय स्थापना गरी सञ्चालन गर्ने,<br>• विगतमा जिल्लामा रहेका महिला बालबालिका कार्यालय खारेज भएसँगै महिला बालबालिका ज्येष्ठ नागरिक लगायत जोखिममा परेको समुदायका सवाललाई सहजीकरण र सम्बोधन गर्ने निकायको अभाव भएको हुँदा प्रत्येक जिल्लामा महिला बालबालिका सम्पर्क केन्द्र स्थापना गर्ने,<br>• किशोरी तथा महिलामाथि हुने जबर्जस्ती करणी जस्तो जघन्य अपराधमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउनका लागि अपराधको सवुत प्रमाण संकलनमा सहजताका लागि प्रत्येक प्रदेशका प्रादेशिक अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापनाका लागि सिफारिस गर्ने,<br>• महिलालाई प्रत्यक्ष लाभ पुर्याउने हिसावले प्रदेश र स्थानीय तहले पनि लैंगिक उत्तरदायी बजेटको व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूण बनाउने,<br>• सम्पूर्ण तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने । |
| ३) | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | • किशोरी तथा महिलामाथि हुने जबर्जस्ती करणी जस्तो जघन्य अपराधमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउनका लागि अपराधको सवुत प्रमाण संकलनमा सहजताका लागि प्रत्येक प्रदेशका प्रादेशिक अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्ने,<br>• निजी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी महिलाहरुको श्रमशोषण भइरहेको भन्ने व्यापक रुपमा गुनासो भइरहेको हुँदा निजी स्वास्थ्यसंस्थामा कार्यरत महिला स्वस्थ्यकर्मीलाई सरकारी सेवा अनुरुपको सेवा सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्ने,<br>• स्वास्थ्य संस्थामा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रलाई भौतिक पूर्वाधार र दक्ष जनशक्ति सहित स्रोत साधन सम्पन्न बनाउने,<br>• स्वास्थ्य सेवामा सरल, सहज र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री बातावरण कायम गर्ने । |
| ४) | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | • लैंगिक हिंसाबाट पीडित तथा प्रभावितका लागि संचालनमा ल्याइएका सुरक्षित आश्रय स्थल वा सेवा केन्द्रः |

| | | |
|---|---|---|
| | मन्त्रालय | ○ संचालन तथा व्यवस्थापनमा एक रुपता ल्याउन मापदण्ड बनाउने,<br>○ पीडित तथा प्रभावितलाई आवश्यक सेवा एकीकृत रुपमा उपलब्ध गराउने,<br>○ आश्रयगृहहरुको संस्थागत सुदृढीकरण गर्ने,<br>○ आश्रयगृहले प्रदान गर्ने सेवालाई अत्यावश्यक सेवामा समावेश गराउने,<br>○ मापदण्ड अनुरुप सञ्चालन भए नभएको अनुगमन गर्ने, आश्रयस्थल अपाङ्गमैत्री बनाउने<br>○ हरेक जिल्लामा जिल्ला समन्वय समितिको समन्वयमा सबै पालिकाहरुको अपनत्व सहितको अल्पकालीन आश्रयस्थल निर्माण गर्ने र हरेक प्रदेशमा एक/एक वटा दीर्घकालीन पुन:स्थापना केन्द्र निर्माण गर्ने,<br>○ महिला, बालबालिका, अपाङ्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, मानसिक समस्या भएका व्यक्तिहरुको फरक फरक किसिमको समस्या हुने हुँदा यस कुरालाई मध्यनजर गरी आश्रयस्थलको निर्माण र सञ्चालन गर्ने व्यवस्था गर्ने ।<br>• विगतमा जिल्लामा रहेका महिला बालबालिका कार्यालय खारेज भएसँगै महिला बालबालिका ज्येष्ठ नागरिक लगायत जोखिममा परेको समुदायका सवाललाई सहजीकरण र सम्बोधन गर्ने निकायको अभाव भएको हुँदा प्रत्येक जिल्लामा महिला बालबालिका सम्पर्क केन्द्र स्थापना गर्ने,<br>• यौनिक तथा लैगिक अल्पसङ्ख्यक समुदायलाई हेर्ने दृष्टिकोण, गर्ने व्यवहार र सोचमा परिवर्तन गर्न आवश्यक भएकाले सचेतनाका कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन गर्ने,<br>• प्रत्येक मन्त्रालय, बिभाग, आयोग, प्रदेश , जिल्ला स्तरका कार्यालय र स्थानीय तहसम्म लैङ्गिक सम्पर्क विन्दु अनिवार्य तोकी TOR सहित अर्थपूर्ण भूमिकाको सुनिश्चित गर्ने,<br>• लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास निवारणका लागि राष्ट्रिय कार्ययोजना बनाई लागू गर्ने,<br>• हाल कार्यान्वयनमा रहेको एकल महिला सुरक्षाकोष मापदण्डमा समयसापेक्ष परिमार्जन गरी कोषको प्रभावकारी परिचालन गर्न सिफारिस गर्ने र परिचयपत्र नवीकरण गर्ने कार्य अनलाईन मार्फत गर्ने व्यवस्था मिलाउने,<br>• स्थानीय तहहरुले लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास अन्त्यका |

| | | |
|---|---|---|
| | | लागि संचालित कार्यक्रम तथा अभियानमा पुरुष सहभागिताका लागि आवश्यक कानुनी व्यवस्था गर्ने,<br>• लैंगिक हिंसा निवारण कोष(संचालन) नियमावली २०६७ (दोस्रो संसोधन २०७६ ) ले व्यवस्था गरे बमोजिम सातवटै प्रदेश र सबै स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष अनिवार्य स्थापना गराउने,<br>• योगमाया नारी दिवसलाई राष्ट्रिय दिवसका रुपमा मनाउन सरकारलाई सिफारिस गर्ने ।<br>• सूचना तथा प्रविधिको विकास तथा बढ्दो प्रयोग, वैदेशिक रोजगारीमा रहेको प्रतिबन्ध, अशिक्षा, गरिवी लगायतका कारणले महिलाहरु बेचबिखनमा पर्ने क्रम बढ्दै गएको अवस्था देखिँदा मानव वेचविखन तथा ओसारपसार नियन्त्रण ऐन तथा नियमावलीलाई पालेर्मो प्रोटोकल लगायत अन्तर्राष्ट्रिय सन्धि/महासन्धि अनुकुल परिमार्जन गर्ने साथै बेचबिखनमा परेका पीडित तथा प्रभावितको जीविकोपार्जनमा सहजताका लागि क्षमता विकासका कार्यक्रम र सचेतनाको अभियानलाई व्यापक रुपमा सशक्त बनाउने । |
| ५) | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • हरेक स्थानीय तह अपाङ्गमैत्री हुनुपर्ने र सेवा प्रवाहमा सहजता पुर्याउनका लागि सांकेतिक भाषा र दोभाषेको व्यवस्था गर्नुपर्ने,<br>• निजामती सेवा लगायत सार्वजनिक सेवामा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक समुदायका लागि संविधानमा व्यवस्था भए अनुरुप सकरात्मक विभेद र आरक्षणको व्यवस्था गर्ने,<br>• यौनिक तथा लैंगिक अल्पसङ्ख्यक समुदायलाई हेर्ने दृष्टिकोण, गर्ने व्यवहार र सोचमा परिवर्तन गर्न आवश्यक भएकाले विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा समेत यो विषय समावेश गर्ने र सचेतना गराउने,<br>• प्रत्येक पालिकामा ५० वर्ष भन्दा कम उमेरका एकल महिलाको तथ्याङ्क यकिन गरी रोजगारीमा प्राथमिकता दिने,<br>• घरेलु हिंसाको मुख्य कारण मादक पदार्थ सेवन भएको पाइएको हुँदा प्रत्येक स्थानीय तहले मादक पदार्थ सेवनलाई नियन्त्रण, व्यवस्थापन र नियमन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने,<br>• स्थानीय तहहरुले लैङ्गिक हिंसा तथा हानिकारक अभ्यास अन्त्यका लागि संचालित कार्यक्रम तथा अभियानमा पुरुष सहभागिता अनिवार्य गर्ने,<br>• महिलालाई प्रत्यक्ष लाभ पुर्याउने हिसावले प्रदेश र स्थानीय तहले |

| | | |
|---|---|---|
| | | पनि लैंगिक उत्तरदायी बजेटको व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूर्ण बनाउने,<br>• तहाँ मन्त्रालय अन्तर्गत स्थानीय तहमा सञ्चालित तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने । |
| ६) | गृह मन्त्रालय | • आश्रयगृहले प्रदान गर्ने सेवालाई अत्यावश्यक सेवामा समावेश गराउने,<br>• बहुअपाङ्गता भएका महिलाहरुको लागि सामाजिक सुरक्षा भत्तामा पुनरावलोकन गर्ने,<br>• यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई पहिचान सहितको नागरिकताको अधिकार सुनिश्चित गर्न पर्ने,<br>• यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिको वैवाहिक जीवनलाई कानुनी मान्यता दिनु पर्ने,<br>• नेपाल प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको जनशक्तिको संख्या कम भएको र महिला प्रहरी पनि पर्याप्त नभएको हुँदा सो को आवश्यक संख्यामा व्यवस्थापन गर्नुका साथै प्रहरीलाई लैङ्गिक सवालमा तालिम तथा अभिमुखीकरणको लागि व्यवस्था गर्ने,<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा शिशु स्याहार केन्द्र र स्तनपान कक्षको स्थापना गर्ने,<br>• घरेलु हिंसाको मुख्य कारण मादक पदार्थ सेवन भएको पाइएको हुँदा मादक पदार्थ सेवनलाई नियन्त्रण, व्यवस्थापन र नियमन गर्न आवश्यक कानुनी व्यवस्था गर्ने,<br>• प्रविधिमा आधारित महिला हिंसा (Technology Facilitated Gender Based Violence) दिन प्रतिदिन बढ्दै गएको अवस्थामा त्यस्तो हिंसा नियन्त्रण तथा नियमन गर्नका साथै पीडकलाई कडा कारवाहीको दायरामा ल्याई पीडितको न्याय प्राप्तिको अधिकार सुनिश्चितताका लागि प्रविधिको माध्यमबाट हिंसा पीडितले उजुरी दिने संयन्त्र ७७ वटै जिल्लामा रहने व्यवस्था गर्ने,<br>• तहाँ मन्त्रालय अन्तर्गत तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने । |
| ७) | कानुन, न्याय तथा संसदीय मामिला | • निजामती सेवा लगायत सार्वजनिक सेवामा यौनिक तथा लैंगिक अल्पसङ्ख्यक समुदायका लागि संविधानमा व्यवस्था भए |

| | | |
|---|---|---|
| | मन्त्रालय | अनुरुपको सकरात्मक विभेद र आरक्षणको व्यवस्था गर्ने,<br>• तहाँ मन्त्रालय अन्तर्गत तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने । |
| ८) | नेपाल कानुन आयोग | • निजामती सेवा लगायत सार्वजनिक सेवामा संविधानमा व्यवस्था भए अनुरुपको सकरात्मक विभेदको आधारमा आरक्षणको व्यवस्था गर्ने । |
| ९) | शहरी विकास मन्त्रालय | • आगामी दिनमा निर्माण हुने भौतिक संरचना लैंगिकमैत्री बनाउनु पर्ने । |
| १०) | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | • आगामी दिनमा निर्माण हुने भौतिक संरचना लैंगिकमैत्री बनाउनु पर्ने । |
| ११) | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • किशोरी तथा महिला हिंसालाई प्रोत्साहित गर्ने तथा उपेक्षा, हीनताबोध र बदनाम गराउने खालका अश्लील गीत, पम्पलेट, पोस्टर, प्रचारप्रसार र भिडियोहरुको निर्माण तथा प्रसारणमा रोक लगाउने,<br>• तहाँ मन्त्रालय अन्तर्गत रहेका तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने,<br>• प्रविधिमा आधारित महिला हिंसा (Technology Facilitated Gender Based Violence) दिन प्रतिदिन बढ्दै गएको अवस्थामा त्यस्तो हिंसा नियन्त्रण तथा नियमन गर्नका साथै पीडकलाई कडा कारबाहीको दायरामा ल्याई पीडितको न्याय प्राप्तिको अधिकार सुनिश्चितताका विषय तहाँ मन्त्रालयबाट निर्माणाधीन सूचना प्रविधि सम्बन्धी नीति तथा कानुनको मस्यौदामा समावेश गर्ने। |
| १२) | अर्थ मन्त्रालय | • महिलालाई प्रत्यक्ष लाभ पुर्याउने हिसावले प्रदेश र स्थानीय तहले पनि लैंगिक उत्तरदायी बजेटको व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूर्ण बनाउने,<br>• सम्पूर्ण तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने,<br>• सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहमा तलब सुविधा सहितको प्रसुति विदा, सुरक्षित कार्य वातावरण,अतिरिक्त काम बापत अतिरिक्त भत्ता, शिशु स्याहार केन्द्र लगायतका सुविधा सहित लैंगिकमैत्री वातावरण |

| | | |
|---|---|---|
| | | बनाउन आवश्यक व्यवस्था गर्ने । |
| १३) | राष्ट्रिय योजना आयोग | • महिलालाई प्रत्यक्ष लाभ पुर्याउने हिसावले प्रदेश र स्थानीय तहले पनि लैंगिक उत्तरदायी बजेटको व्यवस्था गर्ने र भइरहेको हकमा कार्यान्वयनलाई अर्थपूर्ण बनाउने। |
| १४) | निर्वाचन आयोग नेपाल | • नेपालको संविधानमा व्यवस्था भए बमोजिम राजनीतिक क्षेत्रमा जनसङ्ख्याको आधारमा महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने। |
| १५) | युवा तथा खेलकुद मन्त्रालय | • खेलाडी महिला र पुरुषबीच रहेको एकै किसिमको खेलमा भईरहेको असमान पारिश्रमिक हटाई महिलालाई संविधानले व्यवस्था गरेबमोजिम समान पारिश्रमिक प्रदान गर्न सिफारिस गर्ने । |
| १६) | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | • सामाजिक रुपान्तरणका अगुवा योगमाया न्यौपानेको पहिचान र भूमिकालाई उजागर र चिरस्थायी बनाउनको लागि पाठ्यसामाग्री बनाइ अध्ययन अध्यापन गराउने । |
| १७)<br><br>१८) | नेपाल राष्ट्र बैंक<br><br>रक्षा मन्त्रालय | • बैंक तथा वित्तीय संस्थामा लैङ्गिक हिंसा नियन्त्रण सम्वन्धी आचारसंहिता निर्माण गरी हरेक बैंक तथा वित्तीय संस्थामा परिपत्र गर्ने।<br>• मन्त्रालय अन्तर्गत रहेका सम्पूर्ण तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गर्न लगाउने । |

परिच्छेद ८

# अनुगमन तथा मूल्यांकन

## ८.१ प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को अनुगमन

राष्ट्रिय महिला आयोगले प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७९ को लैंगिक तथा सामाजिक समावेशीकरणको नजरबाट देशव्यापी अनुगमन गरी नेपाल सरकार, विभिन्न राजनीतिक दललाई लैंगिक तथा सामाजिक समावेशीकरणका सन्दर्भमा ध्यानाकर्षण गराउने काम गरेको छ । आयोगबाट निर्वाचनमा उम्मेदवार चयनमा महिलाको सहभागिता तथा महिलाको उम्मेदवारीको अवस्था, महिला उम्मेदवार, मतदाता र कर्मचारीहरुको शान्ती सुरक्षाको अवस्था, मतदान केन्द्रहरु लैंगिक संवेदनशीलता लगायतका विषयमा स्थलगत अनुगमन तथा अवलोकन गरिएको छ ।

**अनुगमनको विवरण**

| क्र.सं. | जिल्ला | नेतृत्व |
|---|---|---|
| १ | रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, भक्तपुर, ललितपुर र काठमाडौं | माननीय अध्यक्ष कमला कुमारी पराजुली |
| २ | चितवन, गोरखा, धादिङ र काठमाडौं | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा |
| ३ | धनुषा, महोत्तरी र सर्लाही | माननीय सदस्य विद्या कुमारी सिन्हा |
| ४ | सिरहा र सप्तरी | माननीय सदस्य जया घिमिरे |
| ५ | तनहुँ, लमजुङ र कास्की | माननीय सदस्य सावित्रा कुमारी शर्मा |
| ६ | चितवन र धादिङ | सचिव श्री कविराज पौडेल |

**अनुगमनले औंल्याएका विषय**

- प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन,२०७९ मा खासगरी राजनीतिक पार्टीहरुले उम्मेदवार चयन गर्दा लैंगिक समावेशीकरणलाई महत्व नदिएको। अधिकांश दलहरुले पुरुषलाई नै उम्मेदवार चयन गरेको ।
- स्थानीयस्तरमा मतदाता शिक्षाको कमी देखिएको ।
- मतदान केन्द्र अपाङ्गमैत्री बनाउन खासै चासो राखेको पाईएन। पर्याप्त र उपयुक्त स्थान भएपनि ह्वीलचियर लैजान सकिने गरी मतदानस्थल नबनाएको ।
- कतिपय मतदानस्थलहरु सुरक्षा संवेदनशीलताको हिसाबले जोखिमपूर्ण स्थानमा राखिएको पाइयो ।
- निर्वाचन स्थलहरुमा प्राथमिक उपचारको व्यवस्था नहुँदा गर्भवती, बृद्धबृद्धाहरु, दीर्घरोगी जस्ता मतदाताहरु स्वास्थ्यको जोखिम लिएर मतदानमा सहभागी हुनुपर्ने अवस्था देखिएको।
- मतदानको दिनमा अनुगमन गर्दा मतपेटिका ४/४ वटा भयो कारण मतदाताहरुलाई मत खसाल्न दुविधा भयो।

- तराईका विशेषगरी सीमावर्ती क्षेत्रमा दोहोरो नागरिकताको कारणले मतदाता चिन्न समस्या भयो, त्यसैले गर्दा निश्पक्षरुपमा निर्वाचन सम्पन्न गर्न कठिनाई उत्पन्न भयो देखिएको।
- कतिपय स्थानीय तहहरुले अशक्त असाहाय मतदाताहरुलाई मतदानस्थलसम्म लैजाने र मतदानस्थलबाट घरसम्म पुर्याउने निशुल्क व्यवस्था गरेको पनि पाईयो ।

## ८.२ लैंगिकहिंसाका घटना, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) पुनर्स्थापना केन्द्र, आश्रयस्थल, बृद्धाश्रम स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्वास्थ्य केन्द्र लगायतका विभिन्न सेवा प्रदायक संस्था र निकायको स्थालगत अनुगमको विवरण

**माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा सम्पन्न भएका अनुगमनहरु**

| क्र. सं. | मिति | अनुगमन गरिएको जिल्ला | अनुगमन गरिएको विषय | आयोगबाट दिएको सुझाव/उपलपब्धी |
|---|---|---|---|---|
| १ | २०७९/४/६ | मोरङ | जिल्ला प्रशासन कार्यालय अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा माननीय सदस्य सावित्रा कुमारी शर्मा, कानुन उपसचिव चमिला भट्टराई र मनोमरामर्शकर्ता तुलसा कटुवाल लगायतका टोलीबाट जिल्ला प्रशासन कार्यालयको अनुगमन गरी प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल लगायतका टिमसँग जिल्लामा महिलाको अवस्था बारेमा छलफल भयो । लैंगिक हिंसाका घटनाका प्रवृत्ति जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, OCMC र महिला सम्बन्धी संघसंस्था लगायत सेवा प्रदायकहरुसँगको समन्वय सहकार्य र हिंसा पीडित महिलाको न्यायमा पहुँचका विषयमा छलफल भयो। पीडितमैत्री सेवा प्रवाहमा जिल्ला प्रशासन कार्यालयबाट प्रभावकारी भूमिका निर्वाह गर्ने सुझाव, सल्लाह दिने काम भयो । |
| २ | २०७९/५/१९ | धनुषा | जिल्ला प्रशासन कार्यालय अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा कानुन अधिकृत आश्रिती पोखरेल लगायतका टोली जिल्ला प्रशासन कार्यालयको अनुगमन गरी प्रमुख जिल्ला अधिकारी लगायतका टिमसँग जिल्लामा महिलाको अवस्था बारेमा छलफल भयो । बाल विवाह, दाँइजो प्रथा, बहुविबाह, बोक्सी आरोप लगायतका कारण महिला माथि हुने जघन्य हिंसाको अवस्था र त्यसको |

| | | | | |
|---|---|---|---|---|
| | | | | रोकथामका बारेमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, OCMC र महिला सम्बन्धी काम गर्ने सँघसंस्था लगायत सेवा प्रदायकहरुसँगको समन्वय सहकार्य र हिंसा पीडित महिलाको क्षतिपूर्ति सहित न्यायमा पहुँचका विषयमा छलफल भयो। पीडितमैत्री सेवा प्रवाहमा जिल्ला प्रशासन कार्यालयबाट महिलामैत्री व्यवहारसहित प्रभावकारी भूमिका निर्वाह गर्ने सुझाव सल्लाह दिने काम भयो । |
| ३ | २०७९/७/२९ | नुवाकोट | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको क्रममा जिल्ला प्रशासन कार्यालय अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित सुरक्षा निकायका पदाधिकारीहरुसँग बैठक बसी निर्वाचनको तयारी र त्यसमा महिला उम्मेदवार, महिला मतदाताहरु र महिला कर्मचारीहरुको सहभागिता र उनीहरुको सुरक्षाको विषयमा छलफल भयो ।<br>साथै, जिल्लामा भएका लैंगिक हिंसाका घटना र पीडितको न्यायमा पहुँचको अवस्था बारेमा छलफल गरी आवश्यक सुझाव तथा निर्देशन दिने काम भयो।<br>जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीका लागि व्यवस्था गरिएको स्तनपान कक्ष र बालमैत्री कक्ष जस्ता असल अभ्यासको थालनी भयो पाइयो। |
| ४ | २०७९/७/२९ | नुवाकोट | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको क्रममा मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले नुवाकोट जिल्ला अदालत तथा प्रमुख निर्वाचन अधिकृत लगायतको निर्वाचन टोलीसँग लैङ्गिक मैत्री निर्वाचन तयारी सम्बन्धमा बैठक बसी छलफल भयो।<br>जिल्ला अदालतमा आउने लैंगिक हिंसाका उजुरी, हिंसा पीडित महिलाको उमेर समूह र न्यायमा पहुँच विषयमा समेत छलफल भई जिल्ला |

| | | | | |
|---|---|---|---|---|
| | | | अदालतको अनुगमन | न्यायाधीशबाट जानकारी प्राप्त भयो र पीडितको छिटो छरितो र विवेकपूर्ण न्यायका लागि सुझाव तथा सल्लाह दिने काम भयो। |
| ५ | २०७९/७/२९ | नुवाकोट | विदुर नगरपालिका अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले विदुर नगरपालिका महिला विकास शाखा, नगरपालिकाबाट सञ्चालित अल्पकालिन सेफ हाउस र महिलासँग सम्बन्धित कार्यक्रमहरुको बारेमा जानकारी लिने काम भयो ।<br>साथै आयोगको तर्फबाट नगरपालिकाबाट प्रदान गरिने सेवा, सुविधामा लक्षित वर्ग र समुदायको पहुँच बढाउन सेवालाई प्रभावकारी र लैंगिक मैत्री बनाउन समेत सल्लाह र सुझाव प्रदान गरियो । |
| ६ | २०७९/७/३० | रसुवा | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको क्रममा मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला अदालतको अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले रसुवा जिल्ला अदालत तथा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख लगायतसँग लैंगिक तथा सामाजिक समावेशी मैत्री उम्मेदवारी अवस्था, लैङ्गिक मैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक अपांग ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्रहरुको व्यवस्था, मतदाता सचेतना आचारसंहिता सम्बन्धमा बैठक बसी छलफल भयो।<br>जिल्ला अदालतमा आउने लैंगिक हिंसाका उजुरी, हिंसा पीडित महिलाको उमेर समूह र न्यायमा पहुँच विषयमा समेत छलफल भई पीडितलाई छिटो छरितो र विवेकपूर्ण न्यायका लागि सुझाव तथा सल्लाह दिने काम भयो।<br>अनुगमनको क्रममा गाँउ बस्तीका स्थानीय मतदातासंग पनि भेटघाट र कुराकानी गरी राजनैतिक पार्टीहरुले आचार संहिता पालना गरे |

| | | | | |
|---|---|---|---|---|
| | | | | नगरेको र मतदाता सचेतना भए नभयो बारेमा जानकारी लिईएको थियो । |
| ७ | २०७९/७/३० | रसुवा | जिल्ला प्रशासन कार्यालय रसुवा अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले प्रमुख जिल्ला अधिकारी नवराज जैसी र जिल्लास्थित सुरक्षा निकायका पदाधिकारीहरु र सञ्चारकर्मी समेतको सहभागितामा बैठक बसी निर्वाचनको तयारी र त्यसमा महिला उम्मेदवार, महिला मतदाताहरु र महिला कर्मचारीहरुको सहभागिता र कर्मचारी, मतदाता, मतपत्र र मतदान केन्द्रको सुरक्षा सुनिश्चितताको विषयमा छलफल ।<br>साथै, जिल्लामा भौगोलिक विकटता, अशिक्षा तथा चेतनाको अभाव र गरिबीका कारण लोभ, प्रलोभनमा पारेर बालबिबाह, १२/१३ बर्षका बालिकाको उमेर बढाएर जन्मदर्ता, नागरिकता र राहदानी बनाउने र बैदेशिक रोजगारीको आवरणमा बालिकाको आन्तरिक र सीमापारी ओसारपसार बेचिबखन हुने, यौनहिंसाका घटना जस्ता समस्याहरु रहेको जानकारी भयो । जिल्लामा भएका लैंगिक हिंसाका घटना र पीडितको न्यायमा पहुँचको अवस्था बारेमा छलफल गरी त्यस्ता समस्या रोकथामका लागि प्रहरी प्रशासन र सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी प्रभावकारी योजना र कार्यान्वयनका लागि आयोगका माननीय अध्यक्षज्यूबाट आवश्यक सुझाव तथा निर्देशन दिने काम भयो। |
| ८ | २०७९/७/३० | रसुवा | OCMC अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले रसुवा जिल्ला अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को भौतिक अवस्था, त्यस केन्द्रबाट दिइएको सेवाको अवस्था र त्यस |

| | | | | |
|---|---|---|---|---|
| | | | | केन्द्र सञ्चालनमा देखिएको समस्याको बारेमा जानकारी लिईएको। OCMC ବारे सूचना बोर्ड राख्नुपर्ने, बिरामीको उपचार र मनोपरामर्शको व्यवस्था गर्ने, कानुनी सेवाको लागि उपयुक्त भौतिक संचरनाको व्यवस्था गर्नुपर्ने, OCMC बाट प्रदान गरिने सेवाको बिषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने र प्रमुख जिल्ला अधिकारी, स्थानीय तहका न्यायिक समिति र अन्य सरोकारवालाहरुसँग नियमित बैठक बस्नुपर्ने लगायतका सुझावहरु प्रदान गरिएको । |
| ९ | २०७९/८/१ | सिन्धुपाल्चोक | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला निर्वाचन अधिकारी र जिल्लास्थित सुरक्षा निकायका पदाधिकारीहरुसँग बैठक बसी निर्वाचनको तयारी,लैंगिक सामाजिक समावेशी मैत्री उम्मेदवारी अवस्था,लैङ्गिक मैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग, ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्रहरुको व्यवस्था र महिला कर्मचारीहरुको सहभागिता र उनीहरुको सुरक्षा सुनिश्चितताको विषयमा छलफल भयो । |
| १० | २०७९/८/१ | सिन्धुपाल्चोक | OCMC अनुगमन | जिल्ला अस्पतालस्थित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को भौतिक अवस्था त्यस केन्द्रबाट दिइएको सेवाको अवस्था र त्यस केन्द्र सञ्चालनका लागि देखिएको समस्याको बारेमा जानकारी लिईएको। केन्द्रको सूचना बोर्ड राख्नुपर्ने, बिरामीको उपचार र कानुनी सेवाको लागि पर्याप्त भौतिक संचरनाको व्यवस्था गर्नुपर्ने, OCMC बाट प्रदान गरिने सेवाको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने र प्रमुख जिल्ला अधिकारी, स्थानीय तहका पदाधिकारीहरु र अन्य सरोकारवालाहरुसँग नियमित बैठक बस्नुपर्ने लगायतका सुझाव प्रदान गरिएको । |
| ११ | २०७९/८/१ | काभ्रे | प्रतिनिधिसभा | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको |

| | | | | |
|---|---|---|---|---|
| | | | सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित सुरक्षा निकायका पदाधिकारीहरुसँग बैठक बसी निर्वाचनको तयारी, लैंगिक सामाजिक समावेशी मैत्री उम्मेदवारी अवस्था, लैङ्गिक मैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग, ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्रहरुको व्यवस्था र महिला कर्मचारीहरुको सहभागिता र उनीहरुको सुरक्षा सुनिश्चितताको विषयमा छलफल भयो । |
| १२ | २०७९/८/१ | काभ्रे | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा, महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित सुरक्षा निकायका पदाधिकारीहरुसँग बैठक बसी निर्वाचनको तयारी,लैंगिक सामाजिक समावेशी मैत्री उम्मेदवारी अवस्था,लैङ्गिक मैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक अपांग ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्रहरुको व्यवस्था र महिला कर्मचारीहरुको सहभागिता र उनीहरुको सुरक्षा सुनिश्चितताको विषयमा छलफल भयो । |
| १३ | २०७९/८/२ | भक्तपुर | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा महिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीले प्रमुख जिल्ला अधिकारीको कार्यालयमा जिल्ला सुरक्षा निकाय, जिल्ला निर्वाचन अधिकारी र सञ्चारकर्मीहरुसँग निर्वाचनमा महिलाको उम्मेदवारी, प्रचारप्रसारमा लैंगिक आचारसंहिताको पालनाको अवस्था, लैङ्गिक हिंसाको अवस्था, महिला, अशक्त, अपाङ्गता, ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्रको अवस्था लगायतका विषयमा छलफल गरी आयोगको तर्फबाट आवश्यक सुझाव तथा निर्देशन दिने काम भयो । |
| १४ | २०७९/८/२ | भक्तपुर | OCMC अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमामहिला विकास अधिकृत रोशनी श्रेष्ठ लगायतको टोलीलेभक्तपुर जिल्ला अस्पतालमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन गरी त्यहाँको भौतिक अवस्था,OCMC बाट दिइएको सेवाको अवस्था र त्यस केन्द्र सञ्चालनका लागि देखिएको समस्याको बारेमा जानकारी लिईएको। त्यहाबाट प्रदन गरिदै आएको सेवालाई अझ गुणस्तरयुक्त बनाउन सुझाव दिईएको। |
| १५ | २०७९/८/३ | ललितपुर | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमाशाखा अधिकृत चन्द्रा थापा लगायतको टोलीले ललितपुर जिल्लाको मुख्य निर्वाचन अधिकृतकोकार्यालयमा लैंगिक सामाजिक समावेशी मैत्री उम्मेदवारी अवस्था,लैङ्गिक मैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग, ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्रहरुको व्यवस्था, मतदाता सचेतना सम्वन्धमा वैठक बसी छलफल गरी आवश्यक सुझाव दिने काम भयो । |
| १६ | २०७९/८/३ | ललितपुर | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | आयोगका माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा शाखा अधिकृत चन्द्रा थापा लगायतको टोलीले ललितपुरको बज्रबाराहीस्थित निर्वाचन अधिकृतको कार्यलयमा निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृतसँग लैङ्गिक मैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक अपांग ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्रहरुको व्यवस्था, मतदाता सचेतना सम्बन्धमा छलफल गरियो। त्यसका साथै, बज्रबाराही मा.वि., नमुना मछिन्द्र मा वि लगनखेल, जावलाखेल, टिका बृद्धाश्रम केन्द्र सानेपा मतदान केन्द्रमा स्थलगत अवलोकन गरी मतदान अधिकृतहरुसंग लैङ्गिक मैत्री, ज्येष्ठ नागरिक र अपाङ्ग मैत्रीमतदानस्थलको तयारी र निर्वाचन आचारसंहिता विषयमा छलफल गरिएको। |
| १७ | २०७९/८/४ | काठमाडौं र ललितपुर | प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन | निर्वाचनको दिन मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगर, राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली र राष्ट्रिय समावेशी आयोगका माननीय अध्यक्ष रामकृष्ण तिमिल्सिना, राष्ट्रिय महिला |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुगमन | आयोगका शाखा अधिकृत चन्द्रा थापा र सञ्चारकर्मी सहितको टोलीबाट ललितपुर को इमाडोल र काठमाडौंको बसन्तपुर दरवार स्क्वायर, हनुमानढोका, काठमाडौं२ नं वडा कार्यालय, बुढानिलकण्ठ मा. वि. र शंखपार्क मतदान केन्द्रको स्थलगत अनुगमन गरिएको । सबै स्थानमा शान्तिपूर्ण र सहज वातावरणमा सन्तोषजनक ढंगले मतदान भयो देखियो । |
| १८ | २०७९/८/१४ | प्रसुती गृह, थापाथली | OCMC अनुगमन | थापाथली अस्पतालको OCMC को अनुगमन गरी त्यहाबाट प्रदान गरिदैं आएको सेवाको अवस्थाका बारेमा अनुगमन र छलफल भयो ।साथै, सेवालाई सुधार र प्रभावकारी बनाउन सुझाव तथा निर्देशन दिने काम भयो। |
| १९ | २०७९/११/२१ देखि २०७९/१२/१० | संयुक्त राज्य अमेरिका को न्यूयोर्क र डि.सि. | ६७ औं Commission on Status of Womenकार्यक्रममा सहभागी | ६७ औं Commission on Status of Women कार्यक्रममा माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा समेतको सहभागिता भएको र अमेरिकास्थित महिलासंग सम्बन्धित विभिन्न निकायहरुमा अवलोकन भ्रमण समेत गर्ने कार्यक्रममा सहभागिता जनाएको । |
| २० | १० मार्च २०२३ | संयुक्त राज्य अमेरिका को न्यूयोर्क | कार्यक्रम अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको प्रमुख आतिथ्यतामा वियोण्ड वेइजिङ समिति नेपालको आयोजनामा "Technology & Innovation in Comprehensive Sexuality Education For achieving Gender Equality" विषयमा आयोजित Parallel Event सम्पन्न भयो ।उक्त कार्यक्रममा नेपाल लगायत विभिन्न विभिन्न देशका सरकारी तथा गैरसरकारी प्रतिनिधिहरु सहित न्यूयोर्कस्थित UN Mission Office नेपालको First Secretary कृष्ण अर्यालको समेत विशेष उपस्थिति रहेको थियो । |
| २१ | १२ मार्च २०२३ | संयुक्त राज्य अमेरिका को | कार्यक्रम अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको प्रमुख आतिथ्यतामा Baltimod Association of Nepalese in America (BANA) को आयोजनामा ११३ औं अन्तर्राष्ट्रयि श्रमकि |

| | | | | |
|---|---|---|---|---|
| | | बाल्टिमोड | | महिला दिवसको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।उक्त कार्यक्रममा नेपालबाट संविधान सभा सदस्य माननीय बिन्दा पाण्डे र राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको समेत विशेष अतिथिको रुपमा उपस्थिति रहेको थियो । |
| २२ | २०७९/१२/२० | धनकुटा | हिसा पीडित महिला आवास गृह अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा ना.सु. अनन्त घिमिरे सहितको टोलीले धनकुटा स्थित हिंसा पीडित महिलाको सुरक्षित आश्रयस्थल (सेफ हाउस) अनुगमन गरी त्यहाबाट प्रदान गरिदै आएको सेवाको अवस्था बारे जानकारी लिइएको। |
| २३ | २०७९/१२/२० | धनकुटा | जिल्ला प्रशासन कर्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा ना.सु. अनन्त घिमिरे सहितको टोलीले धनकुटा जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुख लगायत सुरक्षा अधिकारीहरुसँग बैठक बसी धनकुटा जिल्लामा महिला हिंसाको अवस्था, हिंसाको प्रकार, हिंसा पीडितहरुको न्यायमा पहुँचको अवस्था, स्थानीय तहका न्यायिक समिति, OCMC सँगको समन्वय र सहकार्यको बारे जानकारी लिएको। |
| २४ | २०७९/१२/२२ | उदयपुर | संस्था अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा नासु अनन्त घिमिरे सहितको टोलीले उदयपुर राजाबास स्थित WOREC को नारीबादी स्रोत केन्द्र तथा तालिम केन्द्रको अनुगमन गरिएको । |
| २५ | २०७९/१२/२२ | उदयपुर | सेफ हाउस अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा ना.सु. अनन्त घिमिरे सहितको टोलीले गाईघाटस्थित लैङ्गिक हिंसा पीडितलाई राखिएको सेफ हाउसको अनुगमन गरी हिंसाको प्रकार, हिंसा पीडितहरुको न्यायमा पहुँचको अवस्था, उनीहरुले प्राप्त गरेको सेवा र |

| | | | | |
|---|---|---|---|---|
| | | | | हिंसा पीडितलाई सेवा प्रदान गर्ने क्रममा देखिएको समस्या र समाधानका उपायहरुको बारेमा समेत जानकारी लिइएको । |
| २६ | २०७९/१२/२३ | उदयपुर | OCMC अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा ना.सु. अनन्त घिमिरे सहितको टोलीले गाईघाटस्थित जिल्ला अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन गरी हिंसा पीडित महिलाहरुको अवस्था, हिंसाको प्रकृति, उनीहरुको न्यायमा पहुँच, स्थानीय तहका न्यायिक समिति, OCMC सँगको समन्वय र सहकार्य र हिंसा पीडितलाई सेवा प्रदान गर्ने क्रममा OCMC मा देखिएको समस्या र समाधानका उपायहरुको बारेमासमेत जानकारी लिइएको । साथै, उक्त OCMC बाट सेवाग्राहीलाई प्रदान गरिदै आएको सेवा सन्तोष जनक रहेको देखियो । |
| २७ | २०७९/१२/२३ | उदयपुर | जिल्ला अदालत अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीकोनेतृत्वमा ना.सु. अनन्त घिमिरे सहितको टोलीले उदयपुर जिल्ला अदालतमा अनुगमन गरी जिल्ला अदालतमा आउने गरेका महिलाका मुद्दाहरु, महिलाको न्यायमा पहुँच महिला हिंसा घटना कारणहरु, हिंसा पीडित महिलाहरुलाई न्याय प्रदान गर्न देखिएका चुनौतिहरु लगायतका विषयमा जिल्ला न्यायाधीश, श्रेस्तेदार र सरकारी वकीलसँग बैठक बसी जानकारी लिएको । |
| २८ | २०७९/१२/२३ | उदयपुर | कटारी स्थित सेफ हाउस अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा ना. सु. अनन्त घिमिरे सहितको टोलीले कटारी स्थित सेफ हाउसको अनुगमन गरी हिंसा पीडित महिलाको अवस्थाको बारेमा जानकारी लिइएको। |
| २९ | २०७९/१२/२३ | उदयपुर | जिला प्रहरी कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा ना सु अनन्त घिमिरे सहितको टोलीलेजिल्ला प्रहरी कार्यालयको अनुगमन गरी महिल हिंसाका उजुरीहरु, हिंसाका |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रकृति र हिंसा पीडित महिलाको न्यायमा पहुँचको अवस्था बारे जानकरी लिई हिंसा पीडित महिलाको न्यायिक उपचारमा जिल्ला प्रहर कार्यालयको भूमिका प्रभावकारी बनाउन सुझाव दिने कार्य भयो। |
| ३० | २०७९/१२/२३ | उदयपुर | कटारी इलाका प्रहरी कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा ना सु अनन्त घिमिरे सहितको टोलीले उदयपुरको कटारीस्थित इलाका प्रहरी कार्यालयको अनुगमन गरी त्यस कार्यालयमा आउने हिंसाका पीडित महिलाहरुको अवस्था बारे जानकारी लिने काम भयो। |
| ३१ | २०८०/१/१२ | दार्चुला | OCMC अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारी किरण जोशी, राष्ट्रिय महिला आयोगका उपसचिव चमिला भट्टराई र सरकारी बकिल बर्षा ढकाल, महिला अधिकारकर्मी गौरी वडालसहितको टोलीले दार्चुला जिल्लाको सरकारी अस्पतालमा लैङ्गिक हिंसा पिडितका लागि सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रको अनुगमन भयो ।<br>अनुगमनको क्रममा भौतिक संरचनादेखि, जनशक्ति, वातावरण र सेवा प्रदायकको मानसिकता सबै पक्षबाट अत्यन्त कमजोर अवस्था देखियो । अस्पतालको व्यवस्थापन देखि प्राबिधिक जनशक्ति समेत सबैमा राजनैतिक हस्तक्षेप र प्रभावका कारण सेबा प्रवाहमा नकारात्मक असर परेको अवस्था देखियो ।<br>अनुगमनको क्रममा देखिएका समस्या उजागर गर्दै त्यहाँबाट प्रदान गरिदै आएको सेवालाई विशेष किसिमले सुधार गर्न सेवाको बारेमा सेवाग्राही लाई जानकारी गराउन सबै सरोकारवाला संघ संस्थाहरुसंग समन्वय गरेर सूचनाको व्यवस्था गरी प्रभावकारी सेवाको लागि सुझाव, सल्लाह र निर्देशन दिएको कारण तत्काल सुधारको थालनी भयो छ। |

| | | | | |
|---|---|---|---|---|
| ३२ | २०८०/१/१३ | दार्चुला | जिल्ला प्रहरी कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारी किरण जोशी, जिल्ला न्यायाधिवक्ता, प्रहरी प्रमुख, राष्ट्रिय महिला आयोगका उपसचिव चमिला भट्टराई र सरकारी वकिल वर्षा ढकाल सहितको टोलीबाट दार्चुला जिल्ला प्रहरी कार्यालयमा लैंगिक हिंसाका घटनाको अवस्था, हिंसा पीडित महिलाको उजुरी र सहजीकरण, समन्वय र न्यायमा पहुँचको अवस्थाबारे जानकारी लिइएको ।<br>महिला प्रमुख जिल्ला अधिकारी भएको कारणले हिंसा पीडित महिलाहरुले उजुरीका क्रममा आफ्ना समस्याहरु राख्न सहज र विशेष अपनत्व महसुस भएको बताउनु भयो । |
| ३३ | २०८०/१/१४ | बैतडी | जिल्ला प्रशासन कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा उपसचिब चमिला भट्टराई र सरकारी वकिल वर्षा ढकाल सहितको टोलीले बैतडी जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा निकायका प्रमुख लगायतसँग बैठक बसी जिल्लामा प्रचलित हानिकारक अभ्यासको नकारात्मक प्रभाव, त्यसबाट हुने हिंसाका प्रकारहरु, उजुरीमा आउने हिंसा पिडित महिलाका किसिम, हिंसा पीडितहरुको न्यायमा पहुँचको अवस्था बारेमा छलफल तथा प्रमुख जिल्ला अधिकारीबाट जानकारी दिने काम भयो ।<br>छलफल पश्चात आयोगको माननीय अध्यक्षले समाजमा विद्यमान हानिकारक अभ्यासहरु: बालबिबाह, बहुबिबाह, महिनाबारीको समयमा गरिने विभेद (छाउपडी प्रचलन), जातीय विभेद, अशिक्षा र चेतनाको अभावका कारण भयो अन्धविश्वासलाई हटाउन विभिन्न किसिमका उपायहरु अवलम्बन, सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गर्दै पिडित मैत्री बातावरण निर्माण र सेवाप्रवाहका लागि सुझाव, सल्लाह र निर्देशन भयो । |

| | | | | |
|---|---|---|---|---|
| ३४ | २०८०/१/१४ | बैतडी | OCMC अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा बैतडीका प्रमूख जिल्ला अधिकारी सुरेश पन्थी, प्रहरी नायब उपरीक्षक प्रेम बहादुर शाही, DSP अर्चना सिन्हा, महिला आयेगको उपसचिव चमिला भट्टराई र सरकारी बकिल वर्षा ढकाल सहितको टोलीले बैतडी जिल्ला अस्पतालमा सञ्चालित एकद्वार संकट व्यबस्थापन केन्द्र (OCMC) को भौतिक पूर्वाधार समेतको अवलोकन अनुगमन गरी OCMC बारे हिंसा पीडित महिलाहरुलाई जानकारी, पहुँच, हिंसाको प्रकृति, सेवाको गुणस्तर, दक्ष जनशक्तिको अवस्था, भौतिक पूर्वाधार र OCMC बाट सेवाग्राहीले पाएको सुविधा, स्थानीय तहको न्यायिक समितिसँगको समन्वय लगायतका विषयमा जानकारी लिने काम भयो ।<br>आयोगको टोलीको अबलोकन र अनुगमनबाट भौतिकपूर्वाधार आवश्यकता अनुसारको सन्तोष जनक पाईयो । सूचना र जानकारीको लागि एफ.एम.बाट जिंगल प्रशारण भएर गाँउ घरसम्म जानकारी दिएको, सेवाग्राही केन्द्रित, वालमैत्री बाताबरण रहेको पाईयो । हालका प्रमुख जिल्ला अधिकारीबाट समेत विशेष चासोका साथ समय समयमा अनुगमन, सुझाव र आवश्यक निर्देशन भएका कारण समग्रमा OCMC बाट प्रदान गरिने सेवा प्रभावकारी र उदाहरणीय भएको पाइयो । |
| ३५ | २०८०/१/१५ | डडेलधुरा | OCMC अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा डडेलधुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी विश्वराज न्यौपाने, प्रहरि नायब उपरीक्षक मनोहर प्रसाद भट्ट, उपसचिव चमिला भट्टराई र सरकारी वकिल वर्षा ढकाल सहितको टोलीबाट डडेलधुरा जिल्ला अस्पतालमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को अनुगमन भयो । २०७६/७७ बाट सुरुवात भयो OCMC मा हिंसा पीडित महिलाहरुको आगमन, हिंसाको प्रकृति, OCMC |

| | | | | |
|---|---|---|---|---|
| | | | | बाट उनीहरुले पाएको सेवा, सुविधा, स्थानीय तहको न्यायिक समितिसँगको समन्वय, सिफारिस र एकद्वार संकट व्यवस्थापन केन्द्रलाई थप प्रभावकारी कसरी बनाउने भन्ने बारेमा समेत छलफल भयो र OCMC बाट प्रदान गरिने सेवा प्रभावकारी बनाउन आयोगको माननीय अध्यक्षबाट अस्पतालका प्रमुख , OCMC सम्पर्क व्यक्ति लगायतको टीमलाई सल्लाह, सुझाव र निर्देशन प्रदान गर्ने काम भयो। |
| ३६ | २०८०/१/१६ | कैलाली | जिल्ला प्रशासन कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा उपसचिव चमिला भट्टराई र सरकारी वकिल वर्षा ढकाल सहितको टोलीबाट कैलाली जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र सुरक्षा निकायका प्रमुखहरुसँग बैठक तथा छलफल गरी जिल्लामा महिला हिंसाको अवस्था, हिंसाको प्रकार, हिंसा पीडितहरुको न्यायमा पहुँचको अवस्था बारे जानकारी लिने काम भयो।<br>साथै कैलालीका प्रमूख जिल्ला अधिकारी युवराज कट्टेलको विशेष पहलमा जिल्लाप्रशासन कार्यालयमा आएका लैंगिक तथा यौनजन्य हिंसामा परेका पिडित महिलाहरुको समस्याको सुनुवाई गर्दै न्यायमा पहुँचको लागि सहजीकरण र समन्वय समेत भएर पिडित मैत्री सेवा प्रदान भयो थाहा पाउँदा खुशी लाग्यो । |
| ३७ | २०८०/१/१६ | कैलाली | संस्था अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल, उपसचिव चमिला भट्टराई र सरकारी वकिल वर्षा ढकाल सहितको टोलीले कैलालीस्थित दृष्टि फाउन्डेशनद्वारा सञ्चालित यौनजन्य लैङ्गिक हिसाको कारण मानसिक समस्यामा परेका महिला र बालबालिकाको सुरक्षित आश्रयस्थलको अवस्था अनुगमन गरिएको। |
| ३८ | २०८०/१/१६ | कैलाली | OCMC अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा कैलाली जिल्लाका |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रमुख जिल्ला अधिकारी, उपसचिब चमिला भट्टराई र सरकारी वकिल वर्षा ढकाल सहितको टोलीले सेती प्रादेशिक अस्पताल सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन गरी त्यहाँको भौतिक पूर्वाधार, जनशक्ति, हिंसा पीडितको अवस्था, त्यहाँबाट प्रदान गरिने सेवा सुविधा हिंसा पीडितहरुको न्यायमा पहुँच लगायतका विषयमा जानकारी लिने काम भयो। |
| ३९ | २०८०/१/१६ | कैलाली | जिल्ला प्रहरी कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा उपसचिब चमिला भट्टराई र सरकारी वकिल वर्षा ढकाल सहितको टोलीले कैलाली जिल्ला प्रहरी कार्यालयमा लैङ्गिक हिंसा पीडितको उजुरी, प्रहरी कार्यालयबाट भयो सेवा र लैङ्गिक मैत्री वातावरणबारे अध्ययन अनुगमन गरिएको। |
| ४० | २०८०/१/२७ | सुर्खेत | जिल्ला प्रशासन कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा प्रमुख महिला विकास अधिकृत सीता अधिकारी सहितको टोलीले सुर्खेत जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरुसँग बैठक बसी जिल्लामा महिला हिंसाको अवस्था, हिंसाको प्रकार, हिंसा पीडितहरुको न्यायमा पहुँचको अवस्था बारे जानकारी लिनुका साथै, आवश्यक सुझाव र निर्देशन दिने कार्य भयो । |
| ४१ | २०८०/१/२७ | सुर्खेत | विरेन्द्रनगर नगरपालिका अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा उपसचिब सीता अधिकारी सहितको टोलीले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक र बादी लगायतका सीमान्तकृत सवालमा गरिएका पहल र कार्यक्रमहरुबारे विरेन्द्रनगर नगरपालिकको अनुगमन र नगरपालिका प्रमुख मोहनमाया ढकाल तथा उपप्रमुख सहितको टोलीसँग छलफल गर्यो। साथै, कर्णालीका विभिन्न जिल्लाबाट प्रतिनिधित्व गरेका बाल सञ्जालका प्रतिनिधिहरुसँग समेत बालअधिकार र बालबालिकाको सवालबारे अन्तर्क्रिया भयो । |

| | | | | |
|---|---|---|---|---|
| ४२ | २०८०/१/२७ | सुर्खेत | जिल्ला प्रहरी कार्यालय सुर्खेत | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा उपसचिव सीता अधिकारी सहितको टोलीले जिल्ला प्रहरी कार्यालयमा महिला सेलको अनुगमन, प्रहरी कार्यालयमा महिला थुनुवा/कैदीको बारेमा जानकारी, लैङ्गिक हिंसाको अवस्था, उजुरी, न्यायमा सहजीकरण र पहुँच, लैङ्गिक मैत्री सेवा र वातावरण, स्थानीय न्यायिक समिति, OCMC सँगको समन्वय र सहकार्यको अवस्थाबारे अध्ययन, अवलोकन, अनुगमन गरी जानकारी लिइएको । साथै, आवश्यक सुझाव तथा निर्देशन दिने काम भयो । |
| ४३ | २०८०/१/२७ | सुर्खेत | मानव अधिकारका लागि महिला (WHR अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा उपसचिव सीता अधिकारी सहितको टोलीले मानव अधिकारका लागि महिला (WHR) सँगको सहकार्यमा हिंसा पीडित महिला र संक्रमणकालीन न्यायको अवस्था बारे अनुगमन तथा छलफल गरी एकल महिलाहरुको अवस्था सुधारका लागि आवश्यक सुझाव प्रदान गरिएको । |
| ४४ | २०८०/१/२७ | सुर्खेत | मुख्यमन्त्री कार्यालय अनुगमन | राष्ट्रिय महिला आयोगको माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा राष्ट्रिय मानव अधिकार आयेगका माननीय सदस्य लिलि थापा, मानव अधिकार आयोगका सहसचिव नवराज साप्कोटा लगायतको टोलीबाट कर्णाली प्रदेशको मूख्यमन्त्री कार्यालय अनुगमन गरी अनुगमनको क्रममा मूख्यमन्त्री माननीय राज कुमार शर्माज्यूसंग भेटघाट गरेर कर्णली प्रदेशमा महिला अधिकार र मानव अधिकारको अवस्था बारेमा कुराकानी र छलफल भयो ।<br>कुराकानीको सन्दर्भमा कर्णार्ली प्रदेश भौगोलिक बिकटता, शिक्षा र चेतनाको अभाव, समाजमा विद्यमान हानीकारक अभ्यासको प्रयोगको कारण महिला मानव अधिकारको अवस्था अत्यन्त कमजोर रहेको, जातीय विभेद, लैंगिक हिसा, महिनावारी विभेद र हिंसा, बालविवाह, बहुविवाह, यौनजन्य दुर्व्यवहार |

| | | | | |
|---|---|---|---|---|
| | | | | लगायत लैंगिकतामा आधारित हिंसाका घटनाहरु धेरै भयो हुँदा प्रदेश सरकारले विशेष चाँसो र ध्यान दिदै सरकारले भौतिक विकासलाई मात्र महत्व नदिई मानवीय विकासका लागि योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने र सबै स्थानीय तह सरकारलाई लैंगिक उत्तरदायी बजेट बिनियोजन गरी समाजमा सचेतनामूलक र पछाडि परेका समुदायका लागि क्षमता अभिबृद्धिका कार्यक्रम समेत गराउन मुख्यमन्त्री कार्यालयबाट निर्देशन दिन महिला आयोगको माननीय अध्यक्षबाट अनुरोध गरियो । |
| ४५ | २०८०/१/२७ | सुर्खेत | द्वन्द पीडित महिलाको घरमा भेटघाट | राष्ट्रिय महिला आयोग र राष्ट्रिय मानव अधिकार आयोगको संयुक्त अनुगमन टोली विरेन्द्रनगर नगरपालिका लाटीकोइलीमा पुगी द्वन्दको समयमा यौन दुर्व्यवहारबाट पीडित महिला र निजको परिवारलाई भेँई निज पीडित महिलालाई न्यायको लागि आयोगको तर्फबाट हुनसक्ने सहयोग गर्ने जानकारी गरिएको । |
| ४६ | २०८०/२/७ | पाल्पा | अनुगमन बैठक | जिल्ला प्रशासन कार्यालय पाल्पामा प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला सहित जिल्ला प्रशासन कार्यालयको टोलीसँग आयोगको अध्यक्ष कमलाकुमारी पराजुलीको नेतृत्वमा Partner For Reproductive Justice Nepal (IPAS) का कार्यक्रम प्रमुख माधवी बज्राचार्य लगायतको टोलीको अनुगमन बैठक भयो । पाल्पा जिल्लामा महिला अवस्था, जिल्ला स्थित सरकारी अस्पतालको OCMC को अवस्था, प्रभावकारीता, महिलाको प्रजनन स्वास्थ्यको अवस्था, लैङ्गिक हिंसाका किसिम, उजुरीका प्रकृतिहरु, न्यायमा पहुँच, प्रहरी प्रशासन, न्यायालय OCMC बीचको समन्वय र जिल्ला प्रशासन कार्यालय प्रभावकारी र लैङ्गिकमैत्री सेवा प्रवाह सम्बन्धमा छलफल, जानकारी, सुझाव, सिफारिस, निर्देशन भयो । |
| ४७ | २०८०/२/७ | पाल्पा | OCMC अनुगमन | प्रमुख जिल्ला अधिकारी बन्दु प्रसाद बास्तोला सहित जिल्ला प्रशासन कार्यालयको टीमसँग आयोगको अध्यक्ष कमलाकुमारी पराजुलीको नेतृत्वमा जिल्ला स्थित सरकारी अस्पतालको |

| | | | | |
|---|---|---|---|---|
| | | | | OCMC को अनुगमन गरियो । अस्पतालमा २०७६ बाट OCMC सुरुवात भयो, त्यसपश्चात हालसम्म आएका लैङ्गिक हिंसा पीडितको संख्या, किसिम, OCMC बाट प्राप्त सेवा, OCMC मा आउने सिफारिस, स्थानीय तह, प्रहरी प्रशासन, सरकारी बकिल, न्यायालय, सेफ हाउससँगको समन्वय सहकार्य सम्वन्धी जानकारी लिने र OCMC लाई थप प्रभावकारी बनाउने बारेमा सुझाव सिफारिस र निर्देशन भयो । साथै अस्पतालमा प्रदान गरिने प्रजनन स्वास्थ्य सेवा, सुरक्षित गर्भपतन तथा परिवार नियोजन सेवासम्बन्धी पनि जानकारी लिने र त्यसलाई प्रभावकारी बनाउन सुझाव तथा सिफारिस भयो । |
| ४८ | २०८०/२/८ | पाल्पा | रम्भा गाउँपालिका स्वास्थ्य चौकी अनुगमन | पाल्पा जिल्ला रम्भा गाउँपालिका ढुंगी स्वास्थ्य चौकीको अनुगमन गरियो । स्वास्थ्य चौकीको भौतिक पूर्वाधार व्यवस्थित भयो । गाउँपालिकामा पनि मेडिकल अधिकृत एमबीबीएस डाक्टरको व्यवस्था भयो, अनमी, अहेब, ल्याब असिस्टेन्ट सहितको व्यवस्था भएर प्रजनन स्वास्थ्यसम्बन्धी सेवा,सुरक्षित गर्भपतन र परिवार नियोजन सेवाहरु सहज ढंगले प्रवाह भयो र जटिल समस्यालाई तानसेन सिफारिस गरिएको पाइयो ।अनुगमनको क्रममा अनुगमन टोलीसँग जनप्रतिनिधि, स्वास्थ्यकर्मी, व्यवस्थापन समिति र सेवाग्राही महिला सहित करिब ३५-४०जना बीच सेवा आवस्थामा बारेमा लक्षित समूह छलफल समेत भयो । |
| ४९ | २०८०/२/८ | पाल्पा | रम्भा गाउँपालिका को कार्यालय अनुगमन | गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भण्डारी, अध्यक्ष राधाकुमारी श्रेष्ठ सहित गाउँपालिका पदाधिकारी कर्मचारी बीचमा गाउँपालिकाबाट भएका कार्यक्रमहरुको लैङ्गिकउत्तरदायी बजेट तथा महिला, बालबालिका, जेष्ठ नागरिक, सीमान्तकृतका विशेष कार्यक्रम, सेवा सुविधा लैङ्गिकनीति र विशेष योजना लगायत गाउँपालिकाबाट महिला स्वास्थ्य, प्रचलन स्वास्थ्य, सुरक्षित गर्भपतन तथा परिवार |

| | | | | |
|---|---|---|---|---|
| | | | | नियोजनसम्बन्धी बालिका तथा किशोरी महिलाका लागि सचेतना तथा विशेष जानकारीमुलक कार्यक्रम र प्रभावकारी सेवाका बारेमा समेत छलफल भयो । |
| ५० | २०८०/२/८ | पाल्पा | अगुवा तथा आमा समूहसँग अनुगमन बैठक | रम्भा गाउँपालिका का ५० भन्दा बढी महिलासँग अनुगमनको क्रममा महिलाको अवस्था महिलाका अधिकारका सवालहरु, अवरोध, चुनौती,लैङ्गिक हिंसाका घटना गाउँपालिका भित्रका महिलाले झेलिरहेका समस्या, न्यायमा पहुँच हुन नसकेको, हिंसा अन्त्य र न्यायमा पहुँचका लागि गर्नुपर्ने सचेतना समन्वय र सहकार्यका सम्बन्धमा अन्तर्क्रियात्मक भेला सम्पन्न भयो |
| ५१ | २०८०/२/९ | पाल्पा | मदनपोखरा स्वास्थ्य केन्द्र अनुगमन | २०२८ सालमा स्थापित मदनपोखरा स्वास्थ्यकेन्द्रको अनुगमन गरियो । जिल्ला समन्वय समिति उपप्रमुख आशिका गैह्रे स्वास्थ्य केन्द्र प्रमुख उपेन्द्र घिमिरे सहितको टोलीबाट स्वास्थ्य केन्द्रको अवलोकन अनुगमन गरेर स्वास्थ्य केन्द्रबाट प्रदान भयो सेवा-सुविधा केन्द्रको भौतिक संरचना, व्यवस्थापन पक्ष लगायत पक्षहरूको अध्ययन गरियो । साथै स्वास्थ्य केन्द्रको टोली र सेवाग्राही समेतको सहभागितामा अन्तर्क्रियात्मक बैठक गरी स्वास्थ्य केन्द्रबाट प्रदान भइरहेको सेवाको अवस्था र त्यसलाई अझ प्रभावकारी बनाउने बारेमा समेत छलफल, सुझाव र सिफारिस भयो। |
| ५२ | २०८०/२/९ | पाल्पा | मदनपोखरा आमा समूहको अनुगमन तथा आमा समूह भेलामा सहभागी | अध्यक्ष कमला कुमारी पराजुली, आयोगको मनोसमाजिक अधिकृत निर्मला बस्नेत, Partner For Reproductive Justice Nepal (IPAS) का माधवी आचार्य सहितको टोली मदनपोखरा आमासमूहको अनुगमन तथा करीब ५० जना आमा समूह भेलामा सहभागिता भयो । भेलामा सहभागी महिलाहरुबाट त्यहाँका महिलाका समस्या, चुनौती, गाउँ समाजमा भएका घरेलु तथा लैङ्गिक हिंसाबाट प्रताडित समस्या र गुनासाहरु व्यक्त भए । साथै देशमा लोकतन्त्र, गणतन्त्र |

| | | | | |
|---|---|---|---|---|
| | | | | आएर पनि ग्रामीण महिलाको जीवनमा सुधार हुन नसक्दा झनै समस्या र चुनौतीहरु थपिएको कुरा राख्दै राष्ट्रिय महिला आयोगले त्यसको समाधानका लागि ध्यान दिनुपर्ने सुझावहरु आयो । आयोगक माननीय अध्यक्षको तर्फबाट सम्पूर्ण महिलाको अधिकार सुनिश्चितता र हिंसामा परेका महिलाको न्यायमा पहुँचको लागि समन्वय र पहल गर्ने बारेमा प्रतिबद्धता भयो । |
| ५३ | २०८०/२/९ | | तानसेन नगरपालिका अनुगमन | २०८०/०२/०९ गते आयोगको अध्यक्ष कमला कुमारी पराजुली, आयोगको मनोसमाजिक अधिकृत निर्मलाबस्नेत, आईपासका माधवी बज्राचार्य सहितको टोली तानसेन नगरपालिकाको अनुगमन गरियो । नगरपालिकाबाट महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक सीमान्तकृत, लैङ्गिक यौनिक अल्पसंख्यक र अपाङता भएका समुदायहरुका लागि कार्यक्रम र योजनाहरु बारेमा जानकारी लिने साथै नगरपालिकाको न्यायिक समितिमा आउने गरेको उजुरी, न्यायिक समितिबाट भएका विशेष व्यवस्था र पहल बारेमा पनि न्यायिक समिति प्रमुख तथा नगरपालिका उपप्रमुख प्रतीक्षा गाहाँ सिंजालीसँग छलफल अन्तर्क्रिया भयो । तानसेन नगरपालिकाभित्र ८९ जना स्वास्थ्य स्वयंसेविका भयो र प्रजनन् स्वास्थ्य सेवा तथा सुरक्षित गर्भपतन सेवा सम्बन्धमा विशेष सचेतनामूलक कार्यक्रम भयो जानकारी भयो । नगरपालिकामा विशेष लैङ्गिक नीति, लैङ्गिक उत्तरदायी बजेट र कार्यक्रममा प्राथमिकता दिने सुझाव तथा निर्देशन भयो । |
| ५४ | २०८०/२/९ | पाल्पा | हिंसा पीडित महिलाको लागि सञ्चालित अल्पकालीन आवासगृह को अनुगमन | २०८०/०२/०९ गते आयोगको अध्यक्ष कमला कुमारी पराजुली, आयोगको मनोसमाजिक अधिकृत निर्मला बस्नेतको टोली पाल्पा जिल्ला समन्वय प्रमुख टङ्कनाथ खनाल, जिल्ला समन्वय उपप्रमुख काभिका गैंहे, तानसेननगरपालिका उपप्रमुख प्रतीक्षा सिंजाली, तानसेन नगरपालिका-१ वडा अध्यक्ष सुनिल बस्याल, जिल्ला समन्वय अधिकारी जनार्दन अधिकारी, वडानम्बर २ |

| | | | | |
|---|---|---|---|---|
| | | | | अध्यक्ष महेश्वर श्रेष्ठ, आइपासकामाधवी बज्राचार्य र साझेदार संस्थाका वावुराम पौडेल सहितको टोलीबाट पाल्पा जिल्ला समन्वयसमितिबाट सञ्चालित हिंसा पीडित महिलाको अल्पकालीन सुरक्षित आवासगृहको अनुगमन भयो ।<br>अनुगमनको क्रममा रहेका हरेक जिल्लामा यस किसिमको आवास गृहको अपरिहार्यता भयो र जिल्ला समन्वय समितिका संयोजनमा सबै स्थानीय तहलाई समन्वय गरी साझेदारीमा सञ्चालन गर्नुपर्ने सुझाव आयो । उक्त आवासगृहमा OCMC बाट, जिल्ला प्रहरीबाट, स्थानीय तह र विभिन्न संघसंस्थाबाट पीडितहरू पठाउने गरेको । त्यसरी पठाएका पीडित बालिका, किशोरी र महिला कम्तीमा दुई दिनदेखि तीन महिनासम्म रहने गरेको अवस्था देखियो । आवासगृहमा प्रायः यौनजन्य हिंसामा परेका जबरजस्ती करणीबाट गर्भवती भएका, मानसिक समस्या भएका, घरेलु हिंसामा परेका हराएका र बेबारिसे अवस्थामा माहिंसा पीडितहरू आइपुग्ने थाहा भयो ।<br>यस्ता हिंसा पीडितलाई आश्रय दिइने आश्रयस्थल विशेष सुरक्षित र प्रभावकारी सेवा सुविधा भयो हुनुपर्ने तर उचित भौतिक पूर्वाधार र आर्थिक स्रोतको समेत अपर्याप्तताले प्रभावकारी हुन नसकेको गुनासो र सुझाव प्राप्त भयो । |
| ५५ | २०८०/३/५ | धनगढी | हिंसा पिडित महिलाको सुरक्षित आश्रयस्थल अनुगमन | २०८० असार ५ गते आयोग का माननीय अध्यक्ष कमला पराजुलीको नेतृत्वमा उपसचिव सीता अधिकारी, महिला विकास अधिकृत रोशनी श्रेष्ठ, धनगढी उप-महानगरपालिकाकी महिला विकास अधिकृत पंकजा जोशी सहितको टोलीबाट धनगढी उप महानगरपालिकाको सहयोगमा हिंसा पीडित महिलाको लागि सञ्चालित अल्पकालिन सूरक्षित आश्रय गृहको अनुगमन भयो ।<br>आश्रय गृहको भौतिक पूर्वाधार, जनशक्ति, हिंसा |

| | | | | |
|---|---|---|---|---|
| | | | | पिडित आश्रितहरुको अवस्था, घटनाको प्रवृति, आश्रितलाई प्रदान गरिएको सेवा तथा सुविधाको अवस्था र हिंसा पिडित आश्रितको न्यायमा पहुँचको लागि भयो समन्वय र सहकार्य लगायतका विषयमा जानकारी लिईयो ।<br>आयोगको तर्फबाट उपमहानगरपालिकाको आफ्नै पहलमा आश्रयगृहबाट प्रदान गरिएको सेवा तथा सुविधाको प्रशंसा गर्दै थप प्रभावकारी बनाउन उपमहानगरपालिकाकी उपप्रमूख लगायत व्यवस्थापन टोलीलाई सुझाव तथा सल्लाह प्रदान गरियो । |

**माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा सम्पन्न भएका अनुगमनहरु**

| क्र. सं. | मिति | अनुगमन गरिएको जिल्ला | अनुगमन गरिएको विषय | आयोगबाट दिएको सुझाव/उपलपब्धी |
|---|---|---|---|---|
| १ | २०७९/४/१९ | काठमाडौं | बहुसाँस्कृतिक मनोसामाजिक संस्था टि पि ओ अनुगमन | हिंसा पीडित महिलाहरुको उद्धारकोलागि कृयाशील संस्था टि पि ओ नेपालको अवस्था, त्यहाँबाट प्रदान गरिने सेवाको बारेमा स्थलगत अनुगमन गरिएको । जसबाट सेवाग्राहीलाई सुरक्षित, प्रभावकारी तथा दिर्घकालिन रुपमा अगाडी बढ्न सकिने गरी व्यवस्थापकीय पक्षलाई ध्यान दिएको पाईयो । |
| २ | २०७९/५/९ | काठमाडौं, बुढानिलकण्ठ | ६० बर्षीय आमा गोमा खड्कामाथि ज्यान मार्ने उद्योग | पिडितकोअवस्थारमागबारेबुझनकालागिपीडितले आश्रय लिई बसेको स्थान बुढानिलकण्ठ-४ गल्फुटार, प्रहरी वृत महाराजगंज र टिचिंग अस्पतालको स्थलगत अनुगमन गरिएको । यसरी सार्वजनिक स्थानमा हातपात गर्नेलाई कडा भन्दा कडा सजायको लागि पहलगरिदिन प्रहरी बृत्त प्रमुखलाई निर्देशन भयो । त्यसपश्चात् पीडकलाई कानूनी दायरामा ल्याउने काम भयो । पीडितलाई सेफ हाउसमा राखे व्यवस्था गरी अंश मुद्धाको लागि आयोगबाट मुद्दा दर्ता गरिएको र हाल मुद्दा चलिरहेको । |
| ३ | २०७९/६/१ | बुद्ध शान्ती नेपाल, काठमाडौं | लैंगिक अनुगमन | हिंसा पीडित महिलाहरुको सेवामा कार्यरत बुद्ध शान्ती नेपालको स्थलगत अनुगमन गरी उक्त संस्थाले महिला हिंसाको क्षेत्रमा गर्दै आएको काम कारबाहीको बारेमा जानकारी लिइएको । उक्त सस्थाबाट हिंसा पीडित महिलालाई न्याय दिलाएको, न्यायको पहुँच बृद्धि गराएको । |
| ४ | २०७९/६/४ | रुद्रान्जु प्रतिष्ठान कीर्तिपुर | रुद्रान्जु प्रतिष्ठानको भवन बृद्धबृद्धा बुवाआमाहरुला | प्रतिष्ठानको स्थापनाकर्ता दानवीरले आफ्नो स्वर्गीय श्रीमतीको नाममा रहेको सम्पत्ती दान गरी स्थापना भयो प्रतिष्ठानबाट बुवाआमाहरुलाई उपलब्ध गराईने विभिन्न |

| | | | | |
|---|---|---|---|---|
| | | | ई उपलब्ध गराईने सेवा बारे अनुगमन | सेवाको विषयमा जानकारी प्राप्त गर्ने र प्रतिष्ठानको भवन निर्माण कार्यको समेत अनुगमन भयो । बृद्धबृद्धाको मनोरञ्जन, खानपान र बसोबासको व्यवस्थापनको लागि अनुदान उपलबध गराउन नेपाल सरकार समक्ष सिफारिस गरिएको । लागनी स्वयमको रहेको साथै व्यवस्थापकीय पक्षको जिम्मा पनि स्वयमले नै गरिरहेको पाईयो । |
| ५ | २०७९/७/३ | महालक्ष्मी नगरपालिका, ललितपुर | लैंगिक अनुगमन | ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका ५ निबासी एक महिला माथि छिमेकीहरुले निर्घात् रुपमा कुटपिट गरेको घटनाको नवजीवन परोपकार समाजका अध्यक्ष, राष्ट्रिय मानव अधिकार प्रतिष्ठानका महासचिव र नेपाल प्रहरीका प्रतिनिधि साथमा अनुगमन गरी पीडितलाई उद्धार गरिएको । |
| ६ | २०७९/७/१५ | बाँके | निलसागर असाह्य, अशक्त तथा ज्येष्ठ नागरिक सेवा आश्रमको अनुगमन | नेपालगञ्जस्थित निलसागर असाह्य, अशक्त तथा ज्येष्ठ नागरिक सेवा आश्रमको स्थालगत अनुगमन गरी आश्रित व्यक्तिहरुको अवस्था, त्यस आश्रमबाट उपलब्ध गराइएको सुविधाको विषयमा जानकारी लिइएको । सकडका अनाथ, असहाय, जेष्ठ नागरिक, अपाङ्गलाई गास, बास, स्वास्थ्य, शिक्षा लागतयका नागरिकका मौलिक हक उक्त संस्थाले प्रदान गरिरहेको पाईयो। |
| ७ | २०७९/७/२६ | बारा | बाल मन्दिर आधारभूत विधालय | बारा जिल्लास्थित बाल मन्दिर आधारभूत विधालयद्वारा प्रदान गरिने सेवा सुविधाको विषयमा अनुगमन गरिएको । विद्यालयको भौतिक संरचना पर्याप्त रहेको भएता पनि व्यवस्थाकीय पक्ष कमजोर रहेको पाइएकोले यस तर्फ नेपाल सरकारको ध्यान जान जरुरी रहेको पाइयो । |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/७/२६ | बारा | बाल हेल्पलाइन | बारा जिल्लास्थित बाल हेल्पलाइनमा अनुगमन गरी बेचिएका र हिंसामा परेका दुई बालिकाको उद्धार गर्ने काम भयो । पीडितको स्वास्थ्य परीक्षण गरेर जिम्मेवारी पुरा गरेको देखिएकोले । बाल हेपलाईनको कार्य सन्तोषजनक रहेको पाइयो। नेपाल भारतमैत्री बालआश्रम रौतहटबाट उद्धार गरी दुई जना बालिकालाई उद्धार गरेको र १३ वर्षिय बालिकाको हातमा गर्भनिरोधक चक्की राखेको पाएपछि उक्त संस्थाले अन्यत्र सुरक्षित राखेको पाईयो । |
| ९ | २०७९/७/२६ | बारा | जिल्ला प्रहरी कार्यालयमा अनुगमन | जिल्ला प्रहरी कार्यालय र महिला सेलको अनुगमन गरी महिला हिंसा सम्बन्धी मुद्दाको अवस्था बारे जानकारी लिइएको । प्रहरीका अनुसार सीमा नाका नजिक रहेकाले बालबालिकाहरु बेचबिखन, बहुबिकाव, भागी विवाह, आर्थिक प्रलोभनमा बालबालिकाहरु बेचबिखनमा परेको, शिक्षाको कमि, गरिबी, र हिंसा भए पछि दवावमा मेलमिलाप गराई मुद्धा कमजोर बनाउने समस्या रहेको देखिएकोले आर्थिक सशक्तिकरण, जनचेतना तथा शिक्षाको व्यापक सुधार गर्नुपर्ने देखियो । |
| १० | २०७९/७/२६ | बारा | बाल हेल्पलाइन सेवा नेपालको अनुगमन | नेपाल भारतमैत्री बाल आश्रममा यौन हिंसामा परेका २ जना बालिकाहरुको उद्धार गरी कलैयास्थित बाल हेल्पलाइन सेवामा राखिएको अवस्थामा उक्त संस्थामा अनुगमन गरी बालिकाहरुको अवस्था बारे जानकारी लिने र उनीहरुलाई थप आश्रयको लागि काठमाडौं स्थित एक संस्थामा पठाइएको । |
| ११ | २०७९/७/२७ | बिरगञ्ज, पर्सा | लैंगिक अनुगमन | खुला नाकाबाट हुने महिला तथा बालबालिकाको बेचबिखन र महिला हिंसाको अवस्था बारे अनुगमन गरी जिल्लाका सुरक्षा निकायका प्रमुखहरु र सरोकारवाला पक्षहरुसँग छलफल गरी जानकारी लिइएको । |

| | | | | |
|---|---|---|---|---|
| १२ | २०७९/७/२९ | बारा | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | बारा जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग निर्वाचनमा महिला उम्मेदवारहरुको सहभागिता, लैंगिकमैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग तथा ज्येष्ठ नागरिकमैत्री मतदानस्थल, निर्वाचनमा महिला कर्मचारीहरुको परिचालनको अवस्था लगायतको विषयमा छलफल भयो । साथै, निर्वाचनलाई लैंगिक तथा सामाजिक समावेशीमैत्री बनाउन आवश्यक निर्देशन दिइएको। |
| १३ | २०७९/७/२९ | पर्सा | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | पर्सा जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग निर्वाचनमा महिला उम्मेदवारहरुको सहभागिता, लैंगिकमैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग तथा ज्येष्ठ नागरिकमैत्री मतदानस्थल, निर्वाचनमा महिला कर्मचारीहरुको परिचालनको अवस्था लगायतको विषयमा छलफल भयो । साथै, निर्वाचनलाई लैंगिक तथा सामाजिक समावेशीमैत्री बनाउन आवश्यक निर्देशन दिइएको। खुला सिमानाका कारण निशपक्ष निर्वाचन सम्पन्न गर्न आउन सक्ने चुनौतीहरुका विषयमा समेत छलफल गरी आवश्यक सुझाव दिइएको । |
| १४ | २०७९/७/३० | रौतहट | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | रौतहट जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग निर्वाचनमा महिला उम्मेदवारहरुको सहभागिता, लैंगिकमैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग तथा ज्येष्ठ नागरिकमैत्री मतदानस्थल, |

| | | | | |
|---|---|---|---|---|
| | | | | निर्वाचनमा महिला कर्मचारीहरुको परिचालनको अवस्था लगायतको विषयमा छलफल भयो । साथै, निर्वाचनलाई लैंगिक तथा सामाजिक समावेशीमैत्री बनाउन आवश्यक निर्देशन दिइएको।<br>विभिन्न मतदानस्थलहरुको अनुगमन गरी मतदानस्थलहरुलाई महिला, अपांग तथा बृद्धबृद्धामैत्री बनाउनुपर्ने, महिला मतदाताहरुलाई मतदानमा सहभागी गराउन प्रोत्साहित गर्नुपर्ने र हरेक निर्वाचनस्थलहरुमा प्राथमिक उपचार बक्सको व्यवस्था सहज गराउनु पर्ने लगायतका सुझाव दिईएको । |
| १५ | २०७९/७/३० | धनुषा | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | धनुषा जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग निर्वाचनमा महिला उम्मेदवारहरुको सहभागिता, लैंगिकमैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग तथा ज्येष्ठ नागरिकमैत्री मतदानस्थल, निर्वाचनमा महिला कर्मचारीहरुको परिचालनको अवस्था लगायतको विषयमा छलफल भयो ।<br>विभिन्न मतदानस्थलहरुको अनुगमन गरी मतदानस्थलहरुलाई महिलामैत्री, अपांगमैत्री, बृद्धबृद्धामैत्री बनाउनुपर्ने, महिला मतदाताहरुलाई मतदानमा सहभागी गराउन प्रोत्साहित गर्नुपर्ने र हरेक निर्वाचनस्थलहरुमा प्राथमिक उपचार बक्सको व्यवस्था सहज गराउनु पर्ने लगायतका सुझाव दिईएको। |
| १६ | २०७९/७/२९ | रौतहट | नेपाल भारत आश्रम अनुगमन | नेपाल भारत बालमैत्री अनाथलय आश्रममा बालिकाहरु माथि यौन हिंसा गरी हातमा गर्भनिरोधक नरप्लान्ट जडान गरिएको घटनामा अनुगमन गरी त्यस आश्रमबाट २ जना बालिकाको उद्धार गरिएको ।<br>घटनाको छिटो भन्दा छिटो अनुसन्धान गरी |

| | | | | |
|---|---|---|---|---|
| | | | | दोषीलाई कारबाहीका लागि गृहमन्त्रालयमा सिफारिस गरिएको । |
| १७ | २०७९/८/१ | ललितपुर | पाटन मानसिक अस्पताल अनुगमन | पाटन मानसिक अस्पतालमा महिला सेवाग्रहीहरुको अवस्था र त्यस अस्पतालबाट दिइने सेवा महिलामैत्री भए नभयो बारे जानकारी लिइएको। बिरामी राख्नलाई बेडको समस्या रहेको । भौतिक संरचनामा थप गर्नुपर्ने र मानसिक समस्या सम्बन्धी सरकारले उचित व्यवस्थापन गर्नुपर्ने देखियो। |
| १८ | २०७९/८/२ | चितवन | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | जिल्लामा महिला उम्मेदवारहरुको अवस्था, चुनाव प्रचार प्रसार, मतदान केन्द्रहरुको अवस्था र निर्वाचनमा महिला कर्मचारीहरुको उपस्थिति बारे जानकारी लिइएको ।<br>त्रिवेणी बराह मा वि, सर्वशान्ती मा वि, र चन्द्र उदय मा बि मतदान केन्द्रहरुको स्थलगत अवलवकन गरी मतदानको तयारी, महिलामैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री मतदान केन्द्र तयारी रहेको वा नरहेको सम्वन्धमा जानकारी लिइ आवश्यक सुझाव दिइएको बारेमा जानकारी लिइएको । |
| १९ | २०७९/८/२ | गोरखा | प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | मुख्य निर्वाचन अधिकृतको कार्यालयमा अनुगमन गरी निर्वाचन तयारीका सन्दर्भमा मुख्य निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग छलफल भयो ।<br>निर्वाचनको तयारीमा लैंगिक संवेदनशीलता, मतदान केन्द्रहरु लैंगिकमैत्री भए नभयो विषयहरुमा स्थलगत अवलोकन गरिएको ।<br>नवज्योती मा वि डण्डी डाँडा, शक्ति मा वि, बालमन्दिर मा वि मतदान केन्द्रहरुको अवलोकन गरिएको । |
| २० | २०७९/८/३ | धादिङ | प्रतिनिधिसभा तथा प्रदेशसभा | धादिङ जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा अनुगमन गरी महिला |

| | | | | |
|---|---|---|---|---|
| | | | सदस्य निर्वाचन अनुगमन | उम्मेदवारहरुको अवस्था, चुनाव प्रचार प्रसार, मतदान केन्द्रहरुको अवस्था र निर्वाचनमा महिला कर्मचारीहरुको उपस्थिति बारे जानकारी लिइएको । |
| २१ | २०७९/८/४ | काठमाडौं | प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन अनुगमन | निर्वाचनको दिन काठमाडौंका अरुणुनिमा मा बि, गोकर्नेश्पर चामुण्डा मा बि, कान्ति भैरव मावि कागेश्वरी, चलन्टार मा बि मनोहरा, राष्ट्रिय निर्माण मा बि मनोहरा, अरुणिमा एजुकेशन फाउण्डेशन र महेन्द्र बुद्ध सेकेण्डरी मतदान केन्द्रहरुमा उपस्थित भई मतदानमा महिला मतदाताहरुको सहभागिता र शान्ती सुरक्षाको अवस्था बारे स्थलगत अनुगमन गरिएको । |
| २२ | २०७९/८/२५ | पाँचथर | जिल्ला प्रहरी कार्यालय अनुगमन | पाँचथर जिल्ला प्रहरी कार्यालयमा अनुगमन गरी महिला हिंसाका उजुरी, न्यायिक समिति तथा एकद्वार संकट व्यवस्थापन केन्द्रसँगको समन्वय लगायतका विषयमा छलफल गरी मादक पदार्थ सेवन, बैदेशिक रोजगारीमा संलग्न महिलाका समस्या, एकल महिलामाथि हिंसा लगायतका हुने गरेकाले विद्यालय स्तरमा जनचेतनामूलक कार्यहरु गर्नुपर्ने जस्ता सुझाव प्रदान गरिएको । । |
| २३ | २०७९/९/७ | काठमाडौं | पौरखी नेपाल अनुगमन | महिला श्रमिकहरु र महिला उद्यमीहरुको हितमा काम गर्दै आएको संस्था पौरखी नेपालको अनुगमन गरी महिला श्रमिकहरु र उद्यमीहरुको समस्याका विषयमा छलफल गरिएको । वैधानिक बोटोबाट महिलालाई बैदेशिक रोजगारीमा जाने बातावरण सरकारले बनाउनुपर्ने । ठगी र मानव बेचबिखनलाई रोक्न विशेष रणनीति लिनुपर्ने देखिएको । |

| | | | | |
|---|---|---|---|---|
| २४ | २०७९/९/११ | काठमाडौं | आप्रबासी महिला कामदार समुह अनुगमन | वैदेशिक रोजगारीमा संलग्न महिलाहरुको हक हितको बारेमा वकालत गर्ने संस्था आप्रबासी महिला कामदार समूहमा अनुगमन गरी त्यस संस्थाबाट आप्रबासी महिला कामदारहरुलाई दिइएको सुविधा, उनीहरुको समस्या र समस्या समाधानका उपाय विषयमा छलफल गरिएको। विदेशमा आर्जन गरेको सीप, क्षमता, दक्षता र अनुभवलाई नेपालको विकास र समृद्धिमा प्रायेग गर्नुपर्ने सुझाव प्राप्त भएको । |
| २५ | २०७९/९/२७ | भोजपुर | एकल महिला समूह अनुगमन | मानव अधिकारका लागि महिला एकल महिला समूहको भवन अनुगमन गरी भोजपुर जिल्लामा एकल महिलाको अवस्था बारे छलफल गरिएको। एकल महिलाले जीवन्त अपहेलित हुनुपर्ने अवस्थाको अन्त्य गर्नु र एकल महिलाको लागि उनीहरुको सीप विकास गरी आर्थिक सशसक्तकरण तथा रोजगारीको व्यवस्थापन गर्नुपर्ने सुझाव प्राप्त भएको |
| २६ | २०७९/९/२७ | खोटाङ | बालिकाको बलत्कार पछि हत्या भयो घटनाको अनुगमन | खोटाङमा बालिकाको बलत्कार गरेर हत्या गरेको घटनाको स्थलगत अनुगमन गरी सो घटनाको बारेमा सुरक्षा निकायसँग छलफल गरी जानकारी लिइएको। पीडकलाई कानुनी दायरामा ल्याउनसपर्ने पत्र गृहमन्त्रालयमा पढाइएता पनि हालसम्म पीडक कानुनी दायरामा नआएको । |
| २७ | २०७९/९/२८ | धरान | नगरपालिका अनुगमन | धरान नगरपालिकामा लैंगिकमैत्री बजेट तथा कार्यक्रमको अवस्था र नगरपालिकाको न्यायिक समितिमा महिला तथा घरेलु हिंसाका पीडितहरुको अवस्था बारे छलफल भयो । धरान उपमहानगरपालिकाले महिलालाई आर्थिक सशक्तीकरण र रोजगारीमा समावेश गराउनुपर्ने तथा एकल महिलाको भवनलाई आर्थिक तथा सामाजिक सहयोग समन्वय गर्नुपर्ने सुझाव प्रदान गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| २८ | २०७९/९/२८ | धरान | ब्रम्हकुमारी योग केन्द्र अनुगमन | चितवन निबासी हिंसा पीडित महिला उक्त धरानस्थित ब्रम्हकुमारी योग केन्द्रमा आश्रय लिएर बसेको अवस्थामा पीडितलाई भेट गरी मनोसामाजिक परामर्श दिएको र पीडितको अवस्था बारे जानकारी लिएको । पीडितलाई कानुनी सहायता आवश्यकता रहेको देखिएकोले कानुनी सहायता उपलब्ध गराउन पहल गरिएको । |
| २९ | २०७९/९/२९ | मोरङ | एकल महिला समूह अनुगमन | विराटनगरस्थित मानव अधिकारका लागि महिला एकल महिला समूहको भवन अनुगमन गरी त्यस जिल्लामा एकल महिलाको अवस्था बारे छलफल गरिएको। |
| ३० | २०७९/१०/२४ | नवलपरासी | गैंडाकोट नगरपालिका अनुगमन | नवलपरासीको गैंडाकोट नगरपालिकामा महिलामैत्री बजेट तथा कार्यक्रमहरु र महिला हिंसाको घटनाका विषयमा नगरप्रमुख र न्यायिक समितिका पदाधिकारीहरुसँग छलफल भयो । ३० जनाको उपस्थिति रहेको थियो । नगरपालिकाले बजेट विनियोजित गर्दा महिलाको सहभागितालाई महत्व दिनुपर्ने सुझाव प्रदान गरिएको । |
| ३१ | २०७९/१०/२४ | नवलपरासी | जिल्ला प्रशासन कार्यालय अनुगमन | नवलपरासीका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु र सरोकारवाला संघ संस्थाका पदाधिकारीहरुसँग जिल्लामा लैंगिक हिंसाको अवस्थाका विषयमा छलफल गरी जानकारी लिइएको ।छलफलमा ६५ जनाको उपस्थिति रहेको थियो । |
| ३२ | २०७९/१०/२४ | नवलपरासी | OCMC अनुगमन | नवलपरासीको मध्यविन्दू नगरपालिकामा सञ्चालनमा रहेको OCMC अनुगमनको अनुगमन गरी OCMC को भौतिक अवस्था, पीडितहरुको आगमन र त्यहाँबाट दिइने सुविधाको अवस्था बारे जानकारी लिइएको ।सेवा सुविधाहरु राम्रो रहेको पाईयो। |
| ३३ | २०७९/१०/२५ | पाल्पा | जिल्ला प्रशासन | पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी, |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालय अनुगमन | सुरक्षा निकायका प्रमुखहरु र महिला अधिकारकर्मीहरु, सामाजिक संघसंस्थाहरुसँग जिल्लामा घरेलु हिंसा तथा महिला हिंसाको अवस्था र सोको न्यूनीकरणका विषयमा छलफल गरिएको। छलफलमा ८० जनाको सहभागिता रहेको । जिल्लामा आत्महत्या र वैदेशिक रोजगारीमा ठगीको अत्यधिक समस्या रहेको पाइयो । |
| ३४ | २०७९/१०/२५ | पाल्पा | OCMC अनुगमन | प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुख र न्यायिक समिति एकद्वार संकट केन्द्रको अनुगमन गरी त्यस केन्द्रमा हिंसा पीडित महिलाहरुको आगमन, उनीहरुलाई प्रदान गरिने सेवाको अवस्था सेवा प्रदान गरिने क्रममा आइपरेका समस्याका बारेमा जानकारी लिने काम भयो । |
| ३५ | २०७९/१०/२६ | गुल्मी | लैंगिक अनुगमन | सुरक्षा निकायका प्रमुखहरु र महिला अधिकारकर्मीहरु सामाजिक संघसंस्थाहरुसँग जिल्लामा घरेलु हिंसा तथा महिला हिंसाको अवस्था र सोको न्यूनीकरणका विषयमा छलफल गरिएको। छलफलमा ८५ जनाको सहभागिता रहेको थियो । |
| ३६ | २०७९/१०/२६ | गुल्मी | OCMC अनुगमन | जिल्ला अस्पतालमा सञ्चालनमा रहेको OCMC को अवस्था, OCMC बाट प्रदान गरिएको सेवाको अवस्थाको बारेमा स्थलगत अवलोकन गरी जानकारी लिइएको। |
| ३७ | २०७९/१०/२७ | अर्घखाँची | लैंगिक अनुगमन | जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु र महिला अधिकारकर्मीहरु, राजनीतिक दल, सामाजिक संघसंस्थाहरुसँग जिल्लामा घरेलु हिंसा तथा महिला हिंसाको अवस्था र सोको न्यूनीकरणका विषयमा छलफल गरिएको । समाजमा नेतृत्वदायी भूमिकामा अगाडी बढाउनुपर्ने देखिन्छ । |

| | | | | |
|---|---|---|---|---|
| ३८ | २०७९/१०/२७ | अर्घखाँची | OCMC अनुगमन | जिल्ला अस्पतालमा सञ्चालनमा रहेको OCMC को अवस्था, OCMC बाट प्रदान गरिएको सेवाको अवस्थाको बारेमा स्थलगत अवलोकन गरी जानकारी लिइएको । व्यवस्थापकीय पक्ष राम्रै रहेको पाइयो। |
| ३९ | २०७९/१०/२८ | कपिलबस्तु | लैगिक अनुगमन | जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु र महिला अधिकारकर्मीहरु सामाजिक संघसंस्थाहरुसँग जिल्लामा घरेलु तथा महिला हिंसाको अवस्था र सोको न्यूनीकरणका विषयमा छलफल गरिएको । राज्यले जनचेतना, शिक्षा, स्वास्थ्य र रोजगारलाई एकै साथ लैजानुपर्ने देखिन्छ । |
| ४० | २०७९/१०/२८ | कपिलबस्तु | OCMC अनुगमन | जिल्ला अस्पतालमा सञ्चालनमा रहेको OCMC को अवस्था, OCMC बाट प्रदान गरिएको सेवाको अवस्थाको बारेमा स्थलगत अवलोकन गरी जानकारी लिइएको । डाक्टर, नर्सहरु लगायत पर्याप्त जनशक्तिको उचित व्यवस्थापन हुनुपर्ने, डिएनए परिक्षण गर्ने व्यवस्था जिल्ला अस्पतालमा नै गर्नुपर्ने देखिन्छ । |
| ४१ | २०७९/११/२१ देखि २०७९/१२/१० | संयुक्त राज्य अमेरिकाको न्यूयोर्क र डि.सि. | ६७ औं Commission on Status of Women कार्यक्रममा सहभागी | ६७औं Commission on Status of Women कार्यक्रममा सहभागी तथा अमेरिकास्थित महिलासंग सम्बन्धित विभिन्न निकायहरुमा अवलोकन भ्रमण समेत गर्ने कार्यक्रममा सहभागिता जनाएको । युएनमा विश्वका विभिन्न देशका सरकार र नागरिक समाजको प्रतिनिधिहरुको उपस्थिती रहेकोमा नेपालबाट राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला कुमारी पराजुली र सदस्य माननीय कृष्ण कुमारी पौडेल खतिवडाको उपस्थिती रहेको थियो । अन्य देशको तुलनामा नेपालमा लैंगिक समानता र समावेशीकरण सम्बन्धी व्यवस्था निकै राम्रो पाइएको। |

| | | | | |
|---|---|---|---|---|
| ४२ | २०७९/१२/१० | संयुक्त राज्य अमेरिकाको न्यूयोर्क | CSW को ६७ औं session कार्यक्रममा सहभागी | अमेरिका स्थित नेपाली राजदुतावासमा पुगी अमेरिकामा बसोवास गर्ने नेपाली महिलाहरुको अवस्था, अमेरिकाका महिला आयोगहरुको अवस्था, बैदेशिक रोजागरीमा भएका समस्या, महिला हिंसाको अवस्था तथा अमेरिकामा रहेका महिलाको मर्यादा, सुरक्षा, र सम्मानका सावलमा अन्तरक्रिया । नेपाल र अमेरिकाबीच महिला आयोगको सहकार्य बारेमा गहन छलफल भएको । |
| ४३ | २०७९/११/२९ | संयुक्त राज्य अमेरिकाको बाल्टिमोर | ११३औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवको अवसरमा अमेरिका स्थित नेपालीहरुले आयोजना गरेको कार्यक्रम | नेपाली भाषा, धर्मसंस्कार, भेषभुषा, संस्कृति, परम्परालागयतका बारेमा अन्तरक्रिया । एकता र सद्भावको सहकार्य, विचार आदनप्रदान । प्रमुख अतिथि आयोगका अध्यक्ष कमला कुमारी पराजुली र सदस्य माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको विशिष्ठ आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको। |
| ४४ | २०७९/१२/२४ | मुस्ताङ | जिल्ला अदालत अनुगमन | जिल्ला अदालतमा घरेलु तथा महिला हिंसाको अवस्था बारे जानकारी लिइएको । फैसला भएका मुद्धाहरुको कार्यान्वयन पक्षलाई अवस्थाबारे जानकारी लिएको । |
| ४५ | २०७९/१२/२८ | कपिलवस्तु जिल्ला अदालत | बैवाहिक बलत्कार सम्वन्धी मुद्दाको अनुगमन | बैवाहिक बलात्कार मुद्धा जहाँ पीडक नै न्यायाधीश रहेको र उक्त मुद्धा दर्ता गर्नको लागि न्यायाधीश, प्रहरी प्रमुख लगायतसँग छलफल गरी आवश्यक पहल कदमी गरेको । पीडक न्यायाधीशलाई कानुनी दायरामा ल्याउन सफल भयो । |
| ४६ | २०८०/१/१७ | कालिकोट | जिल्ला प्रशासन कार्यालय अनुगमन | कालिकोट स्थित जिल्ला प्रशासन कार्यालय अनुगमन । जिल्ला प्रशासन कार्यालयमा जिल्लामा लैंगिक हिंसाको अवस्था बारे जानकारी लिइएको । अनुगमनका विषयमा सञ्चारकर्मीहरुसँग छलफल गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| ४७ | २०८०/१/२० | मुगु | छायाँनाथ रारा नगरपालिका अनुगमन | छायाँनाथ रारा नगरपालिकाको अनुगमन गरी त्यस नगरपालिकामा महिला हिंसाको घटनाको अवस्था बारे जानकारी लिइएको । उक्त नगरपालिकामा महिलामैत्री कार्यक्रमहरु सञ्चालन गर्न सुझाव दिइएको । छाउपडी, बालविवाह लगायतको अन्त्यको लागि सचेतनामूलक कार्यक्रमको आवश्यकता रहेको पाइयो। |
| ४८ | २०८०/२/१ | काठमाडौं | राष्ट्रिय बाल परिषद्को अनुगमन | राष्ट्रिय बाल परिषदमा राष्ट्रिय महिला आयोगका मा.सदस्य कृष्ण कुमारी पौंडेल खतिवडा नेतृत्वमा मा.सदस्य सावित्रा कुमारी शर्माको उपस्थितिमा रौतहट जिल्लाको नेपाल भारत आश्रमबाट २ बालिकालाई उद्धार गरिएको विषय, खोटाङ जिल्लाका मदन राई गरेका व्यक्तिले बालिकाहरु माथि गरेको यौन दुर्व्यवहार लगायत विभिन्न सरकारी विधालयहरुमा बालिकाहरुमाथि भयो यौनदुर्व्यवहारका घटनाका सम्बन्धमा परिषद्लाई अनुगमन गरी घटनाको अनुसन्धान गर्न र यस्ता घटनाहरु न्यूनीकरण गर्न पहलकदमीका लागि निर्देशन दिइएको । |
| ४९ | २०८०/२/२ | ललितपुर | महिला बेपत्ता पारिएको घटनाको अनुगमन | ललितपुरको इमाडोल निवासी चेतमणी सुबेदीको श्रीमती र छोरालाई बेपत्ता भयो र राष्ट्रिय महिला आयोगले पत्रचार तथा विभिन्न सम्बन्धीत निकायहरुमा सम्पर्क गरी चार महिना ११ दिन पछि इलाममा आमा र छोरा भेटिएको । |
| ५० | २०८०/२/२२ | मकवानपुर | लैंगिक अनुगमन | सीमान्तकृत महिलाहरुको शसक्तिकरण लगायतका विषयमा छलफल तथा अनुगमन सम्पन्न । सचेतना, आर्थिक सशक्तिकरण तथा रोजगारीका कार्यक्रमहरु तर्जुमा गरी महिलालाई व्यवसायीक बनाउनुपर्ने । |
| ५१ | २०८०/२/२४ | सर्लाही | लैंगिक अनुगमन | महिला हिंसाको अवस्थाको बारेमा सरोकारवालाहरुसँग छलफल गरी जानकारी लिइएको । स्थानीय भाषा प्रयोग गरी कार्यक्रम |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्नुपर्ने, समस्या समाधान गरिदिनुपर्ने । |
| ५२ | २०८०/२/२९ | शंखरापुर नगरपालिका, काठमाडौं | लैंगिक अनुगमन | नगरपालिको वार्षिक नीति तथा कार्यक्रमहरुमा लैगिक विषयलाई प्राथमिकतामा राखे विषय र न्यायिक समितिमा लैंगिक हिंसाको अवस्थाको बारेमा छलफल गरी जानकारी लिइएको । बजेटको तर्जुमा लगायतका निर्णायक तहमा सहभागिता गराउनुपर्ने देखिएको । |
| ५३ | २०८०/२/२९ | कागेश्वरी नगरपालिका, काठमाडौं | लैंगिक अनुगमन | नगरपालिको वार्षिक नीति तथा कार्यक्रमहरुमा लैगिक विषयलाई प्राथमिकतामा राखे विषय र न्यायिक समितिमा लैंगिक हिंसाको अवस्थाको बारेमा छलफल गरी जानकारी लिइएको। बजेटको तर्जुमा लगायतका निर्णायक तहमा सहभागिता गराउनुपर्ने देखिएको । |
| ५४ | २०८०/२/३० | गोकर्णेश्वर नगरपालिका, काठमाडौं | | नगरपालिको वार्षिक नीति तथा कार्यक्रमहरुमा लैगिक विषयलाई प्राथमिकतामा राखे विषय र न्यायिक समितिमा लैंगिक हिंसाको अवस्थाको बारेमा छलफल गरी जानकारी लिइएको। बजेटको तर्जुमा लगायतका निर्णायक तहमा सहभागिता गराउनुपर्ने देखिएको । |
| ५५ | २०८०/२/१० | काठमाडौं | विनु यादवको अनसन तोडाएको | गृह, महिला मन्त्रालय र महिला आयोगको नेतृत्वमा विनु यादवका मागहरुलाई सम्बोधन गर्नुपर्ने र विनु यादवले पाँच बुँदे सहमति अनुसार गृहमन्त्री माननीय नारायणकाजी श्रेष्ठ र महिला आयोगको सदस्य माननीय कृष्णकुमारी पौडेल खतिवडा तथा माननीय सावित्रा शर्माको हातबाट जुस खाई अनसन तोडेको। |
| ५६ | २०७९/२/९ | ओखलढुंगा | एक बलात्कृत किशोरीको उद्धार | १७ वर्षिया किशोरीमाथि बललात्कारमा परि मरणासान्न भयो अवस्थामा हेलिकप्टरको प्रयोग गरी काठमाडौंको टिचिङ अस्पतालमा उपचार गराएको । उपचारको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा |

| | | | | |
|---|---|---|---|---|
| | | | | आर्थिक सहायताको लागि अनुरोध गरी १ लाख ४७ हजार रुपैया उपलब्ध गराएको । |
| ५७ | २०७९/८/१ | पाँचथर | रामप्रसाद उप्रेतीको उद्धार | काठेसाङ्लामा हातखुट्टा बाँधेर राखिएका तथा मानसिक सन्तुलन गुमाएका पाँचथर हिलिहाङ गाउँपालिकाका राम्रसाद उप्रेतीलाई उद्धार गरी पाटन मानसिक अस्पतालमा उपचार गरी नवजीवन संस्थाले घर फर्काएको । |
| ५८ | २०७९/३/३ | काठमाडौं | निहारिका सिंह राजपुतको आमरण अनसन ताडाएको | आफुमाथि बलात्कार भयो र बच्चा जन्मिएको तर न्याय नपाएको भन्दै २७ दिनदेखी आमरण अनसन बसेकी निहारिका सिंह राजपुतलाई सरकारसँग पाँच बुँदे सहमती गराई आमरण अनसन तोड्न भूमिका खेलेको । |
| ५९ | २०७७ देखि २०७९ माघ २१ सम्म | काठमाडौं | कार्यप्रगति पुस्तक प्रकाशन | राष्ट्रिय महिला आयोगमा सदस्यको रुपमा जिम्मेवारी लिएको २०७७ साल माघ २१ गतेदेखी २०७९ साल माघ २० सम्म दुई वर्षे कार्यकाललाई समेटेर तयार पारेको कार्यप्रगति पुस्तक प्रकाशन गरेको । |
| ६० | २०७९/१/१५ | सोलुखुम्बु | जिल्ला प्रशासन कार्यालय, कारागार, सेप हाउस, दुधकुण्ड गाउँपालिका, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला समन्वयव समितिको कार्यालय, OCMC को अनुगमन | जिल्ला कारागारमा पुरुष तर्फ क्षमताभन्दा चार गुणा कैदी बन्दी भएको, आवश्यक स्वास्थ्य उपचारको व्यवस्था नभएको, भौतिक संरचनाको अभावले आगामी दिनमा थप सुरक्षा चुनौति देखा पर्न सक्ने, सेफ हाउसमा बजेटको अभाव, वजेट अभावका कारण उद्यमी महिलाहरुलाई तालिम दिन समस्या, भौगोलिक बिकटताका कारण बढि खर्चिलो भएको देखियो ।<br>OCMC मा पर्याप्त सेवा सुविधाहरु नभएको र विकटताका कारण पीडितहरु सेवा लिन आउन बढि खर्चिलो भएको भन्ने गुनासो गरेको पाइयो । |

## माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वमा सम्पन्न भएका अनुगमनहरु

| क्र.स. | मिति | अनुगमन गरीएको जिल्ला | अनुगमन विषय | आयोगबाट दिएको मुख्य सुझाव |
|---|---|---|---|---|
| १ | २०७९/४/१९ | पर्सा | जवरजस्तीकरणी मुद्दा सम्वन्धी अनुगमन | • घटनाको स्थलगत अनुगमन गरी जिल्ला प्रहरी कार्यालय प्रमुख ,स्थानीय तहका जनप्रतिनिधिहरुबाट आवश्यक जानकारी लिनुका साथै घटनाको सत्यतथ्य छानविन गरी दोषीलाई कारवाही गर्न नेपाल प्रहरीलाई निर्देशन दिएको । |
| २ | २०७९/४/२० | महोत्तरी | जवरजस्ती करणी सम्बन्धी घटना अनुगमन | • आफ्नै काका बाट ८ वर्षीय बालिकाको जवरजस्ती करणी भयो मुद्दाको स्थलगत अनुगमन गरी पीडितको अवस्था बारे जानकारी लिएको। <br>• पीडितलाई यथासिघ्र न्यायको पहुँचमा पुर्याउनुपर्ने, बच्चालाई सेफ हाउसमा राख्नुपर्ने र अपराधीलाई कानूनी कठघरामा ल्याउनु पर्ने सुझाव दिइएको। <br>• पीडित बालिकालाई महिला तथा बालबालिका मन्त्रालयबाट राहत कोषबाट आर्थिक सहयोग उपलब्ध गराउन पत्राचार गरिएको। |
| ३ | २०७९/४/२२ | धनुषा | जवरजस्ती करणी सम्बन्धी घटना अनुगमन | • १४ वर्षीय बालिकालाई आफ्नै मामा पर्नेबाट जवरजस्ती करणी गरेको घटनाको अनुगमन गरी अपराधीलाई जसरी भएपनी कानूनी कठघरा ल्याउनु पर्ने,पीडितलाई OCMC मार्फत निःशुल्क सम्पूर्ण सेवा उपलब्ध हुनुपर्ने सुझाव दिइएको। <br>• पीडितको २० हप्ताको गर्भपतनका लागि स्वास्थ्य मन्त्रालयमा सिफारिस गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७९/४/३० | कीर्तिपुर अस्पताल | घरेलु हिंसा पीडितको अवस्था अनुगमन | • महोत्तरी घर भएका शंकर सदा नाम गरेका व्यक्तिले आफ्नै श्रीमती र सासुलाई ज्यान मार्ने प्रयास उद्योग गरेको र पीडितहरुलाई कीर्तिपुर अस्पतालमा राखिएको अवस्थामा अस्पतालमा पुगी पीडितको अवस्था बारे जानकारी लिइएको। |
| ५ | २०७९/६/९ | सुर्खेत | एकद्वार संकट व्यवस्थापन केन्द्र | • OCMC को सेवाको बारेमा प्रदान गरिने सेवाको बारेमा सेवाग्राही समक्ष सूसूचित गराउनुपर्ने र OCMC लाई लैङ्गिकमैत्री व्यवस्था बनाउनुपर्ने सुझाव दिएको । |
| ६ | २०७९/८/२ | गौर नगरपालिका | लैंगिक अनुगमन | • सम्पादन गरिने योजना तथा कार्यक्रमहरु महिलाहरुको लागि उचित व्यवस्थापन तथा कानुनी परामर्श तथा कानूनी सहायता र मनोसामाजिक परामर्श घटना पश्चात प्राप्त गर्नका लागि उचित व्यवस्था मिलाउनु पर्ने ,कानूनी सहायताको उपलब्धता, कानूनी परामर्श तथा मनोसामाजिक परामर्शको व्यवस्था, महिलाको बिकासका लागि सामाजिक सास्कृतिक परिवेशको अध्ययन गरी पीडित महिलाको सुरक्षित वसोबास व्यवस्था आर्थिक विकास गर्ने र महिला तथा घरेलु हिंसा सम्बन्धि चेतनामूलक कार्यक्रमहरु ग्रामिणस्तरदेखि नै सन्चालन गर्नुपर्ने सुझाव प्रदान गरेको । |
| ७ | २०७९/७/२९ | धनुषा जिल्लाका विभिन्न क्षेत्रमा निर्वाचन | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन | • निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्थाको लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने।<br>• निर्वाचन आचारसंहिता पालना भएनभयो अनुगमन गरी उल्लंघन गर्नेलाई कारवाहि हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | | | • नीतिगत तहमा महिलाको उपस्थिति बढाउनुपर्ने।<br>• हरेक निर्वाचन स्थलमा प्राथमिक उपचारको व्यवस्था सहज हुनुपर्ने ।<br>• महिला मतदातालाई निर्वाचन सम्बन्धि अझ ज्ञानका लागि मतदाता शिक्षाको व्यवस्था गर्नु पर्ने।<br>• मतदान शिक्षाको आवश्यकता रहेको । |
| ८ | २०७९/७/३० | महोत्तरी जिल्लाका विभिन्न निर्वाचन क्षेत्रका मतदान केन्द्रहरु | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन | • निर्वाचनलाई महिला तथा अशक्त मैत्री बनाउनका लागि छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने।<br>• निर्वाचन आचारसंहिता पालना भएनभयो अनुगमन गरी उंल्लघन गर्नेलाई कारवाही गर्नुपर्ने ।<br>• नीतिगत तहमा महिलाको उपस्थिति बढाउनु पर्ने।<br>• हरेक निर्वाचन स्थलमा प्राथमिक उपचार बक्सको व्यवस्था सहज हुनुपर्ने ।<br>• निर्वाचन स्थल अझ व्यवस्थित गराउनुपर्ने ।<br>• महिलालाई निर्वाचन सम्वन्धि अझ ज्ञान दिनुपर्ने ।<br>• भारतीय सिमाक्षेत्रमा दोहोरो नागरिकताले गर्दा मतदानमा समस्या देखिएको । |
| ९ | २०७९/८/१ देखि ४ सम्म | सर्लाही जिल्लाका विभिन्न निर्वाचन क्षेत्रका मतदान केन्द्रहरु | प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन | • मुख्य निर्वाचन अधिकृतको कार्यालय , विभिन्न स्थानकामतदान केन्द्रहरुको अवलवकन गरिएको ।<br>• मतदानको अवस्था अवलोकन । |
| १० | २०७९/८/१ | महोत्तरी | घरेलु हिंसाको | • जिल्लाको रामगोपाल न पा वडा नं ५ |

| | | | | |
|---|---|---|---|---|
| | | | घटना अनुगमन | निवासी नेहा चौधरीमाथि घरपरिवारको सदस्यहरुवाट भयो घरेलु हिंसाको घटनामा स्थलगत अनुगमन गरी पीडितको अवस्था बारे जानकारी लिइएको ।<br>• प्रहरी प्रशासनसँग उक्त घटनाको वारेमा छलफल गरी घटनाको शिघ्र र उचित छानविन गरी पीडकलाई कानुनको दायरामा लिने र पीडितलाई न्याय दिलाउन निर्देशन दिइएको । |
| ११ | २०७९/८/५ | सर्लाही | घरेलु हिंसाको घटना अनुगमन | • जिल्लाको बलरा न पा बडा नं ४ निवासी सन्जु कुमारी माथि सोही बडामा बस्ने रामचन्द्र सहनीबाट कुटपिट गरी ज्यान मार्ने उद्योगको घटनाको स्थलगत अनुगमन गरी पीडितको अवस्था बुझ्ने काम भयो ।<br>• घटनाका सम्वन्धमा प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रमुखसँग जानकारी लिने काम भयो । साथै घटनाको यथाशिघ्र अनुसन्धान गरी दोषीलाई कारबाही र पीडितलाई न्याय दिलाउन तत्काल प्रकृया अघि बढाउन निर्देशन दिइएको । |
| १२ | २०७९/१२/२ | बागमती प्रदेश हेटौडा उपमहानगरपालिका | लैंगिक अनुगमन | • लैंगिकमैत्री बजेट पर्याप्त मात्रामा छुट्याउनु पर्ने।<br>• उपमहानगरपालिकाको बार्षिक नीति तथा योजनामा लैंगिक सहभागिता महिला सशक्तीकरणका विषयलाई प्राथमिकता दिनुपर्ने। |
| १३ | २०७९/१२/२ | चितवन | OCMC अनुगमन | • OCMC मा संलग्न कर्मचारीलाई तालिमको आवश्यकता देखिएको।<br>• तालिममा कर्मचारीलाई Rotation मा सहभागी गराउनुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | | | • अल्पसंख्यकको रकम कम भयोले रकम थप गर्नु पर्ने। |
| १४ | २०८०/१/१ | धनुषा | लैंगिक अनुगमन | • महिला हिंसा तथा घरेलु हिंसा रोकथामका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन हुनुपर्ने ।<br>• महिला हिंसा रोकथामका लागि स्थानीय तहबाट पनि सचेतनामुलक कार्यक्रम गर्न आवश्यक भयोले बजेटको व्यवस्था हुनुपर्ने।<br>• महिलामा न्यायको पहुँच अभिबृद्दीका लागि कार्यक्रमहरु संञ्चालन गरिनुपर्ने ।<br>• कार्यक्रम तथा बजेट लैङगिक संवेदनशील हुनुपर्ने । |
| १५ | २०८०/१/१ | महोत्तरी | लैंगिक अनुगमन | • स्थानीय तहहरुले महिला हिंसा तथा घरेलु हिंसा रोकथामका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन हुनुपर्ने ।<br>• महिला हिंसा रोकथामका लागि स्थानीय तहबाट पनि सचेतनामुलक कार्यक्रम गर्न आवश्यक भयोले बजेटको व्यवस्था हुनुपर्ने।<br>• महिलामा न्यायको पहुँच अभिबृद्दीका लागि कार्यक्रमहरु संञ्चालन गरिनुपर्ने |
| १६ | २०८०/१/१ | सर्लाही | लैंगिक अनुगमन | • स्थानीय तहहरुले महिला हिंसा तथा घरेलु हिंसा रोकथामका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन हुनुपर्ने ।<br>• महिला हिंसा रोकथामका लागि स्थानीय तहबाट पनि सचेतनामुलक कार्यक्रम गर्न आवश्यक भयोले बजेटको व्यवस्था हुनुपर्ने। |

मानननीय सदस्य जया घिमिरेको नेतृत्वमा भएका अनुगमनहरु

| क्र. सं. | मिति | अनुगमन गरिएको जिल्ला | अनुगमन गरिएको विषय | आयोगबाट दिएको सुझाव/उपलपब्धी |
|---|---|---|---|---|
| १ | २०७९/४/८ | बटेश्वर गाउंपालिका, लाहान नगरपालिका र ओरेक नेपाल सिरहा | लाहान न पा का उपमेयर रामचलितर महताले कार्यकक्षमा नै बोलाएर महिलामाथि यौन दुर्व्यवहार गरेको सम्बन्धमा अनुगमन | लैंगिक हिंसा न्यूनीकरण गर्न पहल गर्नुपर्ने उपप्रमुख जस्तो पदमा रहेको व्यक्ति आफेले यौन दुर्व्यवहार गरेको घटनाको स्थालगत अनुगमनका क्रममा पीडितका आमा बाबुलाई भेट गरी पीडितको अवस्था बुझ्ने र घटनाको बारेमा जानकारी लिने काम भयो ।<br>मुद्दा दर्ता भएको तर आरोपित व्यक्तिलाई पक्राउ गर्न नसकिएकोले आरोपित व्यक्तिलाई यथाशिघ्र पक्राउ गरी घटनाको सत्य तथ्य छानविन गरी दोषीलाई कानुन बमोजिम कारवाही गर्न सरोकारवाला पक्षहरु सबैलाई सुझाव दिइएको । |
| २ | २०७९/४/९ | कटहरिया नगरपालिका र जिल्ला प्रशासन कार्यालय रौतहट | सविता भनिने सञ्जुकुमारी दासको मृत्युको घटना सम्बन्धमा अनुगमन | विवाहको समयमा नै दाइजोको विषयमा भनाभन भयो र त्यसैको कारण घटना घटेको भन्ने प्रारम्भिक जानकारी पाइएकोले घटनाको सत्यतथ्य छानविन गरी पीडितलाई राहत र कानुनी उपचार तथा पीडकालाई कानुनी कारवाही गर्न सुझाव दिइएको । |
| ३ | २०७९/५/२८ | तनहुँ | OCMC अनुगमन | प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितिमा जिल्ला अस्पतालमा सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को अवस्था, त्यहाँबाट दिइने सुविधा र OCMC सेवाग्राहीको उपस्थिति लगायत विषयमा स्थालगत अवलोकन गरी सुधारका लागि सुझाव दिइएको । |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७९/५/२९ | धादिङ | OCMC अनुगमन | जिल्ला अस्पतालमा सञ्चालनमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को अवस्था, त्यहाँबाट दिइने सुविधा र OCMC सेवाग्राहीको उपस्थिति लगायत विषयमा स्थालगत अवलोकन गरिएको । |
| ५ | २०७९/५/२९ | धादिङ | महिला सुरक्षा आवास अनुगमन | सहयात्री समाज नेपालद्वारा सञ्चालित महिला सुरक्षा आवास अनुगमन गरी त्यहाँको वस्तुस्थिति बुझ्ने काम भयो। |
| ६ | २०७९/८/३ | सिरहा | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग निर्वाचनमा महिला उम्मेदवारहरुको सहभागिता, लैंगिकमैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग तथा ज्येष्ठ नागरिकमैत्री मतदानस्थल, निर्वाचनमा महिला कर्मचारीहरुको परिचालनको अवस्था लगायतको विषयमा छलफल भयो। साथै, निर्वाचनलाई लैंगिक तथा सामाजिक समावेशीमैत्री बनाउन आवश्यक निर्देशन दिइएको। |
| ७ | २०७९/८/४ | सप्तरी | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मुख्य निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखहरुसँग निर्वाचनमा महिला उम्मेदवारहरुको सहभागिता, लैंगिकमैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग तथा ज्येष्ठ नागरिकमैत्री मतदानस्थल, निर्वाचनमा महिला कर्मचारीहरुको परिचालनको अवस्था लगायतको विषयमा छलफल भयो। साथै, निर्वाचनलाई लैंगिक तथा सामाजिक समावेशीमैत्री बनाउन आवश्यक निर्देशन दिइएको। |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/९।१२ | साथी संस्था ललितपुर | साथी संस्थाको भौतिक तथा व्यबस्थापकीय पक्षको अनुगमन | साथी संस्थाको आफ्नै भवन रहेको भएता पनि भवन पुरानो र जिर्ण अवस्थामा रहेको, संस्थाको आफ्नै यातायात साधनहरु नभयो भएता पनि संस्थाले पीडितहरुको Entry / exit को उचित रेकर्ड उचित प्रकृया अपनाइ राखे गरेको देखिएको । |
| ९ | २०८०/१/१५ | काठमाडौं | शुभ अवसर ग्राम नेपाल अनुगमन | संस्थाबाट प्रदान गरिएको सेवा, संस्था व्यवस्थापनमा देखिएको समस्या र सेवाग्रहीहरुले पाइरहेको सेवा सुविधाको विषयमा जानकारी लिइएको । |
| १० | २०८०/२/३१ | तनहुँ | बृद्धाश्रम अनुगमन | तनहुँको देवघाटस्थित देवघाट समाजकल्याण केन्द्र बृद्धाश्रममा पुगी स्थलगत अनुगमन गरी बृद्धाश्रमबाट प्रदान गरिने सेवा सुविधा, आश्रित व्यक्तिहरुको अवस्था र बृद्धाश्रममा रहेका समस्याहरुको अवस्थाका बारेमा जानकारी लिइएको । |

मानतीय सदस्य सावित्रा कुमारी शर्मा नेतृत्वमा सम्पन्न भएका अनुगमनहरु

| क्र. सं. | मिति | अनुगमन गरिएको जिल्ला | अनुगमन गरिएको विषय | आयोगबाट दिएको सुझाव/उपलपब्धी |
|---|---|---|---|---|
| १ | २०७९/६/११ | कास्की | जिल्ला प्रशासन कार्यालय अनुगमन | कास्की जिल्लामा महिला हिंसाको अवस्थाका विषयमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र अधिकारकर्मीहरुसँग छलफल गरी जानकारी लिइएको । |
| २ | २०७९/६/११ | स्याङ्जा | जिल्ला प्रशासन कार्यालय अनुगमन | जिल्लामा महिला हिंसाको अवस्थाका विषयमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय र अधिकारकर्मीहरुसँग छलफल गरी जानकारी लिइएको । |
| ३ | २०७९/६/११ | पर्वत | गाउँपालिका अनुगमन | पर्वत जिल्लाको पैयुँ गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, न्यायिक समितिका पदाधिकारीहरु, वडा अध्यक्षहरु र अन्य सरोकारवालाहरुसँग महिला हिंसा र महिला सशक्तीकरणका विषयमा छलफल गरिएको। |
| ४ | २०७९/७/२९ | तनहुँ | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | जिल्लामा महिला उम्मेदवारहरुको अवस्था, चुनाव प्रचार प्रसार, मतदान केन्द्रहरुको अवस्था र निर्वाचनमा महिला कर्मचारीहरुको उपस्थिति बारे जानकारी लिइएको । |
| ५ | २०७९/७/३० | लमजुङ | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | जिल्लामा महिला उम्मेदवारहरुको अवस्था, चुनाव प्रचार प्रसार, मतदान केन्द्रहरुको अवस्था र निर्वाचनमा महिला कर्मचारीहरुको उपस्थिति बारे जानकारी लिइएको । |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७९/८/१ | कास्की | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | जिल्लामा महिला उम्मेदवारहरुको अवस्था, चुनाव प्रचार प्रसार, मतदान केन्द्रहरुको अवस्था र निर्वाचनमा महिला कर्मचारीहरुको उपस्थिति बारे जानकारी लिइएको । |
| ७ | २०७९/८/२ देखि ४ गते | पर्वत | प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन | निर्वाचनमा महिला उम्मेदवारहरुको सहभागिता, लैंगिकमैत्री निर्वाचन प्रचार प्रसार, लैंगिक, अपांग तथा ज्येष्ठ नागरिकमैत्री मतदानस्थल, निर्वाचनमा महिला कर्मचारीहरुको परिचालनको अवस्था लगायतको विषयमा अनुगमन भयो । |
| ८ | २०७९/११/१५ | जिल्ला प्रहरी कार्यालय तनहुँ | महिला बालवालिका तथा बृद्दाहरुको अवस्थाको अनुगमन सम्वन्धमा | कम उमेरमा हुने आफुखुसी विवाह गर्ने अवस्थालाई रोक्न जनचेतना अभिवृद्धि गर्नुपर्ने, अतिरिक्त विवाह सम्वन्धमा घटनाहरुको बढ्दो अवस्था देखिएकोले साथै घरेलु हिंसाका घटनाहरुमा पिडीतलाई तत्काल न्यायको प्रत्याभूति गराउन सम्बन्धित निकायलाई सुझाव दिईएको । |
| ९ | २०७९/११/१६ | वालिङ नगरपालिकाको सभाहल स्याङ्जा | वालिङ नगरपालिकाको जेष्ठ नागरिक, बालवालिका तथा महिलाको अवस्था र कानूनी पहुच साथै पालिकाले गर्दै आएका कम कर्तव्य लगायतका विषयमा छलफल । | हिंसा पिडित महिलाहरुलाई कानूनी उपचारको लागि राज्यबाट प्रदान गर्ने संयन्त्र प्रभावकारी नभयोले यस विषयमा गम्भिर भएर लाग्न स्थानीय तह र सुरक्षा निकायलाई अनुरोध गरिएको।<br>बाबुको एकीन गर्न नसक्ने महिलाले अझै पनि सन्तानको नागरिकता बनाउन कानूनी रुपमा कठिनाई भयो, बालविवाह, अनमेल विवाह रोक्न पहल गर्नुपर्ने देखिएको । |

# परिच्छेद ९

# उजुरी व्यवस्थापन

## ९.१ उजुरी सम्बन्धी व्यवस्था

नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्वन्धित निकाय समक्ष सिफारिस गर्ने अधिकार अख्तियार गरेको छ ।


त्यस्तै, राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने, महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानूनी सहायता उपलब्ध गराउने, उनीहरुलाई सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनः स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्ने लगायतका महिला हिंसा न्यूनीकरणमा आयोगको भूमिकालाई व्यवस्थित गरेको छ ।

घरेलु तथा महिला विरुद्ध हुने कुनै पनि हिंसा सम्बन्धी उजुरी लिने र उजुरी उपर छानविन गर्ने, पीडितलाई राहत, उद्धार र कानुनी उपचारको लागि ७७ वटै जिल्लाका नेपाल बार एशोसियशन र काठमाडौं उपत्यकाको हकमा कानुनी परामर्श केन्द्र (LACC) मार्फत सेवा प्रदान गर्ने र पीडितको निशूल्क स्वास्थ्य उपचारको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) पठाउने कार्य राष्ट्रिय महिला आयोगले प्रमुख रुपमा गर्दै आएको छ । महिला हिंसाका घटनाका बारेमा पीडित स्वयंले वा पीडित महिलाको तर्फबाट जोसुकैले आयोग समक्ष उजुरी दिनसक्ने व्यवस्था छ । आयोगको निःशुल्क हेल्पलाइन सेवा "खबर गरौं ११४५" मा फोन गरेर वा वेबसाइट (www.nwc.gov.np) बाट पनि घटनाको उजुरी गर्न सक्ने व्यवस्था रहेको छ । हेल्पलाइन सेवा २४ सै घण्टा उपलब्ध छ । यसका साथै पीडित स्वयं आयोगमा उपस्थित भएर उजुरी दिन सक्ने व्यवस्था समेत छ । यसरी आयोगमा दिइने उजुरी दर्ता गरेवापत कुनै पनि शुल्क लाग्दैन।

आयोगमा परेको उजुरीको छानबिन गर्दा प्रथम दृष्टिमा नै महिला हिंसा भएको देखिएमा त्यस्तो कार्य तत्काल रोकनको लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई आदेश दिने, उजुरी छानबिनको सम्वन्धमा विपक्षीलाई उपस्थित गराई जानकारी लिने, पक्षहरूलाई लिखत वा कागज प्रमाण पेश गर्न आदेश दिने, आवश्यक भएमा स्थलगत निरीक्षण गर्ने, कुनै सरकारी वा सार्वजनिक निकायबाट सम्बन्धित विषयको नक्कल झिकाउने, छानबिन गरिसकेपछि मुद्दा दायर गर्न सिफारिस गर्ने, मेलमिलाप गराउने आदि कार्य गरिन्छ । त्यसैगरी, आयोगले प्रदान गर्ने सेवाहरूमा कानूनी परामर्श, कुनै पनि अदालतमा मुद्दा वा

रिट निवेदन दर्ता गर्नुपर्ने भएमा वा मुद्दा मामिलामा पीडितको तर्फबाट बहस पैरवी गर्नु परेको अवस्थामा निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, तत्काल उद्धार गर्नुपर्ने देखिएमा उद्धार गरी आश्रयस्थलमा राखे लगायत आवश्यकता अनुसार अन्य विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गरी पीडितलाई अधिकार दिलाउनको लागि पहल गर्ने गरेको छ ।

## ९.२ हिंसाको प्रकार




## ९.३ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्वारा प्रदान गरिएका सेवाहरु

### ९.३.१ आ.व. २०७९/८० मा आयोगमा दर्ता भएका उजुरीहरु

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| श्रावण | १२१ | ९ | १३० |
| भाद्र | ८५ | १० | ९५ |
| असोज | ५० | १० | ६० |
| कार्तिक | ६० | २ | ६२ |
| मंसिर | ६१ | ८ | ६९ |
| पौष | ५६ | ४ | ६० |
| माघ | ५१ | ५ | ५६ |

| | | | |
|---|---|---|---|
| फागुन | ४७ | ६ | ५३ |
| चैत्र | ६१ | ११ | ७२ |
| बैशाख | ६५ | ७ | ७२ |
| जेठ | ७२ | ८ | ८० |
| असार | ८७ | ६ | ९३ |
| **जम्मा** | **८१६** | **८६** | **९०२** |

यस आर्थिक वर्षमा आयोगमा कुल ९०२ वटा उजुरीहरू दर्ता भएको देखिन्छ जसमध्ये ८१६ (९१%) उजुरीहरू घरेलु हिंसासँग सम्बन्धित छन् भने ८६ (९५%) उजुरीहरू महिला हिंसासँग सम्बन्धित छन् । घरेलु हिंसामा दर्ता भएका उजुरीहरूमा श्रीमान् विदेश गई सम्पर्क विहीन हुने र श्रीमती तथा बालबालिकालाई दैनिक गुजारा गर्न समेत समस्या उत्पन्न हुने गरेका घटनाहरूमा वृद्धि भएको देखिन्छ ।

### ९.३.२ आ.व. २०७९/०८० मा दर्ता भएका प्रदेशगत उजुरीको संख्या

यस आ.व.मा सबै भन्दा बढी ८८.३ प्रतिशत उजुरीहरु बाग्मती प्रदेशबाट दर्ता भएका छन् भने सुदुरपश्चिमबाट सबैभन्दा कम ०.५५ प्रतिशत मात्र उजुरीहरु दर्ता भएका छन् ।

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| कोशी | १६ | ३ | १९ |
| मधेश | २४ | ५ | २९ |
| बाग्मती | ७४२ | ५५ | ७९७ |
| गण्डकी | ११ | १ | १२ |
| लुम्बिनी | ११ | २ | १३ |
| कर्णाली | ३ | ० | ३ |
| सुदुरपश्चिम | ४ | १ | ५ |
| प्रदेश उल्लेख नभएको | ७ | १७ | २४ |
| **जम्मा** | **८१८** | **८४** | **९०२** |

### ९.३.३ हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरु

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानसिक हिंसा | ८५२ |
| आर्थिक हिंसा | ५९२ |
| शारीरिक हिंसा | ५०९ |
| यौनजन्य हिंसा | ५३ |

माथि उल्लेखित उजुरीहरुमा एउटै महिला मानसिक हिंसा, आर्थिक हिंसा, शारीरिक हिंसा तथा यौनजन्य हिंसावाट समेत पीडित/प्रभावित हुने भएकोले उजुरीको संख्या र हिंसाको प्रकारमा फरक पर्न गएको हो।

### ९.३.४ अधिकतम रुपमा उजुरी भएका हिंसाका घटनाहरु

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानासिक यातना | ८१३ |
| कुटपिट | ४९२ |
| चरित्रहत्या | १३४ |
| आर्थिक यातना | ५३४ |
| विवाहदर्ता बनाउन चाहिने आवश्यक कागजात सम्बन्धी समस्या | ८५ |
| सुरक्षा मुद्दा | ३५ |
| सम्पत्ती हस्तान्तरण गर्दा चाहिने आवश्यक कागजात सम्बन्धी समस्या | २० |
| यौन दुर्व्यबहार | ३४ |
| बलत्कार | १२ |
| जन्मदर्ता बनाउन चाहिने आवश्यक कागजात सम्बन्धी समस्या | ४८ |
| नागरिकता बनाउन चाहिने आवश्यक कागजात सम्बन्धी समस्या | २१ |
| बाल सुरक्षाको मुद्दा | ३७ |
| वहुविवाह | २३ |
| साइबरक्राइम | २ |
| बलत्कार प्रयासको उद्योग | २ |
| मानाचामल | १ |
| वैबाहिक बलत्कार | ७ |
| दाइजो प्रथाले हुने हिंसा | १० |
| जबर्जस्ती गर्भपत्तन | ४ |
| डिवोर्स | १७ |
| हत्या | १ |
| जग्गाविवाद | ३ |
| ज्यान मार्ने उद्‌घ्योग | ६ |
| कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार | १ |
| बालविवाह | ० |

### ९.३.५ आयोगबाट प्रदान गरिएको सेवाको विवरण


| क्र.सं. | सेवाको प्रकार | संख्या |
|---|---|---|
| १ | मनोसामाजिक परामर्श सेवा | ४५८ |
| २ | कानूनी सहायता | ३७८ |
| ३ | सुरक्षित आवास | ७२ |
| ४ | मेलमिलाप | २५८ |
| ५ | न्यायिक उपचारका लागि सिफारिस | १३ |

### ९.३.६ हिंसा पीडितको सेवाको लागि सिफारिस गरिएका संस्थाहरु

| क्र.स | सेवाको प्रकार | संख्या |
|---|---|---|
| १ | साथी ( सुरक्षित आश्रयस्थलको लागि) | ३७ |
| २ | ल्याक (कानूनी सहायता) | १०३ |
| ३ | टि.पि.ओ. नेपाल (मनोसामाजिक परामर्श सेवा) | ३३ |
| ४ | नेपाल बार (कानूनी सहायता) | ५० |
| ५ | शुभ अवसर ग्राम नेपाल (सुरक्षित आवास) | १७ |
| ६ | एपिरोन नेपाल (सुरक्षित आवास) | १४ |
| ७ | कोशिस नेपाल (सुरक्षित आवास) | ४ |


### ९.३.७ पीडितको उमेर समूह

आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ६१ प्रतिशत उजुरीहरू २६ देखि ४० वर्ष उमेर समूहको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी १६ वर्षभन्दा कम र ६० वर्षभन्दा माथि उमेर समूहका पीडितहरूको रहेको थियो ।




### ९.३.८ पीडितको वैवाहिक अवस्था

आ.व. २०७९/०८० मा आयोगमा उजुरी दर्ता गर्ने पीडितहरु मध्ये सबैभन्दा बढी ८८ प्रतिशत विवाहित रहेको देखिन्छ भने एकल महिला पीडित ७ प्रतिशत, ३ प्रतिशत विधुवा महिला र १ प्रतिशत सम्बन्ध विच्छेद् भएका महिला रहेको देखिन्छ ।




### ९.३.९ समुदायका आधारमा वर्गीकरण

आ.व. २०७९/०८० मा आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ४५ प्रतिशत उजुरीहरू ब्राह्मण तथा क्षेत्रीका समुदायका पीडितहरूको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी दलित, धार्मिक अल्पसंख्यक तथा पिछडिएका वर्गहरूको रहेको थियो ।



## ९.४ आयोगमा प्राप्त भएका सूचनाका आधारमा अन्य सेवा प्रदायक निकायहरुमा पत्राचार एवं सिफारिस गरिएको विवरण:

| क.सं. | पीडित | ठेगाना | हिंसाको विषय | पत्राचार एवं सिफारिस |
|---|---|---|---|---|
| १ | सन्ध्या विश्वकर्मा | झापा | दुव्यवहार( महिला हिंसा), स्वास्थ्य परिक्षण, सुरक्षित गर्भपतन र सुरक्षित आश्रयस्थल | २०७९।०४।०१ मा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय झापालाई पत्र पठाईएको । |
| २ | बानु राजबली | पर्सा | जाहेरी दरखास्त नलिएको | २०७९।०४।०१ मा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्र पठाईएको । |
| ३ | सरिता तिवारी | | यौन दुव्यवहारको विषयमा आवाज उठाँउदा बेईज्जतीपूर्ण बनाउने गरी सञ्चार माध्यममा समाचार प्रसारण भएकोले उक्त सञ्चार माध्यमलाई छानविन गरी कारवाही प्रक्रियामा ल्याई न्याय पाँउ । | २०७९।०४।१० मा छानविन सम्बन्धमा प्रेस काउन्सिल नेपाललाई लेखि पठाईएको । |
| ४ | १५ वर्षिया बालिका | | १५ वर्षिया नाबालिका गर्भवति सम्बन्धमा | २०७९।०४।२३ मा अनुसन्धान गरी दोषीलाई कारवाही गर्ने सम्बन्धमा प्रहरी प्रधान कार्यालयमा लेखि पठाएको । |
| ५ | अछाम | अछाम | जबरजस्ति करणी | २०७९।०५।१३ मा आवश्यक कागजात उपलब्ध गराईदिने सम्बन्धमा जिल्ला सरकारी बकिल कार्यालय अछाममा लेखि पठाएको। |
| ६ | रुकुम | रुकुम | बेचबिखनमा परेको | २०७९।०६।१३ मा मुलपानी नगर अस्पताल कागेश्वरी मनोहरा नगरपालिका वडा नं ६, सहयोग सम्बन्धमा लेखिपठाएको। |

| | | | | |
|---|---|---|---|---|
| ७ | काठमाण्डौ | काठमाण्डौ | झुक्यानमा पारी बन्धक बनाई ललाई फकाई करकापमा पारी जबरजस्ती करणी गरेको । | जिल्ला प्रहरी कार्यालय भद्रपुर झापा, आवश्यक सहयोग गरिदिने सम्बन्धमा लेखि पठाएको । |
| ८ | काभ्रेपलाञ्चोक | काभ्रेपलाञ्चोक | ठुलो बुवाको छोराले जबरजस्ति करणी गरेको । | जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकलाई अनुसन्धान सम्बन्धमा लेखि पठाएको । |
| ९ | सुनसरी | सुनसरी | संकास्पद मृत्यु बारे । | घटनाको तथ्य पत्ता लगाई पिडकलाई कारवाहि गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय सुनसरीमा लेखि पठाउने । |
| १० | ईन्दिरा निरौला | | खस्इ टि.भी अनलाईनले चरित्र हत्या तथा तथा बेईज्जत गरेको। | २०८०।०१।०३मा छानविन सम्बन्धमाप्रेस काउन्सिल नेपाललाई लेखि पठाएको । |
| ११ | अनु पाण्डे | | लैङगिकताको आधारमा परिबारले मानसिक यातना दिई लागु औषध सेवन कर्ता नरहे पनि बन्दि बनाएर पुनस्थापना केन्द्रमा राखेको। | प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौ — अनुसन्धान गरी उद्दार गरिदिने सम्बन्धमा लेखी पठाएको । |

# परिच्छेद १०

## विविध गतिविधिहरु

### १०.१ आ.ब.२०७९/८० मा राष्ट्रिय महिला आयोगको विभिन्न मितिमा बसेको बैठकबाट भएका मुख्य - मुख्य निर्णयहरु:

| क्र.सं. | मिति | निर्णय | कैफियत |
|---|---|---|---|
| १ | २०७९/४/०४ | ❖ लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकलाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवा शूल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यबिधि, २०७८ दफा १३(२) अनुसार निरन्तरता दिने निर्णय। | |
| २ | २०७९/४/३१ | ❖ निहारका राजपुतले आफू बलात्कारमा परेको र बलात्कारबाट जन्मिएको बच्चाको DNA जाँच गराउनुपर्ने, बलात्कार गर्ने व्यक्तिलाई पक्राउ गरी अनुसन्धान गर्नुपर्ने र बच्चाको लालनपालनको जिम्मेबारी लिनुपर्ने भन्दै पटक पटक-अनशनमा वस्दै आएको, आत्मादाहाको प्रायास गरेको लगायतका विषयहरु विभिन्न सञ्चार माध्यममा आएकाले यस आयोगबाट उनको माग पुरा गराउन सम्बन्धित सरोकारवालाहरुसँग सहजीकरण गरिदै आएको र अझै थप पहल गर्ने निर्णय ।<br>❖ आ.ब. २०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार आयोगको कार्य योजना (Action Plan) अनुसार आयोगका विभिन्न शाखालाई कार्य विभाजन गरिएको साथै उक्त कार्यक्रमहरु काठमाण्डौ उपत्यका बाहिर जिल्लाहरुमा कार्यान्बयन तथा सञ्चालन गर्न माननीय अध्यक्षसँग समन्वय गरी माननीय सदसहरुको नेतृत्वमा चक्रिय प्रणाली अनुसार गर्ने निर्णय । | |
| ३ | २०७९/०५/३० | ❖ गैर आवासीय नेपाली संघको सन् २०२२ सेप्टेम्वर २४ र २५ गते मा Stockholm, Sweden मा हुने European Regional Meeting मा भाग लिनका लागि यस आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीलाई निमन्त्रणा प्राप्त भएकोले सहभागी हुन नेपाल सरकारको स्वीकृतीका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा लेखि पठाउने निर्णय । | |

| | | | |
|---|---|---|---|
| ४ | २०७९/०६/३१ | ❖ राष्ट्रिय महिला आयोगबाट आ.ब. २०७८/२०७९ मा भए गरेका काम कारवाहीहरुलाई समेटी तयार गरिएको आयोगको पन्ध्रौं वार्षिक प्रतिवेदन स्वीकृत गरी नेपालको संविधानको धारा २९४ बमोजिम सम्मानीय राष्ट्रपतिज्यू समक्ष पेश गर्ने निर्णय । | |
| ५ | २०७९/०८/१४ | ❖ राष्ट्रिय महिला आयोगले सञ्चलान गरेको खबर गरौं ११४५ हेल्पलाईन सेवा दिवस यहि २०७९/०८/२३ गते भव्यताका साथ सम्पन्न गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रममा हिंसा पीडित, एकद्वार संकट व्यवस्थापन केन्द्र, नेपाल प्रहरी र खवर गरौं ११४५ हेल्पलाईन सेवामा कार्यरत कर्मचारी मध्येबाट कर्मचारीलाई सम्मान गरी प्रति व्यक्ति जनही रु.१५०००/- का दरले पुरस्कृत गर्ने निर्णय ।<br>❖ राष्ट्रिय महिला आयोगले विगत वर्षझै नेपालमा महिलाको अवस्था नामक पुस्तक प्रकाशनको लागि प्रक्रिया अगाडी बढाउने निर्णय । | |
| ६ | २०७९/०९/१९ | ❖ महिला अधिकारको प्रयोगमा अवरोध र महिला हिंसाका घटनाहरु दिनदिनै बढ्दै गएको सन्दर्भमा आयोगको प्रदेश कार्यालय स्थापनाको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न आयोगबाट निर्णय गरी सैद्धान्तिक स्वीकृति माग गरिएकोमा हाल सम्म स्वीकृति प्राप्त नभएकाले पुनः ताकेता गर्ने निर्णय ।<br>❖ आयोगले लामो समय देखि आफ्नो कार्यालय भाडामा सञ्चालन गर्दै आएकोले सरकारी भवन व्यवस्था गरिदिन आयोगको निर्णय गरी नेपाल सरकारलाई पटक पटक प्रत्राचार गरिएकोमा हाल सम्म पनि सरकारी भवनको व्यवस्था हुन नसकेकाले शीघ्र भवन व्यवस्था लागि पुनः ताकेता गर्ने निर्णय। | |
| ७ | २०७९/११/१४ | ❖ आयोगबाट CSW को अमेरिकाको न्यूयोर्कमा हुन गईरहेको ६७ औं सम्मेलनमा यस आयोगका तर्फबाट आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुली र माननीय सदस्य कृष्ण कुमारी पौडेलले प्रतिनिधित्व गर्ने निर्णय गरियो । साथै सो प्रयोजनका लागि नेपाल सरकारको तर्फबाट बजेट व्यवस्थापन हुन नसकेकाले दातृ निकायमा आवश्यक बजेटको पहल गर्ने निर्णय गरियो । | |

| | | | |
|---|---|---|---|
| | | ❖ उजुरी अनुगमन सम्बन्धमा माननीय सदस्यहरुको बीचमा गरिएको साविकको साप्ताहिक कार्य विभाजन व्यवहारिक रुपमा कार्यान्वयन हुन नसकेकाले तत्काललाई खारेज गर्ने निर्णय गरियो । साथै, सो सम्बन्धी उजुरी शाखाबाट आयोगलाई साप्ताहिक रुपमा वा आवश्यकता अनुसार Briefing र समन्वय गर्ने निर्णय गरियो।<br>❖ राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को कार्ययोजना सम्बन्धमा छलफल गरियो ।<br>❖ महिला बाल बालिका र किशोरीका लागि तिनै तहका सरकारहरुका नीति योजना तथा कार्यक्रमहरुको प्रभावकारीता अध्ययन तथा विश्लेषण र प्रतिवेदनका लागि कार्यक्षेत्रगत शर्त TOR स्वीकृत गर्ने र अध्ययनका लागि फागुन महिनाभित्र सम्झौता हुन नसकेमा समय अपुग हुने भएकाले शीघ्र बजेट व्यवस्थापनका लागि पहल गर्ने र बजेट व्यवस्थापन भएपछि कार्यक्रम अगाडी बढाउने निर्णय ।<br>❖ आयोगको स्वीकृत वार्षिक कार्यक्रम र बजेटको सिमाभित्र रही प्रचलित कानूनी व्यवस्था अनुसार सम्झौता गरी नेपाली भाषा लगायतका अन्य भाषामा तयार भइ विभिन्न एफ. एम रेडियोबाट प्रसारण भइरहेको जिंगल बारेमा छलफल भयो । साथै प्रशारण गर्ने समयावधि २०८० आषाढ मसान्त सम्म रहेकाले यसलाई निरन्तरता दिँदै यसका विभिन्न पक्षहरुको सघन अनुगमन गर्ने र प्रसारित सामाग्रीहरु आयोगको वेब साईटमा अपलोड गर्ने निर्णय । | |
| ८ | २०७९/१२/१४ | ❖ चालु आ.ब. को स्वीकृत वार्षिक कार्यक्रम मध्ये महिला बालबालिका तथा किशोरी सम्बन्धी तीनै तहका सरकारबाट तर्जुमा भएका नीति तथा कार्यक्रमको बारेमा अध्ययन TOR स्वीकृत गर्ने निर्णय। | |
| ९ | २०७९/१२/२९ | नीति कार्यक्रममा अर्थ मन्त्रालयलाई निम्न विवरण पठाउने निर्णयः<br>❖ नेपालको संविधानमा व्यवस्था भए अनुसार सातवटै प्रदेशमा महिला आयोगको प्रदेश कार्यालय स्थापनाका लागि सरकारलाई सिफारिस गर्ने ।<br>❖ जिल्ला स्थित महिला विकास कार्यालय खारेज भएसँगै | |

| | | | |
|---|---|---|---|
| | | बालबालिका, ज्येष्ठ नागरिक तथा लैङ्गिक हिंसाको घटना बढ्दै गएको तर यसलाई सम्वोधन गर्ने प्रभावकारी संयन्त्रको अभाव भएकोले यसै आर्थिक बर्षबाट बढ्दो आवश्यकता र माग अनुसार ७७ वटै जिल्लामा सम्पर्क कार्यालय स्थापनाका लागि सरकारलाई सिफारिस गर्ने ।<br>❖ राष्ट्रिय महिला आयोगको आफ्नो भौतिक संरचना नभएकोले प्रभावकारी सेवा प्रवाह गर्न व्यवधान भएकोले तत्कालै आयोगको भवन संरचनाको व्यवस्था गर्ने ।<br>❖ राष्ट्रिय महिला आयोगको संगठन र व्यवस्थापन सर्वेक्षण गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलयमा पठाउने निर्णय गरियो। | |
| १० | २०८०/०२/१७ | ❖ राष्ट्रिय महिला आयोगका चारवटै शाखाबाट आ.व. २०७९/८० मा हालसम्म सम्पन्न भईसकेको, हुन बाँकी र बजेटको कारण कटौती भएका कार्यक्रमहरुको समीक्षा गरियो । साथै एउटा आर्थिक वर्षमा एकजना सदस्यले एकपटक कार्यक्रम गरिसकेको जिल्लामा पुनः दोहोर्‍याएर सोही सदस्यले त्यही जिल्लामा कार्यक्रम नगर्ने बारेमा पनि छलफल र निर्णय भयो ।<br>❖ राष्ट्रिय महिला आयोगका पदाधिकारीहरुबाट आ.व. २०७९/८० मा हालसम्म सम्पादित भएका आयोगका अध्यक्ष तथा सदस्यहरुबाट बिभिन्न समयमा गरिएका अनुगमन तथा कार्यक्रमहरुको सम्वन्धमा तयार गरिएका प्रतिवेदनहरु आयोगको बैठकमा पेश गरी त्यसमा देखिएका लैङ्गिक सवालका महत्वपूर्ण विषयहरुको सिफारिश गर्ने निर्णय ।<br>❖ राष्ट्रिय महिला आयोगले आयोगको ऐन, नियमावली तथा रणनीति योजना अनुसार महिला अधिकार र सशक्तीकरणका सबालमा गतिविधि सञ्चालन गर्न सरोकारवाला निकाय र संघ–संस्थासँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो । साथै सहकार्यको नीतिगत ढाँचा तयारीको जिम्मेबारी नीति शाखालाई दिने निर्णय गरियो ।<br>❖ CEDAW प्रतिवेदनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगसँग संयुक्त प्रतिवेदन तयार गर्ने सन्दर्भमा हालसम्म समन्वय र सहकार्य भईरहेको हुँदा सोही | |

| | | | |
|---|---|---|---|
| | | अनुसारको कार्य प्रगतिलाई निरन्तरता दिँदै अगाडि बढ्ने निर्णय गरियो । साथै CEDAW को आवधिक प्रतिवेदनको तयारीको क्रममा आयोगबाट सातै प्रदेश र केन्द्रिय तहमा समेत भएको अन्तर्क्रियात्मक कार्यशाला गोष्ठीबाट आएका सुझाव र कार्यान्वयन अवस्था बारेमा पुस्तक प्रकाशन गर्ने निर्णय गरियो।<br>❖ राष्ट्रिय महिला आयोगको प्रदेशस्तरमा आफ्नो कार्यलय नभएको अवस्थामा समन्वय र सहकार्य गर्न कठिनाई भएकोले लैङ्गिकतामा आधारित हिंसा विरुद्ध सञ्जाल निर्माण गरी सो सञ्जाललाई प्रदेशको सामाजिक विकास मन्त्रलय अन्तर्गत समन्वय गराई प्रदेश तहमा लैङ्गिक हिंसा विरुद्ध अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता भएकोले लैङ्गिकतामा आधारित हिंसा विरुद्ध सञ्जाल सातै प्रदेशमा निर्माण गर्ने र सञ्जालको सञ्चालन प्रक्रियाबारे कार्यविधि बनाएर अगाडी बढ्ने र सो कार्यविधि तयार पार्ने जिम्मेवारी आयोगको महिला विकास समन्वय शाखालाई दिने निर्णय ।<br>❖ नेपालमा महिलाको अवस्था पुस्तक (दोस्रो संस्करण) प्रकाशनको लागि आवश्यक कानूनी प्रक्रिया पुरा गरी छपाई कार्य गर्ने निर्णय। | |
| ११ | २०८०/०३/२९ | विभिन्न निकायहरुमा नीतिगत सिफारिसहरु कार्यान्वयनका लागि पठाउने निर्णय गरियो । सिफारिस गरिएका विषयको विवरण परिच्छेद् ७ मा उल्लेख गरिएको छ । | |

## १०.२ नेपालमा महिलाको अवस्था सम्बन्धी पुस्तक प्रकाशन

नेपालमा महिलाको आर्थिक, राजनीतिक, सामाजिक अवस्थाको चित्रण सहित नेपालमा महिलाको अवस्था सम्बन्धी विस्तृत र अनुसन्धानमूलक विषयवस्तुहरू समावेश गरी "नेपालमा महिलाको अवस्था (दोस्रो संस्करण)" सम्बन्धी पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तक २०८० भदौमा प्रमुख अतिथि निर्वाचन आयोगका माननीय अध्यक्ष दिनेश थपलियाज्यूबाट विमोचन भयो । यस पुस्तकलाई महिलाको अधिकार संरक्षण र लैङ्गिक समानता सम्बन्धी नीति योजना कार्यक्रम तर्जुमामा संलग्न हुने व्यक्ति एवं महिला सशक्तीकरणका पक्षधरहरुमा पुन्याउने प्रयत्न गरिएको छ ।

## १०.३ रेडियो नेपाल वा एफ.एम.हरुबाट महिला हक हित अधिकार र महिला हिंसा विरुद्धका सचेतमूलक रेडियो सामग्री उत्पादन र प्रशारणः

महिलाको हक अधिकारको संरक्षण र महिला हिंसा न्यूनीकरण सम्बन्धी देशैभरी एकैसाथ प्रसारण हुने गरी थारु, भोजपुरी, मैथिली, डोटेली, तामाङ, नेवारी, लिम्बू र नेपाली गरी ८ भाषामा सचेतनामूलक रेडियो सामग्री तयारी गरी प्रसारण गरिएको छ ।यस कार्यक्रमले समुदायस्तरमा लैंगिक समानता र लैंगिक हिंसा सम्बन्धी चेतना जागृत गर्न मद्दत पुर्याएको अपेक्षा गरिएको छ ।महिला हिंसाको उपचारका लागि व्यवस्था भएका कानुनी व्यवस्थाहरु र राज्यबाट महिलाले पाउने सेवा सुविधाका व्यवस्थाहरुको बारेमा देशैभरीका महिलाहरुलाई सुसूचित गर्ने उद्धेश्य राखिएको थियो ।

- महिला हिंसा निवारणका लागि सचेतना अभिवृद्धि गर्ने,
- निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने,
- राष्ट्रिय विकास एवं सामाजिक, राजनीतिक र आर्थिक जीवनका सबै पक्षहरुमा महिलाको समान अधिकार सुनिश्चित गर्नका लागि सचेतना अभिवृद्धि गर्ने ।

## १०.४ रेडियो कार्यक्रमः महिला आवाज

राष्ट्रिय महिला आयोगलाई संविधान प्रदत्त काम, कर्तव्य र अधिकारहरु, आयोगबाट हालसम्म सम्पन्न भएका महिला सशक्तीकरण तथा लैंगिक हिंसा न्यूनीकरणका प्रयासहरु, नेपालमा महिलाको अवस्था, क्षेत्रगत सवालहरु, महिला माथि हुने हिंसा र विभेदका विभिन्न स्वरुपहरु तथा लैंगिक हिंसा न्यूनीकरण र महिला सशक्तीकरणका सवालमा आम नागरिक एवं सरोकारवालाहरुको भूमिका स्पष्ट गर्दै सो को जानकारी सबैमा पुऱ्याउने उद्धेश्यले रेडियो कार्यक्रमः महिला आवाज सञ्चालन गरिएको हो ।पाक्षिकरुपमा प्रसारण भएको यस कार्यक्रममा देहायका विषयहरु प्रसारण गरिएको छ ।

- राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारबारे जानकारी,
- लैंगिक हिंसा अन्त्य र लैंगिक न्याय प्रवर्द्धनका सवालमा विज्ञसँगको अन्तर्क्रिया,
- राष्ट्रिय महिला आयोगको हेल्पलाइन सेवा खबर गरौं ११४५ बारे जानकारी,
- महिला सशक्तीकरण र लैंगिक हिंसा न्यूनीकरणका सवालमा विज्ञहरुको भनाई,
- बोक्सी आरोप सम्बन्धी हिंसा, कारण र निवारणका उपायबारे जानकारी,
- बालिका तथा किशोरी माथि हुने हिंसा, अवहेलना र दुर्व्यवहार तथा यसको समाधान सम्बन्धी जानकारी,
- सामाजिक अभियान्ता, स्वयंसेवक तथा अधिकारकर्मीहरु एवं मनोविदसँग विचार विमर्श,
- लैंगिक हिंसाको कारण महिलाको प्रजनन् स्वास्थ्य, मानसिक स्वास्थ्य र व्यक्तिगत विकासमा पर्न सक्ने असरको जानकारी सहित उपचारात्मक उपायबारे जानकारी,
- महिला हिंसाका जोखिम क्षेत्र पहिचान गरिएका सामग्रीहरु,
- मनोरञ्जन क्षेत्र र जोखिमयुक्त क्षेत्रमा कार्यरत महिलाका सवालबारे जानकारी,
- परम्परागत हानिकारक अभ्यास, समस्या र समाधान बारे विचार विमर्श,
- महिला हिंसा पीडितका लागि मनोविमर्शको महत्वबारे जानकारीमूलक सामग्री,

- अभियान्ता एवं अधिकारकर्मीहरुको मामिला प्रस्तुतीकरण सम्बन्धी सामग्री,
- अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस तथा महिला आयोगको स्थापना दिवसको सन्दर्भ र महत्व सहितको विश्लेषणात्मक सामग्री ।

## १०.५ राष्ट्रिय महिला आयोगको गतिविधि सहित जागरण र सचेतनामूलक वृत्तचित्र निर्माण

राष्ट्रिय महिला आयोगको गतिविधि समेत समेटेर जागरण तथा सचेतनामूलक वृत्तचित्र निर्माण कार्यक्रम अन्तर्गत राष्ट्रिय महिला आयोगको विगत देखि वर्तमानसम्मका विभिन्न गतिविधिहरु समावेश गरी महिला सशक्तीकरण तथा महिला जागरण सम्बन्धी सचेतनामूलक वृत्तचित्र निर्माण गरी नेपाल टेलिभिजन मार्फत कार्यक्रम प्रसारण गरिएको थियो ।वृत्तचित्रमा देहायका विषयहरु समावेश गरिएको छ ।

(क) राष्ट्रिय महिला आयोगको परिचय,
(ख) राष्ट्रिय महिला आयोगले सञ्चालन गरेको "खबर गरौं ११४५ हेल्पलाईन सेवा", मनोसामाजिक परामर्श, कानूनी सहायता र आश्रयस्थलको बारेमा जानकारीमूलक सन्देशहरु,
(ग) राष्ट्रिय महिला आयोगबाट सञ्चालन भएका महिला हक अधिकारको संरक्षण तथा संबर्द्धन र जनचेतनामूलक कार्यक्रमहरुको गतिविधिहरु,
(घ) स्थानीयस्तरमा महिला हिंसाका घटना घटेको खण्डमा तत्काल कानूनी उपचारका लागि कहाँ सम्पर्क गर्ने, कसरी सम्पर्क गर्ने विषयमा कानूनी तथा संस्थागत व्यवस्थाको विषयमा जानकारीमूलक सामग्रीहरु,
(ङ) महिला विरुद्ध हुने समाजमा प्रचलित खराब अभ्यासहरु (जस्तैः बालविबाह, छाउपडी, बोक्सी) प्रथा, परम्पराहरुको नकारात्मक असरलाई उजागर गर्ने सन्देशहरु ।

## १०.६ राष्ट्रिय महिला आयोग र नेपाल टेलिभिजनको संयुक्त प्रस्तुती नेपालमा महिला कार्यक्रम

राष्ट्रिय महिला आयोग र नेपाल टेलिभिजनको सहकार्यमा आ.व. २०७९/८० मा २२ वटा कार्यक्रमहरु सम्पन्न भयो । कार्यक्रमहरु विविध सरोकारका क्षेत्रसँग सम्बन्धित विषयहरुमा केन्द्रित भई सम्पन्न भयो । कार्यक्रमहरु तयारी र प्रसारण गर्दा महिलासँग सम्वन्धित सन्दर्भहरु, अभियानहरुलाई समेत आधार मानिएको छ । कार्यक्रममा महिला सम्बन्धी विभिन्न प्रतिवेदनहरु, मामिलाहरु, विभिन्न महिला अधिकारकर्मीहरु तथा अभियान्ताहरुसँगको अन्तर्वार्ता, आयोगबाट सम्पादित महत्वपूर्ण कार्यक्रमहरु एवं क्रियाकलापहरु प्रसारण गरिएको छ । महिलाको सवाल सम्बोधन गर्ने विषयमा राज्यका जिम्मेवार निकायहरुलाई खबरदारी गर्ने तथा नीतिगत एवं कार्यगत सिफारिस गर्ने र सिफारिस भएका नीति तथा कार्यक्रमहरुको अनुगमन समेत गर्ने किसिमको भूमिका राष्ट्रिय महिला आयोगवाट निर्वाह भइरहेकोमा सोको जानकारी समेत आम नागरिकमा पुर्याउने कार्यक्रमको मुख्य उद्धेश्य रहेको छ ।नेपाली महिलाको अवस्था र अवस्थामा सुधारका व्यवस्थाहरुको समेत पहिचान र प्रचार प्रसार गर्दै सम्बन्धित निकायहरुको ध्यानाकर्षण गर्ने उद्धेश्य समेत यस कार्यक्रमले साक्षात्कार गरेको छ । यस कार्यक्रमबाट राष्ट्रिय महिला आयोगले हिंसामा परेका पीडितहरुको उद्धार, राहतर पुनःस्थापनाको लागि प्रवाह गरिरहेका सेवाहरुको बारेमा समेत आम नागरिक समक्ष जानकारी गर्ने अवसर पनि प्राप्त भएको छ ।कार्यक्रममा देहायको

विषयहरुलाई राष्ट्रिय महिला आयोगको तर्फबाट आम नागरिक माझ जानकारी गराउने अवसर प्राप्त भएको छ ।

१. राष्ट्रिय महिला आयोगको हेल्पलाइन सेवाको जानकारी,
२. लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको पृष्ठभूमि, महत्व, प्रयास र नेपालमा यसको अपरिहार्यताको प्रचार प्रसार,
३. नेपालमा महिलाको राजनीतिक सशक्तीकरणको अवस्था तथा महिलाको अर्थपूर्ण सहभागिता प्रवर्द्धनका लागि अवलम्बन गर्नुपर्ने उपायहरुको जानकारी,
४. बैदेशिक रोजगारीमा संलग्न महिलाहरुको सुरक्षित र मर्यादित रोजगारीका लागि तहगत तथा निकायगत सरोकारवालाहरुको भूमिका बारे जानकारी,
५. लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको सवालहरु र यस समुदायका व्यक्तिको मर्यादित र पहिचानका लागि राज्यका निकायहरुको भूमिका बारे ध्यानाकर्षण,
६. प्रदेश सभा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा महिला सहभागिताको अवस्था बारे जानकारी,
७. ज्येष्ठ महिला माथि हुने दुर्व्यवहार, हिंसाको जोखिम, हिंसा न्यूनीकरण गर्ने उपायहरुका लागि सरोकारवालाहरुको ध्यानाकर्षण,
८. महिला माथि हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने महासन्धी (CEDAW १९७९) को नेपालमा कार्यान्वयनको अवस्था बारे जानकारी तथा महासन्धीमा भएका व्यवस्थाहरु कार्यान्वयन गर्न सरोकारवालाहरुको ध्यानाकर्षण,
९. बहुआयामिक क्षेत्रहरुमा महिला सशक्तीकरणको अवस्था बारे आम नेपाली महिलाको सशक्तीकरणमा सरोकारवालाहरुको ध्यानाकर्षण,
१०. नेपालमा आदिवासी जनजाति महिलाका सवालहरु र समग्र आदिवासी जनजाति महिलाको उत्थानका लागि सरोकारवाला पक्षहरुको ध्यानाकर्षण,
११. लैंगिक हिंसाको अवस्था, हिंसाका कारण महिलाको व्यक्तित्व विकासमा असर परी समस्त राष्ट्रलाई पर्ने असरको विश्लेषण पतथा हिंसा न्यूनीकरणका लागि घरयासी तह देखि राष्ट्रिय सरोकारवालाहरुको ध्यानाकर्षण,
१२. मनोरञ्जन क्षेत्र तथा जोखिमयुक्त क्षेत्रमा कार्यरत महिलाहरुको समस्याहरु, मनोरञ्जन क्षेत्रलाई मर्यादित श्रमको रुपमा विकास गर्नु पर्ने आवश्यकता एवं उपायहरुको बारेमा विचार विमर्श र जानकारी,
१३. राष्ट्रिय महिला आयोगको महिला सशक्तीकरण, लैंगिक मूलप्रवाहीकरण तथा लैंगिक समानता प्रवर्द्धन सम्बन्धी भूमिका र भावी कार्यदिशाबारे आम सरोकारवालाहरुलाई जानकारी,
१४. अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विश्वमा र नेपालमा महिला विकास सशक्तीकरणको ऐतिहासिक पृष्ठभूमि, दिवसको सन्दर्भमा महिला सशक्तीकरणका लागि अघि सारिएका कदमहरुको उपलब्धी समीक्षा र नेपालमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसले ल्याएको महिला सशक्तीकरणको लहरबारे जानकारी,

१५. नेपालमा एकल महिलाको बर्तमान अवस्था तथा एकल महिलाको सुरक्षा, सशक्तीकरण एवं व्यक्तित्व विकासका लागि अवलम्बन गर्नु पर्ने उपायहरुको जानकारी,

१६. बालिका तथा किशोरीमाथि हुने हिंसा न्यूनीकरणमा विचार विमर्श र किशोरीहरुको आत्मरक्षात्मक क्षमता विकास र सशक्तीकरणमा विभिन्न क्षेत्रको भूमिकाको स्पष्ट जानकारी,

१७. नेपालमा मर्यादित महिनावारीको अभ्यासका लागि राज्यको तर्फबाट भएका प्रयासहरु र थप प्रयासको लागि जिम्मेवार पक्ष र निकायको भूमिकाबारे जानकारी

१८. नेपालमा दलित समुदायका महिलाका सवालहरु, विभेदको अवस्था तथा विभेदरहित वातावरण निर्माण गरी दलित महिलाको सशक्तीकरणका लागि अवलम्बन गर्नुपर्ने उपायहरुबारे जानकारी,

१९. राष्ट्रिय महिला आयोगबाट हिंसा पीडित महिलाहरुको लागि दिईने सेवाहरु र सेवा प्रवाह गर्ने प्रक्रिया लगायतका विषय र उजुरी व्यवस्थापन बारे जानकारी,

२०. नेपालमा राष्ट्रिय महिला अधिकार दिवसको पृष्ठभूमि, महत्व, महिला अधिकारको बहुआयामिक क्षेत्र र महिला अधिकार प्रवर्द्धनका उपायबारे संक्षिप्त जानकारी,

२१. अपाङ्गता भएका महिलाले भोग्नु परेका समस्याहरु, हिंसाको जोखिम र अपाङ्गता भएका महिलाको सशक्तीकरणका लागि सरोकारवालाहरुको ध्यानाकर्षण सहित बर्तमान अवस्थाको जानकारी,

२२. आमाको नामबाट नागरिकता प्राप्त गर्न देखिएका समस्याहरु र समस्या समाधानका लागि अवलम्बन गर्नुपर्ने उपायहरुको जानकारी ।

## १०.७ त्रैमासिक बुलेटिन प्रकाशन

राष्ट्रिय महिला आयोगको गतिविधि समेटेर त्रैमासिक बुलेटिन प्रकाशन गर्ने कार्यक्रम अन्तर्गत प्रथम त्रैमासिक बुलेटिन प्रकाशन गरिएको थियो ।स्वीकृत बजेट कटौती भएका कारण अन्य त्रैमासिक अवधिमा भएका काम कारवाहीको बारेमा बुलेटिन प्रकाशन नगरिएको हो । उक्त बुलेटिनमा आ. ब. २०७९/८० को पहिलो त्रैमासिक:श्रावण देखि असोज मसान्तसम्मको अवधिमा आयोगबाट सम्पन्न भएका कार्यक्रमहरु, अनुगमन तथा मूल्याङ्कन, सार्वजनिक सुनुवाई, रणनीतिक बैठकहरु,अन्य संघ संस्थासँगको समन्वय तथा सहकार्यहरु लगायतका गतिविधिहरु समेटिएको थियो । त्यसका साथै, महिला हिंसा विरुद्धका जनचेतनामूलक सूचना तथा जानकारीहरु समेत समेटिएको थियो ।

## १०. ८ महिला बालबालिका र किशोरीहरुका लागि तीनै तहका सरकारहरुका नीति, योजना तथा कार्यक्रमहरुको प्रभावकारिता अध्ययन तथा विश्लेषण र प्रतिवेदन

संघीय, प्रादेशिक तथा स्थानीय तहमा कार्यान्वयनमा रहेका महिला तथा बालबालिका सम्बन्धी नीति, योजना तथा कार्यक्रमको अध्ययन तथा पुनरावलोकन गर्नु यस कार्यक्रमको मुख्य औचित्य हो । प्रभावकारिता, दोहोरोपन तथा उद्देश्यको आधारमा कार्यान्वयनमा रहेका नीति, कार्यक्रम तथा योजनाको तुलनात्मक अध्ययन तथा प्रभाव विश्लेषण गरी अध्ययनबाट आएको उपलब्धिको आधारमा विभिन्न निकायलाई सिफारिस गर्नका लागि यस अध्ययन गरिएको हो।

# परिच्छेद ११

# निष्कर्ष, उपलब्धी, चुनौती, सुझाव तथा भावी कार्यदिशा

राष्ट्रिय महिला आयोगको स्थापना भएको दुई दशक भन्दा बढी भइसकेको भए पनि नेपालको संविधानले वि.सं.२०७२ सालमा मात्र आयोगलाई संवैधानिक निकायको रुपमा स्थापित गरेको हो। संविधान जारी भएको ५ वर्ष पछि मात्र आयोगमा संवैधानिक परिषद्को सिफारिसमा पदाधिकारीहरुको नियुक्ती भई आयोगले पुर्णता पाएको हो । महिला अधिकार, महिला सशक्तीकण, महिला विकास र महिला हिंसा न्यूनीकरण जस्ता मुद्दाहरुमा आयोगले विगत देखि गतिविधिहरु सञ्चालन गर्दै आएको छ ।यस्ता मुद्दाहरु समयानुकुल स्वरुपमा फरक हुने भएता पनि सारमा उत्तिकै गहन, संवेदनशील र अति महत्वपूर्ण विषयहरु हुन् । यस परिच्छेदमा आ.व. २०७९/८० मा अनुभूत गरिएका निष्कर्ष, चुनौती, उपलब्धी, सुझाव र भावी कार्यदिशाहरुलाई प्रस्तुत गरिएको छ ।

## ११.१ निष्कर्ष

(क) नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही लैंगिक समानता प्रवर्द्धन, महिला अधिकारको संरक्षण र प्रवर्द्धन, लैंगिक मूलप्रवाहीकरण एवं लैंगिक हिंसा नियन्त्रणका लागि कानूनहरुको कार्यान्वयन, परिमार्जन र आवश्यक पर्ने नयाँ कानूनहरुको तर्जुमाको विषयमा पैरवीकर्ता र सिफारिसकर्ताको रुपमा राष्ट्रिय महिला आयोगले भूमिका भूमिका निर्वाह गर्दै आएको छ ।

(ख) विभिन्न समयमा नेपाल पक्ष राष्ट्र भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुमा भएका लैंगिकमैत्री व्यवस्थाहरुलाई स्थापित गराउन, त्यस्ता प्रतिबद्धताहरुमा व्यवस्था भएका महिलाको कानूनी अधिकार पूर्णतः लागु गर्न र गराउन, महिलालाई अधिकार प्रति सचेत गराउन, सार्वजनिक सेवा प्रवाहमा लैङ्गिक मैत्री पद्धति, सोंच, व्यवहार र शैलीको अवलम्वन गर्न र गराउन राष्ट्रिय महिला आयोगको भूमिका प्रभावकारी हुदै आएको छ ।

(ग) महिला अधिकारसँग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने सार्वजनिक निकायका नीति, कार्यक्रम एवं क्रियाकलापहरू र सेवा प्रवाहको कार्यशैली विधमान कानुनी व्यवस्था अनुरूप भए नभएको र लैङ्गिक मैत्री भए नभएको सन्दर्भमा आयोगले गरेको अनुगमन तथा प्राप्त पृष्ठपोषण लाई आधारमानी सम्बन्धित निकायहरु लैङ्गिकता र विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्न तत्पर रहेको देखिन्छ ।

(घ) आयोगका पदाधिकारीहरुको नेतृत्वमा लैङ्गिक हिंसाका घटना घटेको स्थानमा नै पुगी पीडितको अवस्थाको प्रत्यक्ष अवलोकन, घटनाको प्रतिवेदन तयारी र पीडकलाई कारवाही एवं पीडितलाई न्याय दिलाउने कार्यका लागि आयोगको तर्फबाट सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य भएको छ । त्यसका साथसाथै, विभिन्न सञ्चार माध्यमहरुबाट प्राप्त सूचनाहरुलाई आधार मानेर महिला

हिंसाका घटनाका सम्बन्धमा सम्बन्धित निकायबाट जानकारी लिने, घटनाको स्थलगत अनुगमन गर्ने र न्याय निरुपणका लागि खबदारी गर्ने कार्यमा आयोगले अग्रणी भूमिका खेलेको छ ।

(ङ) आयोगले सञ्चालन गरेको "खबर गरौं ११४५ निःशुल्क हेल्पलाइन" बाट लैङ्गिक हिंसाबाट पीडित महिलाको तत्काल उद्धार र संरक्षणका लागि निशुल्क मनोसामाजिक विमर्श, कानूनी सहायता र परामर्श, सुरक्षित आश्रयस्थल जस्ता सेवाहरू उपलब्ध गराएको हुँदा देशभरिको लैङ्गिक हिंसा पीडित महिलाहरूले आयोगबाट सेवा प्राप्त गर्न सहज भएको छ।

(च) लैङ्गिक हिंसा विरुद्ध चेतनाकोस्तर अभिवृद्धि गर्न समुदायसम्म पुग्ने गरी विभिन्न किसिमका सूचनामूलक सामाग्रीहरू प्रकाशन गर्ने र सञ्चार माध्यमबाट पनि सन्देशमूलक सामग्रीहरू प्रशारण गरी लैङ्गिक हिंसा विरुद्ध नागरिक सचेतना विकास गर्ने कार्यलाई पनि आयोगले महत्व दिंदै आएको छ ।

(छ) राष्ट्रिय महिला आयोगले आफ्नै प्रयासमा महिला हक अधिकारको विषयमा विभिन्न प्रदेश, जिल्ला र स्थानीय तहसम्म पुगी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको हुँदा महिला अधिकारको क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने निकायहरूलाई जिम्मेवार बनाउने र आवश्यक सुझाव दिने कार्य भईरहेकोले महिला सशक्तीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा समेत राष्ट्रिय महिला आयोगको भूमिकाले भूमिका खेलेको छ ।

(ज) नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले आयोगलाई महिला हिंसाका विषयमा उजुरीको छानविन गर्न सक्ने अधिकार दिएको सन्दर्भमा पीडित पक्षबाट उजुरी लिई त्यसको छानबिन गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गरी पठाउने मात्र नभई पीडित र पीडक दुवै पक्षलाई आयोगमा झिकाई उजुरीमा दावी भएका विषयमा दुवै पक्षको राय सुनी न्यायको प्रक्रियाका लागि सिफारिस गर्ने कार्य भएको छ ।

(झ) अपाङ्गता भएका महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति, ज्येष्ठ महिला लगायत सीमान्तकृत समुदायका महिलाहरुको अधिकार प्रवर्द्धन गर्न र उनीहरुमाथि हुने हिंसा र दुर्व्यवहारको न्यूनीकरणका लागि आयोगले सम्बन्धित पक्षसँग निरन्तर छलफल र बहस गर्ने गरेको छ । यस कार्यले राष्ट्रिय महिला आयोग महिलाभित्र पनि पछाडी परेका सीमान्तकृत समुदायका महिलाहरु प्रति संवेदनशील भएको देखिन्छ ।

(ञ) लैङ्गिक विभेदकारी कानूनहरूलाई संशोधन तथा नयाँ निर्माण गरी लैङ्गिक मैत्री बनाउने, नेपाल पक्ष भएका सबै अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरूप तादाम्यता मिल्ने गरी मौजुदा कानूनी व्यवस्थाहरूमा सुधार गर्नु पर्ने, उक्त प्रतिवद्धता बमोजिम कार्य प्रगति भए नभएको जस्ता विषयमा आयोगले विभिन्न विषय विज्ञहरुसँग र सरोकारवाला निकायहरुसँग छलफल तथा बहस, पैरवी गरी नीतिगत सुझावहरु संकलन गरी नेपाल सरकारलाई सुझाव प्रदान गर्ने गरेको छ ।

(ट) आ.व. २०६४/६५ देखि लैङ्गिक उत्तरदायी बजेटको अभ्यास सुरु भई लैंगिक विकासको अवधारणालाई आत्मसात गरिएको छ ।यस अभ्यासले लैंगिक समानता र लैंगिक सशक्तीकरणका पक्षमा धेरै सफलता मिलेको भए पनि नेपाल सरकारका तीनै तहहरु लैंगिक उत्तरदायी बजेट तर्जुमामा पर्याप्त मात्रामा गम्भिर भएको देखिदैन । नेपाल सरकारका तीने तहमा लैङ्गिक उत्तरदायी

बजेटको अनिवार्य व्यवस्था गर्नका साथै यसलाई नतिजामुखी र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

(ठ) अनौपचारिक तथा असंगठित क्षेत्रमा संलग्न अर्धसीप भएका महिलाहरुको योगदानलाई मूल्यकरण(Monitize) गर्न सकिएको छैन । यस क्षेत्रमा कार्यरत महिलाहरुको यकिन तथ्यांक उपलब्ध नहुँदा उनीहरुको योगदानलाई अर्थतन्त्रको सम्बन्धमा जोड्न सकिएको छैन । असंगठित तथा अनौपचारिक क्षेत्रमा कार्यरत महिलाहरुको योगदानलाई अर्थतन्त्रमा मूल्यांकन गर्न अध्ययन अनुसन्धान गरी तथ्यगत पुष्याई तयार गर्नुपर्ने देखिन्छ । साथै, सामाजिक सुरक्षामा आवद्ध गराउनु पर्ने देखिन्छ ।

(ड) विभिन्न किसिमका नीतिगत, कानूनी एवं संरचनागत कार्यगत व्यवस्थाहरू हुँदाहुँदै पनि लैङ्गिक हिसाका घटनाहरू बढिरहेको देखिएको छ । हिंसा घटनाहरू प्रविधिको विकाससँगै फरक प्रकृतिमा देखिएका छन्। प्रथा र परम्पराको नाममा हुने हिंसामा समेत विकासको लहरले पनि कमी ल्याउन सकेको देखिदैन ।यसैले गर्दा लैंगिक हिंसाका सम्बन्धमा भएका व्यवस्था र अवस्थाको गहन रुपले विश्लेषण गरी लैंगिक हिंसा न्यूनीकरणका समयानुकुल रणनीति लागु गर्न आवश्यक देखिन्छ ।

(ढ) लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूलाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनोट तथा सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्याविधि, २०७८ लाई अझ परिमार्जन गरी हिंसा पिडितको उद्धार, राहत तथा पुनःस्थापना सम्बन्धी सेवा प्रवाह गर्ने गैरसरकारी संस्था छनोट गरी कायदिश दिन र सेवाशुल्क उपलब्ध गराउने कार्यमा अझ दायरा फराकिलो बनाउन आवश्यक भएको देखिन्छ ।

(ण) राष्ट्रिय महिला आयोगबाट देशका विभिन्न स्थानमा रहेका सरकारी अस्पतालहरूमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (One Stop Crisis Management Center) द्वारा प्रवाह भईरहेको सेवाको निरन्तर अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण भईरहेको हुँदा समुदायस्तरमा घटेका लैङ्गिक हिंसाका पिडितहरूले पाउने सेवाको गुणस्तरमा सुधार ल्याउन मद्दत पुगेको छ ।

## ११.२ उपलब्धीहरु

(क) राष्ट्रिय महिला आयोगमा आ.व. २०७९/८० मा कुल ९०२ वटा लैंगिक हिंसाका उजुरीहरु दर्ता भएका छन् । आयोगबाट पीडितहरुलाई निशूल्क कानुनी परामर्श तथा कानुनी सहायता, मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने, पीडित र पीडक दुवैलाई राखी न्याय सहितको मेलमिलाप गराउने, विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी पीडितहरुलाई आश्रयस्थलमा राखे व्यवस्था गरिएको छ । यस आ.व. मा ७२ जना पीडितलाई आश्रयस्थलमा पठाइएको छ भने ३७८ जनालाई निशुल्क कानुनी सहायता प्रदान गरिएको छ । यस आ.व. मा ४५८ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ भने २५८ वटा उजुरीमा मेलमिलाप गराईएको छ । त्यस्तै, यस आ.व. मा आयोगमा प्राप्त भएका सूचनाका आधारमा अन्य सेवा प्रदायक निकायहरुबाट न्यायिक उपचार गर्नुपर्ने १३ वटा मुद्दाहरु कारवाहीका लागि विभिन्न सेवा प्रदायक निकायहरुमा पत्राचार एवं सिफारिस गरिएको छ ।

(ख) लैङ्गिक हिंसामा परेका पिडितको उद्धार, राहत र पुर्नस्थापनाको लागि "खबर गरौं ११४५ हेल्पलाइन सेवा" लाई नेपाल सरकारको जनशक्ति र बजेटबाट सञ्चालन हुने गरी अस्थाई दरबन्दी स्वीकृत गरी सेवा प्रदान गरिदैं आएको छ । उक्त सेवाबाट लैङ्गिक हिंसा तथा घरेलु हिंसाका पीडितहरूको समस्यालाई तत्काल सम्बोधन गर्ने गरिएको छ।

(ग) यसै आ.व. मा सम्पन्न भएको प्रतिनिधिसभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को लैंगिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट अनुगमन गरिएको छ । नेपालको संविधानले प्रतिनिधिसभा र प्रदेश सभामा कुल सदस्य संख्याको कम्तिमा एक तिहाई संख्या महिलाको हुनुपर्ने व्यवस्था गरेको छ । संविधानको मर्म अनुरुप राजनीतिक दलहरुले महिलालाई उम्मेदवार चयन गर्न प्राथमिकता दिएका छन् कि छैनन् तथा निर्वाचनको समयमा महिला उम्मेदवारहरुको सूरक्षा, निर्वाचन सम्पन्न गर्न खटाइएका जनशक्ति, अन्य स्रोत साधनहरु, मतदानस्थलहरु लैंगिकमैत्री छन् वा छैनन् जस्ता विषयमा निर्वाचन पूर्व र निर्वाचन सम्पन्न भएको समयमा देशका विभिन्न स्थानहरुमा पुगी अनुगमन गरिएको छ ।

(घ) राष्ट्रिय महिला आयोगले नेपालमा महिलाको बर्तमान अवस्था झल्किने तथ्यांक सहितको पुस्तक प्रकाशन गरेको छ । राजनीतिक क्षेत्र, आर्थिक तथा सामाजिक क्षेत्रमा महिलाहरुको सहभागिता तथा उपस्थितिलाई बृहत् ढंगले विश्लेषण गरी पुस्तक तयार गरिएको छ । यस पुस्तकले आगामी दिनमा लैंगिक क्षेत्रमा बन्ने नीति योजना तथा कार्यक्रमहरु तर्जुमा गर्न आधार तयार गर्ने अपेक्षा गर्न सकिन्छ ।

(ङ) महिला विरुद्ध हुने सबै किसिमका भेद्भाव उन्मूलन गर्ने महासन्धि (-Convention on the Elimination of all forms of Discrimination against Women: CEDAW) को कार्यान्वयन अवस्थाबारे प्रदेशगत रूपमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएकोले कार्यान्वयन अवस्थाबारे प्रदेशगत जानकारी तथा समग्र अवस्थाको परिदृष्य प्राप्त भएको हुँदा महिला अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप महिला अधिकारको क्षेत्रमा विभिन्न सरोकारवाला निकायहरूलाई दिनुपर्ने सुझावको बारेमा स्पष्ट मार्गचित्र प्राप्त भएको छ । महिलाको अधिकार सम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूको समेत कार्यान्वयन अवस्था हालसम्मको उपलब्धि र भावी कार्यदिशा सम्बन्धमा नेपाल सरकारका निकायहरूलाई नीतिगत तथा कार्यगत सुझाव दिनका लागि आधार तय भएको छ ।

(च) आयोगले रेडियो तथा विभिन्न एफ.एम.का माध्यमहरूबाट महिला हक, अधिकार प्रवर्द्धन र महिला हिंसा निवारण सम्बन्धी विषयमा नियमित जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी देशभरिका महिलाहरूलाई सुसूचित गर्ने, नेपाल टेलिभिजनबाट महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमहरु प्रसारण गर्ने, बृत्तिचित्र निर्माण गरी राष्ट्रिय महिला आयोगबाट प्रदान हुने सेवा सुविधाको बारेमा सुसूचित गर्ने कार्य गरिएको छ ।

(छ) देशका विभिन्न स्थानमा रहेका सरकारी अस्पतालहरूमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (One Stop Crisis Management center, OCMC) द्वारा प्रवाह भईरहेको सेवाको निरन्तर अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण भईरहेको हुँदा समुदायस्तरमा घटेका लैङ्गिक हिंसाका पिडितहरूले पाउने सेवाको गुणस्तरमा सुधार भएको छ ।

(ज) घरेलु तथा महिला हिंसाका घटनाहरुको सम्बन्धमा आयोगबाट स्थलगत अनुगमन गरी त्यस्ता घटनाहरुको घटनाको छानविन गरी पीडितलाई न्याय दिलाउन र दोषीलाई कारबाही गर्न सम्बन्धित निकायहरुलाई झकझकाउने काम भएको छ ।

(झ) आयोगबाट प्रदेश, जिल्ला एवं स्थानीय तहसम्म पुगी विभिन्न किसिमका प्रचार–प्रसारमूलक, सचेतनामूलक एवं पैरवीमूलक कार्यक्रमहरू सञ्चालन भएवाट विभिन्न किसिमका कुरीतिहरू, कुप्रथाहरू एवम् हानिकारक अभ्यासहरू नियन्त्रण हुनमा महत्वपूर्ण योगदान पुगेको छ । प्रदेश, जिल्ला र स्थानीय तहसम्म यस किसिमका कुप्रथाहरू अन्त्य गर्न सरोकारवाला निकायहरूले जिम्मेवारी बोध गरेको पाइएको छ ।

(ञ) आयोगवाट नीतिगत तहमा पहुँच स्थापना गराउन संघीय संसदका सांसदहरुसँग र राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम सञ्चालन भएबाट महिलाको राजनीतिक सशक्तीकरणका लागि राजनीतिक दलहरुले आफ्ना घोषणापत्रहरू अनुसार पहल कदमी गर्ने दिशामा राजनैतिक दलबाट उम्मेदवार मनोनयन लगायतका कार्यमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्ष अवलम्बन गर्न आयोगको तर्फबाट महत्वपूर्ण सुझावहरू दिइएकोले सोही बमोजिम दलहरूबाट लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको प्रयास हुने अपेक्षा गर्न सकिन्छ ।

(ट) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक जस्ता सीमान्तकृत तथा जोखिममा रहेका समुदायका व्यक्तिहरूको अधिकार सम्वन्धमा सरोकारवालाहरू माझ अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरी तत् तत् समुदायका महिलाका सवालहरू र जिम्मेवार निकायको भूमिका तथा आगामी कार्यदिशा बारे स्पष्ट सूचना र जानकारी प्राप्त भएकोले सो सम्वन्धमा कार्यरत सरकारी निकायहरूलाई नीतिगत सिफारिस गर्ने स्पष्ट सूचना तथा तथ्याङ्कीय आधार प्राप्त भएको छ।

(ठ) आयोगबाट प्रदेश, जिल्ला एवं स्थानीय तहसम्म पुगी विभिन्न किसिमका प्रचार–प्रसारमूलक, सचेतनामूलक एवं पैरवीमूलक कार्यक्रमहरू सञ्चालन भएबाट विभिन्न किसिमका कुरीतिहरू, कुप्रथाहरू एवम् हानिकारक अभ्यासहरू नियन्त्रण हुनमा महत्वपूर्ण योगदान पुगेको छ । प्रदेश, जिल्ला र स्थानीय तहसम्म यस किसिमका कुप्रथाहरू अन्त्य गर्न सरोकारवाला निकायहरूले जिम्मेवारी बोध गरेको पाइएको छ ।

## ११.३ चुनौतीहरु

(क) राष्ट्रिय महिला आयोगको आफ्नै भवन नहुँदा भाडाको घरमा रहनु परेकोले कार्यसञ्चालन गर्न बाधा उत्पन्न हुनका साथै सेवाग्राहीहरुलाई सहजरुपमा सेवा प्रदान गर्न कठिनाई भएको छ । विशेष अवस्थाका महिलाहरु, अपाङ्गता भएका महिलाहरु, जोखिम अवस्थामा रहेका तथा हिंसा पीडित महिलाहरु र बालबालिकाहरु यस आयोगमा सेवा लिन आउने हुँदा सेवाग्राहीमैत्री बनाउन चुनौतीपूर्ण छ ।आयोगको आफ्नै भौतिक संरचना पीडितमैत्री नहुँदा पीडितको गोपनियता कायम राख्ने कार्य चुनौतीपूर्ण बनेको छ ।

(ख) आयोगको आफ्नै छुट्टै सेवा समुह नहुँदा नेपाल सरकारबाट खटिएर आउने कर्मचारीहरुको छिटो छिटो सरुवा हुनु, उपलब्ध जनशक्ति पर्याप्त नहुनु र कतिपय अवस्थामा भएका जनशक्तिलाई पनि लैंगिक संवेदनशील बनाउनु चुनौतीको रुपमा रहेको छ। राष्ट्रिय महिला आयोगको प्रदेशस्तरमा कार्यालय खोल्न सक्ने संवैधानिक व्यवस्था हुँदाहुदै पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । हाल आयोगको कार्यालय काठमाडौंमा मात्रै रहेको सन्दर्भमा हालको संगठन संरचना र जनशक्तिबाट स्थानीयस्तरसम्म पुगेर पिछडीएका तथा विपन्न हिंसा पीडित महिलाहरुको समस्यालाई संवोधन गर्न र लक्षित कार्यक्रमहरु सञ्चालन गर्न निकै चुनौतीपूर्ण रहेको छ ।

(ग) समाजमा विधमान हानिकारक अभ्यास, प्रथा परम्पराहरुमा विस्तारै परिवर्तन हुँदै आएको भएता पनि त्यसमा आमूल परिवर्तन गर्न सकिएको छैन । बाल विवाह, छुवाछुत, बोक्सी आरोप, छाउपडी, बहुबिवाह, दाँइजो प्रथा जस्ता हानिकारक अभ्यासहरु अझै विधमान रहीरहँदा त्यसकै कारण धेरै महिलाहरुले घरेलु तथा लैंगिक हिंसा भोग्नु परिरहेको छ ।यस्ता प्रथा परम्पराहरुलाई समाजबाट हटाउन सामाजिक सोंच, व्यवहार, मूल्य मान्यतामा परिवर्तन ल्याउन नसक्दा महिला हिंसाका घटनालाई निर्मूल पार्नु अर्को चुनौती छ ।

(घ) परापूर्वकाल देखि नै जरा गाडेर बसेको पितृसत्तात्मक सोंचमा परिवर्तन ल्याउन सकिएको छैन। अझैं पनि महिला र पुरुषबीच बिभेद कायमै छ । यस किसिमका विभेदका कारण छोराछोरीबीच शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरुमा भिन्नता छ । श्रम बजारमा समेत समान कामका लागि समान ज्याला प्रत्याभूति गर्न सकिएको छैन । ठूलो संख्यामा महिला श्रमिकहरू समेटिएको असंगठित क्षेत्रमा समेत समान कामका लागि समान ज्यालाको प्रत्याभूति गराई श्रम बजारको लैङ्गिक विभेदको अन्त्य गर्नु चुनौतीपूर्ण छ ।

(ङ) लैङ्गिक समानता, महिला सशक्तीकरण एवं लैङ्गिक हिंसा निवारण तीन तहकै सरकारको विशिष्टीकृत भूमिका सहितको जिम्मेवारी संविधानले प्रदान गरेको छ । नीति निर्माणमा महिलाको पहुँच स्थापित गर्ने विषय देखि स्थानीय तहमा घरदैलोसम्म पुगेर महिलाको जीवनस्तर उकास्ने विषयमा नीतिगत सिफारिसको कार्य जिम्मेवारी आयोगको रहन्छ । महिला सशक्तीकरण एवं सामाजिक समावेशीकरणलाई व्यवहारमा उतारेर लैंगिक समतामूलक समाज निर्माणका लागि तीनै तहका सरकारको नीतिगत, संरचनागत र कार्यगत रुपमा समन्वय र सहकार्यको सुनिश्चित गर्नु पनि चुनौतीपूर्ण देखिएको छ।

(च) घरेलु हिंसाका घटनाहरूको न्यूनीकरण गर्ने नजिकको सरकार स्थानीय तह हो । सामान्य किसिमका घटनामा महिलालाई न्याय प्रदान गर्ने कार्य स्थानीय न्यायिक समितिबाट भईरहेको छ। तर पनि स्थानीय तहको भूमिकालाई प्रभावकारी बनाउन सकिएको देखिदैन । यता राष्ट्रिय महिला आयोगले पनि उजुरी व्यवस्थापन कार्य गरिहेको छ । लैङ्गिक हिंसा एवम् घरेलु हिंसाको घटनामा पीडितलाई न्याय प्रदान गर्न राष्ट्रिय महिला आयोग र स्थानीय तह बीचको प्रत्यक्ष समन्वय आवश्यक देखिन्छ । स्थानीय सरकार र राष्ट्रिय महिला आयोगको प्रत्यक्ष सहकार्यको सञ्जाल विकास गर्नु पनि चुनौतीपूर्ण छ ।

(छ) हिंसा पिडित महिलाहरूलाई मनोसामाजिक विमर्श, कानूनी परामर्श, आश्रयस्थल सहितको अल्पकालीन सेवाकेन्द्र अत्यावश्यक संरचना हो । आयोगबाट मनोसामाजिक सेवा, कानूनी परामर्श, आश्रयस्थल जस्ता पीडितमैत्री सेवाको लागि गैरसरकारी संस्थाहरूसँग सम्झौता गरी सेवा दिइएको छ । यसरी सेवा प्रदायक गैरसरकारी संस्थाहरूबाट सेवा प्रवाह गराउँदा एक त पीडितका लागि आवश्यक मापदण्ड सहितको स्तरीय सेवा सुनिश्चित गर्न कठिन हुन्छ र अर्कोतर्फ पीडित/प्रभावित महिलाहरूको दीर्घकालिन व्यवस्थापन गर्न सकिदैन । पीडितलाई न्याय प्रदान गरिसकेपछि पुनःस्थापित गर्नुपर्नेलाई पुनःस्थापित गर्ने र अन्यको हकमा जीवनयापन गर्नसक्ने किसिमको सेवा प्रवाह गर्नसक्ने किसिमका सेवा केन्द्र सरकारी तवरबाट स्थापना गराउनु पर्नेछ, यद्यपी यो कार्य चुनौतीपूर्ण छ ।

(ज) विशेष अवस्थाका जोखिमपूर्ण महिलाका सवालहरू जस्तै अपाङ्ग, एकल, बहिष्करणमा परेका, यौनिक अल्पसंख्यकहरुलाई सम्बोधन गर्न र सोही वर्गका हिंसा पीडितलाई सेवा प्रवाह गर्न आवश्यक पर्ने सीपयुक्त जनशक्ति व्यवस्थापन गरी परिचालन गर्नका लागि आवश्यक दक्ष जनशक्ति र उल्लेखित समुदायका महिलाहरुको खण्डिकृत तथ्याक प्राप्त गर्ने विषय चुनौतीपूर्ण छ ।

(झ) नेपालको संविधानको मर्म अनुरुप राज्यको नीतिगत तहमा महिलाको सहभागिता सुनिश्चित गर्ने विषय पनि आफैमा चुनौतीपूर्ण छ । संख्याको आधारमा संविधानले अनिवार्य गरेको पदमा महिलाको सहभागिता भए पनि नीति निर्माणमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता सुनिश्चत गर्न सकिएको छैन । राष्ट्रिय महिला आयोगले यस विषयमा नेपाल सरकार, नीति निर्माताहरु र राजनीतिक दलहरुलाई समय समयमा झक्झकाउने र सो सम्वन्धमा सिफारिस गर्ने कार्य गर्दै आएको भए पनि आयोगबाट गरिएका सिफारिसहरुको व्यवहारमा कार्यान्वयन गराउने विषय चुनौतीको रुपमा रहेको छ ।

(ञ) महिला सम्बन्धी सबै अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुकूल हाम्रा कानूनमा सुधार र नीतिमा समयानुकुल परिवर्तन गर्न नसक्दा सारभूत लैङ्गिक समानता हासिल गर्न सकिएको छैन । सारभूत समानताका लागि नीतिगत पहल सहित परिणाम हासिल गर्नु चुनौतीपूर्ण छ ।

## ११.४ सुझावहरु

(क) कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा लैङ्गिक सम्वेदनशीलता मापन गरी प्रत्यक्ष लैङ्गिक उत्तरदायी, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी र लैङ्गिक रुपले तटस्थ गरी तीन प्रकारले बजेटको वर्गीकरण गर्ने प्रणाली आर्थिक वर्ष २०६४/०६५ देखि कार्यान्वयनमा रहेको छ । संघ, प्रदेश र स्थानीय तह र अन्य सरोकारवालाहरूले निर्माण गर्ने योजना तथा बजेटमा लैङ्गिक सम्वेदनशीलताको विश्लेषण, लैङ्गिक समानता र सशक्तिकरणका विविध पक्षहरुको पहिचानका साथै सम्बोधनका लागि प्रयासको थालनी गरेको देखिएता पनि प्रदेश र स्थानीय तहहरुमा यसलाई पूर्णरुपमा स्थानीयकरण गरेको देखिदैन । सबै तहको नीति तथा कार्यक्रमलाई लैंगिकमैत्री बनाउनुको साथै लैंगिक उत्तरदायी बजेट प्रणालाई प्रभावकारी र नतिजामुखी रुपमा अभ्यास गर्नुपर्ने

देखिन्छ ।त्यसका साथै लैंगिक उत्तरदायी बजेट प्रणालीको प्रभावकारिता अध्ययन गर्नु आवश्यक देखिन्छ ।

(ख) नेपालको संविधानले लैंगिक समानता सहितको समावेशीकरण नीति अख्तियार गरेको छ । विगतको तुलनामा महिलाको सहभागिताकोस्तर बढेको भए पनि पर्याप्त र अर्थपूर्ण सहभागिता हुन सकेको छैन । राजनीतिक, आर्थिक, प्रशासनिक र अन्य सेवा क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता बढाई नीतिगत पहुँच स्थापित गर्न सरकार, राजनीतिक दल र सबै सरोकारवाला पक्षहरुले संवेदनशील हुनु पर्ने जरुरी छ ।

(ग) घरेलु तथा यौनजन्य हिंसा, जबरजस्तीकरणी लगायतका हिंसाका घटनाहरु दिनानुदिन बढ्दै गएको छ । यसको न्यूनीकरणका लागि विगतमा अभ्यासमा रहेका रणनीतिहरुमा समिक्षा गरी समय सान्दर्भिक रणनीति तय गरी अगाडी बढ्नुपर्ने देखिन्छ । अधिकांश घरेलु हिंसाका घटनाहरू स्थानीय न्यायिक समितिमा पुग्ने हुँदा न्यायिक समितिको क्षेत्राधिकार बमोजिम घरेलु हिंसाका पिडित महिलाहरूलाई भरपुर न्याय प्रदान गर्न सक्ने गरी कानूनी व्यवस्था गर्नुपर्ने र स्थानीय न्यायिक समितिहरूको सुदृढीकरण गर्नुका साथै न्यायिक समितिको क्षमता विकास गर्न ७५३ वटै स्थानीय तहको ध्यान पुग्नु पर्ने देखिन्छ ।

(घ) महिला हक अधिकार, लैंगिक समानता, महिला विरुद्धका विभेद, शोषण हिंसा अन्त्य गर्न गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धताको कार्यान्वयनलाई प्रभावकारी बनाउन सो सम्बन्धमा स्थानीय तहसम्मै बहस, पैरवी गर्ने । त्यसका साथै, यस सम्बन्धमा सञ्चालित कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने ।

(ङ) महिलाको क्षमता विकास, सीप विकास, प्रविधि र टेवा पुँजीमा सहयोग मार्फत स्वरोजगार र रोजगारको सुनिश्चितता सहित महिलाको आर्थिक सशक्तीकरण गरि आत्मनिर्भर बनाउने ।

(च) महिलालाई वैदेशिक रोजगारीमा घरेलु कामदारका रुपमा लगाइएको प्रतिबन्धका कारण महिलाहरु अवैध बाटोबाट वैदेशिक रोजगारीमा जाने क्रम नरोकिएको, अझ बढी शोषणमा परेको, दलालहरुबाट ठगिने क्रम बढ्नुका साथै उनीहरुको अभिलेखीकरण नहुँदा राज्यबाट प्राप्त गर्नुपर्ने सेवा, सुविधा तथा सुरक्षाबाट बञ्चित हुँदै आएको तथा गन्तव्य मुलुकमा पनि असुरक्षित हुँदा उद्धार तथा क्षतिपूर्ति समेत नपाउने अवस्था भएकोले उक्त कानुनी प्रतिबन्ध हटाउने गरी कानुनमा परिमार्जन गर्ने साथै नियमनका लागि समेत बलियो संयन्त्रको समेत कानुनी व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने आवश्यक देखिन्छ ।

(छ) मनोरञ्जन क्षेत्र, जोखिमयुक्त क्षेत्र र अनौपचारिक क्षेत्रमा संलग्न महिलाहरुको मर्यादित र सुरक्षित रोजगारीको लागि नियमित अनुगमन र नियमनका लागि मौजुदा कानुनमा परिमार्जन गर्ने र उनीहरुले प्राप्त गर्ने सेवा, सुविधा लगायतका व्यवस्था र अवस्थालाई प्रभावकारी बनाउने साथै उक्त क्षेत्रमा विद्यमान श्रमशोषणको अन्त्य गर्न न्यूनतम पारिश्रमिक तथा अन्य सेवा सुविधा प्रदान गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्नुपर्ने आवश्यक छ ।

(ज) किशोरी तथा बालिकामाथि हुने जबर्जस्तीकरणी, सामुहिक बलत्कार जस्तो जघन्य अपराधमा संलग्न अपराधीलाई कानुनी दायरामा ल्याउनका लागि अपराधको सबुत प्रमाण संकलनमा सहजताका लागि प्रत्येक प्रदेशका प्रादेशिक अस्पतालमा विधिविज्ञान प्रयोगशाला स्थापना गर्नु पर्ने देखिन्छ ।

(झ) विद्यालयको पाठ्यक्रममा र सम्पूर्ण तालिम प्रदायक निकायहरुले संचालन गर्दै आएका तालिमको पाठ्यक्रममा लैंगिक समानता र लैंगिक हिंसा न्यूनीकरणका विषय अनिवार्य रुपमा समावेश गरी उक्त विषयमा पठनपाठन गर्ने व्यवस्था गर्ने र विद्यालयहरुमा लैंगिक हिंसा न्यूनीकरण सम्बन्धी विद्यालय सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

(ञ) लैंगिक हिंसाबाट पीडित तथा प्रभावित महिलाहरुको लागि प्रत्येक जिल्लामा सुरक्षित आश्रय स्थल वा सेवा केन्द्रको व्यवस्था गर्ने, त्यस्ता सुरक्षित आश्रय स्थल तथा सेवा केन्द्रहरुको संचालन तथा व्यवस्थापनमा एक रुपता ल्याउन मापदण्ड बनाउने, महिला, बालबालिका, अपाङ्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, मानसिक समस्या भएका व्यक्तिहरुको फरक फरक किसिमको समस्या हुने हुँदा यस कुरालाई मध्यनजर गरी आश्रयस्थलको निर्माण र सञ्चालन गर्नुपर्ने, आश्रयस्थलले प्रदान गर्ने सेवालाई अत्यावश्यक सेवामा समावेश गराउनु पर्ने आवश्यक देखिन्छ ।

(ट) साविकमा जिल्लामा रहेका जिल्ला महिला तथा बालबालिका कार्यालय खारेज भएसँगै महिला, बालबालिका र ज्येष्ठ नागरिक लगायत जोखिममा परेको समुदायका सवाललाई सहजीकरण र सम्बोधन गर्ने निकायको अभाव भएको हुँदा प्रत्येक जिल्लामा महिला बालबालिका सम्पर्क केन्द्र स्थापना गर्न अनिवार्य देखिन्छ ।

(ठ) एकल महिलाहरुको परिचयपत्र वितरण कार्य र उनीहरुले प्राप्त गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित र सरल बनाउनुपर्ने देखिन्छ । त्यस्तै, हाल कार्यान्वयनमा रहेको एकल महिला सुरक्षाकोष मापदण्डमा समयसापेक्ष परिमार्जन गरी कोषको प्रभावकारी परिचालन गर्न र परिचयपत्र नवीकरण गर्ने कार्य अनलाईन मार्फत गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(ड) पितृसत्तात्मक संरचना र सोंचका कारण महिला हिंसाका घटना बढ्न, सारभूत समानताको कमजोर परिणाम रहन र महिलाको नीतिगत तहमा पहुँच नपुग्ने अवस्था सृजना भएको सन्दर्भमा परम्परागत पितृसतात्मक सोंचमा आमूल परिवर्तन ल्याई महिलालाई पुरुष सरह आर्थिक, सामाजिक अधिकार उपभोग गर्ने वातावरण सिर्जना गरी आत्मसम्मानपूर्ण जीवनयापन गर्न सक्ने अवस्थाको सुनिश्चितताका लागि तीनै तहका सरकार, गैरसरकारी संस्था, नागरिक समाज, समुदाय तथा निजी क्षेत्र सवैबाट समन्वयात्मक प्रयास आवश्यक देखिन्छ ।

(ढ) प्रत्येक स्थानीय तहमा हिंसा पीडितहरूलाई लक्षित गरी मनोविमर्शकर्ता, कानूनी सहजकर्ता, दोभाषे जस्ता सीप भएका व्यक्तिहरूबाट सेवा प्रवाह गर्ने गरी सहायता कक्ष स्थापना गरी पीडित मैत्री वातावरण तय गर्नु पर्दछ जसले गर्दा लैङ्गिक हिसा र घरेलु हिंसाका पीडितहरू स्थानीय तहमा सेवा लिन वा सेवा सम्बन्धी जानकारी लिन पुग्दा आफुलाई सुरक्षित महसुस गर्न सक्नेछन् ।

(ण) आमाको नामबाट नागरिकता प्राप्त गर्न पाउनु पर्ने नागरिकको अधिकारलाई नेपालको संविधानमा नै व्यवस्था भए बमोजिम कानूनी व्यवस्थाद्वारा यस विषयलाई छरितो सहजरूपमा प्रत्याभूत गर्न सकिने नागरिक अधिकारको रूपमा व्यवस्थित गर्नु पर्दछ ।

(त) संघीय, प्रादेशिक एवम् स्थानीय तहका सबै सार्वजनिक निकायमा लैङ्गिक सम्पर्क व्यक्तिको अनिवार्य व्यवस्था गरी कार्य विवरण सहित खटाउनु पर्ने देखिन्छ । लैङ्गिक सम्पर्क विन्दुको व्यवस्थाबाट विकासमा लैङ्गिक मूलप्रवाहीकरण गर्न, लैङ्गिक मैत्री सार्वजनिक सेवा प्रवाह गर्न, लैङ्गिक हिंसा निवारण गर्न, कार्यस्थलमा हुने हिंसाको सम्बन्धमा गुनासो सनुवाई सहित हिंसा न्यूनीकरण गर्न लैङ्गिक सम्पर्क व्यक्तिको भमिका महत्वपूर्ण हुने सन्दर्भमा लैंगिक सम्पर्क व्यक्तिको भूमिकालाई अर्थपूर्ण र प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

(थ) महिला र बालबालिकाहरू मानव बेचबिखन ओसारपसारको जोखिममा रहेको हुनाले उच्च जोखिमको क्षेत्र र समुदाय पहिचान गरी तत् तत् समुदाय केन्द्रित रणनीति र क्रियाकलापहरू तय गरी मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना तय गर्नु पर्दछ ।

(द) पछिल्लो समयमा प्रविधिको प्रयोग मार्फत महिला हिंसाका घटनाहरू उल्लेख्य रुपमा बढी रहेको अवस्था छ । यसको न्युनीकरणका लागि आवश्यक कानुनी व्यवस्था गर्नुका साथै विद्यालय एवम् उच्च शिक्षा प्रदायक संस्थाहरुमा सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

(ध) गैरसरकारी संस्थाहरूबाट देशका बिभिन्न स्थानहरूमा हिंसा पीडित महिलाहरूलाई विभिन्न किसिमका सेवाहरू (कानूनी सहायता, मनोसामाजिक विमर्श, अल्पकालिन आश्रयस्थल, आर्थिक सहयोग आदि) प्रवाह गरेको देखिएको छ । यस किसिमका सेवा प्रवाह गर्ने संस्थाहरूलाई प्रोत्साहन र प्रवर्द्धन गर्नुका साथै त्यस्ता संस्थाहरुको वैधानिकता, सेवाको गुणस्तर, पीडितको सुरक्षा, संस्थाको आम्दानीको स्रोत जस्ता विषयमा अनुगमन, मूल्याङ्कन एवम् नियमन गर्न सरकारी निकायहरूको क्रियाशीलता आवश्यक देखिन्छ ।

(न) लैंगिक हिंसा पीडित तथा प्रभावितको सूरक्षा, संरक्षण र पुनर्स्थापनाका लागि गुणस्तरीय अल्पकालिन सेवा केन्द्र र दिर्घकालिन पुनर्स्थापना केन्द्र संचालनमा सरकारको भूमिका महत्वपूर्ण हुन्छ ।यस सन्दर्भमा आश्रय गृहहरुको सञ्चालन मापदण्ड बनाई एकरुपता कायम गर्ने र आश्रय गृह सञ्चालन सेवालाई अत्यावश्यक सेवाको रुपमा व्यवस्था गर्नुपर्ने देखिन्छ।

(प) सूरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा सरकारी, गैरसरकारी वा निजी संघ संस्थामा कार्यरत महिला कर्मचारीलाई सुत्केरी हुनु अघि वा पछि कम्तिमा अन्ठानब्बे दिन सम्मको तलब सहितको विदा पाउने व्यबस्था बमोजिम निजामती सेवा लगायत अन्य स्थायी सेबामा कार्यरत महिला कर्मचारीहरुको लागि यो व्यबस्था कार्यान्बियन भएता पनि करार सेबामा कार्यरत सरकारी महिला कर्मचारीहरुको हकमा अधिकांश निकायहरुले यो सुविधा उपलब्ध नगराएको देखिएकोले करार सेबामा कार्यरत महिला कर्मचारीहरुको लागि समेत यो सुविधा उपलब्ध गराई एकरुपता कायम गर्नुपर्ने देखिन्छ ।

(फ) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार बमोजिम महिलाको हक अधिकारको संरक्षण, लैंगिक समानता प्रवर्द्धन र लैंगिक हिंसा न्यूनीकरण गर्ने गतिविधिहरु सञ्चालन गर्नु आयोगको मुख्य जिम्मेवारी हो । यस्तो किसिमका गतिविधिहरु सञ्चालन गर्न लैगिक संवेदनशील र विशषज्ञता भएको जनशक्तिको आवश्यकता पर्दछ । यसको लागि आयोगको छुट्टै सेवा समूह गठन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ११.५ आयोगको भावी कार्यदिशा

(क) संस्थागत सुदृढीकरण तथा क्षमता विकास

- आयोगको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संविधान, ऐन तथा नियमावलीले तोकेबमोजिमको जिम्मेवारी वहन गर्न सक्ने गरी संगठनात्मक संरचनामा सुधार गर्ने ।
- सातवटै प्रदेशमा आयोगको प्रदेशस्तरीय कार्यालय स्थापना तथा सञ्चालन गरी आयोगको पहुँच विस्तार गर्ने । आयोगको लागि पर्याप्त र उपयुक्त भवनको तत्कालिन व्यवस्था गर्ने र दिर्घकालका लागि आयोगको आफ्नै भवन बनाउन पहल गर्ने ।
- आयोगका पदाधिकारीहरूको अवधारणागत स्पष्टता र दक्षता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने र आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि अध्ययन, तालिम, प्रशिक्षण, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- आयोगको सल्लाहकारी र सुझाव पेश गर्ने भूमिकालाई थप प्रभावकारी र परिणाममुखी बनाउन आयोगको अध्ययन अनुसन्धान क्षमता अभिवृद्धि गर्ने, महिला हक अधिकारको क्षेत्रमा कार्यरत विज्ञ तथा संघसंस्थाहरुको रोष्टर तयार गरी विशेषज्ञताको उपयोग गर्ने ।
- महिला हक अधिकारको क्षेत्रमा कार्यरत सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुबीच राष्ट्रिय महिला आयोगको समन्वयकारी भूमिकालाई सुदृढ गरी निरन्तर संवाद र छलफल कार्यक्रमहरु सञ्चालन गरी महिलाको सवालमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियसंघ—संस्था, सञ्जाल तथा मञ्चहरूसँग समन्वय र रणनीतिक साझेदारी बढाउने ।
- आयोगको काम कारवाहीलाई बढी भन्दा बढी पारदर्शी र सूचना पहुँचयोग्य बनाउन सूचना प्रविधिको अधिकतम् प्रयोग गर्ने, सार्वजनिक सुनवाइ कार्यक्रमहरु सञ्चालन गर्ने । आयोगभित्र महिला हक, अधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय दस्तावेजहरूको अत्याधुनिक सूचना तथा अभिलेख केन्द्र स्थापना गर्ने ।
- केन्द्रदेखि स्थानीयस्तरसम्म आयोगका काममा सहयोग पुर्याउन संरचना/सञ्जाल (नेटवर्क) को विकास गर्ने, स्थानीय निकायहरू, महिला अधिकारका क्षेत्रमा कार्यरत संघ—संस्था तथा राजनैतिक दलका भगिनी संघ—संस्थासँग कार्यात्मक सञ्जाल स्थापना तथा सुदृढ गर्ने र नेपाल सरकारका लैङ्गिक सम्पर्क बिन्दु/एकाइहरू बीचको सञ्जाललाई सुदृढ र कार्यमूलक बनाउने । महिला हक अधिकारको सुनिश्चितता र निर्वाध उपभोगका लागि विभिन्न संवैधानिक आयोगहरूसँग सहकार्य र समन्वय गर्ने ।

(ख) लैंगिक हिंसा पीडित तथा प्रभावितको उद्धार, राहत र पुनःस्थापना

- आयोगमा सञ्चालनमा रहेको २४ सै घण्टा आपतकालित सेवा **खबर गरौं ११४५ हेल्पलाइन सेवा**लाई थप सुदृढ र क्षमता युक्त बनाउने । हालको अस्थायी दरबन्दीलाई स्थायी दरवन्दी सिर्जना गर्न पहल गर्ने ।
- हिंसा पीडित तथा प्रभावित महिला, किशोरी तथा बालबालिकाहरूलाई आवश्यकतानुसार तत्काल राहत प्रदान गर्न, कानूनी परामर्श, मनोसामाजिक परामर्श,र उनीहरुको अल्पकालिन आश्रय र दिर्घकालिनरुपमा पुनर्स्थापनाका लागि विभिन्न संघसंस्थाहरुसँग समन्वय गर्ने, हिंसा

पीडित/प्रभावितहरुको लागि सीप विकासका तालिमहरु प्रदान गर्ने र रोजगारीको व्यवस्थाको लागि सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गर्ने ।

- सबै जिल्लामा जनघनत्वको आधारमा जिल्लाका विभिन्न स्थानहरुमा हिंसा पीडितहरुको लागि सुविधासम्पन्न आश्रयस्थलहरुको व्यवस्था गर्न पहल गर्ने ।
- लैङ्गिक एवं घरेलु हिंसा पीडित तथा प्रभावित महिलाहरूको उद्धार, राहतलगायतका एकीकृत सेवाका लागि सञ्चालनमा ल्याइएका अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Center) को प्रभावकारी सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(ग) महिला अधिकार उल्लङ्घन तथा हिंसाका घटनाको अनुगमन तथा अनुसन्धान गरी पीडित/प्रभावितहरूको उद्धार, सुरक्षा, पुनःस्थापना र न्यायको सुनिश्चितता

- महिला अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य अनुसन्धान गरी दोषी उपर तत्काल कानूनी कारवाही गर्न तथा पीडितलाई यथोचित राहत उपलब्ध गराउन सिफारिश गर्ने ।
- हिंसा पीडित/प्रभावित महिला तथा आश्रित बालबालिकाहरूको सुरक्षा र अल्पकालीन बसोबासका लागि सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने ।
- गम्भीर प्रकृतिका महिला हिंसाका घटनामा विज्ञसहितको अनुगमन टोली तत्काल खटाउन सक्ने गरी अनुगमन टोलीको व्यवस्था गर्ने ।
- अदालतमा मुद्दा दायर भएका घरेलु तथा लैङ्गिक हिंसा पीडित महिलाको न्यायमा पहुँच बढाउनका लागि सबै न्यायलयहरूमा महिलामैत्री द्रुत न्याय प्रणाली (फास्ट ट्र्याक कोर्ट), विशेष तथा निरन्तर सुनुवाइको व्यवस्था गर्न पहल गर्ने ।
- लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरुमा तत्काल उद्धारका लागि तत्काल खबर गर्न मिल्ने गरी तयार गरिएको मोबाइल एप्सलाई प्रभावकारी बनाउने ।
- विभेदयुक्त लैङ्गिक सामाजिकीकरण निरुत्साहित गर्न आधारभूततहदेखि उच्च शिक्षासम्मको अध्ययन अध्यापनलाई लैङ्गिकमैत्री बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने ।
- सबै सार्वजनिक शिक्षण संस्था, बैङ्किङ तथा वित्तीय संस्था, नर्सिङ होम, अस्पताल लगायतका संघसंस्थाहरूमा लैङ्गिकमैत्री कार्य वातावरण निर्माण गर्न तथा त्यस्ता संस्थामा महिलामाथि हुने यौनजन्य दुव्यवहार तथा हिंसा विरुद्ध उजुरी सुन्ने र प्रभावकारी अनुगमन गर्ने संयन्त्रको स्थापना गर्न पहल गर्ने।
- प्रत्येक अदालतमा कानूनी सहायता उपलब्ध गराउनका लागि नियुक्त बैतनिक कानून व्यवसायीलाई लैङ्गिक हिंसामा परेका महिलाहरूको मुद्दालाई प्राथमिकता दिई कार्य गर्न लगाउन आवश्यक समन्वय गर्ने ।
- हिंसा पीडितहरूलाई सेवा उपलब्ध गराउन आयोगसँग सहकार्य गरिरहेका संस्थाहरूको अनुगमन गर्ने।
- लैङ्गिक हिंसा विरुद्ध निगरानी र अनुगमन बढाई पीडित तथा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्ने ।

(घ) महिलाको हक, हित र अधिकारसम्बन्धी नीति, कानूनको तर्जुमा, परिमार्जन र कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण

- महिलाको हक, हितसम्बन्धी प्रचलित नीति तथा कानूनको महिलाको हक अधिकारसँग सम्बन्धित मौजुदा नीति तथा कानूनमा रहेका विभेदकारी प्रावधानहरू सम्बन्धमा अध्ययन गरी सुधार गर्न सम्बन्धित निकायलाई सिफारिश गर्ने र त्यस्ता नीति तथा कानूनकहरुको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गरी सुधार गर्नुपर्ने विषयमा सुझाव पेश गर्ने ।
- नेपाल पक्ष भएका महिलासँग सम्बन्धित सन्धि सम्झौता तथा प्रतिवद्धताहरुको कार्यान्वयन अवस्थाको अध्ययन तथा अनुगमन गरी सुधारका लागि सिफारिस गर्ने ।
- आयोगबाट प्रदान गरिएका सुझाव तथा सिफारिश गरिएका विषयहरू नेपाल सरकार तथा अन्य निकायबाट कार्यान्वयन भए नभएको अनुगमन गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।
- महिला हक, अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संघ/संस्था, सञ्जाल, कार्यसमूह तथा मञ्चहरूसँग कार्यात्मक सम्बन्ध स्थापना गरी नीतिगत तथा कानूनी सुधारका लागि पहल गर्ने ।
- महिलाको हक, हितसम्बन्धी प्रचलित कानूनमा सुधार गर्नुपर्ने विषय र महिलाको हक अधिकारका मुद्दाहरू पहिचान गरी यी अधिकारहरुलाई सुनिश्चित गर्न आवश्यक नयाँ विषयमा नीतिगत तथा कानूनी व्यवस्था गर्नुपर्ने सम्बन्धमा मा विज्ञहरूसँग छलफल अन्तर्क्रिया गरी सुधार गर्ने ।
- लैंगिक मुद्दाहरूलाई प्रकाशमा ल्याउने, जनतालाई सुसूचित गराउने र जनमत सिर्जना गर्ने तथा नीति एवं कानून मार्फत सम्बोधनका लागि सरकारलाई सुझाव पेश गर्ने ।

(ङ) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौता अन्तर्गतको दायित्व तथा प्रतिवद्धता कार्यान्वयनको अध्ययन तथा अनुगमन

- नेपाल पक्ष भएका महिलाको हक अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, कार्ययोजना (बेइजिङ्ग कार्ययोजना, सिड महासन्धि, दिगो विकास लक्ष्य सम्बन्धी योजना आदि) अन्तर्गतको दायित्व तथा प्रतिबद्धताहरूलाई राष्ट्रिय तथा प्रदेश र स्थानीय तहका नीति, कानून तथा कार्यक्रममा समावेश गरी संस्थागत गर्ने र कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन तथा अनुगमन गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।
- नेपाल पक्ष भएका महिला सम्बद्ध अन्तर्राष्ट्रिय सन्धि/महासन्धिका प्रावधानहरूलाई राष्ट्रिय कानून तथा नीतिहरूमा आन्तरिकीकरण गर्न आवश्यक सुझाव पेश गर्ने ।
- महिला अधिकारसम्बन्धी महासन्धि, दिगो विकास लक्ष्य, मानव अधिकार सम्बन्धी विश्वव्यापी आवधिक समीक्षा लगायत राष्ट्रसंघीय प्रस्तावहरूको अध्ययन विश्लेषण गरी कार्यान्वयन गर्न बाँकी विषयमा आवश्यक पहलकदमी लिन सरकाऽरलाई सुझाव पेश गर्ने ।
- अन्तर्राष्ट्रिय प्रतिवद्धता र दायित्व कार्यान्वयनको प्रभावकारिता सम्वन्धमा अनुगमन संयन्त्र स्थापना गरी सूचक सहित अनुगमन तथा प्रतिवेदन गर्ने ।
- महिला हक अधिकारसम्बन्धी सन्धि/महासन्धि कार्यान्वयनसम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समिति/मञ्चहरूमा प्रभावकारी सहभागिता जनाई प्रतिवेदन गर्ने ।

(च) लैंगिक समानता तथा समानुपातिक समावेशिकरण सुनिश्चितता

- नीति निर्माण तहमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिताको प्रवर्द्धनका लागि संघीय, प्रदेश तथा स्थानीय तह र क्षेत्रमा आवश्यक नीति, तथा कानून तर्जुमा, पुनरावलोकन एवं परिमार्जन गर्ने कार्यका लागि सम्बद्ध निकायहरुसँग निरन्तर संवाद र छलफल गर्ने ।
- राज्यका सबै तह र संरचनामा समानुपातिक सहभागिता सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रम तय गरी कार्यान्वयनका लागि पैरवी र सिफारिश गर्ने ।
- तीनवटै तह (संघ,प्रदेश र स्थानीय तह) का सरकारहरूलाई महिला–मैत्री नीति, कानून तथा कार्यक्रम तर्जुमा गरी लागू गर्न समन्वय र सहजीकरण गर्ने ।
- नीति निर्माण तहमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिताको प्रवर्द्धनका लागि संघीय, प्रदेश तथा स्थानीय तह र क्षेत्रमा आवश्यक नीति, तथा कानून तर्जुमा, पुनरावलोकन एवं परिमार्जन गर्ने कार्यका लागि सम्बद्ध निकायहरुसँग निरन्तर संवाद र छलफल गर्ने ।
- राज्यका सबै तह र संरचनामा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा न्याय सुनिश्चित गर्न अवलम्बन गर्नुपर्ने नीति तथा कानून र सञ्चालनमा ल्याउनु पर्ने कार्यक्रम सम्बन्धमा अध्ययन अनुसन्धान गरी सरकारलाई पृष्ठपोषण गर्ने ।
- नेपाल सरकारवाट सञ्चालित कार्यक्रमहरू लैङ्गिक मैत्री भए नभएको अध्ययन गरी सुधारका लागि सुझाव पेश गर्ने ।
- महिला हक अधिकारको प्रचलनलाई प्रभावकारी बनाउन संरक्षण र प्रवर्द्धन गर्नका लागि आवश्यक अध्ययन अनुसन्धान गरी सुधारका विषयहरु पहिचान गर्ने ।
- महिलाहरूको स्वास्थ्य, शिक्षा तथा रोजगारीमा पहुँच एवं अर्थतन्त्र तथा सामाजिक सुधारमा योगदान सम्वन्धी विषयमा अध्ययन अनुसन्धान मार्फत नीतिगत हस्तक्षेप (Policy Intervention) का क्षेत्र पहिचान गरी सिफारिश गर्ने ।
- कानूनमा रहेका असमानता र महिलाका जैविक आवश्यकताको स्थिति सम्वन्धमा नियमित अनुगमन, अध्ययन, अनुसन्धान गरी सिफारिस गर्ने ।

(छ) लैङ्गिक उत्तरदायी शासन पद्धतिको स्थापना र विकास

- संघ प्रदेश र स्थानीय तीनै तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संस्थागत गर्न र यसलाई नतिजामुलक बनाउन आवश्यक समन्वय गर्ने । लैङ्गिक परीक्षण पद्धतिलाई लागू गराउन पहल गर्ने ।
- लैङ्गिक सशक्तीकरण सूचकाङ्क समेतलाई आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था अवलम्बन गर्न समन्वय गर्ने ।
- प्रत्येक निकायको लैङ्गिक स्थितिको विश्लेषण सहित नीति, कानुन र कार्यक्रम तर्जुमा गर्दै सार्वजनिक सेवालाई लैंगिकमैत्री बनाउन प्रोत्साहन गर्न नेपाल सरकारका तीनै तहको सबै निकायहरूबाट तर्जुमा तथा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक दृष्टिकोणले विश्लेषण गर्न लगाउन आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- लैङ्गिक मूलप्रवाहीकरणको लागि तीनै तहका सरकार, विभिन्न दातृ संस्थाहरू, स्थानीय सरकारहरू तथा गैर सरकारी संस्था, नागरिक समाजहरूसँग सहकार्य गर्ने ।

(ज) विपन्न र सीमान्तकृत महिलाको आर्थिक अवसरहरूमा पहुँच र स्वामित्व सुनिश्चितता

- स्थानीय स्रोत, साधन र सीपको प्रयोगबाट महिला उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरी स्वरोजगार तथा रोजगारी प्रवर्द्धन गर्न सरकारी, गैर सरकारी तथा निजी संघ संस्थालाई उत्प्रेरित गर्ने।
- आयआर्जन सम्बन्धी उद्यम व्यवसाय गर्न इच्छुक महिलालाई बैंक तथा वित्तीय संस्थाबाट विना धितो वा सहुलियतपूर्ण दरमा कर्जा उपलब्ध गराउन समन्वय गर्ने ।
- महिला उद्यमी/व्यवसायीबाट उत्पादित वस्तु तथा सेवाको विक्री, प्रवर्द्धन तथा बजार सुनिश्चितताका लागि सङ्कलन केन्द्र,विक्री केन्द्र र कोशेली घर स्थापना र सञ्चालनका लागि आवश्यक पहल गर्ने।
- सामाजिक उत्तरदायित्व कोष अन्तर्गतको निश्चित रकम महिला सशक्तीकरण कार्यमा उपयोग गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।
- अपाङ्गता भएका महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको क्षमता अभिवृद्धि गरी रोजगारीमा पहुँच बढाउन आवश्यक सहजीकरण र समन्वय गर्ने ।
- गरिब, विपन्न, दलित, आदिवासी जनजाति, एकल, अपाङ्गता भएका तथा सामाजिक बञ्चितिमा परेका सबै समुदायका महिला, किशोरी तथा बालिकाहरूको लागि आय आर्जन र क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(झ) जनचेतना जागरण

- लैंगिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु रेडियो तथा टेलिभिजनहरु र सामाजिक सञ्जालहरु मार्फत सञ्चालन गर्ने, सरोकारवाला निकायहरु/पक्षहरुसँग लैंगिक हिसा न्यूनीकरणका विषयमा छलफल अन्तर्क्रिया गर्ने, स्थानीयस्तरसम्म नै स्थानीय तह, गैरसरकारी संस्था, समुदाय, नागरिक समाजसँगको समन्वय र सहकार्यमा लैंगिक हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- महिला उपर हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, विभेद र सामाजिक कुरीति जस्तै बोक्सीको आरोप, छाउपडी, दाइजो प्रथा, बालविबाह आदि विरुद्ध सचेतनामूलक कार्यक्रमहरू जस्तैः कुरीतिविरुद्धको अभियान, सार्वजनिक सुनुवाइ, विद्यालयस्तरीय छलफल आदि सञ्चालन गर्ने।
- महिलालाई शोषण वा विभेद गर्ने, महिला हिंसालाई प्रश्रय गर्ने खालका समाजमा विद्यमान कुरीति, अन्धविश्वास, हानिकारक अभ्यास, सामाजिक मूल्य, मान्यता तथा प्रथा, परम्परा एवं अभ्यासहरुलाई निरुत्साहित र नियन्त्रण गर्न कुरीति मुक्त क्षेत्र घोषणा गर्न पहल गर्ने ।

# अनुसूची १

## आ.ब. २०७९/८० मा राष्ट्रिय महिला आयोगमा कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं | कमर्चारीहरुको नाम | पद |
|---|---|---|
| १ | कमल बहादुर राजलवट | सचिव |
| २ | गिरीराज ज्ञवाली | उपसचिव (प्रशासन) |
| ३ | सीता निरौला फुयाल | उपसचिव (प्रशासन) |
| ४ | सीता अधिकारी | प्रमुख महिला विकास अधिकृत(विविध) |
| ५ | चमिला भट्टराई | उपसचिव (कानून) |
| ६ | सुशिला कुमारी पन्थ | शाखा अधिकृत |
| ७ | चन्द्रा थापा | शाखा अधिकृत |
| ८ | श्रीभद्र गौतम | लेखा अधिकृत |
| ९ | रोशनी श्रेष्ठ | महिला विकास अधिकृत |
| १० | उषा गजमेर | शाखा अधिकृत सरकारी वकील |
| ११ | आश्रृती पोखरेल | कानून अधिकृत |
| १२ | निर्मला बस्नेत | मनोसामाजिक परामर्शकर्ता |
| १३ | सीता मैनाली रिजाल | नयाव सुव्वा |
| १४ | हिरालाल उपाध्याय | लेखापाल |
| १५ | महेशराज रेग्मी | नायव सुव्वा |
| १६ | अनन्त घिमिरे | नायव सुव्वा |
| १७ | सुनिता थापा | नयाव सुव्वा |
| १८ | दुर्गादेवी खनाल | नयाव सुव्वा |
| १९ | भाग्य नारायण झा | कम्प्यूटर अपरेटर |
| २० | रिता कुमारी आचार्य | कम्प्यूटर अपरेटर |
| २१ | तुलसा कुमारी कटुवाल घिमिरे | मनोसामाजिक परामर्शकर्ता |
| २२ | देवी पण्डित | म.वि.नि. |
| २३ | विमला अधिकारी ढकाल | स.म.वि..नि |
| २४ | कुमार राउत | हलुका सवारी चालक (करार) |
| २५ | विजय राउत थारु | हलुका सवारी चालक (करार) |

| | | |
|---|---|---|
| २६ | रामचन्द्र थापा | हलुका सवारी चालक (करार) |
| २७ | कमल विश्वकर्मा | हलुका सवारी चालक (करार) |
| २८ | उमेश के.सी | हलुका सवारी चालक (करार) |
| २९ | विनोद कोईराला | हलुका सवारी चालक (करार) |
| ३० | बेद बहादुर बि.क. | हलुका सवारी चालक (करार) |
| ३१ | सानुमैया चौधरि | कार्यालय सहयोगी (करार) |
| ३२ | लक्ष्मी ज्ञवाली | कार्यालय सहयोगी (करार) |
| ३३ | गंगा फुयाल | कार्यालय सहयोगी (करार) |
| ३४ | गीता फुयाल | कार्यलय सहयोगी (करार) |
| ३५ | कृष्ण बहादुर बुढापिर्ती | पाले (ज्यालादारी) |
| ३६ | गिता खड्की | स्वीपर (करार) |
| ३७ | दुर्गादिवी नगरकोटी | माली (करार) |

**आ.ब. २०७९/८० मा "खबर गरौं ११४५ हेल्पालईन सेवा" मा कर्यरत करार कर्मचारीहरुको विवरण**

| सि.नं | कर्चारीहरुको नाम | पद |
|---|---|---|
| १ | रामसुन्दर सापकोटा | सूचना प्रविधि अधिकृत |
| २ | पार्वती सुवेदी | मनोसामाजिक परामर्शकर्ता |
| ३ | सदिक्षा ढकाल | कानून अधिकृत |
| ४ | मुना चौलागाई | कानून अधिकृत |
| ५ | शारदा शर्मा | हेल्पलाईन अपरेटर |
| ६ | कविता खड्का | हेल्पालाईन अपरेटर |
| ७ | अस्मिता श्रेष्ठ | हेल्पलाईन अपरेटर |
| ८ | भवानी रोक्का | हेल्पलाईन अपरेटर |
| ९ | अञ्जना बिक | हेल्पलाईन अपरेटर |
| १० | निशा बस्नेत | हेल्पालाईन अपरेटर |
| ११ | रमा श्रेष्ठ | हेल्पलाईन अपरेटर |
| १२ | सुनिता सिन्तान लामा | हेल्पलाईन अपरेटर |
| १३ | दिपा कुमारी | हेल्पलाईन अपरेटर |
| १४ | संगिता शाह | हेल्पलाईन अपरेटर |

| | | |
|---|---|---|
| १५ | नारन थापा | हलुका सवारी चालक |
| १६ | सुनिता प्याकुरेल | कार्यालय सहयोगी |
| १७ | दिपक लामा | कार्यालय सहयोगी |

**नेपाल प्रहरीबाट**

| सि.नं | कर्चारीहरुको नाम | पद |
|---|---|---|
| १ | सरस्वती थापा मगर | प्रहरी सहायक हवल्दार |
| २ | मञ्जु कुँवर | प्रहरी जवान |

**Volunteer service Organization (VSO Nepal) बाट**

| सि.नं | कर्चारीहरुको नाम | पद |
|---|---|---|
| १ | NVGBV | राधा तन्डुकार |

## अनुसूची २

### राष्ट्रिय महिला आयोगका पदाधिकारी, कर्मचारी तथा स्वयंसेवकहरुले पालना गर्नुपर्ने आचरण

१ सबै सेवाग्राहीप्रति शिष्ट र मर्यादित व्यवहार गर्ने ।

२ आयोगको गरिमा र मर्यादा राखी कार्य सम्पादन गर्ने

३ आयोगको कार्यालयभित्र, बाहिर र अन्य संघ संस्थाको समन्वयमा गरिने कार्यव्यवहार तथा अभिव्यक्तिहरु शिष्ट, मर्यादित र लैङ्गिक संवेदनशील हुनुपर्ने ।

४ आफ्नो जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छरितो रुपमा कार्यसम्पादन र सेवा प्रदान गर्नुपर्ने ।

५ कार्यालयभित्र तथा बाहिर लैङ्गिक भेदभाव, घरेलु हिंसा, यौनजन्य हिंसा, दुर्व्यवहार (शारीरिक मानसिक तथा मौखिक) गर्न नहुने ।

६ अधिकारको दुरुपयोग आर्थिक अपारदर्शिता र भ्रष्टाचारजन्य कार्यप्रति शून्य सहनशीलता अपनाउने।

७ आयोगको गम्भीर प्रकृतिको काम र सेवामा आवश्यक गोपनीयता र संवेदनशीलता अपनाउने।

८ कसैलाई पनि जातीय, बर्गीय, शारीरिक अशक्तता, बैवाहिक स्थिति, लैङ्गिक पहिचान, यौनिकता जस्ता सामाजिक विविधताको आधारमा भेदभाव नगर्ने ।

९ आयोगको कार्य सम्पादन समयमा आयोगका पदाधिकारी, कर्मचारी तथा सेवाग्राही समेतलाई धूम्रपान, मद्यपान तथा मदिराजन्य पदार्थ सेवन गर्न पूर्णत निषेध हुनेछ ।

१० आफ्नो जिम्मेवारी सम्पादन गर्दा प्रचलित कानून र विधिको पूर्णपालना गर्ने ।

११ आयोगबाट सेवा प्रदान हुने क्रममा स्वच्छ, निष्पक्ष रुपमा इमान्दारीपूर्वक तथा कसैप्रति कुनै पूर्वाग्रह नराखी कार्य सम्पादन गर्ने ।

१२ आफूभन्दा माथिका सबै कर्मचारी, स्वयंसेवकहरुप्रति उचित आदर प्रकट गर्ने र आफू मातहतका कर्मचारी, स्वयंसेवकहरुप्रति उचित व्यवहार गर्ने ।

१३ सेवा र पद अनुकूलको आचरण पालन गर्ने ।

१४ कसैलाई पनि मानसिक तथा शारीरिक यातना दिन नहुने ।

१५ आधारभूत मानवीय मूल्य र मान्यताप्रति सम्मान गर्ने ।

# अनुसूची ३

## आ.व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रमको प्रगति विवरण

| खर्च शीर्षक | कार्यक्रम | बार्षिक लक्ष्य | | | कार्यान्वियन अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिणाम | बजेट रु लाखमा | भौतिक प्रगति प्रतिशत | खर्च रु लाखमा | वित्तीय प्रगति प्रतिशत | |
| १ | पदाधकारी तथा कर्मचारी क्षमता अभिवृद्धि (क) तनाब व्यवस्थापन तथा सकारात्मक सोंच सम्बन्धी र (ख) नीति योजना तर्जुमा, सार्वजनिक खरिद, मानव अधिकार लगायत विषयमा | पटक | १ | १२ | ३ | ०.५९ | ५ | |
| २ | महिला हिंसा निवारणका लागि नीतिगत प्रभाव पार्ने पाठ्यक्रम विकास केन्द्र लगायत शैक्षिक प्रतिष्ठानसँग अन्तर्क्रिया कार्यक्रम | वटा | २ | ३ | ५० | १.६८ | ३५.६ | बजेट कटौती भएकोले प्रगति कम भएको |
| ३ | नीति जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैंगिक सम्पर्क विन्दु/शाखसँग सहकार्य बैठक | वटा | २ | ३ | ५० | ०.६८ | २३ | बजेट कटौती भएकोले प्रगति कम भएको |
| ४ | राजनैतिक पार्टिका भगिनी संगठनहरुसँग नीतिगत छलफल | वटा | ३ | ३ | - | - | - | |
| ५ | योगमाया स्मृति दिवस | वटा | १ | ३ | १०० | १.४७५ | ४७ | |
| ६ | समाजमा विधमान हानिकारक अभ्यासहरु बालविवाह, बहुविबाह,दाइजो प्रथा, बोक्सी आरोप लगायत प्रथाहरु सम्बन्धी मधेश | वटा | १४ | २३ | ८० | ११.९६ | ३८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | केन्द्रित अन्तर्क्रिया कार्यक्रम | | | | | | | |
| ७ | सीमान्तकृत महिलाहरुको सशक्तीकरणका विषयमा कार्यक्रम | वटा | २ | ४ | १०० | १.९२६ | ४८ | |
| ८ | आयोगका क्रियाकलापका सम्बन्धमा चौमासिक पत्रकार अन्तर्क्रिया कार्यक्रम | पटक | ३ | ३ | ७५ | १.६८ | ६५ | |
| ९ | हेल्पलाइन स्थापना दिवस मनाउने | पटक | १ | ३ | १०० | २.६५ | ८८ | |
| १० | महिला हक हित र अधिकारका विषयमा मुद्धा पहिचान तथा उठान गर्न विभिन्न सरोकारवाला निकायहरुसँग समन्वयात्मक बैठक | पटक | ८ | ८ | ५० | १.२१ | २७ | |
| ११ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन(नोभेम्बर २५ देखि डिसेम्बर १०) | पटक | १ | ४ | १०० | १.१० | २६ | |
| १२ | महिला आयोगको स्थापना दिवस(उत्कृष्ट नारी सम्मान, उत्कृष्ट कर्मचारी पुरस्कार, सम्मान लगायत) | पटक | १ | ५ | १०० | - | - | |
| १३ | लैंगिक सरोकारका विषयमा अध्ययन अनुसन्धान गर्ने विधार्थीहरुलाई इन्टर्नसीप/छात्रवृत्ति कार्यक्रम | पटक | १ | ३ | ३५ | ०.७२ | २४ | बजेट कटौती भएकोले प्रगति कम भएको |
| १४ | अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस | पटक | १ | ३ | १०० | ०.७० | २३ | |
| १५ | राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन तयारी प्रकाशन तथा वितरण | पटक | १ | ५ | १०० | ४.४८ | ९८ | |
| १६ | आयोगको वार्षिक क्यालेण्डर छपाई तथा | पटक | १ | ३ | - | - | - | बजेट कटौती |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण | | | | | | | भएको |
| १७ | महिला अधिकारका विषयमा सचेतनामूलक सामग्री तयारी प्रकाशन तथा वितरण, महिला अधिकार बर्ष पुस्तक प्रकाशन | संख्या | १ | ६ | १०० | ६ | १०० | |
| १८ | नेपाल पक्ष रहेका महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी CEDAW तथा अन्य SDGs लगतयतका अन्तर्राष्ट्रिय दस्तावेजहरुको कार्यान्वयनसम्बन्धी सातै प्रदेशमा अन्तर्क्रिया | पटक | ८ | १५.७५ | १०० | - | - | UN Women को आर्थिक सहयोगमा कार्यक्रम सम्पन्न भएको |
| १९ | निर्वाचनको लैंगिक अनुगमन तथा प्रतिवेदन | पटक | १ | १० | १०० | ४.७० | ४७ | |
| २० | राष्ट्रिय महिला अधिकार दिवस जेष्ठ १६ | वटा | १ | ४ | १०० | १.५१ | ३८ | |
| २१ | अपाङ्गता भएका महिलाहरुको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायवीच अन्तर्क्रिया | वटा | १ | २ | १०० | १.८८ | ८८ | |
| २३ | लैंगिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तर्क्रिया | वटा | १ | २ | १०० | १.८ | ८० | |
| २४ | ज्येष्ठ नागरिक माथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तर्क्रिया | वटा | १ | २ | १०० | १.३८ | ६९ | |
| २५ | लैंगिक हिंसाका कारण मानसिक र प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे अन्तर्क्रिया | वटा | १ | २.१० | १०० | १.७७ | ८३ | |
| २६ | रेडियो नेपालबाट पाक्षिक रुपमा महिला हकहितसँग | संख्या | १ | ५ | १०० | ४.९९ | ९९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धित कार्यक्रम | | | | | | | |
| २७ | मनोरञ्जन क्षेत्र र जोखिमयुक्त क्षेत्रमा काम गर्ने महिलाहरुको अवस्था, समस्या र चुनौतिका सवालमा अन्तर्क्रिया | वटा | १ | २ | १०० | ०.५६ | २६ | |
| २८ | हिंसा पीडित महिलाको लागि सीपमूलक तालिम र क्षमता अभिवृद्धि तालिम | वटा | १ | ८.९५ | - | - | - | |
| २९ | त्रैमासिक बुलेटिन प्रकाशन | वटा | ४ | ४ | २५ | ०.४९ | १२ | बजेट कटौती भएको |
| ३० | राष्ट्रिय महिला आयोगको गतिविधि सहित जागरण र सचेतनामूलक वृत्तचित्र निर्माण | संख्या | १ | ५ | १०० | ५ | १०० | |
| ३१ | रेडियो नेपाल वा सामुदायिक एफ एम हरुबाट देशैभरी एकैसाथ प्रसारण हुने गरी महिला हकहित, महिला हिंसा निवारण लगायतका विषयमा सचेतनामूलक रेडियो सामग्री तयारी र प्रसारण | संख्या | १ | ५ | १०० | ४.९६ | ९६ | |
| ३२ | बालिका तथा किशोरीहरुमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाका सवालमा अन्तर्क्रिया | वटा | १ | २ | १०० | १.१५ | ६६ | |
| ३३ | एकल महिलामाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध एकल महिलाको सुरक्षाको सवालमा अन्तर्क्रिया | वटा | १ | २ | १०० | ०.९७ | ४७ | |
| ३४ | नेपालमा महिलाको अवस्था विषयमा पुरस्ताक प्रकाशन | वटा | १ | १० | १०० | ८ | ८० | |
| ३५ | महिला अधिकारका विषयमा सचेतनामूलक | वटा | १ | ६ | १०० | ४.९ | ८१ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामग्री तयारी र प्रकाशन | | | | | | | |
| ३६ | महिला, बालबालिका र किशोरीहरुका लागि तीनै तहका सरकारहरुका नीति, योजना तथा कार्यक्रमहरुको प्रभावकारिता अध्ययन, विश्लेषण र प्रतिवेदन | वटा | १ | ५ | १०० | ४.७ | ७८ | |
| ३७ | नेपाल टेलिभिजनबाट महिला अधिकार र महिला हिंसा विरुद्धका पाक्षिक कार्यक्रम उत्पादन तथा प्रसारण | संख्या | ४ | १८ | १०० | १८ | १०० | |
| ३८ | विधालयस्तरमा हुने महिला हिंसा निवारणको सम्वन्धमा शिक्षक, विधार्थी र विधालय व्यवस्थापनका पदाधिकारीसँगको अभिमुखीकरण कार्यक्रम | पटक | ७ | १८.२ | ५७ | ३.९६ | २० | बजेट कटौती भएको कारण प्रगति कम भएको |
| ३९ | वैदेशिक रोजागरीमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताको लागि वैदेशिक रोगजारीको क्षेत्रमा कार्यरत निकयगत र तहगत सरोकारवालाहरुसँगको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | ५ | १५ | ८० | ५.४५ | ३६ | बजेट कटौती भएको कारण प्रगति कम भएको |
| ४० | स्थानीय तहमा न्यायिक समिति तथा पदाधिकारीहरु र सरोकारवाला निकायहरुबीच लैंगिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच सम्वन्धी अन्तर्क्रिया | पटक | १४ | २८ | ९९ | १२.८७ | ४६ | |
| ४१ | सूरक्षा निकायसँग महिला हिंसा निवारणको लागि | संख्या | ९ | ९ | १०० | ४.७९ | ५३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रणनीतिक योजना बैठक र अन्तर्क्रिया | | | | | | | |
| ४२ | महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरुसँग अन्तर्क्रिया | वटा | ७ | ७ | ८० | ३.९८ | ५७ | बजेट कटौती भएको कारण प्रगति कम भएको |
| ४३ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन संघीय संसदका महिला सांसद र विभिन्न संसदीय समितिका सभापतिसँग अन्तर्क्रिया | वटा | २ | ४ | ५० | १.१६ | २९ | |
| ४४ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणका लागि राजनैतिक पार्टिका प्रमुख र प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तर्क्रिया | वटा | ७ | २१ | ८० | ६.९४ | ३३ | बजेट कटौती भएको कारण प्रगति कम भएको |
| ४५ | समाजमा विधमान रहेका हानिकारक अभ्यासहरु छाउपडी प्रथा, बोक्सिको आरोप,बाल विवाह लगायतका प्रथाहरु सम्बन्धी कर्णाली र सुदुरपश्चिम र लुम्बिनी प्रदेश केन्द्रीत अन्तरकृया कार्यक्रम | वटा | १० | २० | १०० | ११ | ५१ | बजेट कटौती भएको कारण प्रगति कम भएको |
| ४६ | अकस्मात आइपर्ने महिला हिंसाका घटनामा तत्काल अध्ययन, उद्धार, पुनर्स्थापना, राहत प्याकेज र स्थलगत अवलोकन | वटा | ४ | ५ | १०० | ० | ० | |

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: [illegible]

खर्चको फाँटवारी

असार महिनाको

म. ले. प. फा. नं. २१०

आ.व.: २०७९/८०

बजेट उपशीर्षक : राष्ट्रिय महिला आयोग([illegible])

| खर्च शीर्षक नं | खर्च शीर्षक/उपशीर्षकको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १५,९७४,०००.०० | १५,८३०,८३३.२० | १३,३०६,४११.६० | २,५२४,४२१.६० | १५,८३०,८३३.२० | ०.०० | १५,८३०,८३३.२० | १४३,१६६.८० |
| २११२१ | पोशाक | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | ०.०० |
| २११३२ | महंगी भत्ता | ६००,०००.०० | ५३७,५२३.७० | ४५३,५२३.७० | ८४,०००.०० | ५३७,५२३.७० | ०.०० | ५३७,५२३.७० | ६२,४७६.३० |
| २११३९ | अन्य भत्ता | २००,०००.०० | १४३,५००.०० | ३२,०००.०० | १११,५००.०० | १४३,५००.०० | ०.०० | १४३,५००.०० | ५६,५००.०० |
| २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | १००,०००.०० | ३२,४७९.७० | २७,०००.१८ | ५,४७९.५२ | ३२,४७९.७० | ०.०० | ३२,४७९.७० | ६७,५२०.३० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ९९,५००.०० | ८३,५००.०० | १६,०००.०० | ९९,५००.०० | ०.०० | ९९,५००.०० | ५००.०० |
| २२१११ | पानी तथा बिजुली | १,३००,०००.०० | ९२०,८३०.०० | ७९२,३६०.०० | १२८,४७०.०० | ९२०,८३०.०० | ०.०० | ९२०,८३०.०० | ३७९,१७०.०० |
| २२११२ | संचार महसुल | १,१००,०००.०० | १,०२३,०००.०० | ४९३,५७०.०० | ५२९,४३०.०० | १,०२३,०००.०० | ०.०० | १,०२३,०००.०० | ७७,०००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १,५००,०००.०० | १,४९९,८६०.०१ | १,१४९,३९८.०१ | ३५०,४६२.०० | १,४९९,८६०.०१ | ०.०० | १,४९९,८६०.०१ | १३९.९९ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,३००,०००.०० | १,३००,०००.०० | ९१३,९२४.०० | ३८६,०७६.०० | १,३००,०००.०० | ०.०० | १,३००,०००.०० | ०.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ४००,०००.०० | ४००,०००.०० | ४००,०००.०० | ०.०० | ४००,०००.०० | ०.०० | ४००,०००.०० | ०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २,३००,०००.०० | २,२५५,४५०.०० | १,६०९,५६४.०० | ६४५,८८६.०० | २,२५५,४५०.०० | ०.०० | २,२५५,४५०.०० | ४४,५५०.०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २००,०००.०० | ३६,७६०.०० | ३६,७६०.०० | ०.०० | ३६,७६०.०० | ०.०० | ३६,७६०.०० | १६३,२४०.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २००,०००.०० | ३७,३००.०० | २२,८००.०० | १४,५००.०० | ३७,३००.०० | ०.०० | ३७,३००.०० | १६२,७००.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | [illegible] | [illegible] | २५५,६६१.०० | २४३,३४०.०० | [illegible] | ०.०० | [illegible] | [illegible] |
| २२४११ | सेवा र परामर्श खर्च | ७००,०००.०० | ६४९,००२.०० | ५८३,२०५.०० | ६६,७९७.०० | ६४९,००२.०० | ०.०० | ६४९,००२.०० | ५०,९९८.०० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ३५०,०००.०० | ३२८,७७८.०० | ३२४,९३८.०० | ३,८४०.०० | ३२८,७७८.०० | ०.०० | ३२८,७७८.०० | २१,२२२.०० |
| २२४१३ | करार सेवा शुल्क | ५,४५०,०००.०० | ४,७९०,९४४.०० | ४,०४४,५२३.०० | ७४६,४२१.०० | ४,७९०,९४४.०० | ०.०० | ४,७९०,९४४.०० | ६५९,०५६.०० |
| २२४१९ | अन्य सेवा शुल्क | ७,०००,०००.०० | ६,५३३,९५५.०० | ६,३९१,९९५.०० | १४१,९६०.०० | ६,५३३,९५५.०० | ०.०० | ६,५३३,९५५.०० | ४६६,०४५.०० |
| २२५११ | कर्मचारी तालिम खर्च | १,२००,०००.०० | ५६,०००.०० | ०.०० | ५६,०००.०० | ५६,०००.०० | ०.०० | ५६,०००.०० | १,१४४,०००.०० |
| २२५२२ | कार्यक्रम खर्च | ३२,६००,०००.०० | १५,७९८,६०४.५० | ११,७३३,७०३.०० | ४,०६४,९०१.५० | १५,७९८,६०४.५० | ०.०० | १५,७९८,६०४.५० | १६,८०१,३९५.५० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,३००,०००.०० | ८५५,३४५.०० | ५७७,५३८.०० | २७७,८०७.०० | ८५५,३४५.०० | ०.०० | ८५५,३४५.०० | ४४४,६५५.०० |
| २२६१२ | भ्रमण खर्च | २००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २००,०००.०० |
| २२७११ | विविध खर्च | १,३००,०००.०० | १,२९९,०३३.०० | १,००४,१४५.०० | २९४,८८८.०० | १,२९९,०३३.०० | ०.०० | १,२९९,०३३.०० | ९६७.०० |
| २६४१३ | अन्य संस्थालाई अनुदान – चालु | ५,०८९,०००.०० | २,७४५,३०३.२१ | २,३११,८८३.०० | ४३३,४२०.२१ | २,७४५,३०३.२१ | ०.०० | २,७४५,३०३.२१ | २,३४३,६९६.७९ |
| २८१४२ | घर भाडा | ५,३००,०००.०० | ३,९०२,७४२.०० | ३,९०२,७४२.०० | ०.०० | ३,९०२,७४२.०० | ०.०० | ३,९०२,७४२.०० | १,३९७,२५८.०० |
| | कुल जम्मा | ८८,४९४,०००.०० | ६३,९७९,२०५.३२ | ५१,७५२,०३४.४१ | १२,२२७,१७०.९१ | ६३,९७९,२०५.३२ | ०.०० | ६३,९७९,२०५.३२ | २४,५१४,७९४.६८ |

अन्तिम बजेटको तुलना (आर्थिक वर्ष)

लेखा प्रमुखको दस्तखत:

कार्यालय प्रमुखको दस्तखत:

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: [illegible]

खर्चको फाँटवारी

असार महिनाको

म.ले.प.फा.नं. २१०

२०७९/८०

१ : राष्ट्रिय महिला आयोग(३२२०००००१३)

| सङ्केत | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| [illegible] | पारिश्रमिक पदाधिकारी | ५,५७०,०००.०० | ५,५६८,०९३.४० | ४,७४८,३५७.६० | ८१९,७३५.८० | ५,५६८,०९३.४० | ०.०० | ५,५६८,०९३.४० | १,९०६.६० |
| [illegible] | महँगी भत्ता | १९६,०००.०० | १९६,०००.०० | १६६,०००.०० | ३०,०००.०० | १९६,०००.०० | ०.०० | १९६,०००.०० | ०.०० |
| [illegible] | पदाधिकारी बैठक भत्ता | ६००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६००,०००.०० |
| [illegible] | संचार महसुल | २००,०००.०० | ७१,१७०.०० | ४५,३३२.०० | २५,८३८.०० | ७१,१७०.०० | ०.०० | ७१,१७०.०० | १२८,८३०.०० |
| [illegible] | इन्धन (पदाधिकारी) | १,२००,०००.०० | १,१६५,२९३.०० | २९८,७३८.०० | ८६६,५५५.०० | १,१६५,२९३.०० | ०.०० | १,१६५,२९३.०० | ३४,७०७.०० |
| [illegible] | सवारी साधन मर्मत खर्च | ६००,०००.०० | ५००,०००.०० | ४८७,६४२.०० | १२,३५८.०० | ५००,०००.०० | ०.०० | ५००,०००.०० | १००,०००.०० |
| [illegible] | घर भाडा | ९३०,०००.०० | ६३०,०००.०० | ४९६,०००.०० | १३४,०००.०० | ६३०,०००.०० | ०.०० | ६३०,०००.०० | ३००,०००.०० |
| | कुल जम्मा | ९,२९६,०००.०० | ८,१३०,५५६.४० | ६,२४२,०६९.६० | १,८८८,४८६.८० | ८,१३०,५५६.४० | ०.०० | ८,१३०,५५६.४० | १,१६५,४४३.६० |

अन्तिम बजेटको तुलना (प्रतिशतमा)

[illegible] दस्तखत

[illegible] दस्तखत

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं. २२२००५०१

खर्चको फाँटवारी

असार महिनाको

म. ले. प. फा. नं. २१०

रु. २०७९/८०
ब.उ.शि.नं.: राष्ट्रिय महिला आयोग२२२००००११

| खर्च शीर्षक नं | खर्च/वित्तीय शीर्षकको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | ३००,०००.०० | २५४,६००.०० | २५४,६००.०० | ०.०० | २५४,६००.०० | ०.०० | २५४,६००.०० | ४५,४००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ४००,०००.०० | ३६२,९५५.०० | ३६२,९५५.०० | ०.०० | ३६२,९५५.०० | ०.०० | ३६२,९५५.०० | ३७,०४५.०० |
| ३११२३ | फर्निचर तथा फिक्स्चर्स | ५००,०००.०० | ३०४,८९४.०० | ०.०० | ३०४,८९४.०० | ३०४,८९४.०० | ०.०० | ३०४,८९४.०० | १९५,१०६.०० |
| ३११५८ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,१००,०००.०० | ३०५,०६४.०० | ३०५,०६४.०० | ०.०० | ३०५,०६४.०० | ०.०० | ३०५,०६४.०० | ७९४,९३६.०० |
| | कुल जम्मा | २,३००,०००.०० | १,२२७,५१३.०० | १,००२,६१९.०० | ३०४,८९४.०० | १,२२७,५१३.०० | ०.०० | १,२२७,५१३.०० | १,०७२,४८७.०० |

अन्तिम बजेटको तुलना : प्रतिशतमा :

फाँटवालाको दस्तखत

प्रमुखको दस्तखत

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-

च.नं.:-

मिति २०७१/०४/१५

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं

प्रेस विज्ञप्ती

यस राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको मिति २०७१।०४।१४ गते का.जि.का.म.न.पा वडा नं ३२ नेरफाँट स्थित निजि निवास वरपर अनाधिकृत व्यक्तिहरुले घेराउ गरि अपमानित शब्द प्रयोग गरि विभिन्न लान्छना र आरोप लगाउदै उहाँ माथी अभद्र व्यवहार गरेको घटना प्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ।

यस्तो निन्दनीय कार्यको जति भत्सना गरे पनि कम हुने र कसैको निजि निवास अगाडी गई धम्किपुर्ण तरिकाले घर घेराउ गर्ने हुलहुज्जत गर्ने कार्य कानून विपरित भएकोले सो सम्बन्धमा आवश्यक छानविन गरि सत्यतथ्य पत्ता लगाई कानून बमोजिमको हदै सम्मको कारवाहीको लागि सम्वन्धित निकायको ध्यानाकर्षण गर्दछौं। साथै उहाँ, उहाँको परिवार तथा आवास समेतको उचित सुरक्षको व्यवस्थाको लागि समेत सम्वन्धित निकायको ध्यानाकर्षण गराउदछौं।

(चमिला भट्टराई)

उपसचिव एवं प्रवक्ता

# राष्ट्रिय महिला आयोग
# National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प.सं.

च.नं.

मिति: २०७९।०४।१८

## प्रेस विज्ञप्ति

राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला पराजुलीले केही समयदेखि विभिन्न मिडियामा निरन्तर रुपमा आफ्ना विरुद्ध पूर्वाग्रहपूर्ण मनशायले गलत, भ्रमपूर्ण, तथ्यहीन र निराधार समाचार प्रकाशन तथा प्रसारण गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आफ्नो छवि धमिल्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने, सार्वजनिक जीवनमा आँच पुऱ्याउने, चरित्रहत्या गर्ने र मानहानी समेत गर्ने दुराशयपूर्ण कार्यप्रति गम्भीर आपत्ति जनाउनु भएको छ ।

एउटा गरिमामय भूमिकामा रहेको अवस्थामा आफ्ना विरुद्ध गरिएका कुप्रचारहरुको खण्डन नगर्दा आफूप्रति विश्वास र भरोसा गर्ने आम शुभचिन्तकहरुको मनमा समेत दुःख, चिन्ता र आशंका महसुस भएको उल्लेख गर्दै अध्यक्ष पराजुलीले आफूबाट कुनै पनि समय कुनै पनि किसिमको गलत कार्य नभएको र आफूविरुद्ध लगाइएको लाञ्छना उपर सम्बन्धित नियामक निकायबाट निष्पक्ष छानवीन भई दोषी प्रमाणित भएमा आफू सजायँ भोग्न तयार रहेको समेत जनाउनु भएको छ ।

उहाँले फौजदारी शैलीले व्यक्ति उपर हमला गर्ने, सञ्चार माध्यमहरु र सामाजिक सञ्जालको दुरुपयोग गरेर भ्रामक, अतिरञ्जित र नकारात्मक समाचार प्रकाशन तथा प्रशारण गर्ने-गराउने सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुका बारेमा प्रेस काउन्सिल नेपालका अध्यक्षलाई ध्यानाकर्षण गराउनु भएको छ । साथै त्यस्ता सञ्चारकर्मी तथा सञ्चार माध्यमको तत्काल नियमनगरी सम्प्रेषित समाचारको श्रोत पहिचान तथा सत्य-तथ्य छानवीन गरी आवश्यक कार्वाहीका लागि आग्रह समेत गर्नु भएको छ ।

चमिला भट्टराई
उपसचिव एवम् प्रवक्ता

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

प. सं.:-
च.नं.:-

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

मिति:

२०७९।०६।२८

नेपालको संविधानको धारा ३८(४) अनुसार समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै राज्यको सबै तहमा एक तिहाई महिलाको सहभागिता सुनिश्चित गरिएको छ । आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको उम्मेदवारी भई सकेको अवस्थामा करिव ८% मात्र महिलाको उम्मेदवारी दर्ता भएको छ । खास गरी प्रमुख राजनैतिक दलबाट महिला उम्मेदवारीमा उदासिनता देखिएको छ । यसरी दर्ता भएको महिलाको उम्मेदवारीमा पनि सामाजिक समावेशिताको आधारमा उम्मेदवारी हुन सकेको छैन । यसरी उम्मेदवारी नै अति न्यून संख्यामा हुँदा संविधानमा भएको व्यवस्थाको कार्यान्वयन हुन नसक्ने अवस्था देखिएको छ । संविधानमा परिकल्पना गरिए अनुसार नीतिगत तहमा महिलाको पहुँच स्थापित गर्दै महिलाको राजनैतिक सशक्तिकरण र अर्थपूर्ण सहभागिता हुने सवालमा आँच पुग्ने अवस्था देखिएको छ ।

यसरी संविधानमा नै व्यवस्था भएको विषय समेत राजनैतिक दलबाट कार्यान्वयन नगरीएको अवस्था प्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ र यस विषयमा राजनैतिक दलहरुलाई समेत गम्भीर हुँदै मनोनयन भएका महिला उमेदवारलाई प्रचार प्रसारको दौरानमा सहज र सुरक्षित वातावरण निर्माण गर्दै निर्वाचनमा सहभागि हुने अवसर प्रदान गराउन समेत ध्यानाकर्षण गराईन्छ ।

(चमिला भट्टराई)
उपसचिव एवं प्रवक्ता

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मिति: २०६९।६।१३

## प्रेस विज्ञप्ति

सिरहा जिल्ला मिर्चैया नगरपालिका-१ बस्ने ३३ वर्षिया जीबछिदेवी साहलाई निज को सासूको हत्या भएको घटनाको अनुसन्धानको लागि प्रहरी कार्यालयमा राखी प्रहरीद्वारा नै मानसिक तथा शारीरिक यातना दिएको प्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । यसरी राज्यको शान्ती सुरक्षा प्रदान गर्ने र घटनाको अनुसन्धान गर्ने निकायबाट नै एक महिला माथि अमानविय ढंगले शारीरिक तथा मानसिक यातना दिएको घटनाले महिलाको बाँच्न पाउने अधिकार, न्याय सम्बन्धी हक, यातना विरुद्धको हक समेतको हनन भएको भन्ने आयोगको ठहर छ । यसरी प्रहरीद्वारा नै महिला माथि यातना भएको घटनाको तत्काल सत्यतथ्य छानविन गरी यस्ता अपराधका दोषीलाई कानून बमोजिम कडा भन्दा कडा सजाय र पीडितको न्यायको लागि राज्य, प्रहरी-प्रशासन र सबै सरोकारवाला पक्षको आयोग गम्भिर ध्यानाकर्षण गराउँदछ ।

(चमिला भट्टराई)

उप-सचिव एवं प्रवक्ता

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मिति: 2065/06/30

**प्रेस विज्ञप्ति**

महोत्तरी जिल्ला रामगोपालपुर घर हुने नेहा चौधरीलाई निजको पति डा. पंकज चौधरी लगायतका घर परिवारबाट भएको घरेलु हिंसाको घटनाको सम्बन्धमा राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । सामाजिक सञ्जाल र संचार माध्यममा आए लगत्तै यस घटनाको सम्बन्धमा चासो राखी आयोगले अध्ययन गरिरहेको छ र आयोग हाल पीडितसँग निरन्तर सम्पर्कमा रहेको छ । निज पीडित माथि भएको घटनाको यथासिघ्र छानविन गरि कानून बमोजिम दोषिलाई कारवाहिको दायरामा ल्याई क्षतिपुर्ति सहितको न्यायको लागि पहल गरिदिन राज्य, प्रहरी-प्रशासन र सबै सरोकारवाला पक्षको आयोग गम्भिर ध्यानाकार्षण गराउँदछ ।

(चमिला भट्टराई)

प्रवक्ता एवं उपसचिव



CEDAW आवधिक प्रतिवेदन तथा लैंगिक हिंसा नियन्त्रण संजाल गठन सम्बन्धि परामर्श गोष्ठी-कर्णाली प्रदेश सुर्खेत



अपाङ्गता भएका महिलाको हक अधकारका विषयमा अन्तरक्रिया कार्यक्रम



घटना अनुगमन रौतहट




अमेरिका स्थित नेपाली राजदुतावासमा  नेपाली महिलाका आवस्था लगायतका विषयमा छलफल कार्यक्रम




एकल महिला माथि हुने अवहेलना, दुर्व्यवहार र हिंसाको विरुद्ध एकल महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया कार्यक्रम



धनकुटामा स्थानीय तहमा न्यायिक समितिका पदाधिकारीहरु बीच लैंगिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुच सम्वन्धि अन्तरक्रिया कार्यक्रम



पाचौं राष्ट्रिय महिला अधिकार दिवशको अवसरमा आयोजित बिशेष समारोह




संचारकर्मी संग चौमासिक अन्तरक्रिया कार्यक्रम




प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन ,२०७९ को अनुगमनका क्रममा राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला पराजुलीज्यू



प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन ,२०७९ को अनुगमनका क्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यू



पाल्पामा महिला हिंसा सम्बन्धी सुरक्षा निकायहरुसँगको बैठक



प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ को अनुगमनका क्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावीत्रा कुमारी शर्माज्यू



बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मा ज्युलाई आयोगको वार्षिक प्रतिवेदन दिनुहुँदै आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाज्यू



बालिका तथा किशोरिहरुमथी हुने अवहेलना,दुर्व्यवहार र हिम्साको सवालमा अन्तरक्रिया कार्यक्रम



महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउने उद्देश्यले पोखरामा आयोजित  प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम



योगमाया न्यौपानेको स्मृतिमा विशेष समारोह




राष्ट्रिय महिला आयोगको २१ औं स्थापना दिवस तथा ११३ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित कार्यक्रम



लैंगिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच सम्वन्धि मुस्ताङमा आयोजित अन्तरक्रिया कार्यक्रम



लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान शुभारम्भ कार्यक्रम



लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियानको समापन तथा राष्ट्रिय महिला आयोगको "खबर गरौ ११४५ हेल्पलाईन सेवा" को पाचौ वार्षिकोत्सव समारोह 1



लैंगिक हिंसाका कारण महिलाको मानसिक र प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक असरबारे अन्तरक्रिया कार्यक्रम




लैंगिक हिंसाका घटनाका प्रवृति, उजुरी र न्यायमा पहुच सम्बन्धि अनुगमन,जिल्ला प्रहरी कार्यालय दार्चुला




लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालमा केन्द्रमा आयोजित अन्तरक्रिया कार्यक्रम




संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा Commission On the Status of women (CSW) को ६७ औं session मा नेपालबाट प्रतिनिधित्व गर्दै राष्ट्रिय महिला आयोग



संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा Commission On the Status of women (CSW) को ६७ औं sessionको आवलोकन गर्दै




संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा CSW को ६७ औं session को आवसरमा आयोजित एक कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै माननीय अध्यक्षज्यू



समाजमा विद्यमान हानिकारक अभ्यास न्यूनीकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम, बैतडी



लैंगिक हिंसाका घटनाका प्रवृति, उजुरी र न्यायमा पहुच सम्वन्धि अनुगमन,जिल्ला प्रहरी कार्यालय सुर्खेत



समाजमा विद्यमान हानिकारक अभ्यासहरु सम्बन्धी अन्तर्क्रिया कार्यक्रम , मोरङ रंगेली



सर्लाहीको मलंगवामा समाजमा विधमान हानिकारक अभ्यास सम्बन्धी मधेश केन्द्रित अन्तर्क्रिया कार्यक्रम




सुकुम्वासी महिलाहरुले सरोकारका विषयमा राष्ट्रिय महिला आयोगमा ज्ञापनपत्र बुझाउदै



सुदुरपश्चिमको धनगडीमा  सुरक्षा निकायसंग रणनीतिक योजना बैठक




मधेश प्रदेशमा आयोजित वैदाशिक रोजगारमा संलग्न महिलाको सुरक्षित र मर्यादित रोजगारीका लागि तहगत तथा निकायगत सरोकारवालासँगको सार्वजनिक सुनुवाई कार्यक्रम



प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ अनुगमनका क्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य जया घिमिरेज्यू



बाराको जितपुरमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारी सँग महिला हिंसा निवारणका सम्बन्धमा अभिमुखिकरण कार्यक्रम



प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन, २०७९ को अनुगमनका क्रममा राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडाज्यू

राष्ट्रिय महिला आयोग
National Women Commission

भद्रकालीप्लाजा, काठमाडौं, नेपाल
फोन नं.: ९७७-१-४२५६७०१, फ्याक्स: ९७७-१-४२७०२४६
इमेल: info@nwc.gov.np, वेबसाइट: www.nwc.gov.np